गोरखाको इतिहास

(तेस्रो भाग)



दिनेशराज पन्त

गोरखाको इतिहास

(तेस्रो भाग)

दिनेशराज पन्त

प्रकाशक–

दिनेशराज पन्त
ग १–५३०, काठमाडौं ३ का. न. प.
वटु सवलबहाल, काठमाडौं, नेपाल
फोन नं. २–२०४९२

वि. सं. २०४५ कार्तिकसङ्क्रान्ति

सर्वाधिकार दिनेशराज पन्तमा सुरक्षित

मूल्य रु. १००।–

मुद्रक–
श्री ५ को सरकार सञ्चारमन्त्रालय, मुद्रण तथा प्रकाशनविभाग
सिंहदरबार, काठमाडौं, नेपाल

जिल्दमुद्रक–
वालकोसेलीछापाखाना
क्षेत्रपाटी, काठमाडौं, नेपाल

वक्तव्य

गोरखाको इतिहासको पहिलो भाग वि. सं. २०४१ पौषमा तथा दोस्रो भाग वि. सं. २०४३ मार्गमा बाहिर आएका हुन्। ऐतिहासिक सामग्री पहिलो खण्ड, ऐतिहासिक सामग्री दोस्रो खण्ड तथा गोरखाराजवंशावली तेस्रो भागको रूपमा प्रकाशित गरिने र सो भाग चाँडै नै प्रेसमा पठाइने कुरा दोस्रो भागको वक्तव्यमा मैले लेखेको थिएँ, दोस्रो भाग निस्केको ३ महीनापछि अर्थात् वि. सं. २०४३ चैत्रमा तेस्रो भाग प्रेसमा पठाएँ पनि। छाप्तै जाँदा प्रेसमा निकै समय वितेको र गोरखाराजवंशावलीसमेत एउटै भागमा राख्दा पुस्तक ठूलो हुने भएकोले ऐतिहासिक सामग्री पहिलो खण्ड र ऐतिहासिक सामग्री दोस्रो खण्ड यस भागमा प्रकाशित गरेको छु। गोरखासम्बन्धी यस पुस्तकको बाँकी रहेको भाग अर्थात् गोरखाराजवंशावली, चौथो भागको रूपमा प्रकाशित हुनेछ र सो भाग प्रेसमा पठाइसकेको छु।

गोरखाको इतिहासको दोस्रो भागमा राम शाहका स्थितिप्रसङ्गमा लेख्दै जाँदा मैले यस्तो लेखेको थिएँ–

वि. सं. १८५४ को श्री ५ रणबहादुर शाहको एक पत्रमा *रुपैया रीन दीदा लीदा बाइस्या ब्याज लीनु दीनु भनी हीजो श्रीराजा राम शाहले स्थीति बांधी-दियाको हो भनी* **लेखिएको छ। रणबहादुर शाहको यस पत्रको अर्थ राम शाहले सयकडा बाईस ब्याज लिने स्थिति बाँधेका थिए भन्ने हुन्छ। . . .**

रणबहादुर शाहको वि. सं. १८५४ को पत्रमा राम शाहले सयकडा २२ ब्याज लिने नियम बाँधेका थिए भनी लेखिएको . . .

(३९६ पृ.)

वाईस्या ब्याजको अर्थ सयकडा २२ होइन, सयकडा १० हो, सयकडा १० ब्याज मान्दा १ वर्षमा २० रुपियाँको २ रुपियाँ ब्याज हुने र बीसमा २ थपी २२ हुने हुनाले वाईस्या ब्याज भनेको हो, हाम्रो बाङलुङतिर यो चलन अहिले पनि छ भन्ने सूचना गोरखामा श्रीडिल्लीप्रसाद शर्माद्वारा प्राप्त भयो भन्ने कुरा मेरा भानिज श्रीप्रकाशराज पाँडेद्वारा वि. सं. २०४४ वैशाखमा मैले थाहा पाएँ र आफूले गरेको अर्थमा मलाई शङ्का उठ्यो। त्यसपछि वि. सं.

२०४४ आषाढमा काठमाडौंमा श्रीडिल्लीप्रसाद शर्मासँग मेरो पनि भेट भयो र त्यस विषयमा श्रीडिल्लीप्रसादसँग कुरा हुँदा त्यससम्बन्धी पुराना कागतपत्र छन्, म खोजेर ल्याउँछु भन्ने सूचना पनि प्राप्त भयो। पछि बाङ्लुङ्का श्रीदुर्गादत्त उपाध्यायबाट पनि वाईस्या ब्याजको अर्थ सयकडा १० हो, त्यससम्बन्धी प्रमाण पाइन्छन्, म खोजेर ल्याउँछु भन्ने सूचना प्राप्त भयो। प्रमाण आए प्रमाणसहित र प्रमाण नआए त्यसै भए पनि त्यस कुराको उल्लेख उहाँहरूको नामग्रहणसहित गर्ने विचार मैले गरेको थिएँ तापनि उहाँहरूबाट प्रमाण नआइपुगेकोले मेरो मनमा खुल्दुली भइरहेको थियो, यसै अवस्थामा गोरखाको इतिहासको यही भागमा ऐतिहासिक सामग्री दोस्रो खण्डको २५ सङ्ख्याको रूपमा छापिएको पत्र रुजू गर्न वि. सं. २०४५ आषाढ २८ गते परराष्ट्रमन्त्रालय जाँदा पहिले सारिरहेको कापीमा रहेको अर्को सामग्रीमा पनि झ्वाट्ट मेरो आँखा गयो र त्यो सामग्री पनि रुजू गरें। वि. सं. २०३८ कार्तिक १७ गते सारिएको त्यस सामग्रीबाट वाईस्या ब्याजको अर्थ प्रामाणिक रूपमा खुल्न गयो। त्यस सामग्रीको वाईस्या ब्याजसँग सम्बद्ध अंश यस प्रकारको छ –

श्री ५ बडामाहांराजा राम साहका समयमा स्थिति बांधियाको. . .
लिन्दिनको बिहोरामा बाईसा ब्याज लीनु. १० वर्ष नाघ्याप्रांन्त दुनि लीनु.

यहाँ बाईस्या ब्याज लिनू तथा १० वर्षउप्रान्त मात्र दोबर लिनू भनी लेखिएकोले वाईस्या ब्याजको अर्थ सयकडा १० हो भन्ने स्पष्ट देखिन आयो। यसरी वाईस्या ब्याज भनेको सयकडा २२ होइन, सयकडा १० हो भन्ने कुराको प्रामाणिक रूपमा पुष्टि भयो। यस कुरालाई उठाई मलाई यससम्बन्धी खोजी गर्न घचघच्याई मैले गरेको भूल सच्याउने मौका दिनुभएकोमा माथि उल्लिखित तीनजना महानुभाव (श्रीप्रकाशराज पाँडे, श्रीडिल्लीप्रसाद शर्मा तथा श्रीदुर्गादत्त उपाध्याय) मा म कृतज्ञताज्ञापन गर्दछु।

गोरखा पोखरीथोकका श्रीदण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको नरभूपाल शाहको पालाको आम्दानीखर्चको कागतको पाइएसम्मको खण्ड यही भागका ७५६–७८३ पृष्ठमा प्रकाश गरिएको छ। यसको पहिलो प्रकाशन श्रीतुलसीराम वैद्य र श्रीधनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीनामक पुस्तकमा वि. सं. २०२९ मा भएको हो। सो पुस्तकको विषयसूचीमा

पृथ्वीपति शाह–नरभूपाल शाहको ताकाको ऐतिहासिक कागत भनी यसको परिचय दिइएको छ साथै प्रस्तावनामा यस्तो लेखिएको छ –

पाइएका यी पत्रहरूमा संवत् तिथिमितिको उल्लेख परेको छैन। यिनमा उल्लिखित भारादारहरू र घटना विचार गर्दा यी कागज पृथ्वीपति शाहको अन्तिम समयदेखि नरभूपाल शाहका उठानसम्मका हुन् कि भन्ने देखिन्छ।

(९ पृ.)

अब यस विषयमा विचार गर्नुपरेको छ।

आम्दानीखर्चको सो कागतमा पृथ्वीपति शाहका जेठाजेठा छोरा जस्तै उद्योत शाह, चन्द्ररूप शाहहरूको (सन्धिपत्रसङ्ग्रहको ३७४ पृ., पर्सिभल ल्यान्डनको वंशावली) उल्लेख छैन र कान्छाकान्छा छोरा जस्तै रविरमण शाह, सुर्तान शाह, शान्तरूप शाहहरूको (सन्धिपत्रसङ्ग्रहको ३७४ पृ., पर्सिभल ल्यान्डनको वंशावली) उल्लेख छ (यही पुस्तकको ७५९ पृ.)। आम्दानीखर्चको सो कागतमा वरु पृथ्वीपतिका नाति, उद्योत शाहका जेठा छोरा अर्जुन शाहको (हड्सनको सङ्ग्रहमा रहेको वंशावली, धादिङ जिल्ला आगिनचोक गा. पं. वा. नं. २ का पद्मवहादुर शाहको सङ्ग्रहमा रहेको वंशावली) उल्लेख धेरै ठाउँमा आएको छ (यही पुस्तकका ७५६, ७५९, ७६६ पृ.)। पृथ्वीपति शाहको मृत्यु हुँदा उद्योत शाह र चन्द्ररूप शाह जीवितै थिए (यही पुस्तकका १७४–१८३ पृ.)। यताबाट यो कागत पृथ्वीपति शाहको पालाको नभई नरभूपाल शाहको पालाको हो भन्ने स्पष्ट हुन्छ। आम्दानीखर्चको सो कागतमा खाँचीको धेरै ठाउँमा उल्लेख आएकोले (यही पुस्तकका ७५७–७५९, ७६१, ७६५ पृ.) त्यस वेला गोरखाको खाँचीसँग ज्यादै राम्रो सम्बन्ध थियो भन्ने देखिन्छ (यही पुस्तकका ५४२–५४३ पृ.)। नरभूपाल शाहकी जेठी रानी चन्द्रप्रभाको माइत खाँची भएकोले (यही पुस्तकको १८६ पृ.) उनको हातमा शासनाधिकार आएको वेला खाँचीसँग बढी सम्बन्ध हुनु स्वाभाविक छ। यी र यस्तै अरू प्रमाणको आधारमा यसलाई नरभूपाल शाहको पालाको आम्दानीखर्चको कागत भनी निर्णय गरिएको हो।

साल मिति केही नभएको आम्दानीखर्चको यो कागत पृथ्वीनारायण शाहको पालाको हो भनेर पनि कसैले तर्क उठाउन सक्छन्। यस कारण यस विषयमा पनि केही विचार गर्नुपरेको छ।

आम्दानीखर्चको यस कागतमा ठाउँठाउँमा साहेव शब्दको उल्लेख आएको छ (यही पुस्तकका ७६५, ७६७, ७७७, ७८२ पृ.)। यस कागतलाई पृथ्वीनारायणको पालाको मान्नेबित्तिकै यो साहेव शब्दले नरभूपालका छोरा पृथ्वीनारायणलाई बुझाएको नभई पृथ्वीनारायणका छोरा प्रतापसिंहलाई बुझाएको हो भनेर

मान्नुपर्छ। आम्दानीखर्चको यस कागतमा शिवरामसिंह वस्नेतको पनि चर्चा आएको छ (यही पुस्तकको ७६९ पृ.)। यतावाट यो कागत शिवरामसिंहभन्दा पछिको हुन सक्तैन भन्ने स्पष्ट छ। यस कारण शिवरामसिंहको मृत्यु कहिले भयो तथा प्रतापसिंह शाहको जन्म कहिले भयो भनी विचार गर्नुपरेको छ। शिवरामसिंह वि. सं. १८०३ मा साँगाचोकको लडाईँमा मारिएका हुन् (यही पुस्तकको ५९६ पृ.) र प्रतापसिंह शाहको जन्म वि. सं. १८०६ मा भएको हो (पूर्णिमा ६४ अङ्कको १८ पृ.)। यस कारण सो कागतमा उल्लिखित साहेब शब्दले प्रतापसिंहलाई बुझाएको नभई पृथ्वीनारायणलाई बुझाएको हो भन्ने देखिन्छ। यतावाट पृथ्वीपति शाहको पालामा पनि यस कागतलाई लान नसकिने र पृथ्वीनारायण शाहको पालामा पनि यस कागतलाई ओह्राल्न नसकिने कुरा स्पष्ट हुन्छ। यसरी आम्दानीखर्चको सो कागत नरभूपाल शाहको पालाको हो भन्ने कुरा अझ पुष्ट हुन गएको छ।

यो पुस्तक तयार गर्दा मलाई विभिन्न किसिमले सघाउनुहुने महानुभावहरूको नामग्रहण पहिलो भागमा मैले गरिसकेको छु, त्यस्तै यस पुस्तकको विषयमा मलाई मद्दत गर्ने श्रीसीताराम पौडेल, श्रीफिलिप पियर्स, श्रीईश्वरलाल सिंह, श्रीमिलन शाक्य, श्रीवाङ्दी लामा, श्रीपेमा जिग्मे, श्रीटेकवहादुर श्रेष्ठ, श्रीहरिप्रसाद गौतम, श्रीडिल्लीप्रसाद गौतम, श्रीऋषिप्रसाद शर्मा, श्रीवलराम गौतम, श्रीठाकुरप्रसाद आचार्य, श्रीसुशीला पन्त, श्रीमेधावी पन्त र श्रीमनस्वी पन्तलाई धन्यवाद छ साथै यो पुस्तक मुद्रण गर्दा मलाई सघाउने श्री ५ को सरकार सञ्चारमन्त्रालय, मुद्रण तथा प्रकाशनविभागका सम्वद्ध कर्मचारीहरूलाई पनि धन्यवाद छ।

वि. सं. २०४५ आश्विनसङ्क्रान्ति

–दिनेशराज पन्त

विषयसूची

पृष्ठ

ऐतिहासिक सामग्री पहिलो खण्ड ६४१–८१८

(१) द्वितीय शिवदेवको वि. सं. ७५५ को शिलालेख ६४३–६४४

(२) द्वितीय जयदेवको शिलालेख ६४५–६४६

(३) आदित्य मल्लको वि. सं. १३७८ को ताम्रपत्र ६४७–६४८

(४) पुण्य मल्लको वि. सं. १३९४ को ताम्रपत्र ६४९–६५१

(५) छत्र शाहको वि. सं. १६६६ को अभिलेख ६५२

(६) राम शाहको वि. सं. १६७१ को शिलालेख ६५३

(७) चित्रविलासले बनाएको राजवंशावली ६५४–६५६

(८) वि. सं. १६७५ मा सारिएको मेघदूतको चरित्रवर्द्धनको टीकाको पुष्पिकावाक्य ६५७

(९) वि. सं. १६७८ मा सारिएको रुद्रपद्धतिको पुष्पिकावाक्य ६५८

(१०) वि. सं. १६७९ मा सारिएको राघवपाण्डवीयको पुष्पिकावाक्य ६५९–६६०

(११) वि. सं. १६८८ मा सारिएको पद्मपुराणोक्त विष्णुसहस्रनामस्तोत्रको पुष्पिकावाक्य ६६१

(१२) वि. सं. १६८८ मा सारिएको पारिजातहरिवंशको पुष्पिकावाक्य ६६२

(१३) वि. सं. १६८८ मा सारिएको
आचारदीपको पुष्पिकावाक्य ६६३
(१४) वि. सं. १६८९ मा सारिएको
देवदासप्रकाशको पुष्पिकावाक्य ६६४–६६५
(१५) वि. सं. १६९२ मा सारिएको
स्कन्दपुराण काशीखण्डोक्त
गङ्गासहस्रनामस्तोत्रको पुष्पिकावाक्य ६६६
(१६) वि. सं. १६९२ मा सारिएको
स्कन्दपुराण हिमवत्खण्डोक्त
ईश्वरसहस्रनामस्तोत्रको पुष्पिकावाक्य ६६७
(१७) वि. सं. १६९२ मा सारिएको
कालिकापूजाविधिको पुष्पिकावाक्य ६६८–६६९
(१८) वि. सं. १६९३ मा सारिएको
भविष्यपुराणोक्त सूर्यसहस्रनामस्तोत्रको
पुष्पिकावाक्य ६७०
(१९) राम शाहको वि. सं. १६९३ को
शिलालेख ६७१–६७२
(२०) वि. सं. १६९३ मा सारिएको
स्कन्दपुराण ब्रह्मोत्तरखण्डोक्त
प्रदोषशिवपूजाविधिको पुष्पिकावाक्य ६७३
(२१) वि. सं. १६९३ मा सारिएको
स्कन्दपुराण अम्बिकाखण्डोक्त
दुर्गासहस्रनामस्तवको पुष्पिकावाक्य ६७४
(२२) वि. सं. १६९९ मा सारिएको
स्कन्दपुराण केदारखण्डोक्त शैवशास्त्रको
पुष्पिकावाक्य ६७५
(२३) वि. सं. १६९९ मा सारिएको
श्यामारहस्यको पुष्पिकावाक्य ६७६
(२४) वि. सं. १७०० मा सारिएको
ज्ञानार्णवतन्त्रको पुष्पिकावाक्य ६७७

(२५) वि. सं. १७०२ मा सारिएको शिवपुराणोक्त केदारकल्पको पुष्पिकावाक्य ६७८
(२६) प्रताप मल्लको वि. सं. १७०५ को शिलापत्रको अंश ६७९–६८०
(२८) वि. सं. १७०७ मा सारिएको चण्डीको पुष्पिकावाक्य ६८१
(२९) डम्बर शाहले गङ्गाधर उपाध्यायलाई लेखेको वि. सं. १७०८ को पत्र ६८२
(३०) वि. सं. १७१२ मा सारिएको हितोपदेशको पुष्पिकावाक्य ६८३
(३१) वि. सं. १७१६ मा सारिएको हितोपदेशको पुष्पिकावाक्य ६८४
(३२) वि. सं. १७१६ मा सारिएको चौरपञ्चाशिकाको पुष्पिकावाक्य ६८५
(३३) रुद्र शाहको वि. सं. १७२३ को शिलालेख ६८६–६८९
(३४) प्रताप मल्लले हरिहर सेनलाई लेखेको पत्र ६९०–६९१
(३५) ऐतिहासिक घटनावलीमा परेको वि. सं. १७२८ को गोरखाको चर्चा ६९२–६९३
(३६) रुद्र शाहले पर्तिमन उपाध्यायलाई गरिदिएको वि. सं. १७३० को पत्र ६९४
(३७) कालुको वि. सं. १७३० को शिलालेख ६९५
(३८) ठ्यासफुमा परेको वि. सं. १७३४ को गोरखाको चर्चा ६९६
(३९) वि. सं. १७३४ मा सारिएको बृहत्संहिताको पुष्पिकावाक्य ६९७
(४०) ठ्यासफुमा परेको वि. सं. १७३५ को गोरखाको चर्चा ६९८

(४१)	वि. सं. १७३५ मा सारिएको सिद्धसिद्धान्तपद्धतिको पुष्पिकावाक्य	६९९
(४२)	रत्नावतीको वि. सं. १७३६ को शिलालेख	७००--७०१
(४३)	पृथ्वीपति शाहको वि. सं. १७३७ को स्तम्भलेख	७०२–७०३
(४४)	वि. सं. १७३८ को गोरखाको पात्रोको केही अंश	७०४–७११
(४५)	वि. सं. १७३८ मा सारिएको वर्षाफलगणितको पुष्पिकावाक्य	७१२
(४६)	ठ्यासफुमा परेको वि. सं. १७३८ को गोरखाको चर्चा	७१३
(४७)	ठ्यासफुमा परेको वि. सं. १७३९ को गोरखाको चर्चा	७१४–७१५
(४८)	ठ्यासफुमा परेको वि. सं. १७३९ को गोरखाको चर्चा	७१६–७१७
(४९)	ठ्यासफुमा परेको वि. सं. १७४० को गोरखाको चर्चा	७१८
(५०)	ऐतिहासिक घटनावलीमा परेको वि. सं. १७४० को गोरखाको चर्चा	७१९
(५१)	ठ्यासफुमा परेको वि. सं. १७४० को गोरखाको चर्चा	७२०
(५२)	वि. सं. १७४२ मा सारिएको धर्मसारको पुष्पिकावाक्य	७२१
(५३)	ठ्यासफुमा परेको वि. सं. १७४२ को गोरखाको चर्चा	७२२
(५४)	ठ्यासफुमा परेको वि. सं. १७४२ को गोरखाको चर्चा	७२३
(५५)	ठ्यासफुमा परेको वि. सं. १७४३ को गोरखाको चर्चा	७२४

(५६) योगनरेन्द्र मल्ल र भूपतीन्द्र मल्लको
वि. सं. १७५८ को सन्धिपत्र ७२५–७२७

(५७) पृथ्वीपति शाहले शिवहरि जोसीलाई
गरिदिएको वि. सं. १७५९ को पत्र ७२८–७२९

(५८) ठ्यासफुमा परेको वि. सं. १७६५ को
गोरखाको चर्चा ७३०

(५९) नित्यानन्दले वनाएको गुरुस्तुति ७३१–७३३

(६०) गोरक्षस्तोत्रको पुष्पिकावाक्य ७३४

(६१) चन्द्ररूप शाहको वि. सं. १७६९ को
शिलालेख ७३५

(६२) चन्द्ररूप शाहको वि. सं. १७७१ को
अभिलेख ७३६

(६३) पृथ्वीपति शाहले व्यास उपाध्यायलाई
गरिदिएको वि. सं. १७७२ को
पत्र ७३७

(६४) पृथ्वीपति शाहले मानिक घलेलाई
गरिदिएको वि. सं. १७७३ को पत्र ७३८

(६५) नरभूपाल शाहले भूपतीन्द्र मल्ललाई
लेखेको पत्र ७३९–७४०

(६६) अकबर थापाले भूपतीन्द्र मल्ललाई
लेखेको पत्र ७४१–७४२

(६७) अम्बरसिंह थापा र अकबर थापाले
भागिरामलाई लेखेको पत्र ७४३

(६८) अकबर थापाले भूपतीन्द्र मल्ललाई
लेखेको पत्र ७४४

(६९) उद्योत शाहको वि. सं. १७७९ को
शिलालेख ७४५–७४६

(७०) जगज्जय मल्ल र रणजित् मल्लको
वि. सं. १७८२ को सन्धिपत्र ७४७–७४८

(७१) नरभूपाल शाहले हरि धन्वाललाई
गरिदिएको वि. सं. १७८३ को पत्र ७४९

(७२)	वि. सं. १७८३ मा सारिएको गीतगोविन्दको पुष्पिकावाक्य	७५०
(७३)	वि. सं. १७८३ मा सारिएको वाल्मीकिरामायण अयोध्याकाण्डको पुष्पिकावाक्य	७५१
(७४)	वि. सं. १७८६ मा सारिएको कविकर्पटीकरचनाको पुष्पिकावाक्य	७५२
(७५)	चन्द्रप्रभावतीले ईश्वर उपाध्यायलाई गरिदिएको वि. सं. १७८७ को पत्र	७५३
(७६)	लक्ष्मीश्वरले बनाएको गोरक्षभुजङ्गप्रयाताष्टकस्तोत्र	७५४–७५५
(७७)	नरभूपाल शाहको पालाको आम्दानीखर्चको कागत	७५६–७८३
(७८)	रणजित् मल्लको वि. सं. १७८७ को ताम्रपत्र	७८४–७८५
(७९)	रणजित् मल्लको वि. सं. १७८८ को ताम्रपत्र	७८६–७८७
(८०)	वि. सं. १७८८ मा सारिएको तर्कभाषाको पुष्पिकावाक्य	७८८
(८१)	रणजित् मल्लको वि. सं. १७८८ को अभिलेख	७८९
(८२)	रणजित् मल्लको वि. सं. १७८९ को ताम्रपत्र	७९०
(८३)	वि. सं. १७८९ मा सारिएको एकादशीव्रतकथाको पुष्पिकावाक्य	७९१
(८४)	वि. सं. १७९० मा सारिएको अग्निस्थापनाविधिको पुष्पिकावाक्य	७९२
(८५)	वि. सं. १७९४ मा सारिएको महाभारत उद्योगपर्वका प्रजागरपर्व र सनत्सुजातपर्वका पुष्पिकावाक्य	७९३–७९४

(८६) नरभूपाल शाहले रामु घलेलाई गरिदिएको वि. सं. १७९६ को पत्र ७९५

(८७) पृथ्वीनारायण शाहले विद्यापति उपाध्यायलाई लेखेको वि. सं. १७९६ को पत्र ७९६

(८८) वि. सं. १७९६ मा सारिएको नरपतिजयचर्यास्वरोदयको पुष्पिकावाक्य ७९७

(८९) नरभूपाल शाहले भगीरथ उपाध्यायलाई गरिदिएको वि. सं. १७९६ को ताम्रपत्र ७९८

(९०) गोरखा र लम्जुङबीच वि. सं. १७९६ मा भएको सन्धिपत्रको सारांश ७९९

(९१) वि. सं. १७९६ मा सारिएको शब्दभेदप्रकाशको पुष्पिकावाक्य ८००

(९२) नरभूपाल शाहले ह्लोपा लामालाई गरिदिएको वि. सं. १७९८ को ताम्रपत्र ८०१

(९३) जगन्निवास पाँडेले बनाएको नरभूपालशाहोल्लासकस्तोत्र ८०२–८०३

(९४) वि. सं. १७४९ मा जसवन्तसिंहले बनाएको लक्षणसागर ८०४–८१८

ऐतिहासिक सामग्री दोस्रो खण्ड ८१९–९०९

(१) पृथ्वीनारायण शाहको चिना ८२१–८२३

(२) नन्दा मिश्रको उल्लेख भएको वि. सं. १८२८ को पत्र ८२४

(३) राम शाहको उल्लेख भएको वि. सं. १८३२ को पत्र ८२५–८३४

(४) राम शाहको उल्लेख भएको पत्र ८३५–८३६

(५) द्रव्य शाहदेखि नरभूपाल शाहसम्मको राज्यकालको टिपोट ८३७

(६) नरभूपाल शाहको मृत्युसम्बन्धी वाक्य ८३८

(७) पृथ्वीपति शाह र नरभूपाल शाहको उल्लेख भएको वि. सं. १८४३ को पत्र ८३९–८४०

(८) द्रव्य शाह आदि राजाहरूको उल्लेख भएको पत्र ८४१–८४६

(९) राम शाहको उल्लेख भएको वि. सं. १८५४ को पत्रको अंश ८४७–८४९

(१०) राम शाहको उल्लेख भएको वि. सं. १८५४ को पत्र ८५०

(११) विश्राम रानाको उल्लेख भएको वि. सं. १८६० को अभिलेख ८५१

(१२) राम शाहको उल्लेख भएको वि. सं. १८६० को पत्र ८५२

(१३) पृथ्वीपति शाहको उल्लेख भएको वि. सं. १८६० को पत्र ८५३

(१४) पृथ्वीपति शाह र नरभूपाल शाहको उल्लेख भएको पत्र ८५४–८५८

(१५) राम शाहको उल्लेख भएको वि. सं. १८६४ को पत्र ८५९

(१६) द्रव्य शाहको उल्लेख भएको वि. सं. १८६४ को पत्र ८६०

(१७) राम शाहको उल्लेख भएको वि. सं. १८७१ को पत्र ८६१–८६२

(१८) राम शाहको उल्लेख भएको वि. सं. १८७१ को पत्र ८६३

(१९) द्रव्य शाहदेखि नरभूपाल शाहसम्मको उल्लेख भएको वि. सं. १८७४ को पत्र ८६४–८६६

(२०) नरभूपाल शाहको उल्लेख भएको पत्र ८६७–८६८

(२१) वि. सं. १७३८ को क्षयमाससम्बन्धी टिपोट ८६९

(२२) राम शाहको उल्लेख भएको वि. सं. १८८३ को पत्र ८७०

(२३) राम शाहको उल्लेख भएको पत्र ८७१–८७४

(२४) पृथ्वीपति शाह आदिको उल्लेख भएको वि. सं. १८९४ को जाहेरी ८७५–८७६

(२५) राम शाहको उल्लेख भएको वि. सं. १८९६ को पत्र ८७७–८८३

(२६) राम शाह र नन्दा मिश्रको उल्लेख भएको वि. सं. १८९६ को पत्र ८८४

(२७) द्रव्य शाह, पृथ्वीपति शाह र नरभूपाल शाहको उल्लेख भएको पत्र ८८५–८८७

(२८) द्रव्य शाह र नरभूपाल शाहको उल्लेख भएको पत्र ८८८–८९१

(२९) पृथ्वीपति शाहको उल्लेख भएको पत्र ८९२–८९३

(३०) यशोब्रह्म शाहदेखि नरभूपाल शाह-सम्मको राज्यकालको टिपोट ८९४

(३१) राम शाहको उल्लेख भएको पत्र ८९५

(३२) राम शाहको उल्लेख भएको वि. सं. १८९७ को पत्र ८९६

(३३) पृथ्वीपति शाहको उल्लेख भएको वि. सं. १८९८ को पत्र ८९७

(३४) पृथ्वीपति शाहको उल्लेख भएको वि. सं. १८९८ को पत्र ८९८

(३५) नरभूपाल शाह आदिको उल्लेख भएको पत्र ८९९

(३६) विराज थापाको उल्लेख भएको वि. सं. १९०२ को पत्र ९००–९०१

(३७) राम शाहको उल्लेख भएको पत्र ९०२

(३८) पूर्ण शाहको उल्लेख भएको वि. सं. १९०६ को पत्र ९०३–९०४

(३९) पूर्ण शाहको उल्लेख भएको
वि. सं. १९१४ को पत्र ९०५–९०६

(४०) रत्नावतीको उल्लेख भएको
वि. सं. १९४३ को शिलालेख ९०७

(४१) वीरभद्र अर्ज्यालको उल्लेख भएको
वि. सं. १९५० को पत्र ९०८–९०९

यो पुस्तक तयार गर्दा उपयोग गरिएका पुस्तक र निबन्ध ९१०–९११

नामसूची ९१२–९३१

शुद्धिपत्र ९३२–९३५

ऐतिहासिक सामग्री पहिलो खण्ड

(१ सङ्ख्या)

द्वितीय शिवदेवको वि. सं. ७५५ को शिलालेख

गोरखादरबार, गोरखनाथगुफाको ढोकैनिर दायाँपट्टि ठड्याइएको ठूलो शिलामा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ ३३ अङ्गुल र चौडाइ १६ अङ्गुल छ ।

यो शिलालेख सबभन्दा पहिले योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा इतिहास-प्रकाश १ अङ्कका ३६–४० पृष्ठमा छापिएको हो, त्यसपछि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीका ११–१२ पृष्ठमा मूलबाटै रुजु गरी छापिएको छ, त्यसपछि धनवज्र वज्राचार्यद्वारा लिच्छविकालका अभिलेखका ५२३–५२६ पृष्ठमा अनुवाद तथा व्याख्यासहित छापिएको छ ।

लिच्छविकालका अभिलेखमा छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।

(१) ॐ स्वस्ति कैलासकूट(भवनाद्)...
(२) (बप्पपादा)नुध्यात ... परम-
(३) (भ)ट्टारकमहाराजाधिराज(श्रीशि)वदेवः कु(शली)...
(४) ... समाज्ञाप-
(५) यति विदितम्भवतु भवतां ...
(६) वज्रभैरवभट्टा(रक)...
(७) – कारणपूजा ...
(८) ... भूमि ...
(९) समापन्न ...
(१०) ... पण ...
(११) वं भोग - दत्तं ...
(१२) वावित्रश्च प्रत्ये(क) ...
(१३) ... क्षेत्र ...
(१४) ३४ ...
(१५) ... कृत ... मतो - दान ...
(१६) –प्रतिदिन ...

(१७) (भू)मिमूल्य पण ...
(१८) पणद्वयं प्रत्येक ...
(१६) ग्राहक ...
(२०) ततो द्वादश ...
(२१) मानिकाः पा ...
(२२) स्फटिकव ...
(२३) द्वादश मानिका ... वादित्र ... पणपुराण ...
(२४) पञ्चरङ्गचित्रकर्मण ... मानिकात्रयं ...
(२५) प्रतिमानिका ...
(२६) पणपुराणा - पञ्च ... मानिका
(२७) करण ... (नै)-
(२८) वेद्यानि भगवतो दत्तानि ...
(२६) पूजासु जल ...
(३०) हेतोः ... रकल्पना ...
(३१) रिति संवत् १२२ ...

[कल्याण होस्। कैलासकूटभवनबाट ... बुबाका पाउको अनुग्रह पाएका, ...गाथमा आराम रहेका, परमभट्टारक महाराजाधिराज श्रीशिवदेवबाट... आज्ञा भएको छ । तिमीहरूलाई थाहा होस् ।

...वज्रभैरव भट्टारकको ... कारण (नैमित्तिक) पूजाको लागि ... भूमि ...आएको ... पण ... भोग ... दिइयो। प्रत्येक दिन बाजा (बजाउनू) ... खेत ... ३४ ... गरियो। ... दान ... प्रतिदिन ... भूमिमूल्य पण ... दुइ पण प्रत्येक ... ग्राहक ... अनि बाह्र ... मानिका ... स्फटिक जस्तो ... बाह्र मानिका ... बाजा ... पणपुराण ...पञ्चरङ्गले चित्रकारी गर्ने कामको लागि... तीन मानिका ... प्रतिमानिका ... पाँच पणपुराण ... मानिका ... काम ... नैवेद्य ... भगवान्लाई चढाइए। ... पूजामा पानी ... लागि ... संवत् १२२ ...]

(२ सङ्ख्या)

द्वितीय जयदेवको शिलालेख

गोरखादरबारबाट पूर्वपट्टि रहेको हनूमान्भञ्ज्याङको चौतारोमा शिवपरिवार तथा सरस्वतीको मूर्तिनजीकै ठड्याइएको ठूलो शिलामा यो लेख कुँदिएको छ । लेख कुँदिएको भागको लम्बाइ २७ अङ्गुल र चौडाइ १९ अङ्गुल छ ।

यो शिलालेख सबभन्दा पहिले तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीका १३–१४ पृष्ठमा छापिएको हो, त्यसपछि धनवज्र वज्राचार्यद्वारा लिच्छविकालका अभिलेखका ५७८–५७९ पृष्ठमा अनुवाद तथा व्याख्यासहित छापिएको छ ।

लिच्छविकालका अभिलेखमा छापिएको अनुवादमा केही सच्याई यहाँ दिइएको छ ।

(१) स्वस्ति श्रीमत्कैलासकूटभवना(द्)... लिच्छविकुलाम्बरचन्द्र-
(२) भगवत्पशुपतिभट्टारकपादानु(गृहीत)... (महा)राजाधिराजपरमेश्वर-
(३) श्रीजयदेवः कुशली ... जनपदलोकान् राज-
(४) ... समाज्ञापयति
(५) विदितम्भवतु भवतां ... सर्ब्बेव
(६) ... सर्व्वदा
(७) ... कर्ण
(८) ...
(९) ...
(१०) भूमि ३० ...
(११) भूमि ४० ...
(१२) मानिका ...
(१३) ...
(१४) ... मा २०

[कल्याण होस् । श्रीकैलासकूटभवनबाट ... लिच्छविकुलरूपी आकाशका चन्द्रमा जस्ता, भगवान् पशुपतिनाथका पाउको अनुग्रह पाएका, ... गाथमा

आराम रहेका, महाराजाधिराज परमेश्वर श्रीजयदेवबाट . . . जनपदवासीहरूलाई आज्ञा भएको छ। तिमीहरूलाई थाहा होस्। . . .

महादेव . . . सधैँ . . . ३० भूमि . . . ४० भूमि . . . मानिका . . . २० मानिका . . .]

(३ सङ्ख्या)

आदित्य मल्लको वि. सं. १३७८ को ताम्रपत्र

यो अभिलेख गोरखा अठारसयखोलाको साम्दुगाउँको गुम्बामा रहेको ताम्रपत्रमा कुँदिएको छ । त्यस ताम्रपत्रको लम्बाइ १६ अङ्गुल र चौडाइ ११.३ अङ्गुल छ । त्यस ताम्रपत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ ।

यो ताम्रपत्र मोहनप्रसाद खनालद्वारा मध्यकालीन अभिलेखका १–८ पृष्ठमा अनुवाद, व्याख्या तथा चित्रसहित छापिएको छ ।

मध्यकालीन अभिलेखमा छापिएको भोटे भाषाको अनुवादमा एक ठाउँमा संशोधन गरी यहाँ दिइएको छ ।

(१) ॐ स्वस्ति ॥ श्रीशाके १२४३ श्रीमदादित्यमल्लदेव सपरिवारश्चिरं ज-
(२) यतु ॥ राइका भाष् पसाकि अक्नि ॥ बास्गावा लामा सापरिवारि हा-
(३) म्रा इ छत्रुनास् हो हामि दान्पति हो हाम्रा रख्या स्वस्ति पायिथान रक्षा
(४) वा छन् कडक्[1] आउदा जादा गुम्बा घच् नकिय ॥ कोहि जे घच कर-
(५) त सोन तोला १०० को थारो तासू[2] भलो नक्रु[3] ॥ ॥ वराप चल्या वाष्
(६) पसा भइ ॥ आ

ॐ स्वस्ति । क्षोक्यौं ग्याल्वो आञ्जीमल गी कालुङ स्यार छोक्सु कोइबी मकपोन लोचो थब्दीख त आर्वानङमी खोरबा मक्मि नम्ला सालवा ताघवाइ गोम्बा माबू लाग्दाङचेपानम ७। धेदोङ ग्याल्वो य्होन क्षोकी कुहिरीम ढजे च्चूक पा ह्रीम्वे खोङलासुहि क्याङमा ढोक्वामाथेन ङताक्प्पीलोङ ढोधोन्क्षु धाङ याङ माजेत्तपर देवार्रिम्ढो जेक्षुकूञ्जेने झिन् ग्यूहि साङ हिक जिन चाङ दिला सू हिम् चिपर सोङ सेर साङ चिक थारो लेन चिङ लुहि के तेङ चर ढकपोझे ढुहि रेङ खाङ माझे झ्यालो[1] सहुन घा वाइछे च्यूल के छेर ढी । आ

[धर्मात्मा राजा आदित्य मल्लबाट यस्तो आदेश हुन्छ । पूर्वतर्फ खटिएका मन्त्री, बडाहाकिम र सैनिक तथा देशका सारा प्रजाहरूप्रति ।

ताघवाइ र त्यसअन्तर्गतका अरू सबै गुम्बामा बस्ने धर्मशास्त्रबमोजिम पाठपूजा गर्ने यी लामाहरूलाई कसैले दुःख दिई खोसमोस गर्न नपाउने गरी सन्तान-

---

१. मध्यकालीन अभिलेख – कटक्
२. " – तासु
३. " – चिलो

दरसन्तानपर्यन्तको लागि आनन्दका साथ बसी पाठपूजा गर्नू भनी यो तामापत्र गरिदिएको छ । अबउप्रान्त पछि हुने राजा तथा प्रजाहरूले परम्परागत धर्मशास्त्र-बमोजिम पाठपूजा गर्दै आएका यी लामाहरूलाई खोसमोस गर्नु हुँदैन । जसले यस आदेशको पालना गर्दैन, त्यसलाई सुन साङ(?) एक दण्ड लिई शारीरिक कडा सजाय पनि हुनेछ ।

यो सबैले बुझून् भनी चरा वर्षको श्रावण महीनाको दशमीमा राजाको आदेश भयो ।]

वि. सं. १३७८ मा फलाम–चरा वर्ष पर्छ । मोहनप्रसादले छपाएको पाठमा चिलो छ । चिलोको अर्थ मूसा हुन्छ । काठ–मूसा वर्ष वि. सं. १३८१ मा पर्छ । मूलमा चिलो नभई झ्यालो छ भन्ने श्रीछेंचुकुस्यो लामा, श्रीखेचुन साङबो, श्रीसुमनधर आदि भोटभाषाज्ञाताहरूको भनाइ छ । झ्यालोको अर्थ चरा हुन्छ । यसरी वि. सं. १३७८ मा यो ताम्रपत्र कुँदिएको कुराको सङ्गति हुन्छ ।

चिलोलाई आधार मानी लूच्यानो पेतेकद्वारा यस ताम्रपत्रको समय वि. सं. १३८१ हो भनी लेखिएको छ, पेतेकद्वारा मोहनप्रसाद खनालले दिएको भोटे भाषाको पाठ ठीक छैन भनेर पनि लेखिएको छ (सेन्ट्रल् एश्याट्इक् जर्नल् २४ वर्ष १–२ अङ्कका ६४–६५ पृ.) । मोहनप्रसाद खनालको पाठ ठीक छैन भन्ने पेतेकले मूलमा शाके १२४३ भनी स्पष्टसँग लेखिएको कुरामा ध्यान नदिई चिलोको आधारमा अर्थ गरेकोले यो भूल हुन गएको हो ।

(४ सङ्ख्या)

पुण्य मल्लको वि. सं. १३९४ को ताम्रपत्र

यो अभिलेख गोरखा अठारसयखोलाको साम्दुगाउँको गुम्बामा रहेको ताम्रपत्रमा कुँदिएको छ । त्यस ताम्रपत्रको लम्बाइ २० अङ्गुल र चौडाइ ९.३ अङ्गुल छ । त्यस ताम्रपत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ ।

यो ताम्रपत्र मोहनप्रसाद खनालद्वारा मध्यकालीन अभिलेखका ९–१३ पृष्ठमा अनुवाद, व्याख्या तथा चित्रसहित छापिएको छ ।

यहाँ दिइएको भोटे भाषाको अनुवाद मध्यकालीन अभिलेखबाट सारिएको हो ।

(१) ॐ स्वस्ति । धम्मंको निको टाकुर । पुण मल्लको अविस
(२) पुर्वतिर लाया[1] हाहाँको[2] मुलिउँ पेषक अविकारि
(३) करिकि कमकरँ सभुंप्रति काजको घाल्ये अङँ
(४) कटका मानिसौ पासा कियो ताजगाइँ पाख श्वा–
(५) गिँयँ पनि पुर्विलो माहाराको[3] बले विद्यां करि अ–
(६) ऋनु तेन कारन लागि महाराज मुदपात पसाकि–
(७) यो क महाराजको बल विद्यां करु[4] लाम्दनि[5] टासि–
(८) कुंसाल लामा पाटा षम्करी विन्ति कियो तसर
(९) मय।कियो तादनापाज[6] नर्जा पालीसित रुत्नि[7]
(१०) स्यांगकोरो मूसो भूपालि माउनि चउनि सोत ता–
(११) त माग्नि कोइ चद्भद्[8] नकिय । महाराजको मुव न-
(१२) लेषत तहाँ अइसि विन्सि ढोया जो यस मुवपात
(१३) नलेष तास धानि सुनको थारो टासू पत् नलेष जो
(१४) थर्पु षाजंला।ः

---

१. मध्यकालीन अभिलेख – पूर्वतिर लायो
२. ,, – हाहाको
३. ,, – महाराको
४. ,, – करू
५. ,, – लामृनि
६. ,, – ताजगापास
७. ,, – रूत्नि, र्‌त्नि
८. ,, – चदूभ हू, चदूभदू

ॐ स्वस्ति क्षोक्यौं घ्याल्वो क्षेन्वो पुन्न मल्ल चिसुङ स्यार क्षोक्सु फोलवी पोन चे दोर्ज्ये अदिकार ले चे नम् दाङ बुहि घोगी ढीप दुल जेवी मकपोन मक्मी नाम्ला सालवा खाङ्ब धलब ङक् क्याङ... घ्याल्वो नम कि बुवीम ढोवाङ ढोम्म ब ढुप्क्ष चीङ दोपी दोन... घ्याल्वो नम कि ढुपी ढो दाङ घोम् ढुप क्षे चिङ दोत पी दोनक्षा घ्याल... सल च्यूचिङ ७। ङ ल् गुल् की रीम्ढो बब वुम् होइ सेर नमढो... वङ चे ब् नम... ङ ीङ घोरो सालवा सोक... नमढील... दूत्ते घेलोङ क ङिङ तक्पे... घ्याङ याङ मज्याङ। घ्या घाङ्वी... मिज्यूङ न खेराङ सर स्ये... सार कार चि की सारो यो चिङ... लनेजङ वहिन् फोहि... घी लाङ्लो धावा सुम्वी...क्षा पर स्योक स्हने। टसिपर ग्युर चिङि स्पू सुमल

पुन्नम्मल्ल

[ठूला धर्मातमा राजा पुण्य मल्लको यस्तो आदेश हुन्छ। पूर्वतर्फ खटिएका चेदोर्ज्ये अधिकारी, बडाहाकिम र बखतबखतमा परिआएका विघ्नबाधा हटाउने सैनिक अधिकृत र जवानहरू सबैप्रति।

देशका सारा प्रजा तथा आउने जाने यात्रु र पछि हुने राजाहरू सबैको लागि अगाडिका राजाबाट यो घ्याङको व्यवस्था भए जस्तै धर्मशास्त्रबमोजिम धर्म-प्रचार गरी पाठपूजा गर्ने यी लामाहरूलाई कसैले खोसमोस गर्न दुःख दिन हुँदैन भनी यो तामापत्र गरिदिएको छ। पहिले जस्तै गरी सबैले यो आदेशको पालना गर्नू। जसले यो हुकूम मान्दैन, त्यसलाई सुन...(?)दण्ड लिई कडा सजाय हुनेछ।

साँढे वर्षको वैशाख महीनाको २३ दिन जाँदा यो आदेश भयो।]

मोहनप्रसाद खनालको पाठमा ताम्रपत्रको शुरूमै श्रीशाके १२५० भनी छापिए-को छ। तर नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको त्यस ताम्रपत्रको तस्वीर हेर्दा त्यसमा शाकेको उल्लेख कतै देखिँदैन, यस कारण सो संवत् अशुद्ध हो भन्ने स्पष्ट हुन्छ।

मोहनप्रसाद खनालको पाठअनुसार वि. सं. १३८५ वैशाखको हुन आउने यस ताम्रपत्रको समय ऐतिहासिक दृष्टिबाट विचार गर्दा पनि मिल्न आउँदैन। आदित्य मल्लले वि. सं. १३८४ चैत्रमा नेपालखाल्डोमा आक्रमण गरेको उल्लेख पाइन्छ (पूर्णिमा ६ अङ्कको २५ पृ.)। यताबाट आदित्य मल्ल र पुण्य मल्लको बीचमा १ महीनाको पनि अन्तर नपरेको देखिन जान्छ। आदित्य मल्लका छोरा कल्याण मल्ल, कल्याण मल्लका छोरा प्रताप मल्ल हुन्। प्रताप मल्लपछि गेलावंशका पुण्य मल्ल गद्दीमा राखिएका हुनाले (पूर्णिमा ६ अङ्कको १६ पृ.) आदित्य मल्ल र पुण्य मल्लको बीचमा १ महीना पनि अन्तर नहुनु सङ्गति खाने कुरो होइन।

भोटे भाषामा लाङलो भनी लेखिएको छ । लाङलो शब्दको अर्थ साँढे भन्ने हुन्छ । वि. सं. १३८५ मा पृथ्वी--राक्षस (ड्रागन = गोही वा सर्पजस्तो पखेटा र नङग्रा भएको र अक्सर सास फेर्दा आगो निकाल्ने उपाख्यानको राक्षस) वर्ष पर्ने हुनाले यो मिल्दैन भन्ने स्पष्ट छ । वि. सं. १३८५ को नगीचैका वर्षमा साँढे वर्ष खोज्दै जाँदा वि. सं. १३९४ मा आगो-साँढे वर्ष भेटियो । यताबाट यो ताम्रपत्र वि. सं. १३९४ मा कुँदिएको रहेछ भन्ने स्पष्ट भयो । पेतेकको लेखमा पनि यस ताम्रपत्रलाई वि. सं. १३९४ को भनेर शुद्ध पारिएको छ (सेन्ट्रल् एश्याटिक् जर्नल् २४ वर्ष १–२ अङ्कको ९७ पृ.) ।

आदित्य मल्ल तथा पुण्य मल्ल दुवैको ताम्रपत्रको मोहनप्रसाद खनालले पढेको पाठ ठीक छैन भन्ने माथिका कुराबाट स्पष्ट भएको छ । यस कारण ती ताम्रपत्रका पाठ शुद्ध रूपमा बाहिर आऊन् भन्ने चाहना मैले राख्नु स्वाभाविकै हो । तर मलाई भोटे भाषाको ज्ञान नभएकोले भोटे भाषाका विद्वान्हरूको मदतले ती ताम्रपत्रका शुद्ध पाठ तथा अर्थ निस्कून् भनी मैले निकै कोशिश गरें । यस प्रसङ्गमा श्रीकोन्छचो वाङदी लामा, श्रीनोर्भु घले, श्रीरङरिग दोर्जे लामा, श्रीछिरिङ्ग तेन्जिङ्ग लामा, श्रीरमेश ढुङ्गेल, श्रीवाङदी लामा आदि भोटभाषा-ज्ञाताहरूसँग मैले सम्पर्क गरें । उहाँहरूबाट त्यस विषयमा निकै परिश्रमपूर्वक काम भयो र एकसरो पाठ तथा अनुवाद उहाँहरूबाट मैले पाएँ । उहाँहरूका पाठ तथा अनुवादले पनि मोहनप्रसाद खनालका पाठ तथा अनुवाद निकै नै अशुद्ध छन् भन्ने सिद्ध भयो तापनि उहाँहरू सबैको पाठ तथा अनुवाद पनि एकनासे नभएको र विशेष गरेर पुण्य मल्लको ताम्रपत्रको पाठ पढ्न तथा अनुवाद गर्न सबैजना विशेषज्ञहरूले राम्ररी नसक्नुभएकोले यी ताम्रपत्रको पाठ तथा अनुवाद शुद्ध रूपमा प्रकाश गर्ने काम भोटे भाषाका अधिकारी विद्वान्हरूकै जिम्मामा सुम्पी अहिलेलाई मोहनप्रसाद खनालकै पाठ र अनुवाद यहाँ दिइएको छ।

(५ सङ्ख्या)

छत्र शाहको वि. सं. १६६६ को अभिलेख

गोरखादरबार रङ्गमहलको छिँडीको कुनामा दुइटा ठूलाठूला नगरा घोप्ट्याई राखिएका छन् । दुवै नगरा धातुका हुन् । ती नगरामध्ये एउटा नगरामा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ ३१ अङ्गुल र चौडाइ २ अङ्गुल छ ।

यो अभिलेख सबभन्दा पहिले तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीको १४ पृष्ठमा छापिएको हो, त्यसपछि दिनेशराज पन्तद्वारा कैलाश १ वर्ष १ अङ्कको ७७ पृष्ठमा अनुवादसहित छापिएको छ, त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका १–८ पृष्ठमा व्याख्यासहित छापिएको छ ।

शाहकालका अभिलेखमा छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।

(१) श्रीशाके १५३१ मासे ५ श्रीमहाराजछत्रसाहस्य कृतिः ॥

[श्रीशाके १५३१ (वि. सं. १६६६) भाद्र महीनामा श्रीमहाराज छत्र शाहको कृति ।]

(६ सङ्ख्या)

राम शाहको वि. सं. १६७१ को शिलालेख

गोरखा पोखरीथोकमा पोखरीको पूर्वपट्टि मुरलीधरनारायणको पश्चिमाभिमुख मन्दिर छ। त्यसै मन्दिरको ढोकामाथि बायाँपट्टि रहेको ढुङ्गामा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ १८ अङ्गुल र चौडाइ ५.५ अङ्गुल छ।

यो शिलालेख सबभन्दा पहिले योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा इतिहास–प्रकाश १ अङ्कको ४० पृष्ठमा अनुवादसहित छापिएको हो, त्यसपछि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीका १४–१५ पृष्ठमा मूलबाटै रुजु गरी छापिएको छ, त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका ६–११ पृष्ठमा व्याख्यासहित छापिएको छ।

पूर्णिमा २ अङ्कको ५१ पृष्ठमा छापिएको, देवीप्रसाद भण्डारीले गरेको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ।

(१) श्रीशाके १५३६ विधुगिरिरसपृथ्वीचिह्नितें[1] वि-
(२) क्रमाब्दे गतवति नृपरामो मानदः सज्जनानां ॥
(३) मठमधिकविधिज्ञो दिक्षु विक्षिप्तकीर्त्तिर्गण-
(४) पतिप्रभृतीनां देवतानामकार्षीत् ॥१॥ शुभं ॥

[श्रीशाके १५३६ वि.सं. १६७१ मा सज्जनहरूको मानमर्यादा गर्ने, धेरै विधिविधान जान्ने, देशविदेशमा कीर्ति फैलिएका राजा राम शाहले गणेश आदि देवताहरूको मठ (मन्दिर) बनाउनुभयो, कल्याण होस्।]

---

१. इतिहास-प्रकाश, गोरखाको ऐतिहासिक सामग्री, शाहकालका अभिलेख–चिह्नितें

(७ सङ्ख्या)

चित्रविलासले बनाएको राजवंशावली

यो वंशावली वीरपुस्तकालय दोस्रो १३१ सङ्ख्यामा छ । यसमा जम्मा २ पत्र छन् । दुवै पत्रको लम्वाइ ११.५ अङ्गुल र चौडाइ ३.३ अङ्गुल छ। त्यस वंशावलीको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी २६५।१५ मा छ ।

यो वंशावली सूर्यविक्रम ज्ञवालीद्वारा द्रव्य शाहको जीवनचरित्रका ३०–३१ पृष्ठमा सम्पादन गरी छापिएको छ । नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५९२ पृष्ठमा यस वंशावलीका ६–७ श्लोकको अनुवाद छापिएको छ ।

(१ ख पत्र)

श्रीगणेशाय नमः ।। ।।

जगत्कर्त्ता विजयते करुणावरुणालयः ।
राजरूपेण रमते यः प्रजानुग्रहेछया ।१।।

इह खलु जगति श्रीमेदपाठप्रसिद्धा-
छ्रितमुनिवरसिद्धाच्चित्रकूटात्सुकूटात् ।।
मनसि कृतसुमंत्रो राजपुत्रः सपुत्रो-
गमदधिसुखथामं सद्विरामं तु कश्चित् ।२।।

तद्गोत्रे जितभिल्लदेशनिचयः श्रीजिल्लराजोभव-
द्राज्ये कार्य्यदृढं प्रजापरिवृढो जातोऽजिताख्यस्ततः ।।
सर्वाशाजिदटल्लराजनृपतिस्तस्मावकस्मादभू-
त्तत्पुत्रः सुकथापृथाश्रुतिरतिस्तूथा–

(२ क पत्र)

धिराजस्तथा ।३।।

यस्यांगप्रभवोभवद्विमिकिराट् सम्राट् प्रणीतिप्रिय–
स्तद्गेहे हरिराजराजतिलको भूमिं बुभोजेश्वरः ।
तस्माद्ब्रह्मणिको बभूव नितरां गोब्राह्मणप्राणन–
स्तभूर्मन्मथराजभूपतिरसौ यस्मान्नरेशाधिपः ।।४।।

तस्माद्भूपतिनायकः पतिरतिः श्रीजैनखानोधिक-
स्तस्मात्सूर्य्यनिभः प्रभुः समजनि श्रीसूर्यखानाह्वयः ।
तस्यात्मप्रभवः कृतातिविभवो मीचादिखानोभव-
त्तज्जः सज्जधनुर्द्धनुर्द्धरवरः खानो विचित्रो विभुः ।५।।

चित्री वैचित्रिराशीत्तदनु म-

(२ ख पत्र)

नुजपः श्रीयशोब्रह्मशाहि-
र्ब्रह्मज्ञानी सुदानी धनद इव धनी तत्सुतो द्रव्यसाहिः ।
तूर्णं चक्रेरिचूर्णं तदधिपतनयः पूर्णकृत्पूर्णशाहिः
पूर्णा शोतोधुनासौ विलसति ससुतो रामवद्रामशाहिः ।।६।।

कृता चित्रविलासेन कारिता रामशाहिना ।
राजवंशावली भूयादभितो वृद्धिगामिनी ।। ।।७।। ।।

[श्रीगणेशलाई नमस्कार ।

संसारलाई बनाउने दयाका समुद्र भगवान् ठूला हुनुहुन्छ । जुन भगवान् प्रजालाई अनुग्रह गर्ने इच्छाले राजाको रूप लिएर रमाउनुहुन्छ ।

यस संसारमा मेदपाठ(मेवाड)भनेर प्रसिद्ध भएको, असल मुनि र सिद्धहरू बसेको, टाकुरामा रहेको चित्रकूट (चित्तौड)बाट मनमा राम्रो विचार लिएका छोरासमेतका कुनै राजपुत्र (रजपूत) सुख दिने कुमै असल ठाउँमा जानुभयो । उहाँको कुलमा भिल्लका देशहरू जितेका श्रीजिल्लराज हुनुभयो । उहाँका छोरा राज्यको काममा दृढ अजित नाउँका राजा हुनुभयो । उहाँका छोरा राजा अटल्लराज अकस्मात् सबैतिर विजयी हुनुभयो । उहाँका छोरा अर्जुनको राम्रो कथा सुन्नमा मन लगाएका तूथाधिराज हुनुभयो । उहाँका छोरा असल नीतिमा लागेका सम्राट् विमिकिराज हुनुभयो। ईश्वरले उहाँका छोरा राजाहरूमा श्रेष्ठ हरिराजको रूप लिएर पृथ्वीको भोग गर्नुभयो । उहाँका छोरा गाई र ब्राह्मणको रक्षा गर्ने ब्रह्मणिक हुनुभयो । उहाँका छोरा राजाहरूमा श्रेष्ठ यहाँ मन्मथराज राजा हुनुभयो। उहाँका छोरा राजाहरूमा श्रेष्ठ, ईश्वरमा ज्यादै भक्ति गर्ने श्रीजैनखान हुनुभयो । उहाँका छोरा सूर्य जस्ता तेजिला राजा श्रीसूर्यखान हुनुभयो। उहाँका छोरा धेरै धनसम्पत्ति भएका मीचाखान हुनुभयो। उहाँका छोरा धनुर्धारीहरूमा श्रेष्ठ तथा सदा धनुर्धारी विचित्रखान हुनुभयो। उहाँका छोरा गजबका राजा श्रीयशोब्रह्म शाही हुनुभयो । उहाँका छोरा ब्रह्मज्ञानी, दानी, कुबेर

जस्तै धनी द्रव्य शाहीले शत्रुहरूलाई चाँडै नै धूलोपीठो पार्नुभयो। उहाँ महाराजका छोरा पूर्ण पार्ने पूर्ण शाही हुनुभयो। पूर्ण शाहीका छोरा, रामचन्द्र जस्ता उहाँ राम शाही छोरासाथ अहिले सुहाइरहनुभएको छ।

राम शाहीले बनाउन लाएको, चित्रविलासले बनाएको राजवंशावली चारैतिर फैलियोस्।]

(८ सङ्ख्या)

वि. सं. १६७५ मा सारिएको मेघदूतको चरित्रवर्द्धनको टीकाको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य काठमाडौं डिल्लीबजारका पद्मनाभकेशरी अर्ज्यालको सङ्ग्रहमा रहेको मेघदूतमा छ। त्यस पुस्तकको लम्बाइ १३ अङ्गुल र चौडाइ ५ अङ्गुल छ।

यो पुष्पिकावाक्य सबभन्दा पहिले योगी नरहरिनाथद्वारा संस्कृत-सन्देश १ वर्ष ८ अङ्कको ३० पृष्ठमा छापिएको हो, त्यसपछि देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा २ अङ्कको ५१ पृष्ठमा अनुवाद तथा गणनासहित छापिएको छ।

पूर्णिमा २ अङ्कमा छापिएको अनुवादमा संशोधन गरी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहींबाट सारिएको हो।

इति श्रीचारित्रवर्द्धनविरचिता मेघदूताख्यकाव्यस्य टीका संपूर्णा ॥ ॥ समाप्तोऽयं ग्रन्थः ॥ ॥

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली-विराजमानमानोन्नतपारकोटीयवंशोद्भवमहाराजाधिराजश्रीमद्रामसाहनृपस्येदं पुस्तं लेखापितं ॥ ॥

लिखितं जयभद्राख्यविप्रेण ॥ शाके १५४० पौषशुक्ल ११ गुरुदिने ॥ ॥

[मेघदूतनामक काव्यको श्रीचरित्रवर्द्धनले बनाएको टीका सम्पूर्ण भयो। यो ग्रन्थ सकियो।

स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, पारकोटेवंशमा पैदा भएका महाराजाधिराज श्रीमान् राम शाह राजाको यो पुस्तक सार्न लगाइयो।

शाके १५४० (वि. सं. १६७५) पौषशुक्ल एकादशी बृहस्पतिवार जयभद्रनाउँका ब्राह्मणले सारिसिद्धचाए।]

शाके १५४० (वि. सं. १६७५) पौषशुक्ल

	गते	वार	तिथि	घडी	पला
पौष	१८	बृहस्पति	एकादशी	४८।	१

(९ सङ्ख्या)

वि. सं. १६७८ मा सारिएको रुद्रपद्धतिको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य काठमाडौँ डिल्लीबजारका पद्मनाभकेशरी अर्ज्यालको सङ्ग्रहमा रहेको रुद्रपद्धतिमा छ।

यो पुष्पिकावाक्य सर्वप्रथम योगी नरहरिनाथद्वारा इतिहास-प्रकाश २ अङ्क ३ भागको ५५२ पृष्ठमा छापिएको हो । त्यसपछि यसको अन्तिम वाक्य मात्र देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा २ अङ्कका ५१–५२ पृष्ठमा अनुवाद तथा गणनासहित छापिएको छ ।

पूर्णिमा २ अङ्कमा छापिएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो ।

इति श्रीयाज्ञिकसदाशिवदीक्षितसुतकशीदीक्षितकृता रुद्रपद्धतिः समाप्ता।। ।।...

संवत् १६७८ शाके १५४३ समये कार्त्तिकवदि ८ नक्षत्रे ७ शुक्रवासरे गोर्षाग्रामे रामसाहिभुज्यमानराज्ये जयभद्रशर्मणा लिखितमिदं पुस्तकं शुभमिति।। ।।

[याज्ञिक श्रीसदाशिव दीक्षितका छोरा काशी दीक्षितले बनाएको रुद्रपद्धति सकियो ।

वि. सं. १६७८ शाके १५४३ कार्तिककृष्ण अष्टमी पुनर्वसूनक्षत्र शुक्रवार राम शाहीले भोग गरिरहेको राज्य गोरखाग्राममा जयभद्र शर्माले यो पुस्तक सारिसिद्धयाए । कल्याण होस् ।]

वि. सं. १६७८ कार्तिककृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आश्विन	२९	शुक्र	अष्टमी	४६।	२१	पुनर्वसू	४६।	३

(१० सङ्ख्या)

वि. सं. १६७६ मा सारिएको राघवपाण्डवीयको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ६८ सङ्ख्याको राघवपाण्डवीयका ७४ (ख)–७५ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १३.२ अङ्गुल र चौडाइ ५ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी ३२१।२१ मा छ।

यस पुष्पिकावाक्यको पछिल्लो अंश मात्र देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा २ अङ्कको ५२ पृष्ठमा अनुवाद तथा गणनासहित छापिएको छ।

पूर्णिमा २ अङ्कमा छापिएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ, गणनचाहिँ त्यहीँबाट सारिएको हो।

इति श्रीहलधरणीप्रसूतकांदबकुलतिलकचक्रवर्त्तिवीरश्रीकामदेवप्रोत्साहितकविराजराजपंडितविरचिते राघवपांडवीये महाकाव्ये कामदेवांके रावणदुर्योधनवधो रामयुधिष्ठिराभिषेको नाम त्रयोदशः सर्गः समाप्तमिति ॥ ॥ . . .

श्रीशाके[1] १५४४ श्रावनमासे[2] शुक्लपक्षे पंचमीबुधवासरे श्रीरामसाहस्य पुस्तकमिदं पाठार्थ[3] लेखापितं तथा परोपकाराय ॥ ॥ ॥ हिमालैकदेशे गोरषास्थाणे[4] लेखकमिश्रमाधव ॥ ॥

[श्रीहलधरणीबाट उत्पन्न भएको कादम्बकुलका टीका जस्ता, चक्रवर्ती वीर श्रीकामदेवबाट प्रोत्साहन पाएका राजपण्डित कविराजले बनाएको १३ सर्ग भएको राघवपाण्डवीय महाकाव्यमा रावण र दुर्योधनको वध तथा राम र युधिष्ठिरको अभिषेक भन्ने तेह्रौँ सर्ग सकियो।

श्रीशाके १५४४ (वि. सं. १६७६) श्रावणशुक्ल पञ्चमी बुधवार श्रीराम शाहको यो पुस्तक पढ्न र परोपकारको लागि सार्न लगाइयो। हिमालको एक भाग गोरखामा सार्ने माधव मिश्र।]

---

१. पूर्णिमा – शाके
२. " – श्रावणमासे
३. " – पाठार्थ
४. " – हिमालैकदेशगोरषास्थाणे

शाके १५४४ (वि. सं. १६७९) श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	३२	बुध	चतुर्थी	४७।	१४

चतुर्थी ४७ घडी १४ पलाउप्रान्त पञ्चमीमा यो सारिसिद्धिएकोले बुधवार आधा रात नाघेपछि यो पुस्तक सारिसिद्धिएको देखिन्छ ।

(११ सङ्ख्या)

वि. सं. १६८८ मा सारिएको पद्‌मपुराणोक्त विष्णुसहस्रनामस्तोत्रको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ६५ सङ्ख्याको पद्‌मपुराणोक्त विष्णुसहस्रनामस्तोत्रको २३(क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १२.४ अङ्गुल र चौडाइ ५.७ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी ३९१।२२ मा छ।

इति श्रीपद्मपुराणे उत्तरषंडे उमामहेश्वरसंवादे विष्णोः सहस्रनामस्तोत्रं समाप्तं॥ ॥ . . .

श्रीसंवत् १६८८ आषाढादौ १३ ॥ काश्यां लिखितं मिश्रमाधव ॥

[श्रीपद्‌मपुराणमा उत्तरखण्डमा पार्वती र महादेवको संवादमा विष्णुसहस्रनामस्तोत्र सकियो।

वि. सं. १६८८ आषाढशुक्ल त्रयोदशीमा काशीमा माधव मिश्रले सारिसिद्ध्याए।]

वि. सं. १६८८ आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	१	शुक्र	त्रयोदशी	४२।	१७

(१२ सङ्ख्या)

वि. सं. १६८८ मा सारिएको पारिजातहरिवंशको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो ६१२ सङ्ख्याको पारिजातहरिवंशको ५१० (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १८ अङ्गुल र चौडाइ ७.४ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ३११।४ मा छ।

यो पुस्तक सारिएको सालको मात्र बाबुकृष्ण शर्माको राष्ट्रियाभिलेखालयस्थ-हस्तलिखितप्राचीनपुस्तकानाम् बृहत्सूचीपत्रम् ८ भागको ३२३ पृष्ठमा उल्लेख भएको छ।

इति महाभारते शतसाहस्यां संहितायां वैयासिक्यां पारिजातहरिवंशः समाप्तः ॥ . . .

श्रीशाके १५५३ संवत् १६८८ वर्षे कार्त्तिमासे तिथौ ९ नक्षत्रे ७ वारे १ शिशिरऋतौ श्रीसूर्य्यदक्षिणायने ॥ ॥ उत्तरखंडे गोरखाग्रामे ॥ ॥ लिखितं दसमंतभारतीप्रसादात् तच्छिष्यसारंगभारतीना॥ . . . स्वस्य पठनार्थमिदं लिखतवान् ॥ ॥

[व्यासले बनाएको एक लाख ग्रन्थ भएको महाभारतमा पारिजातहरिवंश सकियो।

श्रीशाके १५५३ वि. सं. १६८८ कार्तिक नवमी तिथि पुनर्वसूनक्षत्र आदित्यवार शिशिर ऋतुमा सूर्य दक्षिणायनमा भएमा उत्तराखण्डको गोरखाग्राममा दसमन्त भारतीको अनुग्रहले उहाँकै शिष्य सारङ्ग भारतीले सारिसिद्धियाए। आफूलाई पढ्नको लागि यो सारिएको हो।]

वि. सं. १६८८ कार्तिककृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
कार्तिक	८	आदित्य	नवमी	३६।	५७	अश्लेषा	५६।	४९

मूलमा ७ नक्षत्र भनी पुनर्वसू जनाइएको छ। अश्लेषा आएकोले ९ लेख्नुपर्नेमा भूलले ७ लेखिएको देखिन्छ। मूलमा शिशिर ऋतु लेखिएको छ। कार्तिक महीनामा शरद् ऋतु हुने हुनाले यो अशुद्ध देखिन्छ।

(१३ सङ्ख्या)

वि. सं. १६८८ मा सारिएको आचारदीपको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय चौथो १००३ सङ्ख्याको आचारदीपको ६४ (क) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ १५ अङ्गुल र चौडाइ ६.२ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी ४०३।९ मा छ ।

इत्युपाध्यायनागदेवविरचिते आचारादीपे द्रव्यशुद्धिप्रकरणं समाप्तमिति ॥ ॥

इति आचारादीपे आचारकांडः समाप्तः ॥ ॥

स्वस्ति श्रीमहाराजरामसाहिभुज्यमानराज्ये पारकोठदेशे गोरषाग्रामे श्रीमज्ज्योतिर्विज्जयभद्रपुत्रश्रीमद्वाचस्पतिनाम्ना ब्राह्मणेन बालकपाठार्थं लिखितमिदंमाचारादीपग्रंथं शुभं भूयात् ॥ ॥

संवत् १६८८ ॥ शाके १५५३ ॥ मासे १२ ॥ चैत्रवदि १३ ॥ वारे ५ ॥ लिखितं पुस्तकमिदं ॥ ॥

[नागदेव उपाध्यायले वनाएको आचारदीपमा द्रव्यशुद्धिप्रकरण सकियो ।

आचारदीपमा आचारकाण्ड सकियो ।

महाराज श्रीराम शाहीले भोग गरिरहेको राज्य पारकोटदेशमा गोरखाग्राममा ज्योतिषी श्रीमान् जयभद्रका छोरा वाचस्पति नाम गरेका ब्राह्मणले बालकहरूलाई पढ्नको लागि यो आचारदीप ग्रन्थ सारे । कल्याण होस् ।

वि. सं. १६८८ शाके १५५३ चैत्रकृष्ण त्रयोदशी बृहस्पतिवार यो पुस्तक सारिसिद्धियो ।]

वि. सं. १६८८ चैत्रकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२७	बृहस्पति	त्रयोदशी	४५।	४७

(१४ सङ्ख्या)

वि. सं. १६८९ मा सारिएको देवदासप्रकाशको पुष्पिकावाक्य

काठमाडौं गैह्रीधाराका मुकुन्दराज अर्ज्यालको सङ्ग्रहमा रहेको देवदास-प्रकाशका ३१५(ख)–३१६(क) पत्रमा लेखिएको अप्रकाशित यो पुष्पिकावाक्य उहाँको सौजन्यबाट प्राप्त भएको हो। त्यस पुस्तकको लम्बाइ १५ अङ्गुल र चौडाइ ४.५ अङ्गुल छ।

इति श्रीदेवदासप्रकाशे मलमासनिर्णयः ॥

समाप्तश्चायं ग्रंथः ॥

श्रीशाके १५५४ संवत् १६८९ पौषमासे शुक्लपक्षे दशम्यां स्वस्ति श्रीगिरिराज-चक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतमहाराजाधि-राजश्रीमत्पूरणसाहिसुतश्रीमद्रामसाहिभुज्यमानरा(ज्ये गोर्षाग्रामे तत्पुरोहित-श्रीमज्ज्योतिर्विद्धवलुशर्मसुतजयभद्रज्योतिर्विदा लिखितमेतद् देवदासप्रकाशाख्य-पुस्तकं शुभं भूयात्।

एतस्य ग्रंथस्य संख्यापि लिख्यते ॥७८८४ ॥...

श्रीशाके १५५४ पौषमासे ९ शुक्ले दशम्यां १० सोमवासरे २ नक्षत्रे २७ योगे १९ करणे २ मुहूर्त्ते १ ॥

[श्रीदेवदासप्रकाशमा मलमासनिर्णय सिद्धियो।

यो ग्रन्थ पनि सकियो।

श्रीशाके १५५४ वि.सं. १६८९ पौषशुक्ल दशमीमा स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, महाराजाधिराज श्रीमान् पूर्ण शाहीका छोरा श्रीमान् राम शाहीले भोग गरिरहेको राज्य गोरखाग्राममा उहाँकै पुरोहित ज्योतिषी श्रीमान् धवलु शर्माका छोरा ज्योतिषी जयभद्रले देवदासप्रकाश नाम गरेको पुस्तक सारिसिद्धयाए। कल्याण होस्।

यसको ग्रन्थसङ्ख्या पनि लेखिन्छ– ७८८४

श्रीशाके १५५४ (वि. सं. १६८९) पौषशुक्ल दशमी सोमवार रेवती-नक्षत्र परिघयोग बालवकरणमा प्रथम मुहूर्त(प्रहर?)मा।]

वि. सं. १६८९ पौषशुक्ल

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला	करण
पौष १२	सोम	नवमी	६। ११	रेवती	११। ५७	परिघ	२२। ४१	तैतिल

नवमी ६ घडी ११ पलाउप्रान्त दशमीमा यो पुस्तक सारिसिद्ध्याइएकोले तैतिलकरणमा यो पुस्तक सारिसिद्ध्याइएको हुन्छ। मूलमा २ करण भनी बालवकरण जनाइएको छ, सो अशुद्ध हो ।

(१५ सङ्ख्या)

वि. सं. १६९२ मा सारिएको स्कन्दपुराण काशीखण्डोक्त गङ्गासहस्रनामस्तोत्रको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ८१ सङ्ख्याको स्कन्दपुराण काशीखण्डोक्त गङ्गासहस्रनामस्तोत्रको १५(क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १४.६ अङ्गुल र चौडाइ ५.३ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४७३।३५ मा छ।

यो पुष्पिकावाक्य देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा २ अङ्कका ५३–५४ पृष्ठमा अनुवाद तथा गणनासहित छापिएको छ।

पूर्णिमा २ अङ्कमा छापिएको अनुवादमा संशोधन गरी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो।

इति श्रीस्कंदपुराणे[1] काशीखंडे[2] गंगासहस्रनाम सप्ताप्तं[3] ॥ ॥...

श्रीशाके १५५७ माघवदि १ बुधे लिखितं श्रीमड्डंबरसाहिपाठार्थं[4] ज्योतिर्विदनंतदेवेन[5] ॥ ॥ ॥

[श्रीस्कन्दपुराणमा काशीखण्डमा गङ्गासहस्रनाम सकियो।

श्रीशाके १५५७ (वि. सं. १६९२) माघकृष्ण प्रतिपदा बुधवार श्रीमान् डम्बर शाहीलाई पाठ गर्नाका निमित्त ज्योतिषी अनन्तदेवले सारिसिद्ध्याए।]

शाके १५५७ (वि. सं. १६९२) माघकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
माघ	१५	बुध	प्रतिपदा	१५।	६

---

१. पूर्णिमा – श्रीस्कन्दपुराणे

२. " – काशीखण्डे

३. " – समाप्तं

४. " – श्रीमड्डम्बरसाहिपाठार्थं

५. " – ज्योतिर्विदनन्तदेवेन

(१६ सङ्ख्या)

वि. सं. १६९२ मा सारिएको स्कन्दपुराण हिमवत्खण्डोक्त ईश्वरसहस्रनामस्तोत्रको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ६५ सङ्ख्याको स्कन्दपुराण हिमवत्खण्डोक्त ईश्वरसहस्रनामस्तोत्रको ८(क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १५.३ अङ्गुल र चौडाइ ५.३ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४७१।३१ मा छ।

यो पुष्पिकावाक्य दिनेशराज पन्तद्वारा पूर्णिमा ३२ अङ्कको २०६ पृष्ठमा अनुवाद र गणनासहित छापिएको छ।

यहाँ दिइएको अनुवाद र गणना पूर्णिमा ३२ अङ्कबाट सारिएको हो।

इति श्रीस्कंदपुराणे हिमवत्खंडे शिवप्रोक्तं ईश्वरसहस्रनामस्तोत्रं संपूर्णं ॥।॥

श्रीशाके १५५७ फाल्गुनवदि १४ गुरौ लिखितं श्रीमदनंतशर्मणा डंबरसाहिपाठार्थंमिति ॥ ॥

[श्रीस्कन्दपुराणमा हिमवत्खण्डमा शिवजीले बताएको ईश्वरसहस्रनामस्तोत्र सम्पूर्ण भयो।

श्रीशाके १५५७ (वि. सं. १६९२) फाल्गुनकृष्ण चतुर्दशी बृहस्पतिवार श्रीमान् अनन्त शर्माले डम्बर शाहीलाई पाठ गर्नाका निमित्त सारिसिद्ध्याए।]

शाके १५५७ (वि. सं. १६९२) फाल्गुनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२९	बृहस्पति	चतुर्दशी	२७।	४६

(१७ सङ्ख्या)

वि. सं. १६९२ मा सारिएको कालिकापूजाविधिको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो २९ सङ्ख्याको कालिकापूजाविधिको १० (ख) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ १४ अङ्गुल र चौडाइ ५.३ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी १८०। ११ मा छ ।

यो पुष्पिकावाक्य दिनेशराज पन्तद्वारा पूर्णिमा ३२ अङ्कको २०७ पृष्ठमा अनुवाद र गणनासहित छापिएको छ ।

पूर्णिमा ३२ अङ्कमा छापिएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो ।

इति कालिकापूजाविधिः पटलः ॥
शूभमस्तु लेषकपूजकयोः ॥
लिषितं काशिनाथेन सामवेदसुपाटिना ॥
गोर्षाग्रामभूपालं रक्षतुः कालिका सदा ॥
एकातपत्री भूयाच्च राजराजेश्वरेति च ॥
धनवृद्धिश्च भूर्वृद्धि करोतु कालिका सदा ॥ ॥ ॥

श्रीशाके १५५८ समये चैत्रवदि ११ बुधे धनिष्टानक्षत्रे मैत्रयोगे डमरशाहीस्यार्थे लिषितमिदं पुस्तकं[1] शुभमस्तु ॥ ॥ ॥

[कालिकापूजाविधिपटल सिद्धियो ।
सार्ने र पूजा गर्नेको कल्याण होस् ।
राम्ररी सामवेद पढेका काशीनाथले सारिसिद्धयाए ।

कालिकाले गोरखाग्रामका राजालाई सधैँ रक्षा गरून् । (उहाँ) एकच्छत्र भएका र राजाहरूका पनि राजा हुनुहोस् । कालिकाले (उहाँको) धनको बढिबढाउ र राज्यको बढिबढाउ पनि सधैँ गरिदिनुहोस् ।

श्रीशाके १५५८ (वि. सं. १६९२) चैत्रकृष्ण एकादशी बुधवार धनिष्ठानक्षत्र मैत्रयोगमा डम्बर शाहीको लागि यो पुस्तक सारिसिद्धयाइयो । कल्याण होस् ।

१. पूर्णिमा – पुस्तकं

शाके १५५८ (वि. सं. १६९२) चैत्रकृष्ण (पूर्णान्तमानले)

गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	आनन्दादि योग
चैत्र २६	बुध	एकादशी	५। ४४	धनिष्ठा	६। ६	मैत्र

(१८ सङ्ख्या)

वि. सं. १६९३ मा सारिएको भविष्यपुराणोक्त सूर्यसहस्रनामस्तोत्रको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ७८ सङ्ख्याको भविष्यपुराणोक्त सूर्यसहस्रनामस्तोत्रको ८ (क) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ १४.७ अङ्गुल र चौडाइ ६.१ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी ४००।१४ मा छ ।

यो पुष्पिकावाक्य दिनेशराज पन्तद्वारा पूर्णिमा ३२ अङ्कको २०८ पृष्ठमा अनुवाद र गणनासहित छापिएको छ ।

यहाँ दिइएको अनुवाद र गणना पूर्णिमा ३२ अङ्कबाट सारिएको हो ।

इति श्रीभविष्यपुराणे श्रीसूर्य्यसहस्रनामस्तोत्रं समाप्तं ॥ ॥ ॥

श्रीशाके १५५८ समये वैशाषवदि ५ लिखितं हरिकेशनाम्ना ॥ ॥

[श्रीभविष्यपुराणमा श्रीसूर्यसहस्रनामस्तोत्र सकियो ।

श्रीशाके १५५८ (वि. सं. १६९३) वैशाखकृष्ण पञ्चमीमा हरिकेश नाउँ भएकाले सारिसिद्धयाए ।]

शाके १५५८ (वि. सं. १६९३) वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
वैशाख	१९	शुक्र	पञ्चमी	३८।	२४

(१६ सङ्ख्या)

राम शाहको वि. सं. १६९३ को शिलालेख

गोरखा पोखरीथोकमा मुरलीधरनारायणमन्दिरनजीकै पोखरीको पूर्वपट्टि रामेश्वरमहादेवको पश्चिमाभिमुख मन्दिर छ। त्यसै मन्दिरको ढोकामाथिको ढुङ्गोमा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ ७० अङ्गुल र चौडाइ ६ अङ्गुल छ।

यो शिलालेख सबभन्दा पहिले योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा इतिहास–प्रकाश १ अङ्कको ४० पृष्ठमा अनुवादसहित छापिएको हो; त्यसपछि नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५५८–५६० पृष्ठमा गणनासहित छापिएको छ; त्यसपछि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीको १५ पृष्ठमा मूलबाटै रुजु गरी छापिएको छ; त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका १२–१४ पृष्ठमा व्याख्यासहित छापिएको छ।

श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा छापिएको अनुवादमा संशोधन गरी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो।

(बायाँपट्टि)

(१) श्रीगणेशाय नमः ॥ वसुबाणशिवाननचेंदुयुते
(२) नृपशालिवाहसमये विगते ॥ विदधे नृपराम
(३) मठं कुतुकात् शुचिदशमीयुक्तरवौ नभसि ॥१॥

(बीचमा)

(१) श्रीशाके १५५८

(दायाँपट्टि)

(१) रामश्चांकरसेंद्वतीतसमये श्रीविक्रमार्कस्य वै
(२) शुद्धे श्रावणमासि भानुदिवसे युक्ते दशम्यां तथा ॥
(३) चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं
(४) श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ॥१॥

[श्रीगणेशलाई नमस्कार।

शाके १५५८ (वि. सं. १६९३) श्रावण महीनामा आषाढदशमी आदित्य-वार चौचौ भएर राजा राम शाहले मठ(मन्दिर) बनाउनुभयो।

श्रीशाके १५५८ श्रीवि. सं. १६९३ पवित्र श्रावण महीनामा दशमी आदित्य-वार श्रीशिवजीका चरणकमलका धूलाले पवित्र भएका, सधैँ शत्रुलाई जित्ने राजा राम शाहले आनन्द दिने मठ (मन्दिर) बनाउनुभयो।]

यस शिलालेखमा शाके १५५८ वि. सं. १६९३ आषाढदशमी आदित्यवार श्रावण महीनामा भनी लेखिएको छ। वास्तव दिन कुन हो भनी निर्णय गर्नाका लागि

वि. सं. १६९३ ज्येष्ठकृष्ण (पूर्णान्तमानले आषाढकृष्ण)

गते	वार	तिथि	घडी	पला
आषाढ २१	शनि	दशमी	१६।	४७

वि. सं. १६९३ आषाढशुक्ल

गते	वार	तिथि	घडी	पला
श्रावण ३	शनि	दशमी	५०।	१५

वि. सं. १६९३ आषाढकृष्ण (पूर्णान्तमानले श्रावणकृष्ण)

गते	वार	तिथि	घडी	पला
श्रावण १८	आदित्य	दशमी	३३।	२३

वि. सं. १६९३ श्रावणशुक्ल

गते	वार	तिथि	घडी	पला
भाद्र १	सोम	दशमी	२८।	४१

यी चार तिथिमध्ये श्रावण १८ गते आषाढकृष्ण (पूर्णान्तमानले श्रावणकृष्ण) दशमीका दिन आदित्यवार पर्न आयो। यस कारण सोही दिन राम शाहले मन्दिर बनाएको देखिन्छ।

श्रावणमा आषाढको दशमी आदित्यवार भनी पहिलो श्लोकमा लेखिएको छ। श्रावणमा दशमी आदित्यवार भनी दोस्रो श्लोकमा लेखिएको छ। गणना गर्दा श्रावण १८ गते अमान्तमानले आषाढकृष्ण दशमीको दिन आदित्यवार पर्न आयो। यस कारण अमान्तचान्द्रमानले आषाढमा र सौरमानले श्रावणमा भनी लेखिएको देखिन्छ।

(२० सङ्ख्या)

वि. सं. १६९३ मा सारिएको स्कन्दपुराण ब्रह्मोत्तरखण्डोक्त प्रदोषशिवपूजाविधिको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ७८ सङ्ख्याको प्रदोषशिवपूजाविधिको १६ (ख)–१७ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १४.५ अङ्गुल र चौडाइ ६.२ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४६१।४४ मा छ।

यो पुष्पिकावाक्य देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा ६ अङ्कको ४५ पृष्ठमा अनुवाद, गणना तथा टिप्पणीसहित छापिएको छ।

पूर्णिमा ६ अङ्कमा छापिएको अनुवादमा केही सच्याई यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो।

इति श्रीस्कंदपुराणे ब्रह्मोत्तरखंडानुसारी[1] आगमोक्तः प्रदोषशिवपूजाविधिः ॥ ॥ ॥

वत्सरेऽन्यंकभूपांके वैक्रमे मासि आश्विने ॥

श्रीमाननंतो[2] व्यलिखत् प्रदोषशिवपूजनं[3] ॥१॥ ॥

श्रीशाके १५५८ मार्गशिरवदि ७ बुधे लिखितं श्रीमदनंतशर्मज्योतिर्विदा ॥ डंबरसाहिपुस्तकमिदं ॥

[श्रीस्कन्दपुराणमा ब्रह्मोत्तरखण्डअनुसार आगममा बताइएको प्रदोषशिवपूजाविधि सिद्धियो।

वि. सं. १६९३ आश्विन महीनामा श्रीमान् अनन्तले प्रदोषशिवपूजाविधि सारे।

श्रीशाके १५५८ (वि. सं. १६९३) मार्गकृष्ण सप्तमी बुधवार ज्योतिषी श्रीमान् अनन्त शर्मालि सारिसिद्ध्याए। डम्बर शाहीको पुस्तक यो हो।]

वि. सं. १६९३ मार्गकृष्ण (पूर्णान्तमानले)

गते	वार	तिथि	घडी	पला
मार्ग १०	बुध	सप्तमी	१६।	२

---

१. पूर्णिमा – श्रीस्कन्दपुराणे ब्रह्मोत्तरखण्डानुसारी

२. " – श्रीमाननन्तो

३. " – प्रदोषशिवपूजनम्

(२१ सङ्ख्या)

वि. सं. १६९३ मा सारिएको स्कन्दपुराण अम्बिकाखण्डोक्त दुर्गासहस्रनामस्तवको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो १८ सङ्ख्याको स्कन्दपुराण अम्बिकाखण्डोक्त दुर्गासहस्रनामस्तवको १५ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १४.२ अङ्गुल र चौडाइ ६.३ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४७८।२८ मा छ।

इति श्रीस्कंदपुराणे चतुरशीतिसाहस्र्यां ऽबिकाखंडे दुर्गामाहात्म्ये रहस्यकथने विष्णुशंकरयोर्युद्धसमाधाने दुर्गासहस्रनामस्तवः समाप्तः ।। ।।

श्रीशाके १५५८ समये चैत्रशुदि ।। शनौ लिखितं हरिकेशशर्मणा ।। ।।

[श्रीस्कन्दपुराणमा ८४ हजार ग्रन्थ भएको अम्बिकाखण्डमा दुर्गामाहात्म्यमा रहस्यकथनमा विष्णु र महादेवको युद्धसमाधानमा दुर्गासहस्रनामस्तव सकियो।

श्रीशाके १५५८ (वि. सं. १६९३) चैत्रशुक्ल शनिवार हरिकेश शर्माले सारिसिद्ध्याए।]

(२२ सङ्ख्या)

वि. सं. १६९९ मा सारिएको स्कन्दपुराण केदारखण्डोक्त शैवशास्त्रको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ६४ सङ्ख्याको शैवशास्त्रको २७३ (क) पत्रमा छ। त्यस पुस्तकको लम्वाइ १२ अङ्गुल र चौडाइ ५.८ अङ्गुल छ।

यस पुष्पिकावाक्यको केही अंश सर्वप्रथम बाबुकृष्ण शर्माद्वारा राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् वृहत्सूचीपत्रम् ८ भागको ३०१ पृष्ठमा छापिएको हो। त्यसपछि दिनेशराज पन्तद्वारा पूर्णिमा ३१ अङ्कको १८० पृष्ठमा यस पुष्पिकावाक्यको सम्पूर्ण अंश शुद्ध पाठ, अनुवाद तथा गणनासहित छापिएको छ।

पूर्णिमा ३१ अङ्कमा छापिएको अनुवादमा केही सच्याई यहाँ दिइएको छ, गणनाचाहिँ त्यहींबाट सारिएको हो।

इति श्रीस्कंदपुराणे केदारखंडे शैवशास्त्रे पंचत्रिंशोध्यायः संपूर्णः ॥ ॥ ॥

शाके १५६४ मार्गश्रीर्षप्रतिपदि शुक्रे कृष्णपक्षे गोर्षानगरे शिवकिंकरमहाराजश्रीडंबरसाहमहोग्रप्रतापाज्ञया श्रीमनोरथशर्म्मणा लिखितमिदं शिवशास्त्रपुस्तकं॥ ॥

[श्रीस्कन्दपुराणमा केदारखण्डमा शैवशास्त्रमा पैंतीसौँ अध्याय सम्पूर्ण भयो।

शाके १५६४ (वि. सं. १६९९) मार्गकृष्ण प्रतिपद् शुक्रवार गोरखा शहरमा शिवजीका भक्त, ठूला प्रतापी महाराज श्रीडम्बर शाहको आज्ञाले श्रीमनोरथ शर्मले शिवशास्त्रको यो पुस्तक सारिसिद्धचाए।]

शाके १५६४ (वि. सं. १६९९) मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
कार्तिक	२७	शुक्र	प्रतिपद्	३६।	५२

(२३ सङ्ख्या)

वि. सं. १६९९ मा सारिएको श्यामारहस्यको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो ५१ सङ्ख्याको श्यामारहस्यको २२५ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १३.७ अङ्गुल र चौडाइ ६ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी १४७।८ मा छ ।

यो पुष्पिकावाक्य नेपाल राष्ट्रिय अभिलेखालयद्वारा नेपालराष्ट्रियाभिलेखालयस्थहस्तलिखितपुस्तकानां बृहत्सूचीपत्रम् ४ भाग २ खण्डको २०१ पृष्ठमा छापिएको छ ।

इति श्रीपूर्णानंदपरमहंसेन[1] विरचिते श्यामारहस्ये द्वाविंशतिमः परिछेदः[2] ।। ।। समाप्तः शुभमस्तु ।। ।। ।।

श्रीशाके[3] १५६४ पौषशुधित्तृतीया[4] बुधवासरे गोर्षानगरे हिमालयसमीपे तद्दिने पांडेमनोरथेन लिखितं[5] ।। ।। ।। ।।

[श्रीपूर्णानन्द परमहंसले बनाएको श्यामारहस्यमा बाइसौँ परिच्छेद सकियो। कल्याण होस् ।

श्रीशाके १५६४ (वि. सं. १६९९) पौषशुक्ल तृतीया बुधवारको दिन हिमालयको नजीकमा रहेको गोरखा शहरमा मनोरथ पाँडेले सारिसिद्ध्याए ।]

शाके १५६४ (वि. सं. १६९९) पौषशुक्ल

	गते	वार	तिथि	घडी	पला
पौष	१५	बुध	तृतीया	२८।	२६

---

१. नेपालराष्ट्रियाभिलेखालयस्थहस्तलिखितपुस्तकानां बृहत्सूचीपत्रम्– श्री पूर्णानन्दपरमर्हंसेन

२. ,, द्वाविशतिम परिच्छेदः

३. ,, श्रीशाके

४. ,, पौषशुधि तृतीयायां

५. ,, लिखितम्

(२४ सङ्ख्या)

वि. सं. १७०० मा सारिएको ज्ञानार्णवतन्त्रको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ६७ सङ्ख्यामा रहेको ज्ञानार्णवतन्त्रको १६० (ख) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १३.४ अङ्गुल र चौडाइ ५.८ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए १५२।१ मा छ।

इति श्रीज्ञानार्णवे नित्यातंत्रे पवित्रारोपणविधिर्न्नाम चतुर्विंशतिमः पटलः ॥ ॥२४॥ ॥

स्वस्ति श्रीशाके १५६५॥ श्रावणमासे शुक्लपक्षे अष्टमीशुक्रवासरे पर्वत-गोर्षानगरे तद्दिवसे मनोरथशर्म्मण लिखितमिदं पुस्तकं॥ ईश्वरस्थाने शुभं भूयादिति सांम्राज्यमस्तु ॥ ॥

[श्रीज्ञानार्णवनित्यातन्त्रमा पवित्रारोपणविधि नाम भएको चौबीसौँ पटल सिद्धियो।

स्वस्ति श्रीशाके १५६५ (वि. सं. १७००) श्रावणशुक्ल अष्टमी शुक्रवारको दिन पहाडको गोरखा शहरमा मनोरथ शर्मालि यो पुस्तक सारिसिद्धयाए। ईश्वरस्थानमा कल्याण होस्, साम्राज्य होस्।]

शाके १५६५ (वि. सं. १७००) श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	१४	शुक्र	अष्टमी	२३।	१६

(२५ सङ्ख्या)

वि. सं. १७०२ मा सारिएको शिवपुराणोक्त केदारकल्पको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ७१ सङ्ख्याको शिवपुराणोक्त केदारकल्पको ६१ (क) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ १५ अङ्गुल र चौडाइ ५.८ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ३००।२ मा छ ।

यस पुष्पिकावाक्यको केही अंश सबभन्दा पहिले बाबुकृष्ण शर्माद्वारा राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् बृहत्सूचीपत्रम् १० भागको ४३ पृष्ठमा छापिएको हो। त्यसपछि यस पुष्पिकावाक्यको धेरैजसो अंश शुद्ध पाठ र अनुवादसहित दिनेशराज पन्तद्वारा पूर्णिमा ३२ अङ्कको २०८ पृष्ठमा छापिएको छ ।

पूर्णिमा ३२ अङ्कमा छापिएको अनुवादमा केही थपथाप पारी यहाँ दिइएको छ ।

इति श्रीशिवपुराणे केदारकल्पे साधककैलाशवासो नामाष्टमोध्यायः ।। ।। . . .
केदारकल्पनामायं ग्रंथः समाप्तः ।।[1] . . .
श्रीमड्डंबरसाहीयं रम्यं केदारकल्पकं ।।
लोकान्नयतु दुःखाब्धौ पतितान् शिवसन्निधिं ।।१।। . . .
सप्तर्त्तुबाणचंद्रेब्दे पौषमासे भृगोर्द्दिने ।।
अलेखि हरिकेशेन सूरिणा कल्पपुस्तकं ।।१।।

[श्रीशिवपुराणमा केदारकल्पमा साधककैलाशवास नाउँको आठौँ अध्याय सिद्धियो ।

केदारकल्प नाउँ भएको यो ग्रन्थ सकियो ।

श्रीडम्बर शाहको राम्रो केदारकल्पले दुःखरूपी समुद्रमा परेका दुनियाँहरूलाई शिवजीको नगीचमा पुऱ्याओस् ।

शाके १५६७ (वि. सं. १७०२) पौष महीनामा शुक्रवार विद्वान् हरिकेशले कल्पको पुस्तक सारिसिद्ध्याए]।

---

१. राष्ट्रियाभिलेखालयस्थहस्तलिखितप्राचीनपुस्तकानाम् बृहत्सूचीपत्रम र पूर्णिमामा योचाहिँ पङ्क्ति दिइएको छैन ।

(२६ सङ्ख्या)

प्रताप मल्लको वि. सं. १७०५ को शिलापत्रको अंश

काठमाडौँ हनूमान्ढोकादरबारअगाडि आठ पाटा परेको कृष्णदेवल छ। त्यही कृष्णदेवलको बाहिरी गारोमा ठड्याइएको ढुङ्गामा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ ३६ अङ्गुल र चौडाइ २६ अङ्गुल छ।

यस शिलालेखको संस्कृत भागको धेरै अंश सबभन्दा पहिले भगवानलाल इन्द्राजी र गेओर्ग ब्यूलरद्वारा इन्डिअन् यान्टिक्वरि ९ भागका १८७–१८९ पृष्ठमा सारांशसहित छापिएको छ। त्यसपछि पूरा शिलालेख शङ्करमान राजवंशी र ज्ञानमणि नेपालद्वारा संस्कृत-सन्देश १ वर्ष ३ अङ्कका १–९ पृष्ठमा व्याख्या र नेवारी भागको अनुवादसहित छापिएको छ। यहाँ उद्धरण गरिएको अशंमध्ये केही भागको अनुवाद श्यामराज पोखरेल, लमोहननाथ पाण्डे र बाबुराम नेपालद्वारा इतिहास–संशोधन ३ सङ्ख्याको ३ पृष्ठमा; धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा इतिहास–संशोधनको प्रमाणप्रमेयका ५८,१६४ पृष्ठमा; गौतमवज्र वजाचार्यद्वारा पूर्णिमा २० अङ्कको २८४ पृष्ठमा छापिएको छ तथा इतिहास–संशोधनको प्रमाण-प्रमेयका ३३९–३४० पृष्ठमा गणना छापिएको छ।

इतिहास–संशोधन, इतिहास–संशोधनको प्रमाणप्रमेय तथा पूर्णिमामा छापिएको अनुवाद तथा गणनामा थपथाप गरी यहाँ दिइएको छ।

तस्मात् श्रीमत्प्रतापो नरपतिरभवद् भूपभालावलीषु
न्यस्यत्पादारविन्दद्वयरसविलसद्रेणुभिर्भूषणानि।
योऽकार्षीत् कूतिखासाकिरमिति सहसा भोटभूपस्य देशा-
ज्जग्राहैवावदीनं प्रतिदिनमपरे यं भजन्ते नरेशाः॥
भक्तग्रामनरेशमल्लनृपतिर्द्दृत्वेभमेनं भिया
भेजेसौ वसुधां जहार सुदृढं संदार्य्य दुर्गं पुनः।
श्रीमड्डंबरसाहभूपतिबलं विध्वस्य दन्तावलं
श्रीमत्सिद्धिनृसिंहमल्लनृपतेर्ज्जग्राह दुर्गावलीं॥...

सम्वत् ७६९ फाल्गुणकृष्णषष्ठ्यान्तिथौ, अनुराढनक्षत्र हर्षनयोग बृहस्पतिवासरे॥

[उहाँ (लक्ष्मीनरसिंह मल्ल) बाट राजा श्रीमान् प्रताप मल्ल हुनुभयो। उहाँले राजाहरूका निधारका ताँतीमा आफ्ना दुवै चरणकमलका रसमा घोलिएका धूलाले सिँगारिदिनुभयो। जसले भोटका राजाको देशबाट सजिलैसित कुती, खासा, केरुङ जित्नुभयो र अवदीन (?) लिनुभयो। अरू राजाहरू प्रतिदिन जसको सेवा गर्दछन्। भादगाउँका राजा नरेश मल्लले उहाँलाई डरले हात्ती दिएर सेवा गरे। फेरि उहाँले बलियो किल्ला फोरेर जग्गा कब्जा गर्नुभयो। उहाँले राजा श्रीमान् डम्बर शाहको बल भएको हात्तीलाई नष्ट पारेर राजा श्रीमान् सिद्धिनरसिंह मल्लका किल्लाका ताँती कब्जा गर्नुभयो।

ने. सं. ७६९ (वि. सं. १७०५) फाल्गुनकृष्ण षष्ठी अनुराधानक्षत्र हर्षणयोग बृहस्पतिवार।]

ने. सं. ७६९ (वि. सं. १७०५) फाल्गुनकृष्ण (पूर्णान्तिमानले चैत्रकृष्ण)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
फाल्गुन	२७	बृहस्पति	षष्ठी	२८। ५	विशाखा	८। ३५	हर्षण	३३। ३

विशाखा ८ घडी ३५ पलाउप्रान्त अनुराधानक्षत्रमा यो शिलालेख राखिएको देखिन्छ।

(२८ सङ्ख्या)[1]

वि. सं. १७०७ मा सारिएको चण्डीको पुष्पिकावाक्य

धादिङ जिल्लाको मैंधी ऊखुवारीका योगविलास अर्ज्यालको सङ्ग्रहमा रहेको चण्डीको २०६ (क) पत्रमा लेखिएको अप्रकाशित यो पुष्पिकावाक्य उहांको सौजन्यबाट प्राप्त भएको हो। त्यस पुस्तकको लम्वाइ ६ अङ्गुल र चौडाइ ४.अङ्गुल छ.। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ई ११७३।३७ मा छ ।

इति मार्कंडेयपुराणे सार्वाणिके मन्वंतरे देवीमाहात्म्यं समाप्तं ॥१३॥

श्रीशाके १५७२ मासे ११ तिथौ १३ वारे ७ लिखित हरिकेशज्योतिर्विदेषुः। उधव्थापापाठार्थेन ॥

[मार्कण्डेयपुराणमा सार्वणिक मन्वन्तरमा देवीमाहात्म्य सकियो ।

श्रीशाके १५७२ (वि. सं. १७०७) फाल्गुनशुक्ल त्रयोदशी शनिवार ज्योतिषी हरिकेशले उद्धव थापालाई पाठ गर्न सारिसिद्धचाए ।]

शाके १५७२ (वि. सं. १७०७) फाल्गुनशुक्ल

गते	वार	तिथि	घडी	पला
फाल्गुन २६	शनि	द्वादशी	६।	४१

द्वादशी ६ घडी ४१ पलाउप्रान्त शनिवार यो पुस्तक सारिसिद्धिएको देखिन्छ।

...

१. प्रताप मल्लको वि. सं. १७०५ को शिलापत्रको अंशलाई २६ सङ्ख्याको रूपमा राखी वि. सं. १७०६ मा सारिएको वाजसनेयसंहितालाई २७ सङ्ख्याको रूपमा राखिएको थियो। गोरखाराज्यअन्तर्गतको प्रदेशमा सारिएको हो भन्ने अनुमान गरी यस सङ्ग्रहमा राखिएको सो वाजसनेयसंहिता विचार गर्दै जाँदा गोरखाराज्यभन्दा बाहिर सारिएको देखियो र सो २७ सङ्ख्यालाई हटाई २६ सङ्ख्यापछि २८ सङ्ख्या राखिएको हो ।

(२९ सङ्ख्या)

डम्बर शाहले गङ्गाधर उपाध्यायलाई लेखेको वि. सं. १७०८ को पत्र

यो सक्कल पत्र धादिङ जिल्लाको मैधीका भवानीप्रसादको सङ्ग्रहमा छ। त्यस पत्रको लम्बाइ १२.३ अङ्गुल र चौडाइ ४ अङ्गुल छ ।

यो पत्र सबभन्दा पहिले मोहनप्रसाद खनालद्वारा मध्यकालीन अभिलेखका २६–२८ पृष्ठमा व्याख्यासहित छापिएको हो, त्यसपछि दिनेशराज पन्तद्वारा पूर्णिमा ३१ अङ्कको १८१ पृष्ठमा गणनासहित छापिएको छ ।

यहाँ दिइएको गणना पूर्णिमा ३१ अङ्कबाट सारिएको हो ।

श्रीदुर्गा
भवानि

(१) स्वस्ति श्रीगिरिराजचक्रचूडामणि-
(२) नरनारायणेत्यादिविविधविरूदा-
(३) वलीविराजमानमानोन्नतमहारा-
(४) जाधिराजश्रीश्रीश्रीमड्डंबरसाहदे-
(५) वानां सदा समरविजइनां
(६) आ. गंगाधर पाध्याके. लुद्या वन बु-
(७) ट्यां उधो उगो रुष पोथ्या दियालो भो-
(८) र्लो फा(ड्)न नदेव. गावघर सभै जरिया ...
(९) सुनाव. संवत् १७०८ ज्येष्ठशुदि ७ रोज ६ ...

वि. सं. १७०८ ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१८	शुक्र	सप्तमी	५४।	४

(३० सङ्ख्या)

वि. सं. १७१२ मा सारिएको हितोपदेशको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य लम्जुङका चन्द्रराज पाण्डेयको सङ्ग्रहमा रहेको हितोपदेशमा छ। त्यस पुस्तकको लम्बाइ १२.४ अङ्गुल र चौडाइ ६.२ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ई १०१७।११ मा छ।

... हितोपदेशसंधिर्नाम ...

स्वस्ति श्रीशाके १५७७ समये ... ने ब्रह्मस्थाने लिंगलिग्यानि-(फटे)। ... लिखितं परोपकारार्थं गौ ...

[हितोपदेशमा सन्धि (सिद्धियो)।

स्वस्ति श्रीशाके १५७७ (वि. सं. १७१२) मा लिग्लिगनगीचैंको ब्रह्मस्थानमा परोपकारको लागि सारिसिद्ध्याइयो।]

(३१ सङ्ख्या)

वि. सं. १७१६ मा सारिएको हितोपदेशको पुष्पिकावाक्य

काठमाडौँ वटु सवलबहालका महेशराज पन्तको सङ्ग्रहमा रहेको हितोपदेशको ८६ (क) पत्रमा लेखिएको अप्रकाशित यो पुष्पिकावाक्य उहाँको सौजन्यबाट प्राप्त भएको हो । त्यस पुस्तकको लम्बाइ १५ अङ्गुल र चौडाइ ५.५ अङ्गुल छ ।

इति हितोपदेशः संपूर्णो ग्रंथो नीतिविदां मतः ॥ ॥ शुभं ॥ ॥

श्रीशाके १५८१ मासे वैशाषशुक्लाष्टम्यां बुधवासरे ॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतमहाराजाधिराजश्रीश्रीमत्कृष्णसाहभूज्यमाने पारकोटदेशे गोर्षाग्रामे रजस्थाने लिखितं श्रीत्रिलोचनशर्म्माब्राह्मणेन ॥ ॥

[नीति जान्नेहरूको सम्मति भएको हितोपदेश ग्रन्थ सम्पूर्ण भयो । कल्याण होओस् ।

श्रीशाके १५८१ (वि. सं. १७१६) वैशाखशुक्ल अष्टमी बुधवार स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका महाराजाधिराज श्रीश्रीमान् कृष्ण शाहले भोग गरिरहेको पारकोटदेशमा गोरखाग्राममा राजा बसेको ठाउँमा ब्राह्मण त्रिलोचन शर्माले सारिसिद्ध्याए ।]

शाके १५८१ (वि. सं. १७१६) वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	२३	बुध	अष्टमी	५।	२३

(३२ सङ्ख्या)

वि. सं. १७१६ मा सारिएको चौरपञ्चाशिकाको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य गोरखा पोखरीथोकका दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको चौरपञ्चाशिकाको ११ (ख) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ ११.१ अङ्गुल र चौडाइ ५.२ अङ्गुल छ।

यो पुष्पिकावाक्य सबभन्दा पहिले तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीको ३३ पृष्ठमा छापिएको हो, त्यसपछि दिनेशराज पन्तद्वारा पूर्णिमा ३१ अङ्कको १८१ पृष्ठमा अनुवाद र गणनासहित छापिएको छ।

पूर्णिमा ३१ अङ्कमा छापिएको अनुवादमा थपथाप गरी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो।

इति श्रीचौरमहाकविना रचिता[1] श्लोकपंचासिका समाप्ता ॥ ॥

श्रीशाके १५८१ समये श्रावणदशम्यान्तिथौ रविवासरे श्रीश्रीमत्कृष्णसाह-भूज्यमाने[2] गोर्षाग्रामे लिखितं शुभं ॥ ॥ ॥

[श्रीचौर महाकविले बनाएको श्लोकपञ्चाशिका सकियो।

श्रीशाके १५८१ (वि. सं. १७१६) श्रावण दशमी तिथि आदित्यवार श्रीश्रीमान् कृष्ण शाहले भोग गरिरहेको गोरखाग्राममा सारिसिद्धियो। कल्याण होस्।]

शाके १५८१ (वि. सं. १७१६) श्रावणकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
श्रावण	३	आदित्य	दशमी	६०।	०

---

१. गोरखाको ऐतिहासिक सामग्री, पूर्णिमा – विरचिता

२. 〃 〃 – श्रीश्रीमत्कृष्णसाहभुज्यमाने

(३३ सङ्ख्या)

रुद्र शाहको वि. सं. १७२३ को शिलालेख

गोरखादरबारबाट हनूमान्‌भञ्ज्याङतर्फ ओर्लँदा बाटामा पर्ने चौघराअगाडिको ठूलो पहरामा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ ३४ अङ्गुल र चौडाइ ७ अङ्गुल छ।

यो शिलालेख सबभन्दा पहिले योगी नरहरिनाथद्वारा सन्धिपत्रसंग्रहका ६५९ र ७१९ पृष्ठमा छापिएको हो; त्यसपछि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीको १६ पृष्ठमा मूलबाटै रुजु गरी छापिएको छ; त्यसपछि दिनेशराज पन्तद्वारा पूर्णिमा ३३ अङ्कका ३१–३४ पृष्ठमा ३ पाउसम्मको अनुमित शुद्ध पाठ, अनुवाद तथा गणनासहित छापिएको छ; त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका १५–१८ पृष्ठमा अनुवाद तथा व्याख्यासहित छापिएको छ।

शाहकालका अभिलेखमा छापिएको अनुवादमा संशोधन गरी यहाँ दिइएको छ, गणनाचाहिँ पूर्णिमाबाट सारिएको हो।

(१) श्रीगणेशाय नमः ॥ ॥ श्रीशाके १५८८ सोपानस्येह राजीमशितिविधितिथौ
(२) माधवे तीव्ररश्मावब्देर्कैर्विक्रमीयैः सरति सुरसरिन्नेत्रवाहाब्धिजातैः॥
(३) राजश्रीरुद्रसाहः प्रथितबहुगुणोचीकरत्पूर्वतस्तां राज्ञामायाः परे-
(४) षामिव निलयतलेष्वागतेरुच्चनीचा ॥१॥

[श्रीगणेशलाई नमस्कार।

श्रीशाके १५८८ वि. सं. १७२३ वैशाखकृष्ण द्वादशी आदित्यवार धेरै गुणले प्रसिद्ध राजा श्रीरुद्र शाहले अरू राजाहरूको दरबारमा जस्तै तल माथि जानुआउनुको लागि यहाँ (गोरखादरबारमा) पूर्वतिर भन्याङका सिँढी बनाउन लाउनुभयो।]

वैशाखे माधवो राधः

(अमरकोश १।४।१६)

यताबाट माधवको अर्थ वैशाख महीना देखिन्छ।

सूरसूर्यार्यमाऽऽदित्यद्वादशात्मदिवाकराः।...

भास्वद्विवस्वत्सप्ताश्वहरिदश्वोष्णरश्मयः।

(अमरकोश १।३।२८–२९)

यताबाट उष्णरश्मिको अर्थ सूर्य देखिन्छ। यस कारण तीव्ररश्मि (सूर्य) को वार अर्थात् आदित्यवार भन्ने अर्थ देखिन्छ।

शिती धवलमेचकौ

(अमरकोश ३।३।८२)

यताबाट शितिको अर्थ सेतो र कालो दुवै हुने देखिन्छ। यस कारण शितिको अर्थ सेतो मानेमा अशितिको अर्थ कृष्णपक्ष तथा शितिको अर्थ कालो मानेमा अशितिको अर्थ शुक्लपक्ष हुने देखिन्छ ।

ब्रह्माऽऽत्मभूः सुरज्येष्ठः परमेष्ठी पितामहः। . . .
स्रष्टा प्रजापतिर्वेधा विधाता विश्वसृड् विधिः॥

(अमरकोश १।१।१६–१७)

यताबाट विधिको अर्थ ब्रह्मा देखिन्छ ।

तिथीशा वह्निकौ गौरी गणेशोऽहिर्गुहो रविः।
शिवो दुर्गाऽन्तको विश्वे हरिः कामः शिवः शशी ॥३॥

(मुहूर्तचिन्तामणि शुभाशुभप्रकरण)

वह्निश्च कश्च वह्निकौ वह्निः अग्निः को ब्रह्मा . . . गौरी पार्वती गणेशः प्रसिद्धः अहिः सर्पः गुहः स्वामिकार्तिकेयः रविः सूर्यः शिवो महादेवः दुर्गा जगदम्बा अन्तको यमः विश्वे विश्वेदेवाः हरिर्विष्णुः कामो मदनः शिवः स एव शशी चन्द्रः।

(मुहूर्तचिन्तामणिको पीयूषधाराटीका)

[प्रतिपदा तिथिका अग्नि, द्वितीया तिथिका ब्रह्मा, तृतीया तिथिका पार्वती, चतुर्थी तिथिका गणेश, पञ्चमी तिथिका नाग, षष्ठी तिथिका स्वामिकार्तिक, सप्तमी तिथिका सूर्य, अष्टमी तिथिका महादेव, नवमी तिथिका दुर्गा, दशमी तिथिका यमराज, एकादशी तिथिका विश्वेदेवा, द्वादशी तिथिका विष्णु, त्रयोदशी तिथिका कामदेव, चतुर्दशी तिथिका महादेव, पूर्णिमा तिथिका चन्द्रमा मालिक हुन्छन् ।]

यताबाट द्वितीया तिथिका मालिक ब्रह्माजी देखिन्छन्। यस कारण विधिको अर्थ द्वितीया भन्ने देखिन्छ ।

यतासम्मका कुराबाट वि. सं. १७२३ वैशाखकृष्ण द्वितीया आदित्यवार अथवा वि. सं. १७२३ वैशाखशुक्ल द्वितीया आदित्यवार यो शिलालेख राखिएको देखिन्छ ।

सर्वप्रथम वि. सं. १७२३ वैशाखकृष्ण द्वितीयाको गणना गरिन्छ।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी	पला
वैशाख	१३	मङ्गल	द्वितीया	५५।	७

वि. सं. १७२३ वैशाखकृष्ण द्वितीयामा मङ्गलवार परेकोले गणना मिलेन।

अब वि. सं. १७२३ वैशाखशुक्ल द्वितीयाको गणना गरिन्छ।

वि. सं. १७२३ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	२९	बृहस्पति	द्वितीया	२०।	१९

वि. सं. १७२३ वैशाखशुक्ल द्वितीयामा बृहस्पतिवार परेकोले गणना मिलेन।

गोरखामा धेरैजसो पूर्णान्तिमानकै प्रयोग हुन्थ्यो तापनि अमान्तमानको प्रयोग पनि पाइन्छ (ऐतिहासिक सामग्री पहिलो खण्डको १९ सङ्ख्या)। यस कारण अमान्तमानले गणना मिल्छ कि भनी विचार गर्नुपरेको छ।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तिमानले ज्येष्ठकृष्ण)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१२	बृहस्पति	द्वितीया	१८।	५५

वि. सं. १७२३ अमान्तमानले वैशाखकृष्ण द्वितीयामा पनि वृहस्पतिवार नै आयो र गणना मिलेन।

यतासम्मका कुराबाट यो शिलालेख वि. सं. १७२३ वैशाखकृष्ण द्वितीया वा वि. सं. १७२३ वैशाखशुक्ल द्वितीयामा राखिएको होइन भन्ने देखिन आएकोले यस विषयमा अझ बढी विचार गर्नुपरेको छ।

विष्णुः कृष्णः केशवो मञ्जुकेशी श्रीवत्साङ्कः श्रीपतिः पीतवासाः।
विश्वक्सेनो विश्वरूपो मुरारिः शौरिः शार्ङ्गी पद्मनाभो मुकुन्दः ॥२१॥
गोविन्दो धरणिधरः सुपर्णकेतुर्वैकुण्ठो जलशयनश्चतुर्भुजश्च।
दैत्यारिर्मधुमथनो रथाङ्गपाणिर्दाशार्हः क्रतुपुरुषो वृषाकपिः स्यात् ॥२२॥
जनार्दनाऽधोक्षजवासुदेवं दामोदरं श्रीधरमच्युतं च।
उपेन्द्रमिन्द्रावरजं च बभ्रुं हरिं हृषीकेशमुदाहरन्ति ॥२३॥
आत्मभूः पुण्डरीकाक्षः श्रीवत्सो विष्टरश्रवाः।
नारायणो जगन्नाथो वनमाली गदाधरः ॥२४॥
सनातनो जिनः शम्भुर्विधिर्वेधा गदाग्रजः।
कैटभारिरजो जिष्णुः कंसजित् पुरुषोत्तमः ॥२५॥

(हलायुधकोश स्वर्गकाण्ड)

यताबाट विष्णुको पर्याय विधि देखिन आयो। माथि उद्धृत मुहूर्तचिन्तामणिको श्लोकबाट विष्णु द्वादशी तिथिका मालिक हुन् भन्ने देखिन्छ। यसरी यो शिलालेख वि. सं. १७२३ वैशाखकृष्ण द्वादशी आदित्यवार वा वि. सं. १७२३ वैशाखशुक्ल द्वादशी आदित्यवार राखिएको आभास पर्न आउँछ। अब निर्णयको लागि गणना गरिन्छ।

सबभन्दा पहिले वि. सं. १७२३ वैशाखकृष्ण द्वादशीको गणना गरौं।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
वैशाख	२४	शनि	द्वादशी	१।	११

वि. सं. १७२३ वैशाखकृष्ण द्वादशीमा शनिवार परेकोले गणना मिलेन।

अब वि. सं. १७२३ वैशाखशुक्ल द्वादशीको गणना गरिन्छ।

वि. सं. १७२३ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	७	शनि	द्वादशी	४३।	४०

वि. सं. १७२३ वैशाखशुक्ल द्वादशीमा पनि शनिवार नै परेकोले गणना मिल्न आएन।

अब अमान्तमानले वैशाखकृष्ण द्वादशीमा गणना मिल्छ कि विचार गरिहालौं।

वि. सं. १७२३ वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण)

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	२२	आदित्य	द्वादशी	४१।	२४

यहाँ गणना मिल्न आयो।

यस कारण वि. सं. १७२३ ज्येष्ठ २२ गते वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण) द्वादशी आदित्यवार यो शिलालेख राखिएको देखिन्छ।

(३४ सङ्ख्या)

प्रताप मल्लले हरिहर सेनलाई लेखेको पत्र

यो पत्र मोहनप्रसाद खनालद्वारा अभिलेख–संकलनका २८–३२ पृष्ठमा परिचयसहित छापिएको छ ।

(१) ॐ स्वस्ति ॥ श्रीरूपनारायणेत्यादिविविधविरूदावलीविराजमान-मानोन्नतमहारा-
(२) जाधिराजहिन्दुपतिराजराजेश्वरश्रीश्रीहरिहरनरेन्द्रदेवानां सवा सम-
(३) रविजयिनां स्वस्ति श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्री-
(४) मन्मानेश्वरीष्टदेवतावरलब्धप्रसाददेदीप्यमानमानोन्नतरविकुलतिल-
(५) कहनूमध्वजनेपालेस्वरमहाराजाधिराजश्रीश्रीकवीन्द्रराजराजेन्द्रसक-
(६) लराजचक्राधीस्वरजयप्रतापमल्लपरमभट्टारकदेवानां सदा समरविज-
(७) यिनामर्ऽलिगनपूर्वकपत्रमिदं. आगे यहाँ कुसल. राउर कुसल चाही. जेहि-
(८) ते परम आनन्द होई. आगे रौरे फौज ल सुनिकै मन बहुत खुसि-
(९) ल भैल. तव श्रीवदन ओझा सिधुली हम भेजिदीहल. जे फौज परिछिकै-
(१०) ल. हजरी नेपाल पञ्डेल गाउ कहिकै हमार फौज दहचोप वेडेलाहि.
(११) तव राउर पंच नाही मानल. तव हमारी ओरसे कहल जे दलथंभ बानिञा ध-
(१२) नपति राना दलई बसनाइत इ तीनू ज(ना) इहा आईकै हमसे साहजविकै जाह-
(१३) लागं के होईह. ताहा लागब ओह ओनाही अएलहि. पीछे राउर आज्ञासे फौ-
(१४) ज फीरल. काहे बवलेसे हमरे नही जानीला. हमरे ओरसे जे किछु भाषा
(१५) कैल. तेहि हम चलविचल नाही होइहै. राउर ओरसे जे वचन भैल. तेकर प्र-
(१६) तिपाल रौरे कैल जाओ. वासी वुजंनकर वचम जनि सूनल जाओ. आगे हा-
(१७) थीवदले जे ओढि भाञ्जी झगरा पसारल बाढ. ताहि हाथी मी मल्लक रहोभ.
(१८) तेकर षों आइध हमको राउर तेसर ...ही. इहा गोरषालीसे बँधबवले आ-

(१९) न्योन्य षुषुरी बाभनकर हाथ वीहल बा(ट). श्रागे कैसन होईह.से
नही जानीला. फा-
(२०) गुनसुदि २ मोकाम श्रीमत्कान्तिपुरमहानगरे ...
(२१) स्यागे द्रम ऐसन विपत्तिमद ऐसन ... कैल वौवे धैर्यक विगुश सा-
(२२) व सोकसे प्रबल जाश्रो ...

(३५ सङ्ख्या)

ऐतिहासिक घटनावलीमा परेको वि. सं. १७२८ को गोरखाको चर्चा

यो अंश वीरपुस्तकालय चौथो ६७५ सङ्ख्याको वंशावलीको मूठो भनिने ८६.६ अङ्गुल लामो ११ अङ्गुल चौडा कागतमा छ। त्यस टिपोटको सम्पूर्ण अंश शङ्करमान राजवंशीद्वारा ऐतिहासिक – घटनावली नामले छापिएको छ।

यस अंशको शुरूको भाग रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यद्वारा ऐतिहासिक– पत्रसंग्रह २ भागको ४३ पृष्ठमा अनुवाद तथा ११८ पृष्ठमा गणनासहित छापिएको छ। त्यसपछि यसैको केही अंश भोलानाथ पौडेलद्वारा पूर्णिमा ६ अङ्कको ३६ पृष्ठमा गणना सच्याई छापिएको छ।

ऐतिहासिक-पत्रसंग्रहमा छापिएको शुरूको भागको अनुवादमा केही संशोधन गरी यहाँ दिइएको छ। यहाँ दिइएको ज्येष्ठकृष्ण दशमीको गणना पूर्णिमा ६ अङ्कबाट सारिएको हो।

१ सम्वत[1] ७९१ चैत्रकृष्णन मोरङ्या हरिहर सेनया काय महाकुमार शुभसिंह धायाह्म पिब्वाङ् वव जगय बनिया जोङाव ॥ ॥ छेजेस चेतरया फेदिस[2] तया जुरो ॥ वैशाखन महाकुमार सिधुरिस[3] चोन वङ जुरो ॥ बनिया चितरसं ॥ किसिं चेतरसं ॥...

१ सं. ७९१ ज्येष्ठकृष्ण दशमी बुधवार थ्व कुन्हु श्रीश्रीनिवास मल्लजुया प्रमाण ह्मं[4] ४ खपोया प्रमाण जन ह्मं[5] १०० ग्वरषाया मुररी साहि जगय बनिया व मुकुन्दपुर हतर[6] वं दिन जुरो ॥ ॥ ज्येष्ठकृ द्वादशी शुक्रबार

१. ऐतिहासिक– घटनावली–सं.। ऐतिहासिक–पत्रसंग्रह– सम्वत्
२. ऐतिहासिक– घटनावली, ऐतिहासिक–पत्रसंग्रह– फदिस
३. ऐतिहासिक– घटनावली–सिधु विप। ऐतिहासिक– पत्रसंग्रह– सिधुलिस
४. ऐतिहासिक– घटनावली, ऐतिहासिक–पत्रसंग्रह, पूर्णिमा – ह्म
५. ऐतिहासिक– घटनावली- म्ह। ऐतिहासिक–पत्रसंग्रह, पूर्णिमा– ह्म
६. ऐतिहासिक– घटनावली, ऐतिहासिक–पत्रसंग्रह, पूर्णिमा – हतार

कृत्तिकापर रोहिणी थ्व कुन्हु ञमीनहिति[7] गार क्वाथ पुन वव ् घरि[8] १२ तोरे पुङ ् क्वाथ प्वार पेयाव खङाव मे तव अथेनं[9] मचार जुरो॥ हफल वयाव चोङाव ह्मं[10] ३ धारे राङ ् यंङ[11] ् थ्वनरि ् छेजेसन रिङाव ् ह्मं[12] १ राङा क्वाथ तोरताव बेस्यं ् वङ जुरो ् ॥ ॥

[ने. सं. ७९१ (वि. सं. १७२७) चैत्रकृष्णमा मोरङका हरिहर सेनका छोरा महाकुमार शुभसिंह भन्ने जगय वानियाँ साथ लिएर भागेर आए। हाम्रो चेतरको (चौताराको) फेदीमा राखियो। वैशाखमा महाराजकुमार (शुभ सेन) सिंधुली-मा बस्न गए। (जगय) बानियाँ चौतारामै बसे, हात्ती पनि चौतारामै रह्यो।

ने. सं. ७९१ (वि. सं. १७२८) ज्येष्ठकृष्ण दशमी, बुधवारको दिन श्रीश्रीनिवास मल्लका चार जना भारादार र भक्तपुरका भारादारसमेत शय जना, गोरखाका मुरारि शाह, जगय वानियाँ मकवानपुरमा लड्न गए। ज्येष्ठकृष्ण द्वादशी शुक्रवार कृत्तिकाउप्रान्त रोहिणीनक्षत्रको दिन ञमीनहिति किल्ला १२ घडीसम्म घेरियो। किल्लाको प्वाल भत्काई खोलेर आगो लगाइयो, तैंपनि खोलिएन। हफलमा आई बसेर तीन जना समातेर लगियो। यसपछि हामीले पछेडा दिएर एक जना समात्यौं। किल्ला छोडेर भाग्यो।]

ने. सं. ७९१ (वि. सं. १७२८) ज्येष्ठकृष्ण (पूर्णान्तिमानले आषाढकृष्ण)

	गते	वार	तिथि	घडी	पला
आषाढ	२३	बुध	दशमी	५३।	४३

ने. सं. ७९१ (वि. सं. १७२८) ज्येष्ठकृष्ण (पूर्णान्तिमानले आषाढकृष्ण)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आषाढ	२५	शुक्र	द्वादशी	४१।	४८	कृत्तिका	१३।	३९

कृत्तिका १३ घडी ३९ पलाउप्रान्त रोहिणीनक्षत्रमा आक्रमण भएको देखिन्छ।

---

७. ऐतिहासिक– घटनावली – ञमीन
८. " – घरिं
९. " – अखान
१०. " – वोङावम्ह
११. " – थंङ
१२. " – म्ह

(३६ सङ्ख्या)

रुद्र शाहले पर्तिमन उपाध्यायलाई गरिदिएको वि. सं. १७३० को पत्र

यस पत्रको सक्कल लक्ष्मीपतिसङ्ग्रहमा छ । त्यसको लम्बाइ ६.५ अङ्गुल र चौडाइ ६ अङ्गुल छ ।

यो पत्र रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यद्वारा ऐतिहासिक-पत्रसंग्रह २ भागका १०-१५ पृष्ठमा व्याख्या र ११३ पृष्ठमा गणनासहित छापिएको छ ।

यहाँ दिइएको गणना ऐतिहासिक- पत्रसंग्रहबाट सारिएको हो ।

श्रीदुर्ग्गा

भवानि

(१) २ स्वस्ति श्रीगिरिराजचक्रचूडामनिनरनारायनेत्या-
(२) दिविवुधविरुदावलिविराजमानमानोन्नतमहारा-
(३) जाधिराजश्रीश्रीमद्रुद्रसाहदेवानां सदा समरविजइ-
(४) नां लि ═══════════
(५) श्रीपर्त्तिमन पाध्याक[१] कर्ज लिहल रुपैया येक सय वि-
(६) स अंकेपि १२०) भाका ब्याज अर्द्धसवाइ देना. संवत्
(७) १७३० ज्येष्टशुदि[२] १४ रोज २ मुकाम गोर्षा शुभं═══

वि. सं. १७३० ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	२१	सोम	चतुर्दशी	३१।	३४

---

१. ऐतिहासिक–पत्रसंग्रह – पाध्याके
२. " – ज्येष्ठ शुदि

(३७ सङ्ख्या)

कालुको वि. सं. १७३० को शिलालेख[1]

गोरखा जिल्लाको लिग्लिगमा पाँचवटा कोट छन् । तीमध्ये मूलकोटको पश्चिमपट्टिको गाह्रोमा छपनीको रूपमा रहेको ढुङ्गामा अप्रकाशित यो लेख कुँदिएको छ । त्यस ढुङ्गाको दायाँ भाग केही फुटेको छ । त्यस शिलालेखको बाँकी रहेको भागको लम्बाइ २८ अङ्गुल र चौडाइ १२ अङ्गुल छ ।

(१) श्रीः ॥ शाके बाणग्रहेष्वेंदौ कुंभराशौ (दिवाकरे)
(२) रविवारेश्विनीऋक्षे पंचम्यां शुक्लपक्षके
(३) रुद्रेश्वरे शाशति पारकोटिवंशे शि(ला-)
(४) ग्रं खलु लिंलिगस्य ॥ रघोः कुलोद्भूत(सु-)
(५) कालुनाम्ना कृतं कपाटं किल दुर्ग(मूले)

[श्रीशाके १५९५ (वि. सं. १७३०) कुम्भराशिमा सूर्य भएमा, शुक्लपक्ष पञ्चमी आदित्यवार अश्विनीनक्षत्रमा पारकोटवंशका राजा रुद्र शाहले शासन गरिरहँदा रघुको कुलमा पैदा भएका कालु नाम गरेका असल मानिसले लिग्लिगको मुख्य किल्लामा अघिल्तिर ढुङ्गा भएको खापा बनाए ।]

शाके १५९५ (वि. सं. १७३०) फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
फाल्गुन	५	आदित्य	पञ्चमी	६ ।	४०	अश्विनी	५३	। १४

---

१. यो शिलालेख यहाँ छ भन्ने सूचना श्रीजनकलाल शर्माबाट प्राप्त भएको हो ।

(३८ सङ्ख्या)

ठ्यासफुमा परेको वि. सं. १७३४ को गोरखाको चर्चा

यो अंश देवशङ्करलालको सङ्ग्रहमा रहेको ठ्यासफुमा छ। त्यस ठ्यासफुको लम्बाइ ११.६ अङ्गुल र चौडाइ ३.६ अङ्गुल छ। त्यस ठ्यासफुको सम्पूर्ण ऐतिहासिक अंश सबभन्दा पहिले गौतमवज्र वज्राचार्यद्वारा पूर्णिमा १२ अङ्कका २२–३६ पृष्ठमा छापिएको हो, त्यसपछि केही विवरण थपी डिल्लीरमण रेग्मीद्वारा मेडिईभल् नेपाल् ४ भागका ३२८–३५६ पृष्ठमा छापिएको छ।

ठ्यासफुको यस अंशको केही भाग गौतमवज्र वज्राचार्यद्वारा पूर्णिमा १४ अङ्कका १३३–१३४ पृष्ठमा अनुवाद, गणना तथा व्याख्यासहित छापिएको छ। पूर्णिमा १४ अङ्कमा छापिएको अनुवादमा केही थपी यहाँ दिइएको छ।

ॐ सं. ७९७ ज्येष्टशुक्ल[1]॥ सप्तमी, आदित्यवार, थ्व कुन्हु गोरखास बयाब घोङ, बावत् भार्पनि, निर्व्वाणिया काय् यं देश दुहा वया दिन॥

[ने. सं. ७९७ (वि. सं. १७३४) ज्येष्ठशुक्ल सप्तमी आदित्यवारको दिन गोरखामा आएर बसेका बावत भा र निर्वाणीका छोरा काठमाडौँ भित्रिए।]

ने. सं. ७९७ (वि. सं. १७३४) ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी
ज्येष्ठ	२९	आदित्य	षष्ठी	५०

(पात्रोबाट)

षष्ठी ५० घडीउप्रान्त सप्तमी लागेपछि राति बावत र निर्वाणीका छोरा घर पसेका देखिन्छन्।

---

१. पूर्णिमा, मेडिईभल् नेपाल्– ज्येष्ठ शुक्ल

(३९ सङ्ख्या)

वि. सं. १७३४ मा सारिएको बृहत्संहिताको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य लक्ष्मीपतिसङ्ग्रहमा रहेको बृहत्संहिताका २७८(ख)–२७९(क) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ १५ अङ्गुल र चौडाइ ६ अङ्गुल छ ।

यस पुष्पिकावाक्यको श्लोक मात्र देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा ३ अङ्कको ७३ पृष्ठमा अनुवाद तथा गणनासहित छापिएको छ ।

पूर्णिमा ३ अङ्कमा छापिएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो ।

इत्याचार्यश्रीवराहमिहिरकृतसंहितायां चतुस्साहस्र्यां शास्त्रानुक्रमणं नामाध्याय संग्रहविधि समाप्तः ॥ ॥ ॥ ॥ ॥ ॥ ॥

श्रीशाके नवनंदबाणहिमगौ पौषे शनौ तोयभे ॥
श्रीपृथ्वीपतिसाहभूपनृपतौ गोर्षाचलं शासति ॥
वाराहीमलिखद् यथाप्रति शुभामेतां महासंहितां ॥
श्रीविश्वेश्वरदैवविन्नरपतेराज्ञामवाप्योज्वलां[1] ॥ . . .
समाप्तिगमद् ग्रंथः ॥ ॥

[आचार्य श्रीवराहमिहिरले बनाएको चार हजार ग्रन्थ भएको संहितामा शास्त्रानुक्रमण नाउँ भएको सबै अध्यायको सूची सकियो ।

श्रीशाके १५९९ (वि. सं. १७३४) पौष शनैश्चरवार पूर्वाषाढानक्षत्रमा महाराजाधिराज श्रीपृथ्वीपति शाहले गोरखापहाडमा राज्य गरिरहनुभएको बेलामा राजाको हुकूम पाएर ज्योतिषी श्रीविश्वेश्वरले वराहमिहिरले बनाएको यो ठूलो उत्तम संहिता (बृहत्संहिता)लाई मूल प्रतिअनुसार सारिसिद्धचाए ।

ग्रन्थ सकियो ।]

शाके १५९९ (वि. सं. १७३४) पौषशुक्ल

गते		वार	तिथि	घडी	नक्षत्र	घडी
पौष	१६	शनैश्चर	प्रतिपदा	१७	पूर्वाषाढा	१५

(पात्रोबाट)

---

१. पूर्णिमा – श्रीविश्वेश्वरदैवविन्नरपतेराज्ञामवाप्योज्ज्वलां

(४० सङ्ख्या)

ठ्यासफुमा परेको वि. सं. १७३५ को गोरखाको चर्चा

यो अंश चन्द्रमान जोशीको सङ्ग्रहमा रहेको ठ्यासफुमा छ। त्यस ठ्यासफुको सम्पूर्ण अंश डिल्लीरमण रेग्मीद्वारा मेडिईभल् नेपाल् ३ भाग २ खण्डका १–४६ पृष्ठमा छापिएको छ ।

यसको शुरूको अंश नयनाथ पौडेलद्वारा पूर्णिमा ३ अङ्कको ५४ पृष्ठमा अनुवादसहित छापिएको छ। यसको पछिल्लो अंश नयराज पन्तद्वारा त्रिरत्नसौन्दर्यगाथाको उपोद्‌घातको ६१ पृष्ठमा अनुवादसहित छापिएको हो, त्यसपछि पछिल्लो अंश देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा ३ अङ्कका ७३–७४ पृष्ठमा गणनासहित छापिएको छ ।

पूर्णिमा तथा त्रिरत्नसौन्दर्यगाथामा छापिएको अनुवादमा केही हेरफेर गरी यहाँ दिइएको छ, गणनाचाहिँ पूर्णिमा ३ अङ्कबाट सारिएको हो ।

१ सम्वत् ७९८...१ आश्विनशुक्ल ॥ दशमी ˎ आदित्यवार ˎ थ्व कुन्हुया ˎ वेलाघटि १९ बेङाव ˎ घटि २३ थ्वतेन चारण याङा ॥ लग्न ˎ धनु ˎ मकरसं केनक याङा ॥ दिग दक्षिण याङा ॥ थ्व कुन्हुं चारण याय धुनकाओ ˎ मोहोनचुकस ˎ श्रीश्रीजयनृपेन्द्र मल्ल महाराजाओ ˎ गोरखाया ˎ प्रिथिपति साहिओ ˎ मित्रसंवध याङ ˎ त्वाच चिनका ˎ यँरया ˎ ख्पत्रयां प्रमानपनि दयकाओ त्वाच चिनका जुरो ॥

[नि. सं. ७९८ (वि. सं. १७३५) आश्विनशुक्ल दशमी आदित्यवारको दिन १९ घडी बितेपछि २३ घडीभित्र धनु मकर लग्न पारेर चालन (खड्‌गचालन आदि विधान) गरियो। दिशा दक्षिण गरियो । यस दिन चालन सिद्धयाइसकेपछि मोहनचोकमा श्रीश्रीजयनृपेन्द्र मल्ल महाराज र गोरखाका पृथ्वीपति शाहीले मैत्रीसम्बन्ध गरी मितेरी लाइयो । पाटन भक्तपुरका समेत भारादारहरू राखी मीत लाइएको थियो ।]

ने. सं. ७९८ (वि. सं. १७३५) आश्विनशुक्ल

	गते	वार	तिथि	घडी	पला
आश्विन	१५	आदित्य	दशमी	५२।	५९

(४१ सङ्ख्या)

वि.सं. १७३५ मा सारिएको सिद्धसिद्धान्तपद्धतिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो ७८९ सङ्ख्याको सिद्धसिद्धान्तपद्धतिको १८ (क) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ ११.६ अङ्गुल र चौडाइ ६.३ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ६२।१६ मा छ ।

इति श्रीनित्यनाथसिद्धविरचितायां सिद्धसिद्धांतपद्धतिकायां पिंडसमतिर्नाम तृतीयोपदेशः ॥

समाप्तश्चायं ग्रंथः ॥ ॥ ॥
खर्षाट्द्वात्मके शाके विभवाब्दे च फाल्गुने ॥
तिथौ प्रतिपदि सोमे हृदयरामो व्यलीलिखत् ॥ ॥
चत्वारो विहिता लोके पुरुषार्था स्वयंभुवा ॥
कारणं चानुपूर्वेण यत्तेषामंतगोधिकं ॥
ज्ञात्वा पृथ्वीपती राजा कारणं मोक्षसाधनं ॥
सांख्यपातंजलेनोक्तं योगं संयुक्तवान् स्वयं ॥
अतस्तस्य विनोदाय किंचिदर्थप्रदर्शकं ॥
लिखितं तुष्यतां देवौ सिद्धिदौ धनदौ हि तौ ॥ ॥

[श्रीनित्यनाथ सिद्धले बनाएको सिद्धसिद्धान्तपद्धतिकामा पिण्डसम्मति नामको तेस्रो उपदेश सिद्धियो ।

यो ग्रन्थ पनि सकियो ।

शाके १६०० (वि. सं. १७३५) विभवसंवत्सर फाल्गुन प्रतिपदा तिथि सोमवार हृदयरामले सारिसिद्धचाए ।

ब्रह्माले संसारमा चार पुरुषार्थ बनाएका छन्, यीमध्ये क्रमानुसार अन्तिम मोक्षचाहिँ मुख्य कारण छ। साङ्ख्य र पातञ्जलसूत्रले बताएको, मोक्षसाधनको कारण भएको योग जानेर राजा पृथ्वीपतिले आफूलाई त्यसमा लीन गर्नुभयो । केही अर्थ देखाउने (त्यस योगको पुस्तक), यस कारण उहाँको विनोदको लागि सारियो। सिद्धि दिने भएका तथा धन दिने भएका उहाँ दुइ देव (देवता गणेश र राजा पृथ्वीपति) खुशी होऊन् ।)

शाके १६०० (वि. सं. १७३५) विभवसंवत्सर फाल्गुनकृष्ण (पूर्णान्तमानले चैत्रकृष्ण)

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२०	आदित्य	प्रतिपद्	३२।	१६

मूलमा प्रतिपदा सोमवार भनी लेखिए तापनि प्रतिपदाको दिन आदित्यवार पर्छ, सोमवार पर्दैन ।

(४२ सङ्ख्या)

रत्नावतीको वि. सं. १७३६ को शिलालेख

गोरखा पोखरीथोक तीनधारेबाट केही बेर पूर्वतिर लागेपछि रानीवन पुगिन्छ । त्यहाँ कृष्णबहादुर श्रेष्ठको घर को पश्चिमपट्टिको बाहिरी गारोमा राखिएको ठूलो शिलामा यो लेख कुँदिएको छ । लेख कुँदिएको भागको लम्बाइ २१ अङ्गुल र चौडाइ १५.५ अङ्गुल छ ।

यो शिलालेख सर्वप्रथम तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीका १६–१७ पृष्ठमा छापिएको हो, त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका १९–२० पृष्ठमा अनुवाद तथा व्याख्यासहित छापिएको छ ।

शाहकालका अभिलेखमा छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ ।

(१) ॥ श्रीशाके १६०१ ॥
(२) श्रीसंवत् १७३६ वैशाषे श-
(३) शिहीनपक्षशशभृत्कामा-
(४) श्विभे[१] संयुते ऋत्वगन्यर्णवभू-
(५) मिते कृतवती नाम्नी हि रत्ना-
(६) वती ॥ वर्षे विक्रमभूमिपस्य ज-
(७) लदानाय प्रपामंदिरं श्रीपृथ्वी-
(८) पतिराजराजसमये लक्ष्मी-
(९) पतिःप्रीतये ॥१॥ प्रिया प्रद्यु-
(१०) म्नसेनस्य श्रीमद्रामात्मजा-
(११) त्मजा ॥ रत्नावती कृतं रम्यं
(१२) प्रपाहर्म्यं शुभे दिने ॥२॥ ॥

[श्रीशाके १६०१ श्रीवि. सं. १७३६ वैशाखकृष्ण त्रयोदशी सोमवार अश्विनीनक्षत्रमा महाराज श्रीपृथ्वीपति शाहको पालामा रत्नावती नाउँ भएकीले

---

१. गोरखाको ऐतिहासिक सामग्री, शाहकालका अभिलेख– शशिहीनपक्षशशभृत्कामाश्विभि

नारायणलाई प्रसन्न पार्नको लागि, पानी पिलाउनको लागि पौशाला र पौवा बनाउनुभयो। प्रद्युम्न सेनकी पत्नी, श्रीमान् राम शाहकी नातिनी रत्नावतीले शुभ दिनमा राम्रो पौशाला र पौवा बनाउनुभयो।]

वि. सं. १७३६ वैशाखकृष्ण (पूर्णान्तमानले ज्येष्ठकृष्ण)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
वैशाख	१०	सोम	त्रयोदशी	१७।	२५	अश्विनी	५४।	२

(४३ सङ्ख्या)

पृथ्वीपति शाहको वि. सं. १७३७ को स्तम्भलेख

गोरखा पोखरीथोकमा रामेश्वरमहादेवको मन्दिरअगाडि एउटा चारपाटे पाषाणस्तम्भ छ। त्यस स्तम्भमा सुनको मुलम्मा लगाइएको पृथ्वीपति शाहको नमस्कारमुद्राको सालिक छ। सोही स्तम्भको पूर्वपट्टिको पाटामा यो लेख कुँदिएको छ। लेख कुँदिएको भागको लम्बाइ २५.३ अङ्गुल र चौडाइ १५.३ अङ्गुल छ।

यो शिलालेख सबभन्दा पहिले योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा इतिहास-प्रकाश १ अङ्कका ४०–४१ पृष्ठमा अनुवादसहित छापिएको हो; त्यसपछि नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५९८–५९९ पृष्ठमा गणनासहित छापिएको छ; त्यसपछि तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा गोरखाको ऐतिहासिक सामग्रीका १७–१८ पृष्ठमा मूलबाट रुजु गरी छापिएको छ; त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका २१–३० पृष्ठमा व्याख्यासहित छापिएको छ।

श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा छापिएको अनुवादमा केही फरक पारी तथा गणना सच्याई यहाँ दिइएको छ।

(१) ॥ श्रीविश्वेश्वरो जयति ॥
(२) ॥ श्रीशाके १६०२ मासे ३
(३) स्वस्ति श्री ॥ उत्तराशासुनासीरो गोर्षाचलसुधा-
(४) निधिः ॥ पृथ्वीपतिर्विजयतां स्तंभारूढः शिवं भज-
(५) न् ॥१॥ पृथ्वीपतिर्जयति भक्तिमदद्वितीय स्तंभं म-
(६) हांतमधिरुह्य निरातपत्रः ॥ बद्धांजलिः स-
(७) विनयो निभृतेंद्रियात्मा यः सेवते प्रतिमया-
(८) पि महेश्वरांघ्रि ॥२॥ श्रीशाकेक्षिवियद्रसाव-
(९) निमिते स्वब्दे प्रमोदेऽयने[1] सौम्ये ग्रीष्मशुचौ त-

1. इतिहास प्रकाश, श्री ५ पृथ्वीनारायण शाहको उपदेश, गोरखाको ऐतिहासिक सामग्री, शाहकालका अभिलेख– प्रमोदेयने

(१०) मःफणितिथौ द्वंद्वाक्कं अक्कें[२] वसौ ।। श्रीपृथ्वीपत्रि''–
(११) भूभुजा पुरवरे गोर्षापुरे पुष्करे भक्तचाधायि
(१२) निजाकृतिः शिवपुरः सद्भोगमोक्षार्थिना ।।
(१३) ।।३।। गोर्षाधीशमहाराजपृथ्वीपतिनृपाज्ञया ।।
(१४) वीरेश्वरेण विदुषा प्रसस्ती रचिता शुभा ।।४।। शुभं

[श्रीविश्वनाथ ठूला हुनुहुन्छ ।
श्रीशाके १६०२ (वि. सं. १७३७) आषाढ महीनामा ।

कल्याण होस् । उत्तर दिशाका इन्द्र, गोरखा गहाडका चन्द्रमा, खम्बामा चढेका, शिवजीको भजन गरिरहेका पृथ्वीपति शाहको जय होस् ।

भक्तहरूमध्ये अद्वितीय, अग्लो खम्बामा चढेर छाता नओढी विनयपूर्वक हात जोडिरहेका, इन्द्रिय र मनलाई विनयमा राखेका पृथ्वीपति शाह ठूला हुनुहुन्छ । जो सालिकद्वारा पनि शिवजीका पाउको सेवा गर्नुहुन्छ ।

श्रीशाके १६०२ (वि. सं. १७३७) प्रमोदसंवत्सर उत्तरायण ग्रीष्म ऋतुमा, आषाढकृष्ण पञ्चमी आदित्यवार धनिष्ठानक्षत्रमा, मिथुनराशिमा सूर्य भएका वेलामा शहरहरूमा श्रेष्ठ गोरखा शहरमा पोखरीथोकमा असल भोग र मोक्षको इच्छा भएका राजा श्रीपृथ्वीपति शाहले भक्तिपूर्वक शिवजीको अगाडि आफ्नो सालिक राख्नुभयो ।

गोरखाका मालिक, महाराज पृथ्वीपति राजाको आज्ञाले विद्वान् वीरेश्वरले उत्तम प्रशस्ति बनाए । कल्याण होस् ।]

शाके १६०२ (वि. सं. १७३७) प्रमोदसंवत्सर आषाढकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
आषाढ	८	आदित्य	चतुर्थी	२०।	५४	श्रवण	१४।	४

चतुर्थी २० घडी ५४ पलाउप्रान्त पञ्चमीमा, श्रवण १४ घडी ४ पलाउप्रान्त धनिष्ठामा यो शिलास्तम्भ राखिएको देखिन्छ ।

२. '' – ऋक्षे

(४४ सङ्ख्या)

वि. सं. १७३८ को गोरखाको पात्रोको केही अंश

वि. सं. १७३८ को पात्रो लक्ष्मीपतिसङ्ग्रहमा छ । त्यस पात्रोको लम्बाइ १०३.१ अङ्गुल र चौडाइ ८ अङ्गुल छ ।

अन्त्यको केही अंशलाई छोडेर त्यस पात्रोको सम्पूर्ण भाग भोलानाथ पौडेल-द्वारा पूर्णिमा ४४ अङ्कका २७–५२ पृष्ठमा छापिएको छ ।

गोरखाको त्यस पात्रोको केही अंश यहाँ दिइएको छ ।

अथास्मि श्रीशाके ॥१६०३॥ संवत् ॥ १७३८ गतकलि ॥(४)७८२ अस्मिस्त्वब्दे प्रमोदनाम संवत्सरः सौरमानेन वैशाषदिन २० गते रवौ उदया घटिका २१ यावत् ॥ उपरि प्रजापतिनाम संवत्सरः प्रवर्त्तते ॥ ॥...

१	३६	ध	६०	शौ	४५	बृ	भगे २ पा ज्ञ २६
२	३७	ध	०	शो	४४	शु	तूले भौम ३१ दिनगतघटिका ३२।३ गत इष्ट श्रीनीवास मार्ग चोक पंथ प्रद्युमनपुत्र
३	३८	श	३	अ	४१	श	भ ८ उ
४	३७	पू	४	शु	३८	र	
५	३४	उ	५	धृ	३४	चं	भगे ३ पाज्ञ[1] १२
६	३१	रे	४	शू	२८	मं	भ ३१ उ अदित्ये १ पा गुरु ४८ रौद्रे ३ पा शुक्र १
७	२७	अ	२	गं	२३	बु	जन्माष्टमी
८	२२	कृ	५५	वृ	१६	बृ	चित्रां ४ भौम ५०
९	१६	रो	५२	ध्रु	९	शु	पूर्वोदयं शनि १३ तिष्ये ४ पा शनि ५५
१०	१०	मृ	४७	व्या	१	श	भ १० या
११	४	आ	४२	व	४६	र	रौद्रे ४ पा शुक्र २९
१३	५२	पु	३९	सि	३९	चं	सं सिहेऽर्क[2] २८ वक्री ज्ञ ५५ भगे ३ पा
१४	४६	ति	३५	व्य	३१	मं	भ १६ या
३०	४१	अ	३२	व	२४	बु	स्वातौ १ पा भौम १६



१. पूर्णिमा – प्राज्ञ
२. ’’ – सिंहेऽर्क

३७१२२८ भाद्रपदसि दि ३२।३६ रा २७।२४

१	३७	मा	३०	प	१८	बृ	
२	३०	पू	२९	शि	१३	शु	पश्चादस्तं ज्ञ १० अदित्ये १ पा शुक्र १३
३	३२	उ	२८	शि	८	श	तीजव्रत
४	३१	ह	२९	सा	४	र	भ १ उ गणेश
५	३१	चि	३१	शु	१	चं	ऋषिपंचमी स्वातौ २ पा भौम ३२
६	३३	स्वा	३४	ब्र	५८	मं	अदित्ये २ पा शुक्र ३०
७	३६	वि	३८	ऐं	५८	बु	पुनः भगे २ पा ज्ञ २५
८	३९	अ	४४	वै	५९	बृ	भ ९ या
९	४४	ज्ये	५०	वी	६०	शु	अदित्ये २ पा गुरु ४
१०	४९	मू	५६	वी	१	श	स्वातौ[3] ३ पा भौम ४२ अदित्ये ३ पा शुक्र २९
११	५४	पू	६०	व्रि	२	र	भ २४ उ पुनः भगे १ पा ज्ञ ९ च ० सं १२
१२	५९	पू	३	आ	४	चं	भगे रवि १२
१३	६०	उ	९	शौ	५	मं	
१३	३	श्र	१४	शो	६	बु	अनंतव्रत कर्कटे शुक्र १७
१४	६	ध	१८	अ	५	बृ	भ ६ उ स्वातौ ४ पा भौ ५
१५	७	श	२१	शु	४	शु	पुः पित्र्ये ४ पा ज्ञ ३८

भाद्रपदीपू



३. " – खातौ

१	८	पू	२३	धृ	२	श	तिष्ये १ पा शुक्र ५४
२	७	उ	२४	गं	५४	र	पूर्वोदयं ज्ञ १६
३	५	रे	२३	वृ	४६	चं	भ ५ या
४	१	अ	२१	ध्रु	४३	मं	विशाषां १ पा भौम ५५
६	५२	भ	१८	व्या	३७	बु	मार्गी ज्ञ २६ पित्र्ये ४ पा तिष्ये २ पा शुक्र २५
७	४७	कृ	१५	ह	३०	बृ	भ १७ या
८	४५	रो	११	व	२२	शु	
९	३४	मृ	७	सि	१५	श	तिष्ये ३ पा शुक्र ४८ सार्प्ये[४] १ पा शनि २५
१०	२९	आ	३	व्य	७	र	भ २९ या विशा २ पा भौम ५६
११	२४	ति	५५	प	५२	चं	अर्यमे रवि २ भगे १ पा ज्ञ ३७
१२	१७	अ	५२	शि	४५	मं	
१३	१२	मा	४८	सि	३८	बु	भ १२ उ अदित्ये ३ पा गुरु ४२ तिष्ये ४ पा शुक्र ८
१४	८	पू	४७	सा	३२	बृ	सं कंन्येऽर्क २८ भगे[५] ३ पा राहु पूर्व १ के
३०	५	उ	४६	शु	२७	शु	विशां ३ पा भौम ५३ भ



४. " – सार्प्ये
५. " – मगे

३७१२५८ मलभा दि ३०।४४ रा २९।१६

१	३	ह	४७	शु	२३	श	भगे २ पा ज्ञ १९ सार्प्पे[6] १ पा शुक्र २५
२	२	चि	४९	ब्र	२०	र	
३	२	स्वा	५२	ऐं	१८	चं	
४	४	वि	५६	वै	१७	मं	भ ४ या भगे ३ पा ज्ञ २९ सार्प्पे[7] २ पा शुक्र ८
५	६	अ	६०	वी	१७	बु	विश्चिके भौम ४८
६	१०	अ	१	प्रि	१७	बृ	
७	१५	ज्ये	७	आ	१८	शु	भ १५ उ भगे ४ पा ज्ञ १७ सार्प्पे[8] ३ पा शुक्र ४८
८	२०	मू	१३	शौ	२०	श	
९	२५	पू	२०	शो	२१	र	करे रवि ४१ अर्यमे १ पा ज्ञ ५५
१०	३०	उ	२६	अ	२२	चं	मैत्रे १ पा भौम ३० सार्प्पे[9] ४ पा शुक्र ५५
११	३४	श्र	३१	शु	२३	मं	भ ४ उ च० संक्रमन ५८
१२	३७	ध	३६	धृ	२३	बु	कन्ये ज्ञ १५
१३	३९	श	३९	शू	२२	बृ	सिंहे शुक्र ५९
१४	३९	पू	४१	गं	२०	शु	अर्यमे ३ पा ज्ञ ३[10]
१५	३८	उ	४२	वृ	१७	श	भ ८ या मैत्रे २ पा भौम २८

मलपू



६. " – सार्प्ये
७. " – सार्प्ये
८. " – सार्प्ये
९. " – सार्प्ये
१०. " – ३०
११. " – ३
१२. " – बु

१	३६	रे	४१	ध्रु	१३	र	अर्यमे ४ पा ज्ञ ४१
२	३३	अ	४०	व्या	८	च[13]	पित्र्ये २ पा शुक्र ३
३	२९	भ	३८	ह	२	मं	भ २९ या करे १ पा ज्ञ ४८
४	२४	कृ	३४	सि	४९	बु	
५	१९	रो	३१	व्य	४१	बृ	मैत्रे ३ पा भौम १४ करे २ पा ज्ञ ५३ पित्र्ये ३ पा शु ५५
६	१३	मृ	२७	व	३४	शु	भ १३ उ पूवास्तं[14] ज्ञ ४९
७	७	आ	२३	प	२६	श	करे ३ पा ज्ञ ५५
८	१	पु	१८	शि	१८	र	चित्रां रवि १२ पित्र्ये ४ पा शुक्र ३
१०	५०	ति	१४	सि	१०	च[15]	भ २० उ मैत्रे ४ पा भौम १८ करे ४ पा ज्ञ ५४ कर्कटे गुरु ३१
११	४५	अ	११	सा	३[16]	मं	
२	४१	मा	८	शु	५०	बु	चित्रां १ पा ज्ञ ५२ भगे १ पा शुक्र १
१३	३८	पू	६	ब्र	४५	बृ	
१४	३६	उ	५	ऐं[17]	४१	शु	भ ६ या चित्रां २ पा ज्ञ ४८ भगे २ पा शु[18] ५७
३०	३५	ह	६	वै	३७	श	तूलेऽर्कं ५४ ज्येष्टां[19] १ पा भौम १४ साप्ये[20] २ पा शनि १



१३. " – चं
१४. " – पूर्वास्तं
१५. " – चं
१६. " – ४
१७. " – ऐ
१८. " – शुक्र
१९. " – ज्येष्ठां
२०. " – साप्ये

३७१२८७ आश्विनसि दि २८।४६ रा ३१।१४[21]

१	३५	चि	७	वी	३५	र	संभोग स्थापना तूले[22] ज्ञ
२	३७	स्वा	१०	प्रि	३३	चं	भगे ३ पा शुक्र ५३
३	४०	वि	१३	आ	३३	मं	चित्रां ४ पा ज्ञ ३७
४	४४	अ	१८	शौ	३३	बु	भ १४ उ
५	४८	ज्ये	२४	शो	३४	बृ	शाक्रे २ पा भौम २० स्वातौ १ पा ज्ञ ३१ भगे ४ पा शुक्र ४७
६	५४	मू	३०	अ	३५	शु	
७	५९	पू	३७	शु	३७	श	स्वातौ रवि ३४ फूलपाति स्वातौ २ पा ज्ञ १५
८	६०	उ	४३	धृ	३८	र	भ ३० या महाष्टमी
८	५	श्र	४९	शू	३९	चं	बलिदानं स्वातौ ३ पा ज्ञ २०
९	८	ध	५४	गं	३९	मं	दसइ स्वातौ ४ पा ज्ञ १५ कन्ये शुक्र ३२
१०	११	श	५७	वृ	३८	बु	
११	१३	पू	५९	ध्रु	३६	बृ	भ १३ या विशां १ पा ज्ञ १०
१२	१३	उ	६०	व्या	३३	शु	शाक्रे ४ पा भौम ३६ अर्यमे ३ पा शुक्र २३
१३	१२	उ	१	ह	२९	श	विशाषां २ पा ज्ञ ५
१४	११	रे	०	व	२५	र	भ ११ उ
१५	८	भ	५७	सि	१९	चं	दीपदानं विशां ३ पा ज्ञ १

आश्विनीपू



२१. ” – रा ३१।१६
२२. ” – तुले

३७१४३६ मलमासि दि २६।१६ रा ३०।४४

१ २१ उ ३६ शु ४३ मं पूर्वभे १ शुक्र २४
२ २२ रे ३८ ब्र ४० बु रेवत्यां १ पा ज्ञ २८ पूवास्तं शुक्र
३ २१ अ ३८ ऐं ३६ बृ उत्तभे रवि १३ उत्तभे ४ पा भौम ५८
पूर्वास्तं शुक्र पूर्वभे २ पा शुक्र ४
४ १८ भ ३७ वै ३१ शु भ १८ या रेवत्यां २ ज्ञ ५६
५ १५ कृ ३५ वी २५ श पूवभे[23] ३ पा शुक्र ४५
६ १० रो ३२ प्रि १९ र
७ ५ मृ २८ आ १२ च भ ५ उ रेवत्यां १ पा भौम १७ रेवत्यां
३ पा ज्ञ ४३
९ ५४ आ २५ शौ ५ मं मीने शुक्र २६
१० ४८ पु २१ अ ४८ बु
११ ४२ ति १६ शु ४१ बृ भ १२ उ रेवत्यां ४ पा ज्ञ ४८ माघां १ पा
राहु शतभे २ केतु १३ अस्लेशात्रीतीयपाद
वारे ५ न ९ रात्रिग घ १६।३८ गते जन्म
गोर्षा हरीयोस पुत्र वीरेश्वर
१२ ३६ अ १२ धृ ३४ शु रेवत्यां २ पा भौम ३७ उत्तभे १ पा शुक्र ३
१३ ३१ ९ शू २७ श च० सं १२
१४ २७ पू ६ गं २० र भ २७ उ उत्तभे २ शुक्र[24] ४६
१५ २३ उ ४ वृ[25] १४ च

मःपूर्णिमा



२३. " – पूर्वभे
२४. ,, – शक्र
२५. " – व

(४५ सङ्ख्या)

वि. सं. १७३८ मा सारिएको वर्षाफलगणितको पुष्पिकावाक्य

गोरखा पोखरीथोकका दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको वर्षाफल-गणितको ६ (ख) पत्रमा लेखिएको अप्रकाशित यो पुष्पिकावाक्य उहाँको सौजन्यबाट प्राप्त भएको हो ।

इति वर्षाफलगणित समाप्तः ॥ ॥

श्रीशाके १६०३ मासे ४ वारे ३ तिथौ ६ गोर्षास्थले लिषितं धरणिशर्म्मणेण शुभं ॥ ॥

[वर्षाफलगणित सकियो ।

[श्रीशाके १६०३ (वि. सं. १७३८) श्रावण षष्ठी तिथि मङ्गलवार गोरखामा धरणी शर्मालि सारिसिद्धयाए । कल्याण होस् ।]

शाके १६०३ (वि. सं. १७३८) श्रावणकृष्ण (पूर्णान्तिमानले भाद्रकृष्ण)

	गते	वार	तिथि	घडी
श्रावण	२६	मङ्गल	षष्ठी	३१

(पात्रोबाट)

(४६ सङ्ख्या)

ठचासफुमा परेको वि. सं. १७३८ को गोरखाको चर्चा

यो अंश चन्द्रमान जोशीको सङ्ग्रहमा रहेको ठचासफुमा छ।

यसको केही अंश नयराज पन्तद्वारा विद्या–रक्षा १५ सङ्ख्याका ४३–४४ पृष्ठमा अनुवादसहित छापिएको छ।

विद्या–रक्षा १५ सङ्ख्यामा छापिएको अनुवादमा केही थपथाप पारी यहाँ दिइएको छ।

१ सं ८०२ मार्ग्गशिरकृष्णः॥ चतुर्द्दशी कुन्हु, बालंचतुर्द्दशी याङा जुरो ॥ थ्वगुलि वंन, आश्विनव, चैत्रओ, मरमास जुयाव, आश्विन नष्टमास मयाङा ॥ चैत्र जुको मलमास याङा ॥ थ्वगुलि[1] छात, खप्वया, थछेया, शिव जोशिन छात वियाव, कार्त्तिकन महनि याङा जुरो ॥ वाराणसिसं, तिरुहुतिसं, राजपुरस, पर्व्वत सकलभेन[2], आश्विनन महनि याक जु ॥ खप्वया, यँया, यँरया, गोरखाया, थ्वतेस जुको कार्त्तिकन महनि याङा जुरो ॥

[ने. सं. ८०२ (वि. सं. १७३८) मार्गकृष्ण चतुर्दशीको दिन बालाचतुर्दशी मनाइयो। यो वर्ष आश्विन र चैत्रमा अधिकमास परेको हुनाले आश्विनलाई नष्टमास नगरी चैत्रलाई मात्र मलमास गरियो। भक्तपुरका थछेँका शिव जोशीले यो साइत दिएकाले कार्तिकमा दशैँ गरियो। काशी, तिरहुत, राजपुर, पर्वत सर्वत्र आश्विनमा दशैँ गरियो। भक्तपुर, काठमाडौँ, पाटन, गोरखा यतिमा मात्र कार्तिकमा दशैँ गरियो।]

ने. सं. ८०२ (वि. सं. १७३८) मार्गकृष्ण (पूर्णान्तमानले पौषकृष्ण)

	गते	वार	तिथि	घडी
पौष	२९	बुध	चतुर्दशी	४१

(पात्रोबाट)

---

१. मेडिईभल् नेपाल्– थ्वकुगुलि

२. विद्या-रक्षा– सकलभनं। मेडिईभल् नेपाल्– सकलभंन

(४७ सङ्ख्या)

ठ्यासफुमा परेको वि. सं. १७३९ को गोरखाको चर्चा

यो अंश चन्द्रमान जोशीको सङ्ग्रहमा रहेको ठ्यासफुमा छ।

यो अंश सबभन्दा पहिले नयराज पन्तद्वारा त्रिरत्नसौन्दर्यगाथाको उपोद्घातको ६३ पृष्ठमा अनुवादसहित छापिएको हो, त्यसपछि यसको पहिलो अंश देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा ३ अङ्कको ७६ पृष्ठमा पहिलो गणनासहित छापिएको छ।

त्रिरत्नसौन्दर्यगाथामा छापिएको अनुवादमा केही हेरफेर पारी यहाँ दिइएको छ, यहाँ दिइएको पहिलो गणना पूर्णिमा ३ अङ्कबाट सारिएको हो।

१ सम्वत् ८०३ कार्त्तिककृष्णः॥ दशमी, हस्तनक्षेत्र, अंगारवार, थ्व कुन्हुया बेला घटि ६ बेङाव घटि १० थ्वतेनङहा[1], विष्टिसं, खिव क्तान दिन बियाव, मुकानपुलि हथार ङह्याङा[2], यँया, यँरया, खप्वया, गोरखारि, लन्त्रजुंङ्या, थ्वतेया राजा मुंङाव, हथार वंङ जुरो॥

१ सम्वत् ८०३ फाल्गुणशुक्ल॥ चतुर्थी प्र पंचमी, अश्विनी प्र भरणीनक्षेत्र, अंगारवार कुन्हुया रात्रीस मुकानपुलि चार दिन॥

[नि. सं. ८०३ (वि. सं. १७३९) कार्तिककृष्ण दशमी हस्तनक्षत्र मङ्गलवारको दिन ६ घडीपछि १० घडीअगाडि भद्रामा अँध्यारो सिद्धिएपछि दिन (साइत) दिएकोले मकवानपुरमा लडाइँ गर्न गए। काठमाडौँ, पाटन, भक्तपुर, गोरखा, लम्जुङका राजाहरू मिली लडाइँमा गए।

ने. सं. ८०३ (वि. सं. १७३९) फाल्गुनशुक्ल चतुर्थीउप्रान्त पञ्चमी अश्विनी-उप्रान्त भरणीनक्षत्र मङ्गलवारको दिन राति मकवानपुर खुल्यो।]

ने. सं. ८०३ (वि. सं. १७३९) कार्तिककृष्ण (पूर्णान्तिमानले मार्गकृष्ण)

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
मार्ग	१४	मङ्गल	दशमी	१९।	१९	उत्तरफाल्गुनी	७।	१

उत्तरफाल्गुनी ७ घडी १ पलाउप्रान्त हस्त लाग्छ।

---

१. त्रिरत्नसौन्दर्यगाथा, पूर्णिमा– थ्वतेनन्हा। मेडिईभल् नेपाल्– थ्वतेनन्ह्या

२. त्रिरत्नसौन्दर्यगाथा, पूर्णिमा, मेडिईभल् नेपाल्– न्ह्याङा

ने. सं. ८०३ (वि. सं. १७३९) फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
फाल्गुन	२४	मङ्गल	चतुर्थी	३८।	३४	अश्विनी	४७।	१७

चतुर्थी ३८ घडी ३४ पलाउप्रान्त पञ्चमी र अश्विनी ४७ घडी १७ पला-उप्रान्त भरणी लाग्छ।

यस वर्णनमा भरणी भनी लेखिएको हुनाले अश्विनी ४७ घडी १७ पला-उप्रान्त भरणीमा मकवानपुर जितिएको देखिन्छ। तर तल ४८ सङ्ख्यामा आउने ई ठ्यासफुको वर्णनमा अश्विनीनक्षत्रमा रातको १२ घडी जाँदा मकवानपुर जितियो भनी लेखिएको छ। यस ठ्यासफुमा भरणीनक्षत्र मात्र भनी लेखिए तापनि ई ठ्यासफुमा रातको १२ घडी जाँदा भनेर पनि लेखिएकोले विचार गर्ने बाटो आउँछ। गणना गर्दा रातको १२ घडी जाँदा सूर्योदयदेखि ३८ घडी २० पला हुने हुनाले र ४७ घडी १७ पलासम्म अश्विनीनक्षत्र नै रहने हुनाले यस ठ्यासफु र ई ठ्यासफुको मकवानपुर जितिएको दिनमा ऐकमत्य रहे तापनि समयमा भने मत बाझेको स्पष्ट देखिन्छ।

(४८ सङ्ख्या)

ठ्यासफुमा परेको वि. सं. १७३९ को गोरखाको चर्चा

ई ठ्यासफुको यो अंश डिल्लीरमण रेग्मीद्वारा मेडिईभल् नेपाल् ३ भाग २ खण्डका ९५–९६ पृष्ठमा छापिएको छ। यसको अलिकता अंशको अनुवाद धनवज्र वज्राचार्यद्वारा मधुपर्क २ वर्ष ६ अङ्कका ४५–४६ पृष्ठमा छापिएको छ।

सम्वत् ८०३ कात्तिककृष्ण, दशमि अगावाल थ्व कुन्हु, मोषांपुलि हताल वङा दिन जुरो, ख्वलेग्रथा प्रमानपनि सकरे, प्रजापनि सकरे वङा जुरो धाकल्या षस मग्लपनि सकले बोङाव यन, चउतारा भागजु थम्ह वन, यया प्वतिक वन, षुपया चउतारा दुषिजु थम वन . .

सम्वत ८०३ फाल्गुणशुद्धि ४ चतुथि अश्विनिनक्षेत्र, अंगावार थ्व कुन्हु मोकापुलि तेरा चान्हशया जिमने घलिस तेरा जुरो, बुधवार कुन्हु धावा व ल चारा धकव ख्वन्हुकुन्हु, वशुवाल थ्व कुन्हु पलिया ववाथ, कोजुत वर, कवनयन. . . थम वयाव, मोकापुरि थेनक वयाव कोजुत वर, तनहुया थाना वयाव सति कुन्हु थङाव छोया, अदिक लाङाव थङाव छोया, ख्वपोर थाना वर ख्वपोर थङाव छोया, कोतिप्वा-कलश थाना वयाव र छेकययात, अन मजियाव फनपि लन जुर सकरे, मोखांपुलि कास्य लिबिस्य वन, कंवनयन स्यनं हतार लिहा वया बेरस नापं बोङाव हर, श्रीश्रीनिवास मल जुजुयात थवत काया जुरो, यंया श्रीपाथिपतिन्द्र मर जुजु, षुपया श्रीजितमित्र मल जुजु श्रीउग्व मल जुजु ॥ ग्वखारि, नत्रजुङ, पलपालि, भेरूकोत रिसिङ, घेलिङ शिशियाया राजा थ्वते राजा उ याङाव मोकापुरि काया, जर्गास बानिया तोरताव छोया, चउतारा भागजु यरया, यंया चउतारा चिकुतिजु, षुपया चउतारा दुखिजु, यंयात किसि बिया छह्म, वमिके काह्मं रि बीया,

[नि. सं. ८०३ (वि. सं. १७३९) कार्तिककृष्ण दशमी मङ्गलवारको दिन मकवानपुरमा हमला गर्न गइयो। तीनै शहरका सबै भारादार, सबै प्रजा गए। ढाक्रे, खस, मगरहरू सबै बोलाएर लगिए। चौतारा भागज्यू आफैँ गए। काठमाडौँ-का प्वतिक गए। भक्तपुरका चौतारा दुःखीज्यू आफैँ गए।

ने. सं. ८०३ (वि. सं. १७३९) फालगुनशुक्ल चतुर्थी अश्विनीनक्षत्र मङ्गलवारको दिन राति १२ घडी जाँदा मकवानपुर जितियो । बुधवारको दिन बाटो खुल्यो भनी हमला गर्न आयो। तेस्रो दिन बृहस्पतिवार पलिको किल्ला निहुरन आयो। कवनयन (सेन) आफैँ मकवानपुरसम्म आएर निहुरन आए । तनहुँको ठाना आएर भोलि-

पल्ट उठाई पठाइयो । धेरै जनालाई समातेर उठाई पठाइयो । तीन पटक ठाना आयो । तीनै पटक उठाई पठाइयो । कोतिप्वाकलमा ठाना आएर बाटो छेकियो । त्यहाँ नभएर सबै फर्पिङको बाटोबाट गए । मकवानपुर लिई फिर्ता दिई गए । लडाइँबाट फिर्ता आएको वेला कवनयन सेनलाई पनि साथ लगाएर ल्याइयो । श्रीश्रीनिवास मल्ल राजालाई उठायो । काठमाडौँका श्रीपार्थिवेन्द्र मल्ल राजा, भक्तपुरका श्रीजितामित्र मल्ल राजा, श्रीउग्र मल्ल राजा, गोरखा, लम्जुङ, पाल्पा; भिरकोट, रिसिङ, घिरिङ, शिशियाका राजाहरु एक गरेर मकवानपुर लिइयो । जगसिंह बानियाँ छोडी पठाइए । पाटनका चौतारा भागज्यू, काठमाडौँका चौतारा चिकुटिज्यू, भक्तपुरका चौतारा दुःखीज्यू । काठमाडौँलाई एउटा हात्ती दिए । तिनीहरूसँग लिएको फिर्ता दिइयो ।]

(४९ सङ्ख्या)

ठ्यासफुमा परेको वि. सं. १७४० को गोरखाको चर्चा

यो अंश चन्द्रमान जोशीको सङ्ग्रहमा रहेको ठ्यासफुमा छ ।

यसको केही अंश धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा इतिहास-संशोधनको प्रमाणप्रमेयका १८२–१८३, २७६, २७८ पृष्ठमा अनुवाद र ३४३ पृष्ठमा गणनासहित छापिएको छ ।

इतिहास–संशोधनको प्रमाणप्रमेयमा छापिएको अनुवाद तथा गणनामा थपथाप पारी यहाँ दिइएको छ ।

१ सं. ८०४ कार्त्तिकशुक्ल ।। अष्टमी ‸ बुधवार ‸ थ्व कुन्हुया रात्रीस ‸ चिकुति भाजुपनि भोंच्छि बिस्य वङ यरस ‸ पेन्हु कुन्हु बुर्धासं धाया गामस चोन वन ‸ खस्तो उमराव भिक्वं नाप वङ ।। थ्व कुन्हुं गोरखान ववह्म प्राण साहि यरन थिव ।।

[ने. सं. ८०४ (वि. सं. १७४०) कार्तिकशुक्ल अष्टमी बुधवारको दिन राति चिकुटि भाजु सपरिवार भागेर पाटन गए। चारौँ दिन बुर्धासं भन्ने गाउँमा बस्न गए। खसहरू र उमराव भिक्व पनि सँगै गए। यसै दिन गोरखाबाट आएका प्राण शाही पाटन पुगे ।]

ने. सं. ८०४ (वि. सं. १७४०) कार्तिकशुक्ल

	गते	वार	तिथि	घडी	पला
कार्तिक	१६	बुध	अष्टमी	४९।	३

(५० सङ्ख्या)

ऐतिहासिक घटनावलीमा परेको वि. सं. १७४० को गोरखाको चर्चा

यो अंश वीरपुस्तकालय चौथो ९७५ सङ्ख्याको कागतमा छ।

यो अंश रामजी तेवारीद्वारा पूर्णिमा १ अङ्कको १८ पृष्ठमा अनुवादसहित छापिएको छ।

पूर्णिमा १ अङ्कमा छापिएको अनुवादमा केही सच्याई यहाँ दिइएको छ।

सं. ८०४ कार्त्तिकशुधि[1] ८ ञाया चिकुटि परमान ञार[2] बेसे वव थंस्वाथस पेन्हु चोडाव गदेपाल बुर्धासि वङ

[नि. सं. ८०४ (वि.सं. १७४०) कार्तिकशुक्ल अष्टमीमा काठमाडौँका भारादार चिकुटि पाटनमा भागेर आए। थानकोटमा चार दिन बसी गण्डकी (त्रिशूली) पारि बुर्धासिमा गए।]

---

१. ऐतिहासिक-घटनावली – कार्तिकशुद्धि। पूर्णिमा – कार्त्तिकशुद्धि

२. ऐतिहासिक-घटनावली – ञान। पूर्णिमा – ञाल

(५१ सङ्ख्या)

ठ्यासफुमा परेको वि. सं. १७४० को गोरखाको चर्चा

ई ठ्यासफुको यो अंश डिल्लीरमण रेग्मीद्वारा मेडिईभल् नेपाल् ३ भाग २ खण्डको ६६ पृष्ठमा छापिएको छ ।

सम्वत ८०४ कात्तिकशुक्ल अष्टमि कुन्हु, यंया चिकुतीजु त्रिस्यव, थंक्वातस बिस्ये वर, अनन पितिङाव छोत, अन वङाव धसिङस चोन चिकुतिजु बिस्य वयाव जिमङान्हु १५ कुन्हु याकात जुरो, यल ...

सम्वत ८०४ माघशुक्ल श्रीपंचमि थ्व कुन्हु यया चिकुतिजु बुधसि थेनक वव कुन्हु भागजु चउतारा कोकार,

[ने. सं. ८०४ (वि. सं. १७४०) कार्तिकशुक्ल अष्टमीको दिन काठमाडौँका चिकुटिज्यू थानकोटमा भागेर गए । त्यहाँबाट निकालेर पठाइयो । त्यहाँबाट गएर धसिङमा बसे । चिकुटि भागेर गएको १५ दिनपछि पाटन एकलो भयो ।

ने. सं. ८०४ (वि. सं. १७४०) माघशुक्ल श्रीपञ्चमीको दिन काठमाडौँका चिकुटिज्यू बुधसिमा पुगे, त्यसै दिन चौतारा भागज्यू झिकिए ।]

ने. सं: ८०४ (वि. सं. १७४०) माघशुक्ल

	गते	वार	तिथि	घडी	पला
माघ	१३	शुक्र	पञ्चमी	५५।	३५

(५२ सङ्ख्या)

वि. सं. १७४२ मा सारिएको धर्मसारको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो १४१३ सङ्ख्याको धर्मसारको ६०१ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १५.८ अङ्गुल र चौडाइ ६.६ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ५०८।१ मा छ।

यो पुष्पिकावाक्य हरप्रसाद शास्त्रीद्वारा ए क्याट्अलग् अफ् पाम्-लीफ् यान्ड् सिलेक्टइड् पेपर् म्यान्युस्क्रिप्ट्स् बिलङ्गइङ् टु द डर्बार् लाइब्ररि, नेपाल् १ भागको १९४ पृष्ठमा छापिएको छ।

इति श्रीज्योतिर्वित्पुरुषोत्तमविरचितो नानापुराणनानाधर्म्मशास्त्रोक्तो धर्मसारः[1] समाप्तः ॥ ॥

श्रीशाके १६०७ मासे ५ तांद्रागग्रामे[2] लिखितं पुत्रसहितं बलभद्र ओझा शुभं[3] ॥ ॥

[ज्योतिषी श्रीपुरुषोत्तमले बनाएको, धेरै थरीका पुराण र धर्मशास्त्रमा बताइएको (कुरा परेको) धर्मसार सकियो।

श्रीशाके १६०७ (वि. सं. १७४२) भाद्रमा तान्द्राङग्राममा छोरासहितका बलभद्र ओझाले सारिसिद्धयाए। कल्याण होस्।]

---

॥ऽ तमाषुक रोजक सापट तिरल
२॥ऽ साहेबका भेटको सापट तिरल[१११]
६ऽ हातिका गहनाके सुनका – माल[११२]
॥ऽ दानाके दुर्ग्याहस्ते
॥ऽ सुपारिके
३ऽ तमाषुके विर्सिं थापाहस्ते
१ऽ तनहुके पत्रचिह्न
१ऽ बटर्षाच तनहुंकोटयाके[११३]
२ऽ मन्बोधक धानक सापट तारल[११४]
१ऽ जोधन् दुर्ग्याके घरकन षर्च

बेतियाक पत्रचिह्नक ...[११५]
तनहुंक पत्रचिह्नक रु[११६] १ ते
१ऽ दाना हा(ति)के ...[११७]
१ऽ तेलघि(उ)[११८] ...

लिंलिग्या महशूलक[११९] रुपैया ८० ते

---

११०. " – माहूतहरुको
१११. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।
११२. गोरखाको ऐतिहासिक सामग्री – सुनका...
११३. " – तनहुं कोक्याके
११४. " – मन्बोधन्क धानक साउ...तिरल
११५. " – पत्रचिह्न
११६. " – पत्रचिह्न...
११७. " – दानाके
११८. " – तनहु
११९. " – लिंलिग्या ... क

रुइग्या दुवान्याहरुथैक बट काढ्याका[120] रुपैया

६०ऽ नैचाके[121] सर्पोसमेत

५०ऽ मुहुनालके तन्हुके ...[122]

२ऽ पाउजेब्के थप्

॥ऽ बाँडाके देवपूजा

५ऽ[123] पाहुनीके

हरि राइ धर्मसिंथैका ब्याजक रुपैया १५ ते

५॥ऽ था. १ पगरी हजूर भयो[124]

२ऽ पाटन भातगाँउक पत्रचिह्न

१ऽ चौधरीके षर्च

॥ऽ साबुन्के[125] भितृकन

१ऽ सुपारिके भितृकन

१ऽ भितृके तमाषुके

१ऽ बाक्राके चौधरीहस्ते

॥ऽ रोजके चौ.हस्ते

॥ऽ गोरुमहा थप्

॥ऽ सुपारिके

... के

... तमाषु रोज

...

॥ऽ केशरीके

१ऽ रहमन्याके षर्च

आसा षत्रिले ल्यायाको रुपैया २॥ ते

॥ऽ बाँडाके देवपूजाको

---

१२०. " – रुइग्या दुवान्याहरू थैंक पट्का ढगका

१२१. " – नै...

१२२. " – ५० मुहुनालके तन्हुके

१२३. " – ५)

१२४. " – गयो

१२५. " – साबुनक

२ऽ ढिङुके बट्र्षाचि[१२६]

मोक्षेश्वर ...
... थे...[१२७]

... भेटिमध्ये ...
... पूर्णिमाके धोति दक्षिणा
४ऽ कर्मिके मास चाँवल तमाषुके अहिकर्ण थापा(हस्ते)
४ऽ दाना हातिघोराके चिरवादारहस्ते
॥ऽ रोजके वधिहस्ते
२ऽ उषु हातिके दरोगाहस्ते
१ऽ रामचंद्र जैसिक सापट तिरल
३ऽ नेपाल्याहरुके बट्र्षाचिके[१२८]
१ऽ शिवरात्रिमहाँ नर्मदेश्वरके भेटि
२ऽ षाँड अरु[१२९] मसालाके
२ऽ बाँडाके देवपूजाके
१॥ऽ भाटके प्रभाउ
११६ऽ बाजुबंदके सुन
२ऽ अष्टमीश्राद्धके दक्षिणा
॥ऽ साहेबका हजूर लाग्यो
।ऽ साबुन्के[१३०]
३०ऽ काजिका बाँहा बकस्[१३१]
१०ऽ सापट लाग्याका उठावनामध्ये[१३२]
४ऽ घासि चिरवादारके षर्च साउनको[१३३]

---

१२६. " – ढीङुके बटर्षाचि
१२७. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।
१२८. गोरखाको ऐतिहासिक सामग्री – नेपाल्याहरूके बटर्षाचिके
१२९. " – अरू
१३०. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।
१३१. गोरखाको ऐतिहासिक सामग्री – ... ...बकस्
१३२. " – ... ...उठावनामध्ये
१३३. " – ...षर्च...

५ऽ माहुतहरुके षर्च साउनको[134]
२ऽ महरके धोबिके षर्च साउनको
२ऽ पिरोजा पाँचके षर्च साउनके
१६ऽ दुइ मैयाहरुके चुरा
१।।ऽ भितृ सापट उठयाको छ
४ऽ नलीमहाँ थप्
५ऽ मैया वुइकन नत्थ
२ऽ जन्माष्टमीमहा भेटी हजूरबाट पोषरीमहा
।।ऽ सैंया दुइले भेटि
२।।ऽ कीर्त्तनके वकस्
३ऽ मधेस्या सुनारके षर्च
१।।ऽ मैयाहरुके चुरामध्ये थप्
२।।ऽ अर्कि मैयाके नत्थ
२।।ऽ ब्राह्मणके दक्षि(णा)
१।।ऽ तेलके
१ऽ घिवके
१ऽ विद्याधर पाध्या
।।ऽ विष्णुहरि जैसिक
१ऽ महेश्वर जैसिके
१ऽ डोली बोकन्याके पि(याला)
१ऽ कान्साहस्ते

रत्नमनि जैसिकबाट रुपैया ३।। ते[135]
३।।ऽ हजूरै लाग्यो वि(द्दीहस्ते)

लुदि जाँदाके
विष्णुहरि जैसि
हरिनारायण जैसि
बालै जैसिक भेट

---

१३४. गोरखाको ऐतिहासिक सामग्रीमा यहाँदेखिका २१ पङक्ति बीचको केही भाग नबुझिने भनी दिइएका छैनन् ।

१३५. गोरखाको ऐतिहासिक सामग्रीमा यहाँदेखिका २ पङक्ति छैनन् ।

तुलाराम जैसिक भेट
कालु पाध्याक भेट
हिमंत पाध्याक भेट
धरणी पंथक भेट
बृहस्पति पंथक भेट
दुर्गापति थापाक भेट
लाटा जैसिक भेट
चाउन्या ग्रालेक भेट
विद्याधर पाध्याक भेट
ग्रतिबल पाँडेक भेट
माधौ पाध्याक भे(ट)[१३६]
१ऽ देवताके भेट[१३७]

२॥ऽ नेपाल्याहरुके मेजमानी[१३८]
१॥ऽ हजूर[१३९] लाग्यो विद्दिहस्ते
२॥ऽ मैयाके[१४०] नत्थ
१ऽ तेलके घिवके
॥ऽ दानाके दरोगाहस्ते
१॥ऽ रोजके चौधरीहस्ते
॥ऽ ग्रंवलापूजाके[१४१] भेटी
॥ऽ घिवके सभ्राम गुरुहस्ते[१४२]
१॥ऽ पाहुनीथँ सापट
... माहुतहस्ते प्रभाउ
॥ऽ दानाके दरोगाहस्ते
... माधौके[१४३] षर्च पाहुनीहस्ते

---

१३६. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।
१३७. गोरखाको ऐतिहासिक सामग्री — देवताके...
१३८. " — ...नेपाल्या...
१३९. " — ...हजूर
१४०. " — ...मैयाके
१४१. " — ग्रवलापूजाके
१४२. " — संभ्राम गुरुं हस्ते
१४३. " — धौके

... हस्ते[१४४]
... आहारा बाजके
... हुक्कापर्दार फरास भडाऱ्याके लोहाजीके[१४५]
...ऽ नरहऱ्याके
॥ऽ भातगाँउँल्याके सं.
॥ऽ दानाके जोधन्हस्ते
१ऽ भातगाउके पत्रचिह्न
॥ऽ] भातगाँउंल्याके बट्र्षाचि[१४६]
जामा ६२॥ऽ

पत्रचिह्नफ जुम्लीक १[१४७]
जुम्लिहरुक[१४८] भेट ३ ते
४ऽ माहुतके प्रभाउ
१ऽ हातिघोराके दाना
१ऽ घायलके घा पो[१४९] ...
॥ऽ जुम्लि गौरौके ...
॥ऽ हरिकर्नके ...
॥ऽ लक्ष्मी ...
...

...
... गमहा[१५०]
...ऽ राँ २ ... लानमहाँ[१५१]
...ऽ राँ २ च्यांगलिमाहाँ[१५२]

---

१४४. गोरखाको ऐतिहासिक सामग्रीमा यहाँदेखिका २ पङ्क्ति छैनन्।
१४५. गोरखाको ऐतिहासिक सामग्री –क्कापर्दार फरास भडाऱ्याके लोहाजी...
१४६. ,, – बटर्षाचि
१४७. ,, – पत्रचिह्नके जुम्ली...
१४८. ,, – जुम्लिहरूक
१४९. ,, – पो
१५०. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन।
१५१. गोरखाको ऐतिहासिक सामग्री – रां २ ... सानमहाँ
१५२. ,, – रां २ बोगलिमाहाँ

...ऽ रौं[153] २ मिर्कोटमहाँ

...ऽ रौं[154] २ वेउरालीमहा

२ऽ रौं १ ह्लंकांगमहाँ[155]

२ऽ रौं १ ढुंगाकोटमहाँ[156]

२ऽ रौं[157] १ वक्रांगमहाँ

२ऽ रौं १ ताकु नरागमहाँ[158]

४ऽ रांगा[159] २ बोलांगमहा

२३ऽ बसैंके रा गउरी[160]

...

१ऽ ने ...[161]

॥ऽ जे ...

॥ऽ म ...

१ऽ घि ...

१॥ऽ ...

१॥ऽ तन्हुकोटया सुनार

।ऽ वाउराके भ्रछे ...[162]

।ऽ सुपारिके

ऽ सावुन्के

---

१५३. ,, – रां

१५४. ,, – रां

१५५. ,, – रां १ ह्लंकोममहाँ

१५६. ,, – रां १ नुवाकोटमहां

१५७. ,, – रां

१५८. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।

१५९. गोरखाको ऐतिहासिक सामग्री – रांगा

१६०. ,, – बोके..गउरी

१६१. गोरखाको ऐतिहासिक सामग्रीमा यहाँदेखिका ५ पङ्क्ति छैनन् ।

१६२. गोरखाको ऐतिहासिक सामग्री – दाउराके

१॥ऽ परेवाके सा[१६३]...
//ऽ अबुवाके अडें[१६४]...
१ऽ पत्याके षर्च
३ऽ पत्नचिह्न पाटन
१ऽ तमाषुके विलिं था ...
२ऽ ... नाक[१६५] सापट तिरल
।ऽ घिवको रत्नमनि रा(ना)...[१६६]
॥ऽ घिवके पाहुनीहस्ते[१६७]
।ऽ दानाके दुर्गाहस्ते[१६८]
॥ऽ दानाके वरोगानिहस्ते
... के रितुवर्ण थापा
//ऽ। ... क[१६९]
१ऽ दानाके वरोगानीहस्ते
२ऽ ... के दसैंके
॥ऽ नेवार कुह्मालके[१७०]
३ऽ ...
१ऽ बावन्के
।ऽ तनहुँ जान्या
३ऽ कीर्तनके चास्नि
॥ऽ भितू रोजक
२ऽ घिउतेलके चा ...
१ऽ दाना हातिघोरा
...
।ऽ तनहुँ जान्या ...

---

१६३. ,, – परेवाके
१६४. ,, – अं
१६५. ,, – लाक
१६६. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।
१६७. गोरखाको ऐतिहासिक सामग्री – पाहुनीस्ते
१६८. ,, – —————
१६९. गोरखाको ऐतिहासिक सामग्रीमा यो पङ्क्ति छैन ।
१७०. गोरखाको ऐतिहासिक सामग्रीमा यहांदेखिका ८ पङ्क्ति छैनन् ।

३ऽ कीर्तनके चास्नि

...

२ऽ घिउतेलके ...

१ऽ दाना हातिघोराके

...

... दुइ सैयाहरुके चुरा

... भित्र सापट उठ्याको छ

...

५ऽ सैया २ के नत्थ

... जन्माष्टमीमा भेटी जस्बाट पोषरीमहाँ

... सैया दुइले भेटी

...

३ऽ मधेस्या सुनारके षर्च

... सैयाहरूका चुरामध्ये ...

...

लिलिग्या नेवारथैका रगत्पस्युं भयाका रु ३ ते

अर्का बाडाथैका रगत्पस्युं भयाका रुपैया ६ ते

१ऽ गौराँइँ चौधरीके

२॥ऽ रोपाँइँके मसाला

१ऽ रोजके चौधरीहस्ते

... के वाक्रो चौ.हस्ते

... पाला

... जडाउरी...

२ऽ योगा ...[१७१]

२ऽ गोविंद ...

॥ऽ दुर्गादास

...

तात्कालिक चलनअनुसार यहाँ / ऽ ले एक आना, ऽ ले दुइ आना, !ऽ ले एक सुका, ॥ऽ ले एक मोहर र ॥।ऽ ले तीन सुका जनाएको छ ।

---

१७१. गोरखाको ऐतिहासिक सामग्रीमा यहाँदेखिका ३ पङक्ति छैनन् ।

(७८ सङ्ख्या)

रणजित् मल्लको वि. सं. १७८७ को ताम्रपत्र

भक्तपुर जिल्लाको ठिमीमा बालकुमारीको मन्दिर छ। त्यस मन्दिरको दक्षिण-पट्टिको निदालमा यो लेख कुँदिएको ताम्रपत्र टाँसिएको छ। त्यस ताम्रपत्रको लम्बाइ १२ अङ्गुल र चौडाइ ५.५ अङ्गुल छ।

यो ताम्रपत्र सबभन्दा पहिले रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यद्वारा ऐतिहासिक-पत्रसंग्रह २ भागका ५२–५७ पृष्ठमा अनुवाद तथा व्याख्या र ११९ पृष्ठमा गणनासहित छापिएको हो; त्यसपछि डिल्लीरमण रेग्मीद्वारा मेडिईभल् नेपाल् ४ भागको २८८ पृष्ठमा केही पाठ सच्याई छापिएको छ।

ऐतिहासिक-पत्रसंग्रहमा छापिएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो। धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको पाञ्चाली शासनपद्धतिको ऐतिहासिक विवेचनाका १७१-१७४ पृष्ठमा छापिएको व्याख्याअनुसार दाहा शब्दको अर्थ यहाँ गरिएको छ।

ॐ श्री ३ तलेजुदेव्यै नमः ॥[1]

(१) ११ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरी-

(२) ष्टदेवतावरलब्धप्रसादितरघुवंशावतारदेदीप्यमानमानोन्नतनेपा(ल)भू-

(३) मण्डलाखण्डलमहाराजाधिराजश्रीश्रीजयरणजितमल्लदेव प्रभू थाकुलसन ˎ

(४) वाभु[2] कायाव तयाव ˎ सोर्मालिगकोटस ˎ थाना वव वेलस ˎ ञ ˎ ञला ˎ गोर्षा सो-

(५) ह्मा राजाया ˎ थाना भाचय याङाव ˎ ञो ˎ फुन्हुं[3] वाभु लितेलाव ˎ थेमि ˎ[4] बुदे ˎ नकदे-

(६) श ˎ चोरपुरया ˎ पंचप्रजापनिस्त ˎ छपुरुस दाहा प्रसाव प्रसन्न जुया जुलो

(७) अत्र पत्रार्थे साक्षी ˎ यज्ञनारायण ˎ भागीराम ˎ कृष्णसिंह ˎ थेमिया पूर्णसिं-

१. ऐतिहासिक-पत्रसंग्रह र मेडिईभल् नेपाल्मा यो पङ्क्ति छैन।

२. ऐतिहासिक-पत्रसंग्रह - व्राभू। मेडिईभल् नेपाल् – वोभु

३. ऐतिहासिक-पत्रसंग्रह, मेडिईभल् नेपाल् – कुन्हु

४. " – थ्यमि

(८) ह, धनमानसिंह, रत्नकरसिंह[५], शंकर दुवार ॥ नेपालसम्वत् ८५१ माघकृ-

(९) ष्ण द्वितीयापर तृतीया, हस्तनक्षत्र, शूलयोग, शनैश्चरवार शुभं भूयात् ॥

[श्रीश्रीश्री तलेजुदेवीलाई नमस्कार ।

कल्याण होस् ।

श्रीपशुपतिको चरणकमलको धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरी इष्टदेवताको वरप्रसाद पाएका, रघुकुलमा जन्मेका, उज्याला, ठूलो इज्जत भएका, नेपालपृथ्वीमण्डलका इन्द्र, महाराजाधिराज श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले, ओभू लिई राखेर सोमलिङ्गकोटमा ठाना आएको वेलामा काठमाडौं, पाटन, गोरखा तीनै राजाको ठाना भाँचेर त्यही दिन ओभू फिर्याई ठिमी, वोडे, नकदेश, चोपुरका पञ्चप्रजाहरूलाई एउटा दाहा (दोहा-विशेष) निगाहा गरी दिइयो ।

यस पत्रको वेहोराको विषयमा साक्षी यज्ञनारायण, भागिराम, कृष्णसिंह, ठिमीका पूर्णसिंह, धनमानसिंह, रत्नकरसिंह, शङ्कर द्वारे ।

ने. सं. ८५१ (वि. सं. १७८७) माघकृष्ण द्वितीयाउप्रान्त तृतीया हस्तनक्षत्र शूलयोग शनैश्चरवार । कल्याण होस ।]

ने. सं. ८५१ (वि. सं. १७८७) माघकृष्ण (पूर्णान्तमानले फाल्गुनकृष्ण)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला	योग	घडी पला
फाल्गुन	१७	शनैश्चर	द्वितीया	२। ५६	उत्तरफाल्गुनी	५। ३३	शूल	२५। ३५

द्वितीया २ घडी ५६ पलाउप्रान्त तृतीयामा, उत्तरफाल्गुनी ५ घडी ३३ पला-उप्रान्त हस्तमा यो ताम्रपत्र राखिएको देखिन्छ ।

---

५. ऐतिहासिक-पत्रसंग्रह - रत्नाकरसिंह । मेडिईभल् नेपाल् – रत्नवर्सिह

(७९ सङ्ख्या)

रणजित् मल्लको वि. सं. १७८८ को ताम्रपत्र

भक्तपुरराजदरबार तलेजुचोकको उत्तरपट्टिको लङ्मा दलानको निदालमा ताम्रपत्र, सुवर्णपत्र गरी जम्मा १२ वटा अभिलेख टाँसिएका छन्। तिनमा बायाँ-तिरबाट गन्दा सातौँचाहिँ ताम्रपत्रमा यो लेख कुँदिएको छ। त्यस ताम्रपत्रको लम्बाइ १२ अङ्गुल र चौडाइ ५ अङ्गुल छ।

यो ताम्रपत्र सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा अभिलेख-संग्रह ११ भागको १४ पृष्ठमा छापिएको हो; त्यसपछि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यद्वारा ऐतिहासिक-पत्रसंग्रह २ भागका ५३–५७ पृष्ठमा अनुवाद तथा व्याख्या र ११६ पृष्ठमा गणनासहित छापिएको छ।

ऐतिहासिक-पत्रसंग्रहमा छापिएको अनुवादमा केही फरक पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो। धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको पाञ्चाली शासनपद्धतिको ऐतिहासिक विवेचनाका १७१–१७४ पृष्ठमा छापिएको अनुवाद तथा व्याख्याअनुसार दाहा शब्दको अर्थ यहाँ दिइएको छ।

(१) ॐ स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरूह[1] श्रीमन्माने-
(२) श्वरीष्टदेवतावरलब्धप्रसादितरघुवशावतार[2] देदीप्यमानमानोन्नत-
(३) नेपालमहीमण्डलाखण्डलमहाराजाधिराजश्रीश्रीजयरणजिन्मल्लदेव
(४) प्रभू[3] थाकुलसन ् प्रजापंचयाता ् ञ ् ञला ् गोर्षा सोह्म राजाया ् सोर्मलि-
(५) गस थाना भाचय याङाव ् वाभु ् लितेला बेलस ् छपुरुस दाहा प्रसन्न
(६) जुया जुरो ॥ अत्र पत्रार्थे साक्षी ् जज्ञनारायण ् भागीराम ् कृष्णसिंह
(७) नेपालसंम्वत् ८५१ चैत्रकृष्ण एकादशी ् बुधवार कुन्हु शुभमस्तु ॥
(८) ङहपाया[4] सोपुलिस छपुलिस ताङाव प्रसन्न जुया जुरो ॥ शुभ ॥

---

१. अभिलेख–संग्रह, ऐतिहासिक–पत्रसंग्रह – °शिरोरुह°
२. ,, – °रधुवंशावतार°
३. ,, – प्रभु
४. ,, – ह्नपाया

[कल्याण होस् ।

श्रीपशुपतिको चरणकमलको धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरी इष्टदेवताको वरप्रसाद पाएका, रघुकुलमा जन्मेका, उज्याला, ठूलो इज्जत भएका, नेपालपृथ्वीमण्डलका इन्द्र, महाराजाधिराज श्रीश्रीजयरणजित् मल्लदेव प्रभु ठाकुरले काठमाडौं, पाटन, गोरखा तीन राजाको सोमलिङ्गमा ठाना भाँची श्रोभू फित्र्याएको अवसरमा प्रजापञ्चलाई एउटा दाहा (दोहाविशेष) निगाह गरी दिइयो ।

यस पत्रको बेहोराको विषयमा साक्षी यज्ञनारायण, भागिराम, कृष्णसिंह ।

ने. सं. ८५१ (वि. सं. १७८८) चैत्रकृष्ण एकादशी बुधवारको दिन । कल्याण होस् ।

पहिलेका तीनवटामा एउटा थपी निगाह गरियो । कल्याण होस् ।]

ने. सं. ८५१ (वि. सं. १७८८) चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण)

	गते	वार	तिथि	घडी	पला
वैशाख	२३	बुध	एकादशी	२४।	५७

(८० सङ्ख्या)

वि. सं. १७८८ मा सारिएको तर्कभाषाको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य काठमाडौँका बी. खँड्काको सङ्ग्रहमा रहेको तर्कभाषाको ६० ख पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १२.६ अङ्गुल र चौडाइ ५ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ई १६०१।४७ मा छ।

इति श्रीकेशवविरचिता तर्क्कभाषा समाप्ता ॥ ॥

संवत् ८५१ वैशाखशुक्ल त्रयोदशी, शनैश्चरवार, थ्व कुन्हु, रात्रिस, श्री ३ विष्णु मल्ल महाराजाया महिषी, विष्णुलक्ष्मी राज्ञी, तवकच्छिन मृत्यु जुर ॥ खप्वग्रो, ज्ञलग्रो उजुस्यं चोङ। ज्ञ, ग्वरखान, धुनिराज्य दक्व तेरतग्रो ॥ थ्वनरि गुन्हु कुन्हु, धुनिराज्य दक्वं रित्यराग्रो काया, बाधाग्रो दायकु देसस, हर्ष भति जुग्रो, पसरपिकाय सुनानं मच्छार ॥ जिमस्वन्हु कुन्हु दक्व पसरपिकाय कर ॥ श्रीगौरीशंकरण, तर्क्कभाषा, चोय धुनका थ्व बेरस जुरो ॥

[श्रीकेशवले बनाएको तर्कभाषा सकियो।

ने. सं. ८५१ (वि.सं. १७८८) वैशाखशुक्ल त्रयोदशी शनिवारको दिन राति श्रीश्रीश्रीविष्णु मल्ल महाराजका महारानी विष्णुलक्ष्मी रानीको बिफरले मृत्यु भयो। भक्तपुर र पाटन मिलेर बसे। काठमाडौं (र) गोरखाले धुनिराज्य (धुनिबेँसी) सबै जिते। यसको ६ दिनमा धुनिराज्य सबै फिर्ताएर लिइयो। ... देशमा केही हर्ष छायो। कसैले पसल खोल्ने आँट गरेन। तेह्र दिनको दिन सबै पसल खोल्न लगाए। यस वेला श्रीगौरीशङ्करले तर्कभाषा सारेर सिद्ध्याए।]

ने. सं. ८५१ (वि. सं. १७८८) वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	६	शनैश्चर	त्रयोदशी	४९।	७

(८१ सङ्ख्या)

रणजित् मल्लको वि. सं. १७८८ को अभिलेख

ठिमी बालकुमारीमन्दिरको मूलढोकाका दायाँ बायाँ रहेका दुइ तोरणमा यो लेख कुँदिएको छ । लेख कुँदिएको भागको लम्बाइ १२१ अङ्गुल र चौडाइ ३ अङ्गुल छ ।

यो अभिलेख रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यद्वारा ऐतिहासिक–पत्रसंग्रह २ भागका ५४–५७ पृष्ठमा अनुवाद र व्याख्यासहित छापिएको छ ।

ऐतिहासिक-पत्रसंग्रहमा छापिएको अनुवादमा केही हेरफेर पारी यहाँ दिइएको छ ।

(१) ९ स्वस्ति ॥श्रीश्रीजयरणजित मल्लदेवसन, सोर्मालिग दल थाङाव, वाभु लितेलाव ग्रोर्खालि लाङाव, पूर्णसिं प्रमुखन दुवार निय-

(२) नेह्मा, प्रजापंचयाता किसि प्रसन्न जुया, थ्व दामन श्री ३ बालकौमारी-स्त सुवर्णतोरण नेगुलि दुंता ॥ सं ८५२ माघशुदि ५ शुभ ॥

[कल्याण होस् ।

श्रीश्रीजयरणजित् मल्लदेवले सोमलिङ्गमा रहेको फौज हटाई ओभू फिर्याएर गोरखालीहरूलाई समातेकोले पूर्णसिह आदि द्वारे बाइस जना प्रजा-पञ्चलाई हात्ती निगाह भयो । यसको पैसाले श्रीश्रीश्रीबालकुमारीलाई सुनका दुइटा तोरण चढाइए ।

ने. सं. ८५२ (वि. सं. १७८८) माघशुक्ल पञ्चमी । कल्याण होस् ।]

ने. सं. ८५२ (वि. सं. १७८८) माघशुक्ल

	गते	वार	तिथि	घडी पला
माघ	२३	शुक्र	पञ्चमी	३। ५

(८२ सङ्ख्या)

रणजित् मल्लको वि. सं. १७८९ को ताम्रपत्र

भक्तपुर जिल्लाको नकदेश लाछिटोलमा गणेशमन्दिर छ। त्यसै मन्दिरको दायाँतिर कार्नेसमनिको निदालमा टाँसिएको ताम्रपत्रमा यो लेख कुँदिएको छ। त्यस ताम्रपत्रको लम्बाइ ८ अङ्गुल र चौडाइ २.५ अङ्गुल छ।

यो ताम्रपत्र सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा अभिलेख-संग्रह ११ भागको १४ पृष्ठमा छापिएको हो; त्यसपछि रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी र धनवज्र वज्राचार्यद्वारा ऐतिहासिक-पत्रसंग्रह २ भागका ५४–५७ पृष्ठमा अनुवाद तथा व्याख्यासहित छापिएको छ।

ऐतिहासिक-पत्रसंग्रह २ भागमा छापिएको अनुवादमा केही हेरफेर पारी यहाँ दिइएको छ।

(१)ꣳ स्वस्ति ॥ श्रीश्रीजयरणजित् मल्लदेवसन् गोर्षारि
(२) लाङाव् सोर्मलिग दल थाङाव् वाभु लितेला बेल-
(३) स् नकदेशया प्रजापंचयात् प्रसाद बिया दामन
(४) श्री ३ गणेशस्तं स्वर्ण्णस्वानमाल[1] दुंता ॥ सं ८५२ आषा(ढ)सु ३ शुभं ॥
[कल्याण होस्।

श्रीश्रीजयरणजित् मल्लदेवले गोरखालीहरूलाई समाती सोमलिङ्गमा रहेको फौज हटाई ओभू फिर्ताएको अवसरमा नकदेशका प्रजापञ्चलाई निगाह गरी दिनुभएको पैसाले श्रीश्रीश्रीगणेशलाई सुनको फूलको माला चढाइयो।

ने. सं. ८५२ (वि. सं. १७८९) आषाढशुक्ल तृतीया। कल्याण होस्।]

ने. सं. ८५२ (वि. सं. १७८९) आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	१६	बुध	तृतीया	३०।	५१

(वीरपुस्तकालय चौथो २२१६ सङ्ख्यामा रहेको पात्रोबाट)

१. अभिलेख-संग्रह, ऐतिहासिक-पत्रसंग्रह – स्वर्णस्वानमाल

(८३ सङ्ख्या)

वि. सं. १७८९ मा सारिएको एकादशीव्रतकथाको पुष्पिकावाक्य

गोरखा पोखरीथोकका दण्डपाणि अर्ज्यालको सङ्ग्रहमा रहेको एकादशीव्रत-कथाको ७ (क) पत्रमा लेखिएको अप्रकाशित यो पुष्पिकावाक्य उहाँको सौजन्यबाट प्राप्त भएको हो ।

इति नारदीये रुक्मांगदचरिते एकादशीव्रतकथा समाप्ताः ॥ ॥

श्रीशाके १६५४ मासे श्रावणदिनगता ३१ सोमवासरे तिथौ ६ नक्षत्रं १ गोर्षाग्रामे श्रीनरभूपालसाहराजसमये लिखितं लक्ष्मीनाथज्योतिविर्दाः ॥ ॥

[नारदपुराणमा रुक्माङ्गदचरितमा एकादशीव्रतकथा सकियो ।

श्रीशाके १६५४ (वि. सं. १७८९) श्रावण ३१ गते सोमवार षष्ठी तिथि अश्विनीनक्षत्रमा गोरखाग्राममा श्रीनरभूपाल शाहको राज्यकालमा ज्योतिषी लक्ष्मीनाथले सारिसिद्धयाए ।]

शाके १६५४ (वि. सं. १७८९) भाद्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला	नक्षत्र	घडी पला
श्रावण	३१	सोम	षष्ठी	४७ ।४८	रेवती	०। ५१

(वीरपुस्तकालय चौथो २२१६ सङ्ख्यामा रहेको पात्रोबाट)

रेवती ५१ पलाउप्रान्त अश्विनीमा यो पुस्तक सारिसिद्धिएको देखिन्छ ।

(८४ सङ्ख्या)

वि. सं. १७९० मा सारिएको अग्निस्थापनाविधिको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय पहिलो १३७८ सङ्ख्याको अग्निस्थापनाविधिको ४ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १४.८ अङ्गुल र चौडाइ ६.३ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. बी ३५७।४ (बी) मा छ।

इति द्वादशवैश्वानरषोडशविधिः समाप्तः ॥ ॥ . . .

लिखितमिदं सत्यधरशर्मणा शाके १६५५ मासे ६ पितृपक्षे चतुर्दश्यां ॥ ॥

[द्वादशवैश्वानरषोडशविधि सकियो ।]

सत्यधर शर्माले शाके १६५५ (वि. सं. १७९०) आश्विनकृष्ण चतुर्दशीमा यो सारिसिद्ध्याए ।)

शाके १६५५ (वि. सं. १७९०) आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	२४	मङ्गल	चतुर्दशी	५०।	३०

(८५ सङ्ख्या)

वि. सं. १७९४ मा सारिएको महाभारत उद्योगपर्वका प्रजागरपर्व र सनत्सुजातपर्वका पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय तेस्रो ६५ सङ्ख्याको महाभारत उद्योगपर्वका प्रजागरपर्व र सनत्सुजातपर्वका ६० (ख)-६१ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १४ अङ्गुल र चौडाइ ५.८ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए १०२।२४ मा छ।

यस पुष्पिकावाक्यको पछिल्लो अंश देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा ४ अङ्कका ६०–६१ पृष्ठमा अनुवाद तथा गणनासहित छापिएको छ ।

पूर्णिमा ४ अङ्कमा छापिएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो ।

इति श्रीमहाभारते उद्योगपर्व्वणि सनत्सुजातीय समाप्ते त्रयोदशः ॥१३॥ ॥ श्रीशाके १६५९ चैत्रशुक्ल १० शनिवासरे स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावली[1]विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारयुवराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनारायणसाहदेवाज्ञया लिखितमिदं पुस्तकं श्रीमोक्षेश्वरशर्म्मणा धर्म्माधिकरणेन[2] ॥

[श्रीमहाभारतमा उद्योगपर्वमा सनत्सुजातीय मकियो, तेह्रौँ अध्याय सिद्धियो ।

श्रीशाके १६५९ (वि. सं. १७९४) चैत्रशुक्ल दशमी शनैश्चरवार स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, श्रीमन्महाराजाधिराजकुमार युवराज श्रीश्रीश्रीमन्नृप पृथ्वीनारायण शाहदेवको आज्ञाले धर्माधिकार श्रीमोक्षेश्वर शर्माले यो पुस्तक सारिसिद्ध्याए ।]

---

१. पूर्णिमा – 'विरुदावलि'

२. „ – श्रीमोक्षेश्वरशर्मणा धर्माधिकरणेन

शाके १६५६ (वि. सं. १७६४) चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	२०	शनैश्चर	नवमी	५७।	०

चैत्रशुक्ल दशमी शनिवार यो पुस्तक सारिसिद्धियो भनी यहाँ लेखिएको छ। शनिवार ५७ घडीमा नवमीको समाप्ति हुन्छ । यस कारण वि. सं. १७६४ चैत्र २० गते शनिवारको दिन ५७ घडी वितेपछि विहानपख दशमी लागेपछि आदित्यवार नलाग्दै यो पुस्तक सारिसिद्धिएको देखिन्छ ।

(८६ सङ्ख्या)

नरभूपाल शाहले रामु घलेलाई गरिदिएको वि. सं. १७९६ को पत्र

अप्रकाशित यो पत्र धादिङको मालकार्यालयमा छ। यो पत्र गोरखा जिल्लाको मान्वु बस्ने नारायण घलेले वि. सं. १९९६ श्रावण २२ गते पेश गरेको नक्कल-बाट सारिएको हो ।

स्वस्ति श्रीगीरिराजाचक्रचुडामनीनरनारायेणेत्यादिवीवीदवीरुधवलीवीराजा-मनमःनोन्नतश्रीमन्माहाराजाधीराजाश्रीश्रीश्रीमंनरभुपालसहादेवनां सदा समर-वीजाईनम्

आगे रामु घलेके लकुवाको सापोनापो मान्वुमाहा बीर्ता बकस् भयो. मानबुले उठायाको षडपुजा षोक्पा उलाक रामु घलेले उठाउनु. मानबुले मान्याको सरैले बाराथरि दुवारे मांनु. माहाभीरसमेत् वकस् भयो. साछी अग्नेस्वर जैसि लोहारि राना सीवराम बस्नेत् जसबु राना जोपु भडारि अहिवर्न थापा वीरभद्र थापा कर्दूमानंदु पाध्य जयेक्रीस्न जैसी. लेषत्का साछी मोछेसोरा जैसि.

ईती सम्वत् १७९६ जेष्टवदी ९ रोज १ सुभम् ——————

(छेउमा)
विष्णुकुमार साही

वि. सं. १७९६ ज्येष्ठकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
ज्येष्ठ	२१	आदित्य	नवमी	१९। ३२

(८७ सङ्ख्या)

पृथ्वीनारायण शाहले विद्यापति उपाध्यायलाई लेखेको वि. सं. १७९६ को पत्र

यस सक्कल पत्रको लम्बाइ ८ अङ्गुल र चौडाइ ५ अङ्गुल छ।

यो पत्र मोहनप्रसाद खनालद्वारा पृथ्वीपत्र-संग्रहको ५ पृष्ठमा टिप्पणीसहित छापिएको छ।

(१) स्वस्ति श्रीगिरिराजचक्रचूडामणि-
(२) नरनारायणेत्यादिविविधविरुदा-
(३) वलिविराजमानमानोन्नतश्रीमन्म-
(४) हाराजधिराजकुमारयुवराजश्रीश्री-
(५) श्रीमन्नृपपृथ्वीनारायणसाहदेवानां
(६) सदा समरविजयिनाम्
(७) आगे विद्यापति पाध्याके छ बिस धू-
(८) रि झारा बोकि लिगलिग जाव. जो टा-
(९) लेउ त सास्ति पावला. जल्दी जाव सर्व-
(१०) था. संवत् १७९६ आषाडवदि १० शुभं

वि. सं. १७९६ आषाढकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आषाढ	२१	बुध	दशमी	४३।	४१

(८८ सङ्ख्या)

वि. सं. १७९६ मा सारिएको नरपतिजयचर्यास्वरोदयको पुष्पिकावाक्य

अप्रकाशित यो पुष्पिकावाक्य वीरपुस्तकालय चौथो '६६१ सङ्ख्याको नरपतिजयचर्यास्वरोदयको ५७ (क) पत्रमा छ । त्यस पुस्तकको लम्बाइ १७.२ अङ्गुल र चौडाइ ६.९ अङ्गुल छ । त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४१३।३९ र ४१४।१ मा छ ।

इति श्रीनरपतिजयचर्यायां स्वरोदये होमविधिः समाप्तः ॥ ॥ ॥
श्रीशाके १६६१ मासे ४ कृष्णपक्षे तिथौ १४ वारे २ समाप्तं ॥ ॥
गोर्षानगर्यां किल राजधान्यां विराजिते वै नरभूपनाम्नि ॥
लिलेख शारङ्गधरः सुधीमान् स्वार्थाय पाठाय मुदे सुवेगात् ॥१॥ ॥
शाकेगांऽकाङ्गीन्दुके सन्निपाते लेख्यो मासि श्रावणेशुक्लपक्षे ॥
गोर्षास्थायी शंभुतिथ्यब्जवारे शारङ्गाख्यः पुस्तिकेयं लिलेख ॥ ॥

[श्रीनरपतिजयचर्यास्वरोदयमा होमविधि सकियो ।
श्रीशाके १६६१ (वि. सं. १७९६) श्रावणकृष्ण चतुर्दशी सोमवार सकियो ।
राजधानी गोरखा शहरमा नरभूपाल शाह राज गरिरहनुभएको वेलामा विद्वान् शार्ङ्गधरले आफूलाई पढ्न भनी खुशी भएर छिटोछिटो सारे ।
शाके १६६१ (वि. सं. १७९६) श्रावणकृष्ण चतुर्दशी सोमवार गोरखामा बस्ने शार्ङ्गधर भन्नेले यो सानो पुस्तक सारिसिद्धयाए ।]

शाके १६६१ (वि. सं. १७९६) श्रावणकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
आषाढ	२२	सोम	चतुर्दशी	३५। ४९

(८९ सङ्ख्या)

नरभूपाल शाहले भगीरथ उपाध्यायलाई गरिदिएको वि. सं. १७९६ को ताम्रपत्र

नुवाकोट जिल्लाको तुप्चेका तीर्थराज (सीताराम) अधिकारीको सङ्ग्रहमा रहेको ताम्रपत्रमा यो लेख कुँदिएको छ। त्यस ताम्रपत्रको लम्बाइ १०.५ अङ्गुल र चौडाइ ५.७ अङ्गुल छ।

यो ताम्रपत्र सर्वप्रथम धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा नुवाकोटको ऐतिहासिक रूपरेखाको ऐतिहासिक सामग्रीखण्डको २३ पृष्ठमा छापिएको हो, त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका ४०–४२ पृष्ठमा व्याख्यासहित छापिएको छ।

(१) स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधवि-
(२) रुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्री-
(३) श्रीश्रीमन्नरभूपालसाहदेवानां सदा समरविजयिनाम् ═══
(४) आगे भगीरथ पाध्याके धाधिग[1] आफनु षायलक बदला सा-
(५) हुगाव दिहल. सँगो[2] सात भाइभतिजाक षतपत आफना[3] अंबल-
(६) भीत्र बितलप बकस भैल. आफना जीयक सर्कार. एस बातका सा-
(७) छी श्रीविष्णुकुमार साह श्रीकोडंड मल्ल श्रीचंद्रप्रकास साह
(८) अनिरुद्र थापा जैसिह[4] राना रत्नमनि राना कालु पाँडे[5]. लिखक साछी
(९) मोक्षेश्वर जैसि. इति संवत् १७९६ मार्गसिरवदि २ रोज ३ शुभमं[6]

वि. सं. १७९६ मार्गकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी पला
मार्ग	५	मङ्गल	द्वितीया	२७। ३०

---

१. नुवाकोटको ऐतिहासिक रूपरेखा, शाहकालका अभिलेख – धाधिग
२. " – संगी
३. " – आपना
४. " – जैसिह
५. " – पांडे
६. " – शुभम्

(९० सङ्ख्या)

गोरखा र लम्जुङबीच वि. सं. १७९६ मा भएको सन्धिपत्रको सारांश

यो सारांश वि. सं. १९३७ मा ज. ध्वजनरसिंह राणाले तयार गराएको श्यामराजकहाँ रहेको चिठीपत्रहरूको पञ्जिकाबाट लिइएको हो ।

यो सारांश सर्वप्रथम देवीप्रसाद भण्डारीद्वारा पूर्णिमा ४ अङ्कको ६१ पृष्ठमा गणनासहित छापिएको हो; त्यसपछि नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९२९-९३२ पृष्ठमा व्याख्यासहित छापिएको छ र सोही पुस्तकको वक्तव्य, विषयसूची, शुद्धिपत्र तथा टिप्पणीभागको १२३ पृष्ठमा यससम्बन्धी टिप्पणी पनि छापिएको छ ।

यहाँ दिइएको गणना पूर्णिमा ४ अङ्कबाट सारिएको हो ।

लमजुं गोर्षाको येकुं शत्रु येकान मित्र गरी बन्दोबस्त भयो. भाषा कबुल. लमजुं ८ हजारभित्र कसैको कुधोझाको पर्दा १२ हजारले टार्नु. २० हजारको कर्निर्भनि येक. दासी दुर्जनका कुरा दुवैले नसुन्नु. कालकमाई तिलको गेडो घोटी मासको गेडो फोरि बरोबर बाँडी षानु. अघाँका बाटामहा बरोबर गरी लिनु. २ वर्षभित्र काठपात कास्की बुझाउनु. येति गर्दा कास्को नमान त ढालीदिनु. तह्लौ नलिनु. येती कुरो गर्दा गोर्षालि कुल कपट गर्न लाव त ४० हजार लमजुंले षानु. पूर्वको काम गर्नु.

यस बातका साछी श्रीदुर्गा श्रीगोरखनाथ भंन्या संवत् १७९६ माघवदि ७ रोज ५ मा श्रीनरभूपाल शाहबाट लंजुंका राजालाइ

वि. सं. १७९६ माघकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
माघ	११	वृहस्पति	सप्तमी	१८। १७

(९१ सङ्ख्या)

वि. सं. १७९६ मा सारिएको शब्दभेदप्रकाशको पुष्पिकावाक्य

यो पुष्पिकावाक्य वीरपुस्तकालय चौथो ७३५ सङ्ख्याको शब्दभेदप्रकाशको ३ (क) पत्रमा छ। त्यस पुस्तकको लम्बाइ १३.१ अङ्गुल र चौडाइ ५.१ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए १०३२।६ मा छ।

यो पुष्पिकावाक्य दिनेशराज पन्तद्वारा पूर्णिमा ३२ अङ्कको २११ पृष्टमा अनुवाद तथा गणनासहित छापिएको छ।

पूर्णिमामा छापिएको अनुवादमा केही हेरफेर पारी यहाँ दिइएको छ, गणनाचाहिँ त्यहीँबाट सारिएको हो।

इति पुरुषोत्तमदेवकृतः शब्दभेदप्रकाशः समाप्तः ॥ ॥ ॥ ॥

श्रीशाके १६६१ मासे चैत्रदिन २४ गते तिथौ ६ वारे ७ नक्षत्रे ५ लिखितं श्रीसत्यधरशर्मणा सुधिया गोर्षानगर्यां धर्मनद्यास्तटे ॥ ॥

[पुरुषोत्तमदेवले बनाएको शब्दभेदप्रकाश सकियो।

श्रीशाके १६६१ (वि. सं. १७९६) चैत्र २४ गते षष्ठी तिथि शनिवार मृगशिरानक्षत्रमा विद्वान् श्रीसत्यधर शर्माले गोरखा शहरमा धर्मनदी (दरौँदी)को किनारामा सारिसिद्ध्याए।]

शाके १६६१ (वि. स. १७९६) चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला
चैत्र	२४	शनैश्चर	षष्ठी	३१।	५४	मृगशिरा	३७।	५७

(९२ सङ्ख्या)

नरभूपाल शाहले ह्लोपा लामालाई गरिदिएको वि. सं. १७९८ को ताम्रपत्र

काठमाडौं जिल्लाको बौद्धमा पाइएको यस ताम्रपत्रको लम्बाइ १२.६ अङ्गुल र चौडाइ ७ अङ्गुल छ ।

यो ताम्रपत्र सबभन्दा पहिले अलेक्ज्याण्डर डब्ल्यू. म्याक्डोनाल्डद्वारा कैलाश १ वर्ष १ अङ्कका ६–७ पृष्ठमा चित्र तथा ताम्रपत्रमा परेका केही ठाउँको नक्सा-सहित छापिएको हो, त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका ४३–४४ पृष्ठमा व्याख्यासहित छापिएको छ ।

(१) ॐ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलि-

(२) विराजमानमानोन्नत श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नरभूपाल-

(३) साहदेवानां सदा समरविजयीनाम्ः ≡ ≡ ≡ ≡

(४) आगे ह्लोपा लामाकन नकथलिको घुम्बा कुशर्बृत्ति[1] बकस भयो धन जि-

(५) यले सेवा गर्नु छोड लामाकन बकस्याको जजमान सभै बकस भयो थुंबन्

(६) गोलजुङ चिर्ल्तिमा पाजुंङका षेत २ घुंबागाउँ गदलां एति गाउँले या ला-

(७) माले अन्हायाको सो काम गर्नुः मिति शंवत् १७९८ फाल्गुणवदि ५ रोज ७ शुभं ॥

वि. सं. १७९८ फाल्गुनकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
फाल्गुन	१७	शनि	पञ्चमी	५०। १२

(वीरपुस्तकालय चौथो २२१६ सङ्ख्यामा रहेको पात्रोबाट)

---

१. कैलाश, शाहकालका अभिलेख – कुशवृत्ति

(६३ सङ्ख्या)

जगन्निवास पाँडेले बनाएको नरभूपालशाहोल्लासकस्तोत्र

अप्रकाशित यो स्तोत्र वीरपुस्तकालय दोस्रो १३१ सङ्ख्यामा छ। यसमा जम्मा दुइ पत्र छन् । दुवै पत्रको लम्बाइ १० अङ्गुल र चौडाइ ४ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिलम नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ए ४७६।५३ मा छ ।

यस पुस्तकको उल्लेख नयनाथ पौडेलको प्रशस्ति-रत्नावलीको उपोद्घातका १६–२० पृष्ठमा छ तथा पुष्पिकावाक्यको केही भाग अनुवादसहित दिइएको छ ।

(१ ख पत्र)

स्वस्ति श्रीनमो जगन्नाथाय ॥ ॥

गोर्षदिशेवतीर्णं श्रीजगन्नाथाच्युतांशतः ॥
नरभूपालसाह त्वां स्तौमि निर्णिक्तचेतसाः ॥१॥
स्वस्ति श्रिराजराजेश्वर सरणचरत्राण कल्याणकीर्ते
विद्याविद्यादविद्यात्मकसकलजगत्पालिविज्ञानमूर्त्ते ॥
दीनास्मल्लोकमुक्त्यै श्रमसमनपर श्रीजगन्नाथमूर्त्ते
कुर्वीथा स्म सुनाथ स्वयमुचितदयादृष्टिमिछामुहूर्त्तेः ॥२॥
यछ्रीमत्पादपद्मच्युतसलिलकृतस्नानपानाभिषेकैः
पूतांतर्बाह्यदेहोभवदमितमहो नाममात्रं गृणानः ॥
मूको वाग्मी तु सद्यः किमुत वह गिरा पश्यमेव स्वयं हि
प्रागन्यच्च श्रुतासीदपि नृपतिपते कुष्टरोगोपशांति ॥३॥
स त्वं ब्रह्मण्यदेवस्त्रिजगदधिगुरुर्वासुदेवोसि साक्षा-
ज्जानंते नान्यथेति त्वदनुसरणतो लब्धबोधा हि सन्तः ॥
एतत्पादारविंदद्वयविमुखमखारंभदंभायमाना-
स्ते नो जानन्त्यसन्तस्त्वदतिशपरानंदसंविद्धिभावम् ॥४॥
आगोचर्यान्न वर्या अपि कृतिषु मनो वाग्धियामंतमंते
गछन्तोनन्त इत्यभ्युपगमनसमा यत्र

(२ क पत्र)

सन्तो भवन्ति ॥

तस्येशापारशक्तेः कथमपथमिथः प्रोक्ष हृद्ग्रंथिमंत-
स्त्वत्कारुण्यादृते वै वयमवरतमा बोद्धुमर्हाम तेंतं ॥५॥
य त्वं प्राग्द्वापरान्ते मुपुरधिकृतावास आहोस्विदासी-
र्ब्रह्माश्चर्यैकहेतुर्नृ तनुकपठतांर्तानिगूढात्मसत्वः ॥
एवं ते नन्वजन्यानुभवविभवतोन्ये च मन्ये हि धन्ये
धन्याय ज्ञानवन्तस्तदुत किमपरेद्ध्रापि मुग्धा विदग्धा ॥६॥
स त्वं सत्वांशजत्वं स्वमहिमहिमसद्भावतो भावतोषः
स्वस्था स्वस्थात्मनस्ते जनयजनयतिष्वेकहृत्वन्मितेषु ॥
यद्यद्भक्ता प्रशक्ताः सदसमुपकृतावप्यरक्ता असत्यां
प्रायस्त्वत्र त्वदीयस्वगुणमहिविदः किं पुनस्त्वं तदीशः ॥७॥
धन्यास्ते त्वन्मुखांभोरुहविकसनतोत्पादितानन्दसिन्धू-
द्वेलाविश्रामितास्मद्विधविविधजनास्त्वत्पदांभोजभृंगाः ॥
त्वद्ध्यानध्वस्तमोहास्त्वदनुगिरदितज्ञानविज्ञानदक्षा
विभ्राजन्ते जना ये तदिह परमहस्तत्वसस्यादिदेवः ॥८॥
इदं स्तोत्रं पठेद्यस्तु हरेरंसस्य भूपतेः ॥
नरभूपालसाहस्य स याति परमां गतिम् ॥९॥

इति श्रीगौरीश्वरसूनु[1]श्रीगोकुलविलासाग्रजलब्धविद्याप्रसादजगतिन्निवास[2]विरचित

(२ ख पत्र)

स्वस्ति श्रिमन्महोमन्नदिकंपकरिकुलकदन्तकेशरीतरनृपकुलचक्रशेक्रप्रतिभहरिकृतावतार नरभूपालसाहोलासिकं[3] स्तोत्रमिदम् ॥१०॥ ॥ ॥ ॥ ॥ ॥ ॥ ॥ ॥

१. प्रशस्तिरत्नावली – 'सूनू'
२. " – 'जगन्निवास'
३. " – श्रीनरभूपालसाहोल्लासिकं

(९४ सङ्ख्या)

वि. सं. १७४९ मा जसवन्तसिंहले बनाएको लक्षणसागर

हिन्दी जस्तो भाषाको दोहा र गद्यभागचाहिँ नेपाली भाषामा भएको, पृथ्वीपति शाहको आज्ञाले वि. सं. १७४९ मा जसवन्तसिंहले बनाएको एउटा पुस्तक पाइएको छ।[१] क्रमअनुसार नरभूपाल शाहको पालाका सामग्रीभन्दा अगाडि पृथ्वीपति शाहको पालाको सामग्री राख्नुपर्ने हो तापनि नरभूपाल शाहका पालाका सामग्री निकै छापिइसकेपछि मात्र यो पुस्तक प्राप्त भएकोले नरभूपाल शाहका पालाका सामग्री सबै छापिइसकेपछि पृथ्वीपति शाहको पालाको यो सामग्री यहाँ राखिएको छ।

पाटनका भद्रराज शाक्यको सङ्ग्रहमा रहेको त्यस पुस्तकको लम्बाइ १४.८ अङ्गुल र चौडाइ ६.३ अङ्गुल छ। त्यस पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयको रील नं. ई २१८३।१४ मा छ।

सर्वप्रथम यस सङ्ग्रहमा प्रकाशित हुन लागेको यस पुस्तकका केही पत्र हराएका छन् र साथै बाँकी रहेका पत्रमा पनि ठाउँठाउँमा मूसाले काटेको छ, यसले गर्दा यो पुस्तक अपूर्ण हुन गएको छ।

पृथ्वीपति शाहको पालामै लेखिएको मूल पुस्तक भेट्टाइएको छैन र वि. सं. १८९८ मा एक जना कर्माचार्यले प्रतिलिपि गरेको पुस्तक हामीले देखेका छौं। वि. सं. १७४९ भन्दा झण्डै डेढ सय वर्षपछि प्रतिलिपि गरिएको यो पुस्तक भएकोले यसमा पछिल्लो कालको भाषाको प्रभाव निकै पर्न गएको छ र पृथ्वीपति शाहका पत्रमा देखिएको भाषाभन्दा यस पुस्तकको भाषा निकै फरक छ। यसो भए तापनि नेपाली भाषामा (जसलाई यस पुस्तकमा खस भाषा भनिएको छ) बनाइएको, पृथ्वीपति शाहको पालामा तयार भएको भनी लेखिएको यो पुस्तक प्रकाश नभएकोले यसलाई यस सङ्ग्रहमा राखिएको हो।

मूसाले काटेको ठाउँमा थपिएको अक्षरमा ( ) कोष्ठ र प्रतिलिपि गर्नेले छुटाएको ठाउँमा थपिएको अक्षरमा [ ] कोष्ठको प्रयोग गरिएको छ।

---

१. यस पुस्तकको सूचना श्रीमहेशराज पन्तबाट प्राप्त भएको हो।

(१ ख पत्र)

श्रीगणेशाय नमः ॥ ॥

अथ सामुद्रिक ॥ ॥

षसभाषा लिष्यते ॥ ॥

दोहरा ॥ ॥

गौरी॰ शिवसुत॰ चरणत्रय नित प्रणामौ कर जोरि ॥ ॥
दिजीषे बुद्धि विघ्न हरि अल्प बुद्धि हैं मेरी ॥१॥
राम साहके वंशमणि श्रीपृथ्वीपति साह ॥ ॥
आज्ञा करि जसवन्तकौं पुस्तकलक्षणमाह ॥२॥
लक्षणसागर कठिन हैं थोरो बुद्धि जसवन्त ॥
कदाचित् हम उतरि हौं आसिक दिजे संत ॥३॥
सामुद्रिक सब देषिकैं संग्रह करि बनाई ॥
नष सिष लंगु लक्षण कहौं अरथ सभनके पाई ॥४॥ ॥

भविष्यपुराणे ॥ ॥ शुभ दिन शुभ नक्षत्र शुभ ग्रहो भलो चन्द्र हुदा. दोपहरि ओढो मंगल गरि लक्षण परिक्षा गर्नु ॥ ॥५॥ ॥

प्रयोगपारिजाते हेरनु विधि॰ बाउ अंगको स्वास्निको. दाहिनु अंग. लोग्न्याको हे

(३ क पत्र)

मध्यमाको माझ पर्व्वले नापनु . नव्य अंगुल भया अधम ॥ शय अंगुल भया सो उत्तम शय आठ अंगुल भया सो बहुतै उत्तम राजा हो ॥ ॥

अथ गतिलक्षणं ॥ भविष्य हांस करांकुरुं जंहि हिडं त सो निको राजा हो ॥ गोरु. सिंह. जहिँ हिड त. सो भाग्य हुन्या जांनु. काग हुहुं चिल जंहि हिंड त सो मनुष्य भाग्य नहुन्या ॥ कुकुर. गडाहा उं त. भैंसि सुंगुर जं हि हिड त सो निर्धनि अभागि ॥ ॥

अथ स्नेहलक्षणं ॥ गर्गसिहतायां ॥ आषा रामरो भया भाग्यवन्त हो दांत रामरो भया भलो षानु मिल ॥ सभ अंग मिल्याको रामरो भया सुषि हो ॥ नाष रामरो भया धन हो ॥ सरीर रोम. नष॰ दांत. आषा. कान. रामरो भया सो मनुष्य॰ यत्न नगरि पनि आफै कार्य्यं

(३ ख पत्र)

हो ॥ ॥ इति स्नेहलक्षणं ॥ ॥

अथ सोरलक्षणं ॥ हंस जं हिँ गंभिर मेघ जहिँ सोर हो त सो भलो ‸ चर्षेवा जँडि सोर हो त राजा. धर्मवन्त ॥ गडाहा कुकुर बालक जं हिं. सोर हो त सो दुषि ॥ ॥

अथ जन्मान्तरिपलक्षणं ॥ ॥ गर्गसिहतायां ॥ एस् जन्मको लक्षणं पैल्हे जन्ममा यो थियो भनि जान्नु ॥ भलो चन्दन भलो लुगा लाऊनु . भलो स्त्री. स्नान दान ‸ जप होम. दाता. सत्यवन्तमा रहन्या. गाई ब्राह्मणमाथि हित गर्न्या सो मनुष्य पहिले जन्ममा देवता हो ॥ ॥ पुरुषार्थ नगरि गुमान गर्न्या क्रोधि. लोभि. परस्त्रीरत गर्न्या सो मनुष्य पहिले जन्ममा दानव हो ॥ रामरो सरीर. भाग्यवन्त. दाता. अर्काको मन राषि कुरा गर्न्या. स्त्रीसंग पनि. षुसि गराई

(७क पत्र)

स्त्रिले जितन्या होला ॥ मासु बहुत हो त राजेको पति हो ॥ उत्पले ॥ बहुत ठुलो भया बहुत जिय सुख सुद्धा गरि ॥ ॥

अथरुललक्षण ॥ ॥ सामुद्रितिलके ॥ जांघ केराका थंव जं हिं रौं नहुन्या. कोमल हो त सो राजा हो ॥ चिल्लो. कोमल मस्यालो हो त सो धनवन्त हो विवर्ण हो त व्यसनि होला ॥ बहुतै ठुलो हो त तस्कन. बहुतै हिंडनुपर्ला ॥ साह्रो चेप्टो. मासु नहुन्या हो त. सो दुखी हो ॥ ॥

अथ कटिलक्षणं ॥ उत्पल्ये ॥ ॥ सिंहको जस्तो. कटि हो त. भलो राजा हो ॥ कुकुर. स्याल गडाहाका जं हिं कटि हो त निर्धनि होला ॥ कटि बहुतै ठुलो नभै लामु भै परत सो धनि होला ॥ रौं बहुत हो त ‸ सो दलिद्रि ॥ छोटो हो त वेभिचारि ॥ ॥

अथ फिकलक्षणं ॥ भविष्य ॥

(७ख पत्र)

ठुलि फिक हो त सो दलिद्र ॥ ॥

अथ मलद्वारलक्षणं ॥ सामुद्रितिलके ॥ मस्यालो कोमल बाटुलो. राटो. मलद्वार हो त . सो निको ॥ एस्तो नहो त मापाको ॥ ॥

अथ अंडालक्षणं ॥ ॥ भविष्य ॥ जसका एक फल हो त. तस्को प्राण पानिमा जाला ॥ तीन हो त अथवा एक थुलो एक सानु हो त सो घरको स्त्रीसंग सुख नमान. पापि हो ॥ दुई बरोबर हो त सो निको ॥ ॥

अथ लिंगलक्षणं ॥ भविष्य ॥ दाहिनातिर लिंग ढलक्याको भया सो पुत्रवन्त हो ॥ बाऊतिर ढल्क्याको भया छोरि होला ॥ छ. सात अंगुल भया. सो

सुखि सत्यवादि होला ॥ नौ आठ अंगुल भया सो पनि भलो हो ॥ दश अंगुल भया कपटि लंपट हो एघान्ह अंगुल भया बान्ह अंगुल

(८क पत्र)

चेपटो बागो हो त सो दलिद्र अधर्मि हो ॥ ॥

अथ मुत्रलक्षणं ॥ भविष्य मूतको धारो एक धारा पर त. सो राजा ॥ दुई धारा भैं भैंमा पर त. सो भागि , बहुत धारा पर त सोर हुन्या. अधम सो मुर्ख जांन्नु ॥ ॥]

अथ शुक्रलक्षणं ॥ भविष्य ॥ माछाको गंध वीर्य्य हो त. धनवन्त पुत्रवन्त हो ॥ जन्मको बास् हो त सो धनवन्त सत्यवादि ॥ लाहाको गंध हो त सो कुचि ॥ नूनको गंध ॥ महको बास हो त. सो भलो ॥ कमलको बास हो त. सो बडो राजा ॥ नूनको गंध हो त सो दलिद्रि ॥ ॥

अथ पुत्रपरिक्षा ॥ पिताक्षरायां ॥ जस्को वीर्य्य तेज सुद्धा झर. मुतदा फीन हो त. सो मर्द्द. एस्तो नहो त मेहरि ॥ ॥

अथ नाभिलक्षणं ॥ ॥ गरुडपुराणे ॥ विस्तार मंडल हो त सो भलो

(८ख पत्र)

॥ उध्याको बांगो हो त सो दलिद्रि ॥ ॥

अथ पार्श्वलक्षणं ॥ भविष्य ॥ मस्यालो चिल्लो कमलगत्ता जस्तो भया बहुत निको ॥ ॥

अथ कुक्षिलक्षणं ॥ भविष्य ॥ संम काषि हो त सो भलो ॥ सानु काषि हो त धन फाल ॥ विषम हो त लोभि कपटि ॥ मासुले पुरियाको उच्चो हो त सो राजा ॥ ॥

अथोदललक्षणं ॥ भविष्य ॥ मृगको जस्तो पेत मजुरको पेट हो त सो पनि भलो ॥ बाघ सिंहको जस्तो पेट हो त सो राजा ॥ ॥ भ्यागुताको पेट जं हिं पेट हो त पृथ्वीपति राजा ॥ संम पेट हो त दलिद्रि ॥ बहुत सानु हो त. सो पापि ॥ भर्षर जन्म्याको बालकको जं हिं पेट हो त. सो चारि गर ॥ ॥

अथ बलिलक्षणं ॥ ॥ वाराहिसहितायां ॥ पेटमा लेषा तिन हो त. सो भोगि ॥ दुई हो त सत्यवादि ॥ बहु-

(९क पत्र)

त हो त अचार्य्य हो ॥ चार रामरो गरि हो त राजा ॥ विषम गरि हो त अगम्यागमन गर ॥ ॥

अथ हृदयलक्षणं ।। भविष्य ।। संम भै उठ्याको रौं नभयाको. मस्यालो एस्तो हो त राजा ।। ठुलो मस्यालो हो त शय वर्ष जीव भागेवन्त. राजा-समान भै रहंछ ।। गडाहाका जंहिं छाति रौं बहूत भयाको सो अधम भनि जान्नु ।। ।।

अथ रोमराजिलक्षणं ।। ।। सामुद्रितिलके ।। सानु भे नाभिसम्म हृदय-पर्य्यन्तं रोमाचरि हो त सो निको ।। कालो भया धनवन्त कैलो भया कुचि मायावंत ।। ।।

अथ स्तनलक्षणं ।। गरुडपुराणे ।। केराउको गेडा जंहिं बाटुलो भयाका सो निको ।। ।।

अथ नेत्रलक्षणं गरुडपुराणे ।। षगालि हाड बहुतै निस्क्याको मापाको ।। संम भयाको निको ।।

अ-

(९ ख पत्र)

थ स्कन्धलक्षणं ।। जगन्मोहने ।। गोरु. भालु. हाथीको जस्तो काँध हो त सो राजा ।। भविष्य ।। मासु नहुन्या सानु बांगो हो त सो दुखी निर्धनि ।। ।।

अथ बाहुलक्षणं ।। ।। भविष्य ।। लामु बाहु हुन्या सो राजा ।। छोटो बाहु हुन्या दास ।। रौं हुन्या छोटो बाहु हुन्या दलिद्रि ।। ।।

अथ मनिबन्धलक्षणं ।। गरुडपुराणे ।। मनिबन्ध हाड ननिस्क्याको मस्यालो हो त सो निको ।। हाड निस्क्याको नसा देषियाको सो मापाको ।। ।। विवेकविलासे ।। मनिबन्धमाहा. जब रेषा तिन हो त. सो राजा ।। दुई लेषा हो त मंत्रि. पिठतिर हो त धनि ।। जब माला दुई पर त. राजमंत्री. धनि पंडित हो एकै भया पनि निको ।। ।।

अथ करलक्षणं ।। गरुडपुराणे ।। बांदर-

(१० क पत्र)

को जंहि. हातकेला हो त राजा बाघका जंहि हो त सो पापि ।। ।। काशिखंडे ।। कछुवाको पिठ जंहि हातकेला हो त सो अकर्म गरला ।। बालकको जंहिं कोमल हो त सो राजा ।। ।।

अथ करपृष्ठलक्षणं ।। ।। विवेकविलासे ।। हातकेलामा मनाक लेषा हो त. सो मनाक जीव. लेषा नहुन्या अल्प आयु ।। ।। सामुद्रितिलके ।। लाल हातकेला हो त सो धनि ।। नीलो हो त. मद बहुत षान्या. पहेलो हो त अगंम्यागमन

गर्न्या ।। कालो हो त धन आफालन्या ।। बहुतै गँह्रो हो त. पिताले तुल्यायाको धन आफालन्या हुंछ ।।

अथ लेषालक्षणं ।। ।। भविष्य ।। जस्का हातकेलामा. माछाको पुछर जंहिं लेषा हो त तस्कन बहुतै सिद्धि हो. धनवंत. पुत्रवंत हो ।। ठुलो लेषा हो त. तस्कन व्यापार ब-

(१० ख पत्र)

हुतै फल ।। पर्व्वत जंहिं हातकेलामा लेषा हो त तस्यँ लक्ष्मी स्थिर भै रहला सपूत छोरा पाव ।। शक्ति. तोमल. खड्ग. तीर. धनु जंहिं लेषा हो त सो संग्राममहा बहुतै जीत ।। ध्वज. शंख जहिं लेषा हो त. समुद्रपार. वैरि भया पनि जीतला ।। गडा. पद्म. वज्र. चक्र. रथ कुंभ जस्तो लेषा हो त. राजा हो ।। परायाको सैन्यमर्दन गरला जोरि दोश्रो हवैन ।। जस्‌लाई दाहिनु अंगुष्ठ-माहा जवको लेषा हो त सो सव विद्या जान ।। ।। जगन्मोहने ।। कनिष्टिकामनि आयुलेषा दोसोरो धनलेषा. तेसोरो नसो अत्‌भूत हो त मनिबंधदेषि उभो आधासंम ठुलो लेषा दाज्यु भाई दिदि बैन्हि ।। आयुलेषाऊभो कनिष्टिकाउंधो. स्त्रीलेषा जांनु ।। ।। हेसामुद्रे ।। अष्टपत्र ‸ कमल. हतकेलामा प-

(११ क पत्र)

र त. हीन कुलमा जन्म्या पनि. सो चक्रवर्त्ति राजा हो ।। ।। सामुद्रितिलके ।। हतकेलामा उर्द्धलेषा पर त. हज्जार मनुष्य तसमनि रह ।। ।। आयुलेषा धनलेषाको माझमाहा. कागपद हो त. सो धनपति बहुत तुल्याव भोग पनि गर ।। अंगुष्टमनि. ठुलो लेषा पुत्र सानु लेषा पुत्री ।। अंगुष्टमनि कागपद हो त. सो बुढैमा. शस्त्रले मर ।। ।। विवेकविलासे ।। अंगुष्टमा. जवका लेषा हो त सो विद्यावन्त. देशको जांन्या हो ।। तस्को जन्म शुक्लपक्ष ।। वाम अंगुष्टमा जवका लेषा हो त. तस्को जन्म कृष्णपक्ष ।। मछले-षामनि बंधउंभो हतकेलाउधो एकै मछलेषा भया. धनसिद्धि बहुत हो ।। दुई भया असंख्या हो. अरु लक्षण हेरनु. मनमा. शयकाङ ल-

(११ ख पत्र)

क्षणखंड हेरनु ।। मनाक होला भनि लेषियेन ।। ।।

अंगुष्टलक्षणं ।। सामुद्रितिलके ।। ।। उच्चो चिल्लो. किछु चाकलो सर्व संम ‸ हातकेला हो त धनवन्त ।। ।।

अथांगुलिलक्षणं ॥ ॥ भविष्य ॥ अंगुला छिचरो हो त दरिद्र. घन अ छेदन हो त सो धनि ॥ ॥ सामुद्रितिलके ॥ अनिष्टिकालेषा अनामिकाको उपल्लो. पर्व नाघ त. तस्कन बहुत धन हो ॥ तर्जनिमध्यमा अनामिकामाहा छेद हो त बीसबिसै चारैमाहा भोजनसमयः दुःख पाव ॥ ॥

अथ नषलक्षणं ॥ सामुद्रितिलके ॥ रातो चिल्लो कछुवाको पिठ जंहि हो त सो निको ॥ सेतो हो त दलिद्र ॥ पहेलो हो त रोगि ॥ अंगुष्ठको नष फुट त. धर्म. तीर्थधर ॥ कछुवाको टाउ[को] जंहि हो त सो भाग्य नहुन्या ॥

(१२ क पत्र)

॥ ॥

अथ पृष्ठलक्षणं ॥ भविष्य ॥ बाघका जंहि हातकेला हो त पीठ हो. सो सेनापति हो ॥ कछुवाको पिठ जंहि हो त. सो राजो धन हुन्या ॥ रौं नहुन्या धनि बांगो. षडचांबडयां हो त सो दलिद्र रोगि ॥ ॥

अथ ग्रीवालक्षणं ॥ भविष्य ॥ छोटो गल हुन्या भोगवन्त धनवन्त हो ॥ गलामा कंबुलेषा हो त सो पृथ्वीपति राजा हो. ततैले सैन्यमर्द्दन गर्‍या हो ॥ ॥ गरुडपुराणे ॥ बकुला. षराहाको जस्तो गल हुन्या सुक्याको सानो गल हो त निर्धनि दुखी ॥ ॥

अथ चिबुकलक्षणं ॥ उत्पले ॥ मासु नहुन्या लामो चिऊडो हो त. सो दलिद्रि ॥ मस्यालो हो त धन पुत्र हुन्या ॥ ॥

कपोललक्षणं ॥ ॥ भविष्य ॥ जस्को गाला मस्यालो हो त अथवा कमलको पत्र जंहि हो त

(१२ ख पत्र)

सो बहुतै भोग गर्‍या हो ॥ ॥

अथ मुषलक्षणं ॥ गरुडपुराणे ॥ ठुलो मुख हुन्या दुखि महतारिको जस्तो मुष हुन्या पुत्रवन्त हो ॥ सानु मुष हुन्या कृपन पुत्रवन्त हो ॥ ॥ ॥ भविष्य ॥ चाकला बांदरका जंहि मुष हो त. सो निर्धनि ॥ बाटुलो मस्यालो मुष हो त सो धनाढ्य ॥ ॥

अथधरलक्षणं ॥ भविष्य ॥ रातो अधर हो त सो राजा कमल जस्तो अधर हो त सो धनि ॥ ॥

अथोत्तरलक्षणं ॥ सामुद्रितिलके ॥ उपल्लो ओठ रातो. पहेलो हो त निको ॥ नमिल्याको हो त धन उल्या हुन्या होला ॥ लामो हो त दुखि ॥

अथ मश्रुलक्षणं ॥ भविष्य ॥ दाह्नि जुंघा. राम्रो गरि आयाको कालो हो त सो निको ॥ कटि ठाऊ आयाको कटि ठाऊ नआयाको सो निर्धनि

(१३ क पत्र)

॥ अथवा परद्वारगमन गर्न्या हो ॥ ॥

अथ दन्तलक्षणं ॥ भविष्य ॥ कुंडका फूल जँहि सेतो सानु. चिल्लो हो त. सो राजा. ॥ भालु बांदरका जं हि दांत हो त. भोकभोकै दिन जाला ॥ हाथीका जं हि चिल्लो दांत सो धनि ॥ दांतको छेदमा. किछु हो त. माझ जोनि जं हि पर त. सो सरस्वती भनि जान्नु सभ विद्या जान ॥ लामो. रुषो दान्हा पर त सो दुखि ॥ जसका बतीस दां त हो त सो उत्तम राजा हो ॥ तिस् हो त भोगवन्त. तिस घति हो त. सो दुखी ॥ ॥

अथ जिह्वोलक्षणं ॥ सामुद्रितिलके ॥ रछायो भै लामो जिभ्रो हो त. सो राजलक्षण हो ॥ सेतो रातो जिभ्रो हो त. पंडित ॥ कमलका पातबरोबर जिभ्रो हो त सो मनुष्य सभ विद्या जान ॥ ॥

अथ तालुलक्षणं ॥ भ-

(१३ ख पत्र)

विष्य ॥ रातो तालु हो त कुलको मांनु हो पहेलो हो त सुखी हो ॥ विवर्ण फुट्याको तालु हो त रुषो हो त सो मापाको ॥ ॥

अथ हंसिलक्षणं ॥ कंपन भै हास त सो भलो आषा चिमिलि हास त सो पापि ॥ ॥ सामुद्रितिलके ॥ पुरुषले सुसुकाई हासं त सो भलो ॥ ॥

अथ नासिकालक्षणं ॥ भविष्य ॥ सुगाका ठोर जहि नासिका हो त राजलक्षणं हो. लामु नासिका हुन्या भागि हो छोटो नासिका हुन्या धनवन्त हो धर्म पनि गरला ॥ घोडा सिंह जं हि नासिका हो त तस्कन व्यापार फल ॥ बांगो चेपटो ठुलो नासिका हो त सो पापि हो ॥

अथ छुलकलक्षणं ॥ ॥ उत्पलये ॥ एक बेर छिउन्या दीर्घ आयु चार बेर छिउन्या दुखि ॥ ॥

अथ नेत्रलक्षणं ॥ भविष्य ॥ दा-

(१४ क पत्र)

त सेनापति हो ॥ गंभीर आषा हुन्या परमेश्वररि न हो ॥ ठुलो आषा हुन्या मंत्री . कालो आषा हुन्या भाग्यवंत ॥ ॥

अथ पष्नलक्षणं ॥ सामुद्रितिलके ॥ प्रश्न ठुलो कईलो. विवर्ण हो त अगंम्यागमन गरला ॥ ॥

अथ निमेषलक्षणं ॥ भविष्य दुइ बर. चिमलन्या दीर्घायु सुख सुद्धा जीव ॥ तिन् बेर चिमलन्या पुरुष सुखी ॥ चार बेर चिमलन्या ईश्वरै हो ॥ ॥

अथ भ्रुलक्षणं ।। भविष्य ।। बालचन्द्रमा जहि आषाभौ हो त. धर्म गर्न्या होला धनि हो ।। लामो भौ हो त सो पनि धनि हो ।। छिज्याको भौ हो त धन नहुन्या. दुई भौ जोरियाको. परनारिगमन गर्ला ।। ।।

अथ कर्णलक्षणं ।। ।। वाराहसिंहतायां ।। सानु कान हुन्या कपटि कृपनि हो बहुत नजीव ।। ।।

अथ ललातलक्षणं ।। भविष्य ।। निधारमा अर्द्धचन्द्ररेषा हो त सो

(१४ ख पत्र)

पृथ्वीपति

राजा हो ।। ठुलो निधार हुन्या धनि हो. निधारमा त्रिशल रेषा भया सो ईश्वरै हो ।। उच्चो निधार हो त राजा हो ।। ।।

अथ सिरलक्षणं ।। ।। भविष्य ।। छत्र जहि सिर हो त राजा ।। लामो सिर हो त दुःखी हो ।। सानु सिर हुन्या धनवन्त हो ।।

अथ केशलक्षण ।। भविष्य ।। भ्रमर जहिं रोम चिल्लो अथवा कज्जल जहि हो त सो निको ।।

अथ सर्वगात्रलक्षणं ।। भविष्य ।। गरुडपुराणे ।। तेज नहु रुषो नसा देषिन्या हडाहा एस्तो हो त अशुभ हो ।। ।। विवेकविलासे ।। ।। हतकेला. कांन. सिर. कांध. छाति. पेट. निधार एति ठुलो निको ।। ।।

अथ राजलक्षणं।। काशिखंडे ।। ।। पांच पातलो. पांच लामो. छ उच्चो तिन फलाक. तिन् सानो. तिन गहिरो. एति राजलक्षणं ।। छाला, केश, दात, अगुला अंगुलाको संधि ।। एति पाच पातलो निको दिकपाल हो ।। आषा हात चिऊदो

(क पत्र)[२]

जांघ. नाक एति लामो निको ।। हात. नष. आषा. तालु. जिभ्रो. अधर हो त.अ-- त एति रातो निको ।। ।। छाति. काषि. निधार. पैतालामाथि. मुख छव थोक उ(ठ्याको) निको ।। निधार. कट्टि. छाति. तिन् बिस्तार निको ।। गलो जानु. फल. सानु निको (।।) स्वर. सत्य. नाभि. तिन् गैह्रो निको ।। बालषमा परिक्षा गर्नु ।। बतिस् राजलक्षण ।। ।। इति पुरुषलक्षणं ।। ।।

अथ स्त्रीलक्षणं ।। ।। विष्णुपुराणे ।। ।। गरुडपुराणे ।। जस्को. गोडामा रौं मनाक छ. रौं हुन्या छाति अधर. ओठ दुई लामो हो त सो स्त्रीले आपतु. पुरुष मार ।। स्त्रीका अनामिकाले भैं छुंदैन. सो स्त्री पुरुषमा गरिरह ।। हांसदा गाला गैह्रो हो त सो स्त्री ब्याहा नगर्नु ।। ।।

---

२. यहाँ पत्रङ्ख्या देखिँदैन, प्रसङ्ग विचार गर्दा १५ पत्र देखिन आएको छ ।

अथ पादलक्षणं ॥ ॥ स्त्रीको पैतालो चिल्लो. मस्यालो. कवलो. संम. पसिना नआउन्या तातो रा-

(ख पत्र)

तो. सो स्त्रीकन भोगविलास मिल ॥ नमिल्याको सुक्याको चेप्टो पैतालो मापाको

अथ पादरेषालक्षणं ॥ ॥ जगन्मोहने ॥ स्त्रीको पैतालामा रेषाले तर्जनि नाघ त सो स्त्रीले पुरुष भलो पाव पुरुषकि पियारि होला ॥ चक्र. पद्म. ध्वज. रेषा पैता[ला]मा हो त सो स्त्री महारानि राजा जन्म ॥ ॥

अथांगुल्फलक्षणं ॥ ॥ स्कांडे ॥ गोलिगांठो बहूत ननिक्स्याको. नसा. देषिन्याको सो ननिको ॥ ॥

अथ पशिनलक्षणं ॥ स्काडे ॥ ॥ कुर्कुचो सम भया निको लामु भया पनि ठुलो भया पनि व्यभिचारि गर ॥ ॥ ॥

अथ जंघलक्षणं ॥ गरुडपुराणे ॥ ॥ पिरौंदा. रौं नहुन्या बाटुलो नसा नदे(षि) न्या सो भलो ॥ ॥

अथ जानुलक्षणं ॥ ॥ गरुडपुराणे ॥ घुंडो मासुले पुरिय(ाको)सो भलो ॥ ।

अथरुलक्षणं ॥ ॥ गरुडपुरापुराणे ॥ केराको थंव जहि. . .

(क पत्र)

॥ ॥ गर्गसिंहतायां ॥ ॥ कोषो कोमल मस्यालो रौं नहुन्या एस्तो निको (॥ ॥)

(अथो)दरलक्षणं ॥ स्कंडे ॥ गागरो जस्तो पेत हो त सो दलिद्रि हो. कुभिंडो ज(स्तो पेट हु)न्या तस्को पेट कहिले भरिवैन ॥ पुरुषलाई भन्या एस्तै निको ॥ ॥

अथ [रो]म(लक्ष)णं ॥ उत्पले ॥ पिठको माझ तिन लेषा हो त कोमल हो.रौं नहुन्या सो राजप(त्नी)हो ॥ ॥ सामुद्रितिलके ॥ रोमावलि ॥ कटि थाउ हुन्या कटि ठाऊ नहुन्या हो त सो स्त्रीको पुरुष मर ॥ दलिद्रि हो छ मैनैभीत्र होई संशय नहि ॥ ॥

अथ हृदयलक्षणं ॥ उत्पले ॥ छाति पुरिया रौं नहुन्या सो निको ॥

अथ स्तनलक्षणं ॥ ॥ बाटुलो उच्चो. साह्रो दुई नजिक हुन्या एस्तो हो त निको गर्भको समय. दा-

(ख पत्र)

हिनो भारि हो त पुत्र होला बाऊ भारि हो त कंन्या होला ॥ ठाडा एक सानु एक ठुलो हो त स्तन दुखि दरिद्र हो ॥ ॥

अथ चुचकलक्षणं ॥ ॥ भविष्य ॥ स्तनको गेडि लामो हो त. सो स्त्री धूर्त्त हो रति बहुतै प्रिय गर ॥ चेपट हो त रिसाहा बाझि हो ॥ ॥

अथ बाहुलक्षणं ।। स्कंडे ।। पाषुरामा मोटो रौं हुन्या सो विधवा हो ।। छोटो बाहु हो त सो दासि हो ।। लामो बाहु भया निको ।। मनिबन्ध हतकेलो परिक्षा गर्नु ।। बऊतिर पुरुषको जहि स्त्रीको सूरलेषा छोडि ।। ।।

अथ नषलक्षणं ।। स्कांडे ।। राता उ(ठ्याको)नष निको ।। बहुत सानो सुक्याको विवर्ण मापाको ।। पहेलो रोगि नष फुल(न्या हो)त सो स्त्री आपनु मन पर्न्या जस्तो गर । ।।

अथ कंठलक्षणं ।। कासिषं(डे चाक-)

(क पत्र)

लो बाटुलो वा एक अंगुल उचो निको. तिन लेषा गलामा हुन्या बहुत निको (. बावलो ग)लो हुन्या विधवा हो लामो गलो हुन्या षयारि. चेपटो गलो हुन्या बांझि हो ।।. . . निर्धनि ।।

अथ चिबुकलक्षणं ।। स्कांडे ।। चिऊडो दुई अंगुल हुन्या. बाकलो- - -ल एस्तो चिऊडो निको ।। ठुलो लामो हुन्या चिऊडो मापाको ।। ।।

अथ मुषलक्षणं(।।)स्कांडे ।। गाला मस्यालो चाकलो उच्चो निको ।। रौं हुन्या सानु हडाहा. एस्तो हो त मापाको ।। भविष्य ।। चौंकुन्या मुख हुन्या स्त्री धूर्त्त ठुलो मुख हुन्या मानिस नरुचाव ।। मस्यालो कमल जंहि मुष हो त सो निको ।। ।।

अथोधरलक्षणं ।। ।। अधर कोमल सो निको ठुलो भया कलह गर निलो भया दुखी ।। ।।

अथ ओष्टलक्षणं ।। भविष्य

(ख पत्र)

।। ओष्ठ तिषो हो त. क्रोधि माय नहुन्या बरोबर हुन्या निको ।।।।

अथ दन्तलक्षणं ।। ।। भविष्य ।। ।। शंष कुंदको जौंहि सेतो चिल्लो. छेद नहुन्या एस्तो दांत स्त्रीका हो त सो निको, दंतनसा कालो भया मापाको ।। ।। स्कांडे ।। गाईका घिउको वर्ण ,बत्तीस दांत हो त शुभ ।। अधिक दांत हो त महतारि बाबा मर ।। जगन्मोहने ।। दांत हलंन्या हो त सो स्त्री बाझि ।। ।।

अथ जिह्वालक्षणं ।। भविष्य ।। लामो रातो जिभ्रो निको छोटो ठुलो विवर्ण ।। कालो हो त कलहि ।। ।।

अथ तालुलक्षणं ।। स्कांडे ।। चि(ल्लो) रातो कोमल तालु हो त निको ।। निलो भया विधवा हो ।। पहेलो भया व्यभि(चारी) कालो भया दुखि रुषो भया चोरनि ।। ।।

अथ हंसिलक्षणं ।। ।। कासिखं(डे दांत)

(क पत्र)

थोरो देखाई गाला किछु चलाई आषा नचिमिलि. एस्तो हासनु निको (॥ हांस्ता) सदा. गाला बहुतै गँह्लो पर त सो व्यभिचारि हो ॥ ॥

अथ नासिकालक्षणं (भवि)ष्ये ॥ न ठुलो न पाटलो न बांगो न लामो एस्तो नासिका हो त. भलि लक्षणकि (हो) ॥ ॥

अथ छिउकालक्षणं ॥ स्कांडे ॥ साह्लो छिउन्या मनाक जीव दुइ तिन् बेर छिउन्या पतिव्रता हो ॥ ॥

अथ नेत्रलक्षणं ॥ स्कांडे ॥ स्त्रीको नेत्र अंत विषय रातो. अरु कालो, गाईका घिव्र वर्ण चिल्लो सो भलो ॥ ॥

अथ प्रश्नलक्षणं ॥ काशिखंडे ॥ परेवाको रौं जंहि चिल्लो. कालो. सानो. सो भाग्यवति हो. फैलो छिचरो ठुलो भया सबले निंदा गर्न्या हो ॥ ॥

अथ भ्रुलक्षणं ॥ ॥ भविष्य ॥ बाटुलो भौ भया

(ख पत्र)

भाग्यवति हो ॥ लामो रौं हो त वंध्या हो ॥ फैलो रौं दुई छ्युाको हो त सो दलिद्रि ॥ ॥

अथ कर्णलक्षणं ॥ काशिखंडे ॥ लामो कान हुन्या सो भलो सोर सुन सानु. नसा देदिन्या बांगो सो मा[पा]को ॥ ॥

अथ ललातलक्षणं ॥ जगन्मोहने ॥ उच्चो फराक चिल्लो निधार भलो ॥ ॥ शिरलक्षणं ॥ काशिखंडे ॥ हाथीको कुमस्थल जस्तो कपाल हो त सो भोगवन्त सुखि स्त्री हो ॥ ठुलो कपाल भया विधवा हो. लामो कपाल भया पापि ॥ चाकलो भया अभागि. स्त्रीको कपाल संम भयाको निको ॥ ॥

(अथ) केशलक्षणं ॥ ॥ भविष्य ॥ पातलो कालो. चिल्लो नागबेलि जँहि केश (हो त) निको ठुलो लामो मापाको ॥ ॥

अथ कोटिलक्षणं ॥ ॥ रुद्रयामले (॥स्त्री-)

(क पत्र)

को कंठ अधर हो त. कान. स्तन. वामतिर. कोटि हो त. तसकन पहिले पु(त्र हो॥) भ्रुका अंतर निधारमा कोटि हो त सो स्त्री राज्यको चर्च्चा लिन्या षलच्या (हो ॥ हात)मा गलामा. तिल हो त मिठोमिठो षान पाव ॥ दाहिना पेतमा तिल हो त छो(री-) र छोरो तिन

पावला ।। वाम स्तनमा तिल हो त एक छोरा पाव ।। तब विधवा होला ।। भगको दाहिनातिर टिल हो त. महारानि हो ।। छोराले पनि राजा पाव।। नाकका टुपामा रातो कोटि हो त सो भलि भाग्यवंत ।। कालो कोटि हो त विधवा हो ।। ।। अथवा महेन्या हो ।। नाभिमनि तिल हो त सो भलि भाग्यवन्त।। गोलिगाठोमा तिल हो त दलिद्रि ।। गर्भ हुंदा ॣ कांन. ताह. गलो फर्कदा पुत्रजन्म ।। ।। इति

(ख पत्र)

स्त्रीलक्षणं ।। ।।

अथ आवर्त्तलक्षणं ।।।। भविष्य ।। पिठमा भौंरि हो त नाभिमा नहो त सो स्त्री विधुवा हो।। भगमा भौंरि हो त सो स्त्रीले पुरुषकन षा।। नाभिमा भौंरि हो त. सो स्त्री पतिव्रता हो ।। कंठिमा भौंरि हो त. निलज्जा भै स्वछंदमा रहला ।। निधार. पेट. भग. तिन ठाऊ भौंरि हो त सो स्त्रीले देवर. ससुरा पुरुष तिनैकन मार ।।

अथ गंधलक्षणं ।। जगन्मोहने ।। धानको वास हुन्या स्त्री जीवनु मन भया विवाहा नगर्नु ।। ।।

अथ गतिलक्षणं ।। भविष्य हंस. गोरु. चषेवा. सिंह. हा(ती) जहिं हिड त. सो स्त्री लक्षणवन्त भन्नु ।। ।।

अथ वर्णलक्षणं ।। भविष्य ।। (सांव)लो गोरोचन जं हि. गोरो एस्तो वर्ण भयाकि स्त्री निको. एस्तो न हो त...

(क पत्र)

।। ।। अथा स्त्रीसर्वलक्षणं ।। सर्वगात्रलक्षणं ।।

अथ चक्रं ।। रहस्य क---(एक) चक्र हो त राजा ।। दुई चक्र हो त मंत्रि ।। तिन चक्र हो त धनि ।। चार चक्र हो त रा(जसी पांच) चक्र हो त भाग्यवन्त. ।। छ चक्र हो त आचारि ।। सात चक्र हो त भोगि ।। आठ च(क्र हो) त दलिद्रि ।। नव चक्र हो त धर्मात्मा ।। दश चक्र हो त जोगी भलो जोग गर्ला ।। ।। इ(ति) चक्रलक्षणं ।।

दोहरा ।।

गोरषनाथ जगतगुरु त्रिभुवनतारणकाल् ।।
श्रीपृथ्वीपति साह कहत. जुगजुग दिजे राज ।।१।।
साके सोह्र सय चौधह पंचमि सुरगुरुवार
ज्येष्ठशुक्ल संग्रह किजे सब ग्रहंथकि सार ।।२।। ।।

इति जसवन्तसिंहेन. संग्रहकृत षस्‌भाषया लक्षणसागरपुस्तकं समाप्तं शुभं ॥ ॥ राम ॥ राम ॥ राम ॥

(ख पत्र)

॥ ॥ इति सम्वत् १८९८ साल मिति भाडोवदि ५ रोज ७ का दिन सिद्ध गऱ्याको आदृशबमोजिम् लिखिति भोगेश्वरी कर्माचार्य्य भयो शुभं भवतु सर्वदा शुभं ॥

शाके १६१४ (वि. सं. १७४९) ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	१४	बुध	पञ्चमी	२।	२३

यताबाट वि. सं. १७४९ ज्येष्ठशुक्ल पञ्चमीको समाप्ति बुधवार २ घडी २३ पलामा हुन आयो र लक्षणसागरको पुष्पिकावाक्यमा भनिए जस्तो ज्येष्ठशुक्ल पञ्चमीमा बृहस्पतिवार पर्दैन भन्ने स्पष्ट देखियो । यसरी गणना मिल्न नआएकोले यसमा विशेष विचार गर्नुपरेको छ ।

गणना गर्दा मेषसङ्क्रान्तिको तिथिशुद्धि २१.५४२ आएको छ । तिथिशुद्धि १९ भन्दा वढी आएमा अधिमास पर्ने संभावना हुने हुनाले[३] अधिमाससारणी पल्टाई हेर्दा सो वर्ष भाद्र महीनामा अधिमास परेको देखियो । लिच्छविकालमा र त्यसपछि केही कालपछिसम्म चलेको अधिमासपद्धतिमा पर्दै नपरेको अर्थात् त्यही वर्षमा पछि पर्ने अधिमास पनि आषाढ तथा पौषमा मानी व्यवहार गर्ने चलन थियो भन्ने कुरा सिद्ध भइसकेको छ ।[४] यो चलन यस समयमा अर्थात् विक्रमको अठाह्रौं शताव्दीमा चलेको उदाहरण पाइएको छैन तापनि भाद्रमा आउने अधिमासलाई पहिलेवाटै लिइयो कि भन्ने अनुमान गरी गणना गर्दा तलको रूप आयो।

शाके १६१४ (वि. सं. १७४९) ज्येष्ठशुक्ल

	गते	वार	तिथि	घडी	पला
आषाढ	११	बृहस्पति	पञ्चमी	२१।'	१०

यसरी पृथ्वीपति शाहको पालाको यस पुस्तकमा दिइएको तिथिमिति सोझो रूपवाट गणना गर्दा नमिलेको र अधिमास जोडी गणना गर्दा भने मिल्न आएकोले त्यस वेला पनि यस पद्धतिको प्रयोग भएको थियो कि भन्ने शङ्का उठ्न आएको छ। तर यत्तिकै भरमा मात्र निर्णय हुने कुरा यो होइन भन्ने यस प्रसङ्गमा स्मरणीय छ।

---

३. इन्डिअन् यान्ड् फरइन् क्रोनलजिको ३९ पृ.
४. मेडिईभल् हिस्टरि अफ् नेपाल् (दोस्रो संस्करण) का ११–२० पृ.

वि. सं. १८९८ भाद्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी	पला
श्रावण	२५	शनि	पञ्चमी	३७।	२८

(लक्ष्मीपतिसङ्ग्रहमा रहेको पात्रोबाट । वीरपुस्तकालयको उल्लेख नगरी यस पुस्तकमा जहाँ जहाँ पात्रोबाट भनी लेखिएको छ, त्यहाँ त्यहाँ ती पात्रा लक्ष्मीपतिसङ्ग्रहका हुन् भनी बुझ्नुपर्छ ।)

ऐतिहासिक सामग्री दोस्रो खण्ड

(१ सङ्ख्या)

पृथ्वीनारायण शाहको चिना

अप्रकाशित ३४ हात १६ अङ्गुल लामो श्री ५ पृथ्वीनारायण शाहको चिनाको माइक्रोफिल्म परराष्ट्रमन्त्रालयको (हाल नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको) १ सङ्ख्याको रीलमा छ ।

केसरशमशेर ज. ब. रा. को सङ्ग्रहमा रहेको वंशावलीमा पृथ्वीनारायण शाहको उपर्युल्लिखित चिनाको केही अंश परेको छ । त्यहीँबाट लिई बाबुराम आचार्यद्वारा संस्कृत सन्देश १ वर्ष ६ अङ्कका ११–१२ पृष्ठमा सो छापिएको छ । त्यसपछि चिनाको सोही अंश नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ३८८–३९० पृष्ठमा अनुवादसहित छापिएको छ ।

प्रकाशित सो चिनामा परराष्ट्रमन्त्रालयमा रहेको मूल प्रतिबाट केही थपी यहाँ दिइएको छ । संस्कृत–सन्देश तथा श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा मूलबाट पाठ नदिइएकाले यहाँ पाठान्तर दिने काम गरिएन ।

श्री ५ पृथ्वीनारायण शाहको उपदेशमा दिइएको अनुवादमा थपथाप पारी यहाँ दिइएको छ ।

... कलिगतवर्षाणि ४८२३ अथ विक्रमादित्यराज्यतः श्रीसम्वत्
श्रीशालिवाहनीयशाकः १६४४ माशे ९ तिथौ १ वारे ५ नक्षत्रे राशौ अंशके योगे
लग्ने मुहूर्त्ते करणे २ ...अथ चांद्रमाने कृष्णपक्षे अमावास्यातिथौ घटिका
चषा शुक्लपक्षे प्रतिपदातिथौ जन्मः ।। चांद्रे पूर्वाषाडानक्षत्रे घटिका २ चषा ४१ उत्तराषाडानक्षत्रे जन्मः ।। ।। तस्य भुक्तघटिका २३ चषा १२ तात्कालिक-चंद्रवशाद् भूक्तघटिका ३४ चषा ४६ प्रसंगात् व्यागातयोगे घटिका २ चषा २ हर्षणयोगे जन्मः ।। ।। अथ सौरमानेन दिन पौषमासे दिन २७ गते ।। शेषदिन ३ गुरुशुक्रान्तरे समस्तदिन रात्रीगतघटिका १० चषा शेषघटिका २६ चषा ४५ जन्म इतीष्टकालः ...

अथ देशांतरचरांतरभुजांतरादिसंस्कृता सूर्यादिनां स्फुटा लिख्यते ।। ।।...

रवि-तार	चंद्रता.	भौमता.	बुधःता.	जीवः	शुक्रता.	शनिता.	राहुता.
८	९	८	८	८	९	८	२
२७	४	२	१५	५	१४	३	१
२०	२३	५५	३	१८	१७	३९	३१
५६	४६	०	२४	३३	३	५०	२३

...



... अथ जागेश्वरविषये पूर्वविसे पारकोटमध्ये गोरक्षानाम्नः राज्ये विविधजनावकीर्णे तत्र निवसतः ॥ श्रीमन्निजकुलकवलकमार्त्तंडविराजमानश्रीदेवगुरुपितृभक्तस्य परमधार्मिकस्य परोपकारनिपुणसर्वगुणालंकृतधनुर्वेदादिकुशलपरमवैष्णवपरमशीवभक्तादिस्वधर्मानुष्ठानतत्परस्य ॥ परमौदार्यादिगुणयुक्तस्य ॥ ॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्माहाराजाधिराजश्रीश्रीश्रीमन्नरभूपालसाहदेवानां सदा समरविजयीनाम् ॥ स्वसाषोक्तधर्मेण परिगिताया धर्म(प)त्न्या सरद्चंद्रवदनाया सर्वगुणालंकृताया अतिसौन्दर्यसच्छिलशिल्पादिगु(ण)समूहविभूखिताया नित्यं प्रहसितववनाया ॥ स्वस्ति श्रीगि(रि)राजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्मा(हा)राजाधिराजराज्ञिश्रीश्री– – – – – देविनां सदा सौभाग्यवतिनां ॥ ॥ सुवर्णकुक्षौ प्रथमसुपुत्रो जातः ॥ नाक्षत्रनाम्नः विश्वेदेवादेवता ॥ लोकप्रसिद्धनाम्नः ॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्माहाराजाधिराजकुमारश्रीश्रीश्रीमतृनृपपृथ्विनारायणसाहदेवानां सदा समरविजयीनाम् ॥

[कलिगतवर्ष ४८२३ श्रीविक्रमसंवत् श्रीशाके १६४४ नौ महीना प्रतिपत् तिथि बृहस्पतिवार नक्षत्र राशि अंश योग लग्न मुहूर्त ववकरणमा, चान्द्रमानले कृष्णपक्षको अमावास्या घडी पलाउप्रान्त शुक्लपक्ष प्रतिपत्तिथिमा, पूर्वाषाढानक्षत्र २ घडी ४१ पलाउप्रान्त उत्तराषाढानक्षत्रमा, उत्तराषाढानक्षत्र २३ घडी १२ पला बितेमा, तात्कालिक चन्द्रअनुसार ३४ घडी ४६ पला बितेमा, व्याघातयोगको २ घडी २ पलाउप्रान्त हर्षणयोगमा, सौरमानले पौष २७ गते, (पौष महीनाको) ३ दिन बाँकी रहेमा, गुरु र शुक्रको अन्तरमा, दिन सबै बिती रातको १० घडी पला जाँदामा, रात २६ घडी ४५ पला बाँकी रहेमा जन्म ।

देशान्तर, चरान्तर, भुजान्तर आदि संस्कार गरिएका स्पष्ट सूर्यहरू लेखिन्छन् ।

सूर्य	चन्द्र	मङ्गल	बुध	बृहस्पति	शुक्र	शनि	राहु
८	६	८	८	८	६	८	२
२७	४	२	१५	५	१४	३	१
२०	२३	५५	३	१८	१७	३६	३१
५६	४६	०	२४	३३	३	५०	२३

जागेश्वरविषयमा; पूर्वविषयमा; पारकोटमा; किसिमकिसिमका मानिसहरूको बसोबास भएको गोरखाराज्यमा बसेका; आफ्नो कुलरूपी कमलको सूर्य जस्ता; देवताको, गुरुको र पितृको भक्ति गर्ने; ठूला धर्मात्मा; परोपकार गर्नमा कुशल; सबै थरी गुणले सिँगारिएका; धनुर्वेद आदिमा पारङ्गत; परमवैष्णव परमशैव आदि; आफ्नो धर्मको अनुष्ठानमा लागेका; ठूलो उदारता आदि गुणले युक्त भएका स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका; नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका; ठूलो इज्जत भएका; सधैँ लडाईँमा जित्ने श्रीमन्महाराजाधिराज श्रीश्रीश्री-नरभूपाल शाहका आफ्नो शाखामा बताएको धर्मअनुसार विवाह गरिएकी धर्मपत्नी; शरद् ऋतुका चन्द्रमा जस्तो मुख भएकी; सबै गुणले सिँगारिएकी; ज्यादा सौन्दर्य, असल स्वभाव र सीप आदि गुणका थुप्राले सिँगारिएकी; सधैँ हँसिलो मुख भएकी; स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, श्रीमन्महाराजाधिराजका बडाहारानी; सौभाग्यवती श्रीश्री ----- देवीको असल कोखबाट जेठा सुपुत्र जन्मनुभयो ।

नक्षत्रका नामले विश्वेदेवा देवता, लोकमा प्रख्यात नाम स्वस्ति श्रीपहाडका राजाहरूमा श्रेष्ठ भएका, नरनारायण आदि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका, श्रीमन्महाराजाधिराजकुमार, सधैँ लडाईँमा जित्ने श्रीश्रीश्री-मत्नृप पृथ्वीनारायण शाहदेव ।]

(२ सङ्ख्या)

नन्दा मिश्रको उल्लेख भएको वि. सं. १८२८ को पत्र

अप्रकाशित यो पत्र धादिङको मालकार्यालयमा छ । यो पत्र ललितपुर जावलाखेल तफालोट बस्ने शशिधर रिमालका वारेस काठमाडौँ भाटभटेनी बस्ने डम्बरबहादुर पाँडेले वि. सं. १९९६ श्रावणमा पेश गरेको नक्कलबाट सारिएको हो ।

स्वस्ति श्रीगीरीराजचक्रचूडामणिनरनारायेणेत्यादीवीवीधवीरूदावलिविराजमानमानोनतश्रीमंमहाराजधीराजश्रीश्रीश्रीमहाराजपृथ्वीनारायणसाहबहादुरसम्सेरजङ्गदेवानां सदा समरवीजइनाम्

आगे स्यामलाल मीश्र शंकर मीश्र विश्वनाथ मिश्र इ तिन् भाइ मिश्रहेरूको अंस गोला हाली अंसबंड त भयो. तस्माहा स्यामलाल मिश्रलाइ भाइको अंस भयो. तस्को साध सिद्धका थानदेषी उधो साध षोलैषोला तृसुलगंगाजीको तृसुलगंगागंगै बेनि पुग्यो. बेनिदेषि उभो गंडीगंडी धोवाडी दोभान् पुग्यो र उमरे षेत चीम्याडी षेत फेदीको चालीस्या षेत वडारे षेत भेडाबारीको चीउरीबोटे षेत ज्मा षेत बाघपाने अंस औ पाङट्टारको दांडी नन्याकोट्गाउको माटाको घर आधा बारी गरषा गलिको मुरी ८०। षेत बोहराब्यासीको ८०। षेत मुरी ६०। साठी षेत बेलकोट्को सावात्री धंन मुरी ५३। सबै ज्मा खान सहेत हल र ७७३। मुरी यो अंस आफनु बितलब बिर्ता जानी पुस्तापुस्तासम्म भोग्य गर्नू. यो अंस पन्याको मीलेन थोरै पन्यो भनी कालकला पुस्तादरपुस्ता कसैले भाईले झगडा नगर्नू सर्वथा. उप्रांत ३ साल छोटालाका षोल्सादेषी पुर्व कुर्मका बोट र छोदेषी पुर्व साध षोला भी(र)को उभो साध षोलादेषी पछीं दारीमटारका उपला ढीका उहाको सोझो साध्य षोला भीलो बाझको थला र माझीगाउ र घाट साझा रह्यो. येतिभीत्रका जमीन घाट् साझा रह्यो. उप्रांत दरवारको गुरुपदवी उ पनि स्याम्लाल मीश्रज्यूकन बक्स्यौं. कालकला नन्दा मीश्रज्यूका संतान्महा जो सपुत. हाम्रो सोही गुरु होलान्.

सम्वत् १८२८ साल मार्गसिर्षसुदी ११ रोज ३ मुकाम काठ्माडौ सुभ्म्——

वि. सं. १८२८ मार्गशुक्ल

	गते	वार	तिथि	घडी	पला
पौष	५	मङ्गल	एकादशी	५२।	१३

(३ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८३२ को पत्र

परराष्ट्रमन्त्रालयको (हाल नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको) महत्वपूर्ण पोकाको (३ सङ्ख्याको बट्टाको = माइक्रोफिलम १ सङ्ख्याको रीलको) २६ सङ्ख्यामा यो पत्र रहेको छ। यस सकल पत्रको लम्वाइ ३४.७ अङ्गुल र चौडाइ ३०.३ अङ्गुल छ। सकल पत्रमैं नेपाली भाषामा अनुवाद गरिएको खेस्रा कागत पनि नत्थी गरिएको छ।

सर्वप्रथम यो पत्र वंशावलीको आधारमा डिल्लीरमण रेग्मीद्वारा मड्अर्न् नेपाल्का २२६–२२७ पृष्ठमा छापिएको हो, त्यसपछि विविध वंशावलीहरूका आधारमा धनवज्र वज्राचार्यद्वारा त्रिरत्नसौन्दर्यगाथाका २७३–२७६ पृष्ठमा अनुवादसहित छापिएको छ । ती पुस्तकमा मूलबाट पाठ नदिइएकोले यहाँ पाठान्तर दिने काम गरिएन।[१]

यहाँ दिइएको अनुवाद उपर्युल्लिखित खेस्राबाट सारिएको हो ।

(क) १ श्री ३ सहाय ।।[२]

(ख) १ ॐ स्वस्ति श्रीबुद्ध, श्रीधर्म्म, श्रीसंघ, त्रिरत्नसहित, थम्रो थम्रो[३] श्रीइष्टदेवता, श्रीकुलदेवता, श्रीधर्मपाल, श्रीक्षेत्रपाल, थ्वते देवता साक्षि तयाम्रो[४],

श्रीदुर्ग्गा

भवानि

(१) स्वस्ति श्रीनिखिलमुनिगणाधिष्ठितहिमाचलनिर्झ्रिरनिर्झरदूरीकृतदुरितेषु निखिल-दिग्विलासिनिकर्ण्ण[५]पूरीकृतकीर्त्तिलतापल्लवेषु समस्ताशास्तंबेरमकर्ण्ण-तालारफालनबहलपव-

१. वि. सं. २०३९ श्रावणमा मूलबाट पढी यस सङ्ग्रहमा राखिएको यो पत्र पछि वि. सं. २०४० ज्येष्ठमा शङ्करमान राजवंशीद्वारा रोलम्ब ३ वर्ष २ अङ्कको नेपाली खण्डका ७–१० पृष्ठमा मूलबाट पढी दशरामशरा गरी छापियो ।

२. यो पङ्क्ति रोलम्वमा छैन ।

३. रोलम्ब – श्री धर्म श्री संघत्रिरत्न सहित थवथव

४. " – तयाव

५. " – °कर्ण°

(२) नर्त्तितप्रतापेषु[६] श्रीश्रीश्रीग्यालछाप रिंबोछे लामाजुस्त ॥ स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधि-

(३) राजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबाहादूरसम्शेरजङ्गदेवेन[७] ,, धर्म्मपत्र गच्छ ,, न्हापां श्रीराजा राम साहश्रो[८] ् श्रीथांचो ष्यम्बा लामाजुश्रो[९] ् न्हापां नेपालश्रो ् ल्हासश्रो ् घा ् याङाश्रो[१०]

(४) धर्म्म साँच करार ् सहि थामय याङाश्रो[११] ् षासास ् ल्हासन श्रोश्रो ् भारा ् वकील ् श्रीयोंजि रिंपोछे ् अवतालि लामाजु ् पटोला श्रीलामाजुया हजुरि श्यालु-ग्पो[१२] ् चम्या सर्दार ध्यवा[१३] पाछा-

(५) ल ् भारादार ध्यवा छाछाङ ् दोभ्गसि छिरिं टुंवुपे नामषा छिरिङ ,, शुषिमया थुहि तंडूल[१४] ् लोवोन् ,, चुँदुर ,, थ्वते ् गोर्षा नेपालया भारा वकिल ् काजि सर्ब्बसिंहया किजा ् रूपनाराय-

(६) न[१५] ् काजि वंशराज पांदेया कायचा[१६] ् जगधर पाँदे[१७] ् तकसारि भनसारि प्रतापसिं ् जश्राम थापा ् वैजनाथ उपाध्या ् लक्ष्मीनारायण उपाध्या ् समन्तभद्र ् लक्ष्मीसिं ् दामोदर उपाध्या ् रत्न ् बती-

(७) सकोथिया महाजन ् जयकुसल[१८] ् विरमहन्त ् पंच ् बालकृष्ण दत्तसि ् भाजुदेव ् थ्वते आदमि ् षासास चोङाश्रो ् याङागु घा ् साँच करार ् थामय याङाश्रो[१९] ् धर्म्मपत्र चोस्यं बिया ,, सम्व-

---

६. " – समस्ताणास्तं वेरमकर्ण मालाव फालन वहल पव न र्नतित प्रतापेषु
७. " – ° शाह वाहादुर समशेर जङदेवन
८. " – शाह व
९. " – श्री थांचोष्यम्त्रा लामाजु व
१०. " – नेपाल व ल्हास व द्यायाङाव
११. " – थामय् याङाव
१२. " – श्यार्लुष्पंपो
१३. " – ध्यवो
१४. " – तंडुल
१५. " – रुपनाराय नं
१६. " – काय्चा
१७. " – पांडे
१८. " – जयकुशल
१९. " – याङाव

(८) त् ८९५ मिति श्रावणशुक्ल १३ बुधवार, थ्व कुन्हु, श्रीजिनेंद्र[२०] मंजु श्रीसमुद्ररत्न लामाजु, श्रीग्यालछाप रिपोछे लामाजुया, वकिलश्रो, गोर्षा[२१] नेपालया माहाराजा श्रीश्रीश्रीमहा-

(९) राज प्रतापसिंह शाह[२२] बहादुर सम्सेर्जङ्गदेवस, वकिल, श्रो, निखेयाँ, खें ामलाययाय धुनकाश्रो निखेयातं तयगु पत्रया अर्थ, नेपालन श्रोश्रोगु, मोहोर, नेपालराज्य[२३], नेपालया राजा-

(१०) राजाया पालास, चलय[२४] याङागु मोहोरया[२५] चासनिया खें, नेपाल-श्रो, ल्हासश्रो, बारंबार, करार यातसां[२६], करारस मचोसे, चासनि घति बधि याङाश्रो सेनकाश्रो[२७] हल, ग्व वेलसं भिनक चां-

(११) दिन जुको चियाश्रो[२८] हल, थ्वतेया कारनन[२९] लुं श्रोहोया भाश्रो मिलययायां मजियाश्रो[३०], नेपालस, लुं, श्रोहो, थिकय[३१] जुल, लंपु चलयं[३२] मजुल, श्राश्रोनलि[३३], मोहोरया छाप, राजाया मनोग्य, चा-

(१२) सनिया खें, षासास, बानकि हयाश्रो, चिनं तिङाश्रो, थ्यकना याङाश्रो, तयागु, चासनि मसेंनक, श्रदिक, भरति याङाश्रो, मोहोर दयकाश्रो[३४], नेपाल यं[३५] देशन छोय, मोहोरया चासनि

---

२०. " – श्री जिनेन्द्र

२१. " – श्री श्यालछापरिपोछे लामाजुया वकिल ओ गोर्षात

२२. " – महाराजा श्री श्री श्री महा राजे प्रतापसिंह शाह

२३. " – घुनकाश्रो निखेंयातं तयगु पत्रया अर्थ नेपाल नओ ओगु मोहोर नेपाल राज्यें

२४. " – चलय्

२५. " – मोहरया

२६. " – यातसा

२७. " – करार समचोसें चास निधति वधियाङाव सेनकाव

२८. " – चियाव

२९. " – कारणस

३०. " – मिलये यायां मजिया व

३१. " – श्रोहा थिकय्

३२. " – लपु चलय्

३३. " – श्राश्रोनली

३४. " – मसेनक श्रदिक भरतियाङाओ मोहोरदय्का श्रो

३५. " – यें

(१३) बानकिस घतययाय मदु ॥[३६] चासनि भिनके मालसा , अमकनओ ,
थनओ , मतन[३७] भिनके , थ्वते धुसेनलि , ल्हास , सर्कार , झुम
देशदेशया महाजन , बंजाल , कोथकोथया जिमिदार , सकल-
(१४) सेनं , चलययाय मालक , ल्हास सर्कारनं हुकम दयकाओ[३८] पत्र
बिया , थुगु जात मोहोर , देशदेशया , राजाराजापनिसेन ,
छाप षुयाओ , थओ[३९] छाप दयकाओ , मोहोर दयकाओ , चला-
(१५) ययात ओलसां , चलययाय मदु , कदाचित , सुनानं , हलसा ,
ल्हास , सर्कारन , निरख याङाओ , गोर्षा नेपाया राजायात ,
सोपययाय माल ,, लुं , ओहो , चीजबीज , उतरहन मचोङ[४०] , भा-
(१६) ओ दयके मफु , थासथासया महाजन , बंजालन , थओ थओ
मनोमानन , भाओ मिलय याङाओ , काय बिय यायु[४१] ,, पूर्व पश्चिम ,
मध्यस , पर्वत , लँपुन , संन्यासि[४२] , मधिस्या , माहाजनप-
(१७) नि[४३] , कुति , केँल , थ्व निगुलि , लँपुन[४४] , विना , मेव , लँपुन
चलाययाय[४५] मदु , गोर्षा नेपालया अम्बलस , गोर्षा[४६] नेपालनं ,
छेकययाय[४७] , ल्हासया अम्बलस ,, ल्हासान छेकययाय , ल्हास सिका-
(१८) छेप्रमख , सदेशश , चोङ नेओर[४८] महान , बंजालया खँ न्हापा

---

३६. " – धतययायमदु
३७. " – मनन
३८. " – जुक मदयकाव
३९. " – राजाराजा पनिसेनं छापषुयाओ थव
४०. " – चलययाय्मदु कदाचित् सुनानं हलसा ल्हास सर्कारनं निरखयाङाओ गोर्षा नेपाया राजायात सोपययाय्माल लुं ओहो चीजवीज उत्तरहनम चोङ
४१. " – वंजालनं थओ थओ मनोमाननं भाओ मिलययाङाओ कायविय यायू:
४२. " – संन्यासी
४३. " – महाजन पनि
४४. " – केल थ्वनिगुलि लंपुनं
४५. " – चलाययाय
४६. " – गोर्खा
४७. " – छेकय याये
४८. " – ल्हासानं छेकययाय ल्हाससिका छे प्रमुख संदेशस चोङ नेवार

नेपालया मर्जातथ्य, नेपालया नायकन याय, ह्.णापा[४९] छात मर्जात बक्सय याङा[५०], आम्रो, सर्वज्ञ, श्रीकोंशांङावा[५१] तम्रोध-

(१९) ङ लामाजु, वागिंद्र शुभसुखसमुद्रम्रो, नेपाल, यँ देशया, न्हापाया राजाराजा समयस[५२], जुयाम्रो चोको, साध, सिवाध, सितों[५३], थितिबिति[५४] बसाय याङा, अर्को तरह याय मदु, थ्वते-

(२०) खंया, वाचा, धराङस[५५], ग्वह्म मचोन, म्रोह्मसयाके, ङ्य धानि ५० लुं, गच्छ काय[५६], सम्वत्[५७] ८९५ मिति भाद्रपदशुक्र ६ शुभ ॥[५८]

[ॐ स्वस्ति श्रीबुद्ध श्रीधर्म श्रीशङ्घ त्रिरत्नसहित आपनाआपना श्रीस्वेस्त-देवता[५९] श्रीकुलदेवता श्रीधर्मपाल श्रीक्षत्रपाल यती[६०] देवता साछि राषी

स्वस्ति श्रीनिखिलमुनिगणाधिष्टित[६१]हिमाचलाद्रि[६२]निर्झरदूरीकृतदुरितेषु निखिलदिग्विलासिनि[६३]कर्णपुरिकृतकीर्ति[६४]लतापल्लवेषु समस्तासास्तंबेरमकर्ण[६५]-तालारफालनबहलपवनर्नातत[६६]प्रतापेषु श्रीश्रीश्रीग्यालछाप रिंबोछे लामालाई

---

४९. " – नायकनंयाय न्हचोया

५०. " – याना

५१. " – श्री कोंशांदावा

५२. " – सययस

५३. " – सिती

५४. " – थितिविती

५५. " – धराङन

५६. " – धानि ५० लु गच्छयाय

५७. " – संवत्

५८. यहाँ एउटा छाप लगाइएको छ, स्पष्ट नभएकोले त्यो छाप पढ्न सकिएन। रोलम्बमा यो छाप र माथिको श्रीदुर्गा भवानि छापको उल्लेख छैन।

५९. रोलम्ब – श्री सङ्घ त्रिरत्न सहित आपना आपना श्री श्वेस्त देवता

६०. " – श्री क्षेत्रपाम यशी

६१. " – °धिष्ठित°

६२. " – °हिमाचलादि°

६३. " – °दीग्वीलासिनि°

६४. " – °पूरि कृतकीत्ति°

६५. " – °समस्ता सास्त वेरम कर्णा°

६६. " – °र्नति त°

स्वस्ति श्रीगिरिराजचक्रचूडामणीनरनारायणेत्यादिविविधविरुदावली[६७] विराजमान मानोन्नत श्रीमन्महाराजाधीराज[६८] श्रीश्रीश्रीमहाराजे प्रतापसिंह साह बहादुर शम्सेर[६९] जङ्गदेवबाट धर्मपत्र गठ बक्सी पैल्हे[७०] श्रीराजा राम साह[७१] र श्रीथांचो षेम्बा[७२] लामाको अघि नेपाल र ल्हासाको घा बन्दोबस्त गरि धर्म साच करार सहि थामि ल्हासाबाट षासामा आयाका भारा वकील्[७३] श्रीयोंर्जी रिंपोछे औतारि[७४] लामाज्यू पोतला श्रीलामाज्यूका हजुरीया न्यालूष्यंपो[७५] चम्का सर्दार ढेवा[७६] पाछाल् भारावार ढेवा छाछांङ[७७] दोभासे[७८] छिरिं टुंडुप[७९] नामषा छिरिङ[८०] सुषिम्का थुहि तंडुल्[८१] लोवोन्[८२] चुंडुर[८३] इनीहरू[८४] र गोर्षा नेपालका भारा वकिल्[८५] काजी सरूपसिंहका भाई रूपनारायण, काजी वंशराज पाडेका भतिजा जगधर पाडे, टक्सारि भंसारि प्रतापसीं[८६], जसराम थापा, वैजनाथ उपाध्या, लक्ष्मनारायण उपाध्या, समंतभद्र[८७], लक्ष्मीसीं, दामोदर उपाध्या, रत्न, बतीसकोठीका

---

६७. " – °मणि नरनारायणेत्यादि विविध विरूदावली°
६८. " – श्रीमन्महाराजाधिराज
६९. " – शम्शेर
७०. " – पैल्है
७१. " – शाह
७२. " – खेम्वा
७३. " – वकिल
७४. " – औतारी
७५. " – न्यालूष्पंपो
७६. " – छेवा
७७. " – पाछाल भारादार ढेवा छाछाङ
७८. " – दोमासे
७९. " – छिरि टंडुप
८०. " – छिरिङ
८१. " – तंडुल
८२. " – लोवोन
८३. " – चुंडर
८४. " – इनिहरू
८५. " – वकिल
८६. " – भेसारि प्रतापसिं
८७. " – लक्ष्मी नारायण उपाध्या समन्तभद्र

महाजन्[८८], जयकुशल, वीरमहंत, पञ्च बालकृष्ण, दत्तर्सी[८९], भाजुदेव, यती मानीस्-हरू[९०] षासामा बसी गऱ्याको घा[९१] साच करार थामी धर्मपत्र लेषीदिञ्यू.

सम्वत्[९२] ८९५ मिती[९३] श्रावणशुक्ल १३ बुधवारका दिन श्रीजिनेन्द्र मंजु[९४] श्रीसमुद्ररत्न लामाज्यू श्रीग्याल्छाप रींपोछे[९५] लामाज्यूका वकील र गोर्षा नेपाल्का[९६] महाराजा श्रीश्रीश्रीमहाराज[९७] प्रतापसिंह साह बहादुर शम्सेरजङ्गका वकील बसी कुरा मिलाइ दुवैतर्फ राषने[९८] कागजको अर्थ.

नेपाल्बाट[९९] आयाका मोहर नेपालराज्य नेपाल्का[१००] राजाराजाका पाला-मा चलायाका मोहरका चास्नीका कुरा. नेपाल र ल्हासाको बराबर करार भयो तपनी करारमा नबसी चासनी घटि[१०१] बढी पारी बिगारी ल्याया. कौनै[१०२] बषत बढिया चादीको[१०३] मात्र टक्[१०४] बनाई ल्याया. यस् कारणले सुन् चांदीको[१०५] भाउ मिलाउन नहुने हुनाले नेपाल्मा सुन चादी[१०६] महंगो[१०७] भयो. रस्ता पनी बंद[१०८]

---

८८. " – वतीस कोटिका महाजन
८९. " – दत्तर्सि
९०. " – मानिसहरू
९१. " – धा
९२. " – सम्वत
९३. " – मिति
९४. " – मञ्जु
९५. " – श्री ग्याल्छा परिवोछे
९६. " – नेपालका
९७. " – महाराजे
९८. " – मिलाई दुवै तर्फ रायने
९९. " – नेपालबाट
१००. " – नेपालका
१०१. " – घटी
१०२. " – कौन
१०३. " – चाहीदो
१०४. " – टक
१०५. " – सुन चाहिदोको
१०६. " – नेपालमा सुन चाँदी
१०७. " – महगा
१०८. " – पनि वन्द

भयो. अबउप्रान्त मोहरका छाप राजाका मनोग्य मनमाफिक चास्नीका[१०९] कुरालाई षासामा[११०] नमुना ल्यायाको चिन्ह[१११] राषी ठेगाना गर्‍याको चास्नि[११२] नबिगारी तौल्मा घटि बढी[११३] नगरी मोहर बनाइ[११४] नेपाल् काठमाडौबाट[११५] पठाउनु[११६]. मोहरका चास्नी[११७] नमुनाबमोजींमा घटाउनु हुदैंन[११८]. चास्नि[११९] असल तुल्याउनुपर्‍यो भने ताहाको र ज्‍याहाको सल्लाह मिलाई बढिया तुल्याउनु. यति भयापछि ल्हासा सर्कार झुम[१२०] देसदेसका महाजन्[१२१] बेपारी गाउगाउका जीमीदार इ सबैले[१२२] चलाउनुपर्‍यो. ल्हासा सर्कारले हुकुम बक्सी पत्र दिया.

यस् जात्का[१२३] मोहर देसदेस्का[१२४] राजाराजाहरूले पनी[१२५] छाप चोरी आफ्नु छाप बनाई मोहर बनाइ चलं चलाउन आया भन्या चलन चलाउन हुदैंन[१२६]. कदाचीत[१२७] कसैले ल्याया भन्या ल्हासा सर्कारबाट निरष गरी गोर्षा नेपाल्का राजालाइ सौपीदिनु[१२८]. सुन चादी चीजबीजको[१२९] दरभाउ बसेन

---

१०९. " – राजाका मन माफिक चाहर्माका
११०. " – षामा
१११. " – चिह्न
११२. " – चाहिने
११३. " – तौलमा घटिबढि
११४. " – वनाई
११५. " – नेपाल काठमाण्डौवाट
११६. " – पठाउन
११७. " – चासनी
११८. " – नमुना वमोजिम घटाउनु हुन्दैन
११९. " – चाशिन
१२०. रोलम्वमा झुम यो शब्द छैन ।
१२१. रोलम्व– देशदेशका महाजन
१२२. " – गाउँगाउँका जीमीदार सवैले
१२३. " – यस जातका
१२४. " – देशदेशका
१२५. " – पनि
१२६. " – वनाई चलं चलाउन आया भन्या चलन चलाउनु हुन्दैन
१२७. " – कदाचित्
१२८. " – नेपालका राजालाई सौंपिदिनु
१२९. " – चाँदी चीजविजको

भाउ बसाल्न सकौंन. ठाउठाउका महाजं[१३०] बेपारीले आफ्नाआफ्ना षुसीराजीले[१३१] भाउ मिलाइ[१३२] लिनु दिनु गर्लान्.

पुर्व पश्चीम[१३३] मध्येस पर्वत्का रस्ताबाट[१३४] संन्यासी मधिस्य महाजन् पनी[१३५] कुति केरुंका[१३६] रस्ताबाहेक अरू रस्ताबाट चलाउनु हुदैन[१३७]. गोर्षा नेपाल्का अम्बल्मा[१३८] गोर्षा नेपालबाट छेकथुन् गर्नु. ल्हासाका अम्बल्मा ल्हासाबाट छेकथुन्[१३९] गर्नु.

ल्हासा डिगर्चा[१४०] प्रभृति देसमा[१४१] बस्ने नेवार महाजं बेपारिका[१४२] कुरा पैल्हे नेपालका मर्ज्यादाबमोजीम्[१४३] नेपाल्का[१४४] नायक (वकील) ले गर्नु. अघिको छात[१४५] मर्ज्यादा बक्साई अब सर्वज्ञ श्रीकोंसांङावा[१४६] बडा लामाज्यू वागिन्द्र शुभसुखसमुद्र र नेपाल काठमाडौका अघीअघीका[१४७] राजाराजाहरूका समयमा भयाबमोजीम्का[१४८] सांधसीमाना सिर्तो[१४९] थितीबिति बसाल्येको अर्को तरह गर्नु[१५०] छैन. यस्

१३०. " – ठाउँठाउँका महाजन
१३१. " – षुशि राजीले
१३२. " – मिलाई
१३३. " – पूर्व पश्चिम
१३४. " – पर्वत रस्तावाद
१३५. " – मधीष्य महाजन पनि
१३६. " – केरूंका
१३७. " – चलाउनहुन्दैन
१३८. " – नेपालका अम्वलका
१३९. " – छेक थुन गर्नु ल्हासाका अम्बलमा ल्हासावाट छेकथुन
१४०. " – डिगचां
१४१. " – देशमा
१४२. " – महाजन वेपारीका
१४३. " – पैल्हैं नेपालका मर्ज्यादा वमोजिम
१४४. " – नेंपालका
१४५. " – गर्नु अघिको छांत
१४६. " – श्री कीस्यंङापा
१४७. " – काठमाण्डौका अघि अघिका
१४८. " – भया वमोजिमका
१४९. " – सितो
१५०. " – गर्नुं

कुराका बाचाबंधन्मा[151] जो रहोइन. उस्संग[152] ५० धार्नी सुन गछ[153] लिनु.
सम्वत[154] ८९५ भाद्रशुक्ल ६ शुभ्म्[155] (विक्रमसंम्वत[156] १८३२ साल)

ने. सं. ८९५ (वि. स. १८३२) श्रावणशुक्ल

	गते	वार	तिथि	घडी पला
श्रावण	२८	बुध	त्रयोदशी	३१। ३८

ने. सं. ८९५ (वि. सं. १८३२) भाद्रशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	२०	शुक्र	षष्ठी	२२। २

१५१. " – बाचा वेधनमा
१५२. " – उसग
१५३. " – जछ
१५४. " – संवत्
१५५. " – शुभ
१५६. " – वि. सं.

(४ सङ्ख्या)

राम शाहको उल्लेख भएको पत्र

अप्रकाशित यो पत्र[१] परराष्ट्रमन्त्रालयको १४८ सङ्ख्याको खाममा छ। १२.२ अङ्गुल लामो र १०.५ अङ्गुल चौडा कागतमा यो लेखिएको छ।

श्री१.

श्री ५ बडामहाराजा राम शाह[३] श्री ५ बडामहाराजा पृथ्वीनारायण साह[४]
२ १

श्री ५ महाराजा हिं(सिं)हप्रताप[५] साह
३

(१) उप्रांत ------बाट मोरंगतक्[६] किरात अंम्बल[७] भैसकीयापछि सुषीम्का[८]
१

(२) राजाले हंगमा[९] गरि आइलागदा गोर्षाको फौज गैं[१०] कतल गरि[११] धपाया. तेस मुहु-

(३) डामा[१२] जान्या भारादार वक्सी अैमानसीं बन्स्यात्[१३] सर्दार पारथ भडारि[१४] सर्दार रामकृ-

---

१. वि. सं. २०३८ कार्तिक २८ गते परराष्ट्रमन्त्रालयबाट सारी अप्रकाशित रूपमा यस सङ्ग्रहमा राखिएको यो पत्र पछि वि. सं. २०४० आषाढमा त्रिरत्न मानन्धरद्वारा कन्ट्रिब्युशन्ज् टु नेप्लिज् स्टड्इज् १० वर्ष १–२ अङ्कका १२१–१२२ पृष्ठमा छापियो।

२. कन्ट्रिब्युशन्ज् टु नेप्लिज् स्टड्इज्मा यो छैन।

३. कन्ट्रिब्युशन्ज् टु नेप्लिज् स्टड्इज् – वडामाहाराजा राम साह

४. " – वडामाहाराजा पृथ्वीनारायण शाह

५. " – महाराज सिंह प्रताप

६. " – मोरंग तक

७. " – अम्वल

८. " – सुषिमका

९. " – हंगामा

१०. " – गैकन

११. " – गरी

१२. " – मुहुदामा

१३. " – वकसी औमान सिं वस्यात

१४. " – सदार पार थ भंडारी

(४) ण्ण[१५] कवर सुब्बा[१६] जगजीत पांडे सुब्बा वर्जवासी पांडे सुब्बा कृतसिं कार्कि जेठाबुढा श्रम-

(५) रसिं थापा. सुषीम्का[१७] लस्कर[१८] भाग्यापछि[१९] सुषीम्या राजाले ल्हासामा गुहार मागदा[२०]

(६) ल्हासाबाट गुहार दियेनन्. – – – – – – का पालादेषी भयाको धर्मसंगको[२१] दोस्तिमा २

(७) धर्मलि[२२] दोस्ति षलल गर्दा धर्मासंगको दोस्ति छोड्नु . हामीसंग दोस्ति गर्नु भनी ल्हा-

(८) साबाट बिंति गरि पठाउदा गोर्षाको र ल्हासाको दोस्ति भयो. गोर्षाको र सुषिमको

(९) कनका नदि सांध भयो[२३]. येति[२४] भयापछि– – – – सोर्गे हुनुभयो. – – – गादिमा १ ३

(१०) राज गर्नुभैं गोर्षाबाट उकील भै जान्या गंगानंद आचार्यलाइ[२५] सुषीमले मार्दा उकी-

(११) ल मान्याबाबत्[२६] सुषीम्यालाइ[२७] डंड गरी सीक्का रु[२८] ४००० लीबक्सनु भयो[२९] – – –

---

१५. " – सदार रामकृस्न
१६. " – सुवा
१७. " – सुषीमका
१८. " – लसकर
१९. " – आयापछि
२०. " – माग्दा
२१. " – धर्मासंग को
२२. " – धर्माको
२३. " – सुषीमको कनका नदि सांध भया
२४. " – यति
२५. " – अचार्यलाई
२६. " – मान्या वावत
२७. " – सुषिम्यालाई
२८. " – रू.
२९. " – ली वकसन भयो

(५ सङ्ख्या)

द्रव्य शाहदेखि नरभूपाल शाहसम्मको राज्यकालको टिपोट

धादिङ जिल्ला कटुञ्जे गा. प. वा. नं. ६ चरङ्गेका ईश्वरीप्रसाद सापकोटाको सङ्ग्रहमा रहेको अप्रकाशित यो टिपोट उहाँको सौजन्यबाट प्राप्त भएको हो। ३७.८ अङ्गुल लामो र ६.७ अङ्गुल चौडा कागतमा लेखिएको यस टिपोटमा विक्रमादित्यदेखि पृथ्वीवीरविक्रम शाहसम्मको उल्लेख गरिएको छ । शुरूदेखि प्रतापसिंह शाहसम्म एक थरी अक्षरमा र रणबहादुर शाहदेखि अन्त्यसम्म थरीथरीका अक्षरमा सो टिपोट लेखिएको छ । त्यसमध्ये द्रव्य शाहदेखि नरभूपाल शाहसम्मको राज्यकाल यहाँ दिइएको छ ।

श्रीगोर्षानगरे श्रीसाके १४८१ मासे ५ तिथौ ८ वारे ४ रोहीनीनछेत्रे गोर्षानगरे श्रीदर्भे साहा सिंगासने उपस्टे स्व वर्ष – १०

श्रीपुरन् साहा वर्ष	–	**३६**
श्रीक्षेत्र साहा वर्ष	–	**३**
श्रीराम साहा वर्ष	–	**२७**
श्रीडम्बर सा वर्ष	–	**९**
श्रीकृष्ण साहा वर्ष	–	**१८**
श्रीरुद्र साहा वर्ष	–	**७**
श्रीपृथ्वीपती साहा वर्ष	–	**४६**
श्रीविरभद्र साह वर्ष	–	**७**
श्रीनरभुपाल साह वर्ष	–	**२७**

(६ सङ्ख्या)

नरभूपाल शाहको मृत्युसम्बन्धी वाक्य

यो वाक्य लेखिएको सम्पुट (ठ्यासफु) काठमाडौँ वटु सवलबहालका मोहननाथ पाँडेको सङ्ग्रहमा छ ।

रणबहादुर शाहको पालाका लेखिएको यो वाक्य सर्वप्रथम नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ४९९ पृष्ठमा छापिएको हो, त्यसपछि दिनेशराज पन्तद्वारा पूर्णिमा ३३ अङ्कको ३५ पृष्ठमा गणनासहित छापिएको छ ।

यहाँ दिइएको गणना पूर्णिमाबाट सारिएको हो ।

सं. १७९९ शा. १६६४ रामनवमि नरभूपाल मुक्त भया.

वि. सं. १७९९ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	२५	बुध	नवमी	८।	५५

(७ सङ्ख्या)

पृथ्वीपति शाह र नरभूपाल शाहको उल्लेख भएको वि. सं. १८४३ को पत्र

अप्रकाशित यस पत्रको नक्कल परराष्ट्रमन्त्रालयको २७ सङ्ख्याको पोकोमा छ ।

श्री : १

श्रीपृथ्वीपति साह जिज्यु	–	२
श्रीनरभुपाल साह जिज्यु	–	१
श्रीजिज्यु श्रीबुबाज्यु	–	३

स्वस्ति श्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादुरसाहबहादुर्सम्सेजङ्देवानाम सदा समरविजयीनाम –

आगे– – – –लाई तनहुबाट ल्याई साहेबका गादिमा बसाउदा – – –ले
१ २
आफ्ना छोरा श्रीउद्योत् साह श्रीचन्द्ररुप साहलाई तिमिले थरिको गर्नु गर्‍यौ. छैटा थरमा सातौ थर चौबिसौ थरमा पचिसौ थर भयौ भनी किताप बक्सनुभयाको रहेछ. बाकि लिगलिगको उद्योग गरि पाति चर्‍हाउदा गोतियाभित्र अंस जादा बडाबडा चिज गोतिया छिज्यापछि देस जान्छ. दर्बार भारि रह्या राम्रो पर्छ. तदर्थ मेरो अंस सर्कार चर्‍हाउन्या. रिझले षानु. अंस जानि नषानु भनी बिन्ती गर्दा भलो बिन्ती गर्‍यौ भनी तम्रा सन्तानदरसन्तानभर वंस अंक मेटि तिमिलाई बक्स्यौं भनी आग्या भयाको रहेछ. श्रीचन्द्ररुप साह परलोग हुदा श्रीउद्योत् साह पुर्व जादा – – – –ले थरघर साछि राषि श्रीविष्णु साहको पाषुरा समाति मलाई
१
एसगादिमा बसाउन्या ईनैका बाबा हुन. – – – – –ले थरि बाधि सर्व अंक माफ्
१
भनि पिठ धाप बक्सनुभयाको रहेछ. – – – –हरुले बक्स्याको हामिले
२ १
श्रीविष्णु साह विर्भाव्व साहका असल बिह्याईतितिरका सन्तानलाइ तम्रा सन्तान

कस्तै अजान भया पनि हाम्रा सन्तानले यो सहि थामिदिनु भनि मोहोर गरि तम्रा सन्ता(न)पर्य्यन्त मार्नु तार्नु सर्का(र) बक्साई ब्येहोर्नु . अरू सर्व अंक माफ् गरि-बक्स्यौं. आफ्ना षातिरजामासग सर्व अंकसमेत आपनु अंम्बल भोग्य गर.

संवत १८४२ साल मिति चैत्रवदि ११ रोज २. मुकाम गोर्षा सहर तषत व(र)बार शुभं =

वि. सं. १८४२ चैत्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
चैत्र	१६	आदित्य	एकादशी	१७। ३६

(पात्रोबाट)

आदित्यवार १७ घडी ३९ पलामा एकादशीको समाप्ति भयो र पत्रमा भनिए जस्तो एकादशीको दिन सोमवार पर्न आएन। यसरी यस पत्रमा दिइएको मिति पूर्णान्तिमानबाट दिइएको नभई अमान्तमानबाट दिइएको हो कि भन्ने शङ्का उठ्यो र वि.सं. १८४३ को पात्रो पल्टाई हेर्दा यस्तो देखियो–

वि. सं. १८४२ चैत्रकृष्ण (पूर्णान्तिमानले वैशाखकृष्ण)

	गते	वार	तिथि	घडी पला
वि.सं. १८४३ वैशाख	१५	सोम	एकादशी	४३। ३२

(पात्रोबाट)

यस कारण यस पत्रमा दिइएको मिति अमान्तमानअनुसारको देखिन आएको छ।

(८ सङ्ख्या)

द्रव्य शाह आदि राजाहरूको उल्लेख भएको पत्र

परराष्ट्रमन्त्रालयको (हाल नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको) ३ सङ्ख्याको पोकाको (८६ सङ्ख्याको बट्टाको) ३६० सङ्ख्यामा अप्रकाशित यो पत्र रहेको छ। यस सकल पत्रको लम्बाइ ५०.४ अङ्गुल र चौडाइ १४.४ अङ्गुल छ।

श्रीदुर्गा शाहाय १

श्री ७ पसुपती श्री

१ श्री ५ माहांराज द्रव्य साहा श्री ५ साहेबज्यू श्री

३ श्री ५ माहांराज राम साह

४ श्री ५ माहांराज डम्बर साह

७ श्री ५ माहांराज पृथ्वीपती साह

८ श्री ५ साहेबज्यू वीरभद्र साह

९ श्री ५ माहांराज नरभूपाल साह

१० श्री ५ माहांराज पृथ्वीनारायण साह

११ श्री ५ माहाराज सिंहप्रताप साह

श्री ५ रानी श्री ५ साहेबज्यू

८ ९

(१) अर्जि -

(२) उप्रान्त - - - ज्यूज्यूका हजूरमा मेरा ज्यूज्यू रामचन्द्र थापा
१
आाङ्जा थीया. षामीदका टहलमा घा फटक (घ)-

(३) घंन्यास्मा जो परि आयो. हुकूमका प्रभावले पार लगाउंथ्या. यसो भन्या - - - ज्यू जती पैंदा हुनुहुंथ्यो. (स)-
श्री

(४) ह्यारसम्भारमा कूसल हुना. तांहां - - - का पालामा वीरभद्र
३
थापालाई अघीर्देषि पनी ददाकाम गरी आया-

(५) को रहेछ. ददाकाममा कूसल पनी रह्याछौ. अबप्रान्त ददांगी
मान बक्स्यौ. तीमीहरूलाई ददाकाम हामीले तेरा
(६) सन्तानदर्सन्तानलाई नछुटाउनू. तेरा सन्तानदर्सन्तानले पनी ददा-
काम नछोड्नू भनीं ददांगी मान बक्सीस भ-
(७) यो. – – – पैंदा हुनुभयो. आफुलाई बक्स्याको ददांगी कामपछि
४
लाग्या. एस्तै तर्हको टहल गर्दै थीया. (– – – का)
७
(८) पालामा ददाका छोरा वीराज थापाको काम टहलदेखि बहुत
प्रसन्न हुनूभई कजाञ्ची मान बक्सीस भयो. – – – (पैं)-
८
(९) दा हुनुभयो. ददाकाम पनी कजाञ्ची काम पनी गरी सब बातले
टहलमा रीझाई रह्याका थीया. – – – बाट नेपा-
८
(१०) ल पाउलाग्नको मनसुवा बाधी प्रस्थान हुनुहुदा – – – बाट
७
वीराज थापालाई ददा पनी हो. काजी पनि होस्.
(११) तं जा. सब बातबाट सम्भार राख्लास् भनी हुकुम हुंदा पाउरष-
वार वीराज थापा आया. – – – को दर्सन गरी भाद-
श्री
(१२) गाउमा पाउलाग्नुभई राज गर्नुभयो. ५।६ मैन्हा राज गर्नू-
भयापछी तीन सहरका राजाहरूका चीत्तमा पाहाड-
(१३) का राजा हुन्. ई ञाहाका छोद्र बुझ्न आयाका हुन् भनी जादुटुनाको
बेहोरा गर्न लाग्याछन्. मेरा वाज्या वीराज
(१४) थापाले थाहा पायाछन् र बीन्ती गर्दा प्रतीत परेनछ. पछी
अनभोव प्रतक्ष हुदा काजो तैंले बिन्ती गऱ्याको
(१५) कुरो साचो रहेछ भनी हुकुम भई अब ञांहां नबसौं. जीयमा
दगा हुन लाग्यो भनी पाउलाग्नुभयो. बाटमा बी-
(१६) राम हुनुभयो. बोर्लांघाटमा आईपुग्नुभयो. गातमा बेरामले दबायो.
तांहीं राज गर्नूभई वीराज थापालाई
(१७) ददांगी मान बक्स्याको पुरानोञां ददा पनी बुबाज्यूबाट कजाञ्चीं
मान पनी बक्सनुभयाको छ. बुन्येद प-

(१८) नी हौं. मेरो भन्या यो अवस्था भयो. न्याहांदेषिन् नलैजाउ. मेरा
— — — मा गर्भ पनी रह्याको थीयो. क्या पैदा
८
(१९) भयो. मलाइ थाहा छैन भनी — — — बाट हुकूम हुदा वीराज
८
थापाले मैले छोराभतीजालाई भीत्री संच पा-
(२०) उरषवार पठायाको छु. सतपुर्षि षामीद हुनूहुन्छ. हजुरका नीमीषको
धर्म फाल्न्याछैन. भर्‌मग्दुर गर्न्या-
(२१) छु भनी बीन्ती गर्‍या र तेरा पीता पुर्षाले सोझैं गरी आयाको छ.
आज पनी श्रेस्ता बीगार्न नदीयास् भनी हुकू-
(२२) म भयेछ. १।२ दिनपछि — — — बोर्लांघाटमा स्वर्ग्य हुनूभयो.
८
वीराज थापा गोर्षा आई — — — का हजूर-
७
(२३) मा सब बीस्तार बींन्ती गर्‍या. आपना सम्मतीका भाई २।४ पाडे
पंथहरू सल्लाहामा हुन्याहेरूसित सम्मति ग-
(२४) री तनहुं मानीस् पठायी तनहुंमा साहेब पैदा भयाको समचार बुझि
आया. बीस्तार गर्‍या. सो बीस्तार सुनी आपना
(२५) सम्वतीका भाई जो जो थीया. सल्लाहा गरी — — — का हजूरमा
७
बीन्ती गर्‍या. केहि हुकूम भयेन. ५।६ वर्षसम्म
(२६) मावलै राज गर्नूभयो. न्याहां गोर्षामा — — — स्वर्ग्य हुनूभयापछि
७
भाईभैयादहरूले गादीमा रहन्या हा- ७
(२७) मी हुं भनी तयारी हुन लाग्दा वीराज थापाले आपना सम्वतिका
भाईलाई ली भीत्री सन्च तनहुं गई — — —
८
(२८) श्री — — — लाई चलाई गोर्षा ल्याई आपना घरमा राज गराई-
९
रह्याका थीया. पछी गादीमा रहन्छौ भ-
(२९) न्या भाईभैयातहेरूको पनी सल्लाहा नमील्दा पट्टीपट्टी लाग्न जादा
कोहि भाईभैयात आफुमा फु-

(३०) ट भई विराज थापासीत मील्न आउदा ती भैयातलाई षारनीषार गरी धर्म गरी भैयात पनी नभै हुदैन

(३१) भनी सल्लाहामा लीया. थरघरलाई हात गरी सुभ सायेत ठहराई आफ्ना सल्लाहामा आयाका भैयात

(३२) थरघर ज्मा भै – – – श्री – – – लाई दर्बार चलाई गादीमा

८ ९

राज गराया. छथर बाह्लथर सब पांचहेरू ब-

(३३) सि गादीमा भैयातहरूले रहनाको मनसुवा गर्न्याहिरूलाई यस्तो नगर्नू पर्न्या हो भनी बींन्ती गर्‍या. सो बीबस्तामा भैया-

(३४) त गया. वर्ष चार ४ पछि काजी वीराज थापा षस्या. वर्ष २ सम्म वीराज थापाका भाई र छोरालाई थामीबक्सनू-

(३५) भयो. वाहांदेषि महेस्वर पंथसीत १।२ बाली बदलाबदल गरी षाया. महेस्वर पंथलाई षोसी जयन्त राना ग्याङ-

(३६) मीलाई बक्सनूभयो. तनलाइ षोसी वीराज थापाका छोरा रामकृष्ण थापालाई बक्सनुभयो. – – – पं-

१०

(३७) दा हुनूभयो. केहि दीनसम्म कजाञ्ची ददांगी दुवै काम गर्दै थीया. रामकृष्ण थापा षस्यापछी कजाञ्ची कालु

(३८) पांडेलाइ बक्सनूभयो. रामकृष्ण थापाका छोरा णरकेस थापाले ददांगी मान मात्रै थामी षाईरह्याका थी-

(३९) या. नरकेसर थापा षस्यापछी माझीला भाई कूम्भकर्ण थापाका छोरा हरिहर थापाले ददांगी मान थामी षा-

(४०) या. २।४ बाली षायापछि घरै बस्याका थीया. तसै बीचमा ददांगी मान ग्याङमि रानाले पाया. नरकेस थापा-

(४१) को छोरा गर्जसिं थापा चौबीसीका मोहोडामा आफ्ना भाईबीरादार ली लिग्लीग् ठानामा बस्याका थीया.

(४२) गोर्षाको हेरचाहलाई रुद्री साही थीया. तनका पुत्र सत्रुसाल साहीका ददा हरिहर थापाका छोरा देवदत्त था-

(४३) पा थीया. ढोकादेषि पुराना ददाको सन्तान आउ भनी बोलाहाट आउदा तं पनी ददाको सन्तां होस्. तं

(४४) जा भनी देवदत्त थापालाइ पठाउनूभयेछ. आफ्ना नाममा बोलाहाट आयाको थाहा पायानन्. भतीजा-

(४५) लाइ बोलाहाट भयो. उई गयो. हामीलाइ पनी षबर होला. जाउला. गौडा छोडी क्यान जाउ भनी रह्याका.

(४६) फेरि गर्जासिं थापालाइ बोलाहाट गयो. मेरा बाज्या गर्जासिं थापा पनी आया. — — — को दर्सन गऱ्या. षामीदबाट प-

११

(४७) नी पुरानीञ्या बुन्यद काजी हो भनी नीगाहा राषी कजाञ्यीको तज्बीज भै कलीया भयाको थीयो. तसै ब-

(४८) षत बेराम भई १५।२० दिनपछी गोर्षा लगी नीको होला की भन्या र गोर्षा लग्या. गोर्षा लग्याका दीन ८ पछी ष-

(४९) स्या. देवदत्त थापा चंष चतुर कामकाजका सीपालू हुनाले उन्का दर्बार थामीन गयो. मेरा बाबा बहुत साधूसन्त हु-

(५०) नाले दर्बार टाढा हुन गयाको हो. अघीदेषि पनी हाम्रा जीज्यू-बराज्यू पूर्षहिरूले षामीदबाट मेहेर भयाको काम

(५१) षामीदका पुण्यप्रतापको प्रभावले र मेहेरमान्की भयाको काम फत्य गरी आउदँ रह्याका रह्याछन्. पुरानु कद-

(५२) मी सेवक हुं. आज पनी मेहेरबान्की भयादेषिन् कामले काम सिकाउछ. गर्भदेषिं जानी कसैले आउदैन. हु-

(५३) जूरका पुण्यप्रतापका प्रभावले हुकूम भयाको काम साध्य गरुंला भन्या चीत्तमा उमेदा छ. अघी भया-

(५४) को प्रबन्ध यही हो. अद्यपर्जंन्त — — — सूकला भयाको षोपीमा

८

कसैलाई सुत्न अघीदेषिं पनी दीदा र-

(५५) हेनछन्. अह्म पनी सुत्तैनौ. — — — राज गनूभयाको गादी तेसै

६

षोपिमा छ. — — — राज गर्नूभयाको गादी

६

(५६) हो भनी नीत्य पूजा गरी षान्छौ. यो कूरा कोही होईन भनी बीन्ती गर्छन् भन्या जोरीनलाई हामी सामेल् छौ.

(५७) दरपूस्तादेषिंको हुकूम्बन्दा चाकर हुं. जो हुकूम — — — — — — — — —

(५८) सेवक पृथ्वीध्वज थापाको कोटी कोटी दण्डवत् सेवा – – – – – – – – – – –

(पछिल्तिर लेखिएको)
पृथ्वीढोज थापाको अर्जि
(पछिल्तिर पछि लेखिएको)

पृथ्वीधोज थापाको दुखपुकाराको अर्जि
पुर्खाले काम गरेको विवर्ण खोजेको

(९ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८५४ को पत्रको अंश

परराष्ट्रमन्त्रालयको (हाल नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको) महत्त्वपूर्ण पोकाको (१ सङ्ख्याको माइक्रोफिल्मको = ८ सङ्ख्याको बट्टाको) ७८ सङ्ख्यामा यो पत्र रहेको छ । यस सकल पत्रको लम्बाइ ३४.२ अङ्गुल र चौडाइ ३३.२ अङ्गुल छ ।

यो पत्र चित्तरञ्जन नेपालीद्वारा श्री ५ रणबहादुर शाहका १११–११५ पृष्ठमा छापिएको छ ।

३०

श्रीबादसाह

३१[१]

(१) स्वस्ति[२] श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलि-विराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर[३]–साहबहादुरसम्सेर्ज्जङ्गदेवानां[४] सदा समरविजयिनाम् – – – – – – – – – – – – – – – – – – –

(२) आगे काजि रनशूर[५] पांडेका छोरा सर्वजित्[६] पांडे सर्दार जसिव– भडारीको[७] भाई[८] चामु भंडारी उमरा[९] अजित् षंड्काले[१०] ल्हासा पुगी दुइ ताजीनका हजूरमा[११] जाई मिठो[१२] पारी बुझाई बिन्ती[१३] गरि

---

१. श्री ५ रणबहादुर शाह – श्री बादसाह
२. " – स्वास्ति
३. " – °महाराजरणबहादुर°
४. " – °सम्सेर्जङ्गदेवानाम्
५. " – रणसूर
६. " – सर्वजीत
७. " – भंडारेका
८. " – भाइ
९. " – उमर
१०. " – अजीत षड्का
११. " – दुई ताजीन्का हजुरमा
१२. " – मीठो
१३. " – पारि बिन्ति

काज पुन्यावनाको[14] सवाल लेषीबक्स्यौं[15] – – – – – –

(३) बाहादुर[16] साहले बिराउँ गऱ्याका[17] सवालको तप्सील .

(३०) एघारौं सवाल– अघि हाम्रा पुर्षा[18] गोर्षाका राजा राम साह र
भो(ट)का थान्च्यो षिम्बा लामाज्युले[19] घा गरि एक घर एक[20]
चित्त भै मिलिरह्यामा हिजो पुर्षालि[21] बोल्या बांध्याको[22] का(म)
फाली भोटसित जुझनामा पसी देउता बिगारि[23] गुम्बा भ-

(३१) त्काई[24] नासिदियो. आफुले मानिआयाका[25] – – – – – – – सित
अप्सरिया[26] पारी देस्[27] झन्नै[28] डुबायोथ्यो[29]. – – – – को
ठुलो[30] दयाकरुणाले हाम्रो देस्[31] थामियाको हो —— ११

---

१४. " – पुन्याउनाको
१५. " – लेषि बक्स्यौं
१६. " – बहादुर
१७. " – गऱ्याको
१८. " – पुरुषा
१९. " – र थान् च्यो षिम्बाले
२०. " – गरी यक घर यक
२१. " – पुरुषाले
२२. " – बाँध्याका
२३. " – बिगारी
२४. " – भतकाइ
२५. " – मानि आया को
२६. " – अफसरिया
२७. " – देस
२८. " – झन्डै
२९. " – डुबायो थियो
३०. " – श्री ...... को ठूलो
३१. " – देश

(३४) इति सम्वत् १८५४ साल वैंशाषवदि १३ रोज" २ मुकाम" कान्तिपूर" शुभम् ——————

वि. सं. १८५४ वैंशाखकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी पला
वैंशाख	१५	सोम	त्रयोदशी	५८। ३३

(पात्रोवाट)

---

३२. " – वैंसाष वदि रोज

३३. " – मुकाम्

३४. " – कान्तिपुर

(१० सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८५४ को पत्र

यो पत्र काटमाडौँ नक्सालका जगदीशचन्द्र रेग्मीको सङ्ग्रहमा छ।

यो पत्र जगदीशचन्द्र रेग्मीद्वारा नेपालको वैधानिक परम्पराको ३१९ पृष्ठमा छापिएको छ।

(श्री ५ रणबहादुरको प्रशस्ति)

आगे बाह्रगाउँ सुनवार बाह्रगाउँ सोलुखुबुभोत्रका ब्राह्मण खस मगर सुनुवार गुरुं संन्यासी भोट्या छतीसं जातप्रती.

रुपैया रीन दीदा लीदा बाइस्या ब्याज लीनु दीनु भनी हीजो श्रीराजा राम शाहले स्थीति बाँधीदीयाको हो. आजभोलि तीमीहरु ताहा बाइस्या ब्याजदेखि बढ्ता लीन्छौ दीन्छौ गरे. तस्कारण बाइस्या ब्याजदेखि बढ्ता पनी नलीनु नदीनु भनी हामीले पनी हीजोको सही थामीबक्स्यौं. जो यस स्थीतीमा नरही अर्घ्यालो गरौला. सो अपसरीया हौला. मोहोर मानी स्थीतीमा रह.

इति संवत १८५४ साल भाद्रसुदी ३ रोज ६

वि. सं. १८५४ भाद्रशुक्ल

	गते	वार	तिथि	घडी पला
भाद्र	१३	शुक्र	तृतीया	०। १६

(पात्रोबाट)

(११ सङ्ख्या)

विश्राम रानाको उल्लेख भएको वि. सं. १८६० को अभिलेख

धादिङ जिल्लाको सल्ल्यानकोट त्रिपुरासुन्दरीमाईस्थानमा रहेको नगरामा यो अभिलेख. कुँदिएको थियो। वि. सं. २०३८ माघमा सल्ल्यानकोट पुग्दा सो नगरा २ वर्षअघि नै चोरियो भन्ने थाहा भयो।

यो अभिलेख सर्वप्रथम योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा इतिहास-प्रकाश १ अङ्कको ३९ पृष्ठमा छापिएको हो, त्यसपछि धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा शाहकालका अभिलेखका ३८३–३८४ पृष्ठमा व्याख्यासहित छापिएको छ।

(१) श्रीसाके १६५० संम्वत् १७८५ मासे चैत्रसुदि श्रीश्रीश्रीश्रीश्रीपृथ्वीनारायेन मांहाराजाका हजुर श्रीद्वाऱ्या विस्राम रानाले बिन्ति गरि बक्साइ श्रीभवानिप्रति चढायाको नगरा १ तुरही १ थलिया

(२) १. कोही उथांपथां काट्लास् जो गर्ला. श्रीभवानिको पंचमहांपातक. नगरापुजा येक जिवात १ सुभम्. श्रीसाके १७२५ सम्वत् १८६० मासे भाद्रवदि विस्राम रानाकि बोहारि रामावतिले टाका तांबो थपि बनाया. शुभः।

(१२ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८६० को पत्र

अप्रकाशित यो पत्र काठमाडौं डिल्लीबजारको लगतफाँटमा रहेको पो. नं. ६, सि. नं. १६६२, प. नं. ५६५ लेखिएको नकलबहीमा र ला. नं. ३, बही नं. १३, प. नं. ५१० लेखिएको नकलबहीमा छ ।

(श्री ५ गीर्वाणको प्रशस्ति)

आगे श्रीपालपाली राजा पृथ्वीपालसेनकेषु सलामपूर्वकपत्रमिदम्. ऊभयो कुशलं. ऊप्रान्त हाम्रा देसभरिमा वर्षदिनको दसवध ब्याजदेषि अघ्र्यालो ब्याज नलिनु भनि श्रीज्युज्युबाज्या राम साहका पालादेषिको बंधेज हो. पछि श्रीबुबाज्यूका पालामा लिन्याले दसवधदेषि अघ्र्यालो ब्याज लिंदा दंड पनि गर्नुभयोथ्यो. वर्षको बसवधदेषि अघ्र्यालो नलिनु. जो लेला. तस्को सर्वस्व लिनु भनी चुइँकि पनि फिरावनुभयोथ्यो. सो तिमीहरूकन मालुमै छ. आज तिम्रा कारोबारीहरूले दसवधदेषी अघ्र्यालो त क्या बट्टाको नाव पारी ऊठाभंदा पनि सिबाय ब्याज वर्षको तिर्न्या गरी ब्यहोरा गर्दा रह्याछन्. दिन्याहरु पनि तेस्तै डबलले दिंदा रह्याछन्. सो होजोदेषिको बंधेज नाघी लिन्या महाजनहरुले पनि होईन. तिम्रा कारोबारीहरुले पनि होजोको बंधेजदेषि अघ्र्यालो तिर्न्या पनि होईन. सो अब तिमीले बट्टाको नावले दसवधदेषि अघ्र्यालो दियाको फिर्ता गरिलिनु.नदियाको दसवधको भावले काटिदिनु. जति जति दसवधदेषि अघ्र्यालो ब्याज जस्को पेट छन्. सोझा मुषले नदिया सासना गरी पनि लिनु. अबदेखि र बट्टा बगैह्लका नावले पनि वर्षको दसवधदेषी अघ्र्यालो पर्न्या गरी जो लेला. तस्को सर्वस्व होला. जो तिर्ला. सो पनि अपसरिया होला.

ईति सम्वत १८६० साल मिती पौषसुदि ७ रोज २ शुभ्मं

वि. सं. १८६० पौषशुक्ल

	गते	वार	तिथि	घडी पला
पौष	६	सोम	षष्ठी	५७। २

षष्ठी ५७ घडी २ पलाउप्रान्त सप्तमीमा यो पत्र लेखिएको देखिन्छ ।

(१३ सङ्ख्या)

पृथ्वीपति शाहको उल्लेख भएको वि. सं. १८६० को पत्र

गोरखा पोखरीथोकको मुरलीधरनारायणका पूजाहारी विष्णुदत्त अर्ज्यालको सङ्ग्रहमा रहेको अप्रकाशित यस सक्कल पत्रको प्रतिलिपि उहाँको सौजन्यबाट लिन पाइएको हो। यही बेहोराको पत्र भद्रकालीको गुठीलगत तथा तहबिलकार्यालयमा रहेको पा. वं. त. नं. १ लेखिएको नक्कलबहीको ५८ पानामा पनि छ। तर त्यहाँ १८६० साल मीति पौषसुदी ७ रोज २ लेखिएको छ।

श्रीदुर्गा

श्रीज्यूज्यूबाज्या श्रीविष्णु

पृथ्वीपति साह

(छापमा)

गीर्वाण

युद्ध

विक्रम

शाह

(१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का——

(२) आगे अनंत जैसि अर्ज्यालके. महेस्वर जैसि अर्ज्यालले षायाको गोर्षा

(३) पोष्रिका – – –को पुजा तस्को गुठ षेत १२० लगापातसमेत घरबारि

(४) सुवारो कुरिया नेवारसमेतको डंडकुंड मोरोअफतालिसमेत् श्री

(५) – – – – ले चह्रायाका रह्याछन्. आज हामीले पनी सोहि धर्म्म था-

(६) मि तिम्रा बाबुबराजुदेषी पुजहारि रह्याछौ. नित्य निमीत्य पुजा थामी-

(७) बक्स्यौ. आफ्ना षातीर्जामासित नीत्य नैमीत्य पुजा गरि तांहाका कु-

(८) रियाका ज्या आमद भयाको – – का गहना बनाऊनु भनि आ-

(९) लि बालि बहाल गरिबक्स्यौ. पुजा धुप दिप गरि सेष बाकि रह्या-

(१०) को लि पुत्रपौत्राधिसम्म भोग्य गर. षोसमोस नास्ति. ईति सम्वत

(११) १८६० साल मिति पौषशुदि ८ रोज ४ शभम् – – –

(पछिल्तिर)

मार्फत पुरोहित नारायण

वि. सं. १८६० पौषशुक्ल

	गते	वार	तिथि	घडी पला
पौष	८	बुध	अष्टमी	४७। ०

(१४ सङ्ख्या)

पृथ्वीपति शाह र नरभूपाल शाहको उल्लेख भएको पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको ९९ सङ्ख्याको खाममा छ। यस सकल पत्रको लम्बाइ ४५.९ अङ्गुल र चौडाइ ११.५ अङ्गुल छ।

श्री.ए

श्री ५ माहाराज पृथ्विपति शाह श्री ५ माहाराज नरभूपाल साह श्रीकाशि
१ २ ५

श्री ५ महाराज पृथ्विनारायण शाह श्री ५ शर्कार
३ ४

श्रीगोरष
६

(१) श्रीवायुदेवताको स्थितिको व्यवस्ता – – – – – – –

(२) उप्रान्त श्री – – – – – का पालामा श्रीरणदुल शाह वायु भइ पिरपिराउ
१
हुंदा कुमाउदे-

(३) षि ठगुमाला भन्याको धामी झिकाइ ति धामिले हेरकोर गर्दा वायुको वोष ठहराइ श्रीरणदुल शाहलाइ वा-

(४) हिका रानिंका अंगमा उतारिर्न्या काम मत्रै गऱ्याको रहेछ. वाहाको थान् मान् गुठ् पू-

(५) जाको व्यवस्ता केहि चल्याको रहेनछ र वायु सोमना भयाका रह्यानछन्. वाहादे-

(६) षि श्री – – – – का पालामा मैञ्ना वायू पनि हुदा भयाछन् र तस्तै तरह
२
भयाको रहेछ.

(७) वाहापछि श्री – – – – – – – – का नजरमा साह्रै पिडा हुंदा वैदहरुले
३
अनेक औषधी गर्दा-

(८) मा पनि आराम हुदो भएनछ र सुर्सि राना कपदार्ले देवदेवताको दोस् केइले हो

(९) कि हुकुम भया धामि झाक्रि जैसीलाइ हेराउदा हुं भनि बिंति गरि अरु जोसिह-

(१०) रुले पनि हेर्दामा वायूको दोश् ठहरायाछन्. धामि झाक्रिको पनि तलासा गर्दा

(११) नारद धमाला बडा जान्या आफुले ठहराइ श्री – – – – – ३ का हजुरमा पनि बिंति गरि झि-

(१२) काइ देवता बसाउदामा वायूकं दोष्ले श्री – – – – – – नजरमा ४ पिडा भयाको रहेछ भनि

(१३) बताउदा श्री – – – – – बाट तिमिले वायूको थान लाउन सक्छौ ३ भन्या वायूको थान ला-

(१४) उ भनि हुकुम हुदा नारद धमालाले हुकुम भया वायूको स्थान लाउन मं सकुला. वा-

(१५) यू उतार्छु. भाइमा अंग थाप्न चाहिंछ भनि बिंति गर्दा भयाछन् र श्रीदलमर्दन शाह-

(१६) का अंगमा उतार्दा भयाछन्. घाघाट् लडाञ्गिभिडाञ्गि गर्नूपर्छ. इन्का अंगमा उतारि

(१७) हुदैन. अरु भाइहेरुमा उतार भनि हुकुम हुदा कांछा श्रीपृथ्विपाल साहका अंग-

(१८) मा उतार्दा भयाछन्. तस् दिनदेषि वायूको सालिक् तुल्याइ पूजाको बंदान पनि

(१९) बढिया तरहसित हुदो भएछ. गुठ् पनि रहदो भएछ. वाहापछि श्रीपृथ्विपाल शाह

(२०) श्री – पाउलाग्नुहुदो भएछ. वाही पर्लोग हुनुहुदो भएछ. वाहापछी ५ शांतरूप

(२१) शाहका अंगमा नारद धमालाले सार्दा भयाछन्. वाहादेषि श्री – – – – – लाइ पनि ३

(२२) आराम हुदो भएछ र श्री – – – बाट वायू भन्याका त सांचिला
३
हुदा रह्याछन् भनि अ-
(२३) त्यंत षुसि हुनुभइ शांतरूप शाहलाइ नारद धमालालाइ षिल्लत बक्सनुहुदो
(२४) भएछ. नारद धमालालाइ बिर्त्ता पनि बक्सनुहुदो भएछ. देवताथान लाउदामा र-
(२५) हन्या सुर्रासि राना कपर्दार बालै पाध्या अर्ज्याल विश्वेश्वर पाध्या अर्ज्याल धर्मागत
(२६) पण्डीत कूलानन्द जोसि ढकाल देवानन्द जोसि. श्रीपृथ्विपाल साह सांत भयापछी
(२७) पैल्हे धामी भयाका सांतरूप शाह. वाहापछि तुला साह. वाहापछी नरु साह. वाहा-
(२८) पछि धरणिधर शाह. धरणीधर शाहलाइ षड्बड् परि विदेस लागदामा धामी भयाका
(२९) कर्णवम् शाह. पैल्हे वायूको स्थान लाउन्या नारद धमाला ८४ वर्ष बाच्दा भयाछन्.
(३०) ताहासंम धमाला तिनै थिया. ताहापछि नारद धमालाका छोरा देउशर्म धमाला हुदा भ-
(३१) याछन्. ताहापछी देउशर्म धमालाका छोरा वीरभद्र धमालाले काम चलाउदा भ-
(३२) याछन्. जिउदा जिय काम कसैलाइ छुटेन. वरन् टिका नलागी धमाला धामी कोहि
(३३) हुन पाउदा रह्यानछन्. वायूदेवताको पैल्हेको सुसान्या भयाको प्राणधर षवास. दोश्रो किष्न्या
(३४) पुतवार. तेश्रो मनि श्रेष्ट. चौथो जैनसि श्रेष्ट. पांचौ रन्विर अचार. रन्विर अचार्लाइ ष-
(३५) ड्बड् पर्दा साहेप्सि महात् भयाको छदैछ. धामी गुरु सुसान्यालाइ जुराइ देवताले ठह-
(३६) न्याइ हुन्थ्या. बाचिन्ज्याल् फेरिदैनथ्या. मन्यापछि बालि थाति रहन्त्यो. धामी जुन् हु-

(३७) नत्यो. बालि उसैले षान्त्यो. गुठ पनि धामि गुरुबाहेक अरु बाहिडा मानिस्ले षादैंन-

(३८) थ्या. श्री – – का धामी अरु भर्भारादार फसैकाहा बस्न
४
पाउदैंनथ्या. बाहिडा धामी पनि

(३९) दर्बारमा आइ भित्र बस्न पाउदैंनथ्या. साढचा वैंदको देवता भित्र पस्ता श्री – – मा पिरपिरा-
४

(४०) उ हुंदा श्रीराम षर्दारले मोलप्रष्ण हेर्दा संढचा वैंदको अग्निवेतालले पिन्याको ठहराया.

(४१) यसै कुरामा साढचा वैंदको घर पोलियो. वाहापछि श्री – – – कुंपनिको निसान्को देवता
६

(४२) बढिया छ भनि बसाउदा नरु शाहका अंगमा आउन्या देवताले र देउशर्म धमालाका दे-

(४३) वताले कुटि धपाया. उस् बषतदेषि बाहिडा धामी दर्बारभित्र बसाउ-दैनथ्या. नञा अन्न

(४४) फलफुल आउदा देवतालाइ नचह्लाइ ज्यूनार हुदैनथ्यो. पर्वपर्व उत्सवमा पूजाको स-

(४५) रजाम भेटि चढ्थ्यो. लडाञिमा जांदा पीठमा धामीहरु गै पुरश्चरश्चरण गर्थ्या. लडा-

(४६) ञि भयापछि फत्य हुदा गहना भेटि चढथ्यो. दर्बारमा प्रोहीत वास्तु गर्थ्या. बांडाह-

(४७) रु प्रेतवलि गर्थ्या. धामीहरु वर्ष ३।४ मा प्रेतमोचन् गर्दै रहंत्या. कामविशेक्ले

(४८) श्री – – – वाट देवताको जगा कुल्चंदा भेटि चह्लाइ पाउलाग्नूहुन्त्यो.
४
धामी गुरु सुसा-

(४९) न्या पूझान्या गुठियारलाइ रिझ बक्सदा देवताको रुपैञा लाग्त्यो. देवल पौवा बिग्रदा

(५०) कन्याकुमारभोजन् गर्दा योगीब्राह्मणका भोजन्मा पनि देवतैका रुपैञा लाग्थ्या.

(५१) कपर्दार जो हुन्थ्यो. उसैले देवता बसाउदा धूप् हाल्नुपर्थ्यो. गुठियार भनि कपर्दार-

(५२) लाइ ८० मुरि षेत २ जोर्पोसाक ठेकियाको हो. देवता चलाउदा गिरि द्वान्याको संतान

(५३) धर्मांगत पंडीतको संतान् भैयातमा १ प्रोहीत अर्ज्यालमा १ कपर्दार इनै मानीस् बस्-

(५४) थ्या. देवताका जगाको मेजमानि चढदैनथ्यो. रैरकं पनि देवतैपुति रहन्थ्यो. एस्तै स्थि-

(५५) तिले काम गर्दा देवता सोनना रहंत्या. श्री – – – मा पनि बढिया हुंत्यो.

४

आज यो स्थिति ष-

(५६) ल्बलिदा सप्प्या बिग्रचाको केहि जानिदंन. देवता उतार्दा षिल्त बृत्ता हुन्त्यो. देव-

(५७) ता सार्दा साल् पगरि हुन्त्यो. देवता सार्दा बोलाउदा शुक्रोदय बढिया दिन् पारि गर्थ्या.

(५८) अमावाश्या चतुर्दशि तिथि पापवार शुक्रअस्त बृहस्पतिवक्रमा सार्नु उतार्नु केहि

(५९) हुदैनथ्यो. अघिको स्थिति एस्तै हो.

(पछाडिपट्टि पछि लेखिएको)

श्री ५ पृथ्वीनारायण साहबाट वायूस्थापना गरीबक्सीयाको वृत्तान्त

(१५ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८६४ को पत्र

यो पत्र गोरखा ठिङ्गुरेमुवाराका बालनरसिंह बस्न्यात र बुद्धिमानसिंह बस्न्यातको सङ्ग्रहमा छ।

यो पत्र मुरली डिट्ठाद्वारा इतिहास-प्रकाश १ अङ्कको १५६ पृष्ठमा छापिएको छ।

श्रीः

श्रीराम साह जिज्यू

स्वस्ति श्रीमहाराजाधिराजकस्य रुक्का – – –

आगे गोर्षाको बोकोर्लोकको षेत मुरि ।६० – – – का पालादेषि त्यो षेत माहाविर बस्न्यातको बेषबुन्याद रहेछ. हामीले पनि – – – को सही थामीबक्स्यौं. आफ्ना षातिरजामासंग बेषबुन्याद जानि भोग गर. टंटा नगर. छाडीदेउ.

इति सम्वत् १८६४ साल मिति चैत्रसुदी ९ रोज २ सुभम् ——

वि. सं. १८६४ चैत्रशुक्ल

	गते	वार	तिथि	घडी	पला
चैत्र	२५	सोम	अष्टमी	२८।	२५

(पात्रोबाट)

अष्टमी २८ घडी २५ पलाउप्रान्त नवमीमा यो पत्र लेखिएको देखिन्छ।

(१६ सङ्ख्या)

द्रव्य शाहको उल्लेख भएको वि. सं. १८६४ को पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको ३१ सङ्ख्याको खाममा छ। यस सकल पत्रको लम्बाइ ६.५ अङ्गुल र चौडाइ ६ अङ्गुल छ।

श्रीदुर्गा सहायः १

श्रीदर्वे साह जिज्यू

श्रीदुर्गा

भवानि

(१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का — — — — — — — — — — —
(२) आगे दलजीत गुरुंके. तेरा जिज्यूले — — — — का हजूरमा काजले
(३) रिझाउंदा केहि बिराउं भयामा षतमाफि(क)को दंड अदल्निमित्त
(४) गर्नु. चाकचकुई र अपुताली फर्न्याउलो माफ गरी थिति बांधि-
(५) बक्सनुभयाको रहेछ. सो मोहर घरमा अग्नि प्रज्वाल्य हुंदा परे-
(६) छ. उसै मोहरबमोजीम्को थिति थामिबक्स्यौं. षातिर्जामासि-
(७) त लाग्याको टहल् रुजू हाजीर भै गर. इति सम्वत् १८६४ सा-
(८) ल चैत्रसुदि रोज शुभम् = = = = = = =

(१७ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८७१ को पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको देवाधर्मा लेखिएको पोकोमा छ। यस पत्रको शुरूमा धर्मा पुगी मनीराम लामाले ल्यायाको भोटचा अछेर चिठिको नक्कल सं. १८७१ वैशाषशुदि १५ लेखिएको छ।

श्रीः

गोर्षामाहाराजा रत्नको पाउंका चरन बिंतिः

यस पाला सुनाका मुर्ति हिमाल झैं विराजमान भयाकैंमा डिठा र मनिराम २ को हात मोहर पत्रचिनसमेत बक्सी पठाउनभयो. आईपुक्यो. क्रिपा भयो. उप्रान्तः ताहा माहाराजाको हुकुमबमोजिम डिठा र मनिराम सर्कार धर्माराजा र लामाज्युको दर्सन गर्नकन पठाउंन भनि हुकुममाफिक टहल गर्‍याको छ. बुझ्याजाला. बिंति ३ पत्रचिनसमेत बढिया दिनमा धर्मा दारिमकोटबाट चह्लायाको बिंतिपत्र ॥ लामाज्युबाट सब जान हुन्या षलासि गोर्षामाहाराजा रत्नके चह्लाञ्ुं.

ताहा कामकाजकन जनम भयाको मुर्ति छेमकुसल भै पर्जाप्रानि सब आनन्दसित रहि पत्र पत्रचिनसमेत आईपुक्यो. मनमा षुसि भयो. ञाहा पनि कुसलसित प्रानि सब आनन्दै छ.

उप्रान्तः ताहा सिंभुको समाचारपत्र अघि पनि चह्लायाको झैं हो. पोरको सालमा ङॅपलि बिंतिपत्र चह्लाइ पठायाथ्यां. नेपालमा नया लामा र सिंभु बिगर्‍याको बनाउंन चाडै पठाउंन्या हो भनि लेष्याथा. नायप २ पठाईदियाको हो. तिनिहरू ताहा आईपुकनिबितिकै सिंभु बिगर्‍याकोमा २ नायप्रमा.१ सिंभुमा रहि १ चाहिंदो लिनु समाचार लि बिंति गर्न आयापछि फर्कन्दा जिमि टाढा बाटो विकत हुनाले ढिलो भयो. उनिहरू ञाहा आईपुक्या. सिंभुका विधिबिस्तार बुझ्या. सिंभु भंन्यांको धर्मा यकैको पेवा होईन. संसारको देवता हो. परापुर्वदेषि भगवानले सिंस्ति गरि थापना गरिरह्याको हो. यो निको ननिको सबैलाई हो. मनमा आगोले पोल्या झैं भैरहेछ. चाहियाका थोरा सराजाम दि नायप पठाईदियाको छ. ताहा आफु माहाराजाबाट पनि ताहा चाहियाको सराजाम गरि सिंभु चाडो गरि बंन्या काम हवस्. मनिरामलाई पठायाको आईपुक्यो. फिरीइ पठायाको छ.

अघिदेषि धर्माराजा र ताहाको गोर्षामाहाराजा राम साहिको पालादेषि बन्दोबस्त दुदमा पानि मिसाया झैं यकै हो. बिचमा कातो रिंजि छेन्‌बोले सिंभु बनाउदा पनि गोर्षामाहाराजा प्रिथिनारां साहसित मुष्ये बन्देज गरि काम गर्‍या.

अब पनि आफु माहाराजाबाट चाहियाको सराजाम गरि सिंभुको काममा आमा-बाबुले छोराछोरिकन पिहारो गर्‍या झैं काममा सह्यार राषिदिनुहोला. काममा ढिलो भया बर्सादि लागि गरि मिचर्न गया सिध हवैन. बर्साद नहुंदै काम सिध हुन्या गरि हुकुम बक्सनुहोला. नायपहरूकन काममा मेहेरबांगि राषि सिभु चाडो सिधिन्या गरिबक्सनुहोला. सिंभु यो जुगजुगांइतर रहन्या हो. यस्मा चाहिंदो काम गरि-बक्सनुहोला ॥

पाटो पिंलो काजिबाट श्रीकाजि रनधोज थापाके:

सब थोक जांन्या षलासि काजीके. ताहां आफु हिमाल पर्वत झैं विराज भै पत्र पत्रचिन्हसमेत मनिरामको हात आईपुग्यो. दुई जनाको भेट भया झैं षुसि लाग्यो. यस्तै गोर्षा र धर्मा दुईको यकै हो. एस पाला मनिराम धर्माको सर्कारमा पठाईदियाको ज्याहांबाट पनी सहिसंभार गरि पठाईदियाको छ. अबप्रांत पनी २ तरफको कामकाजमा ज्याहांको गर्न्या कांम भया पनि ताहां लेषी पठाउंला. ताहांबाट पनी केहि चाहियाको कामलाई मानिस पठाउंदा आफुबाट सहिसंभार गरिदिनुहोला.

पत्रचिन्ह धक्र्या नंम्बुसमेत् धर्मा रिंजिपुंबाट बढिया दिन्मा चह्लाग्नुं. शुभं—

(पछाडिपट्टि लेखेको)

सिब् जिर्णोद्धारका बारेमा धर्मादिस्मा मनीरामलाई पठायाको र लामाज्यूबाट लेषीआयाको पाटो पींजो काजीले रणध्वज थापा काजीलाई लेषेकोस्मेत् १८७१ साल् वैसाषसुदी १५ रोजको

वि. सं. १८७१ वैशाखशुक्ल

	गते	वार	तिथि	घडी	पला
वैशाख	२४	बुध	पूर्णिमा	२४।	१३

(पात्रोबाट)

(१८ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८७१ को पत्र

अप्रकाशित यो पत्र डिल्लीबजार लगतफाँटमा रहेको ला. मो. १२, वही नं. ४४, प.नं. ८२९ लेखिएको नक्कलबहीमा छ ।

(श्री ५ गीर्वाणको प्रशस्ति)

आगे विश्वनीधी तेवारी सिवनीधी तेवारीके

अघी श्री ५ जिज्यू राम साहदेषी सामवेदी ब्राह्मण जानी गोर्षा उपल्ला-कोटको घडयारी बारी षावदी षेत १ सामवेदको भारा गर्नु बक्स्याको आजतक तिम्रा पुस्तदरपुस्तले सामवेदको टहल गरि वेहोन्या षावदी षेत जर्णेल भीमसेन थापालाइ बृर्ता हुदा तस्को साटो गोर्षा सहरका षेतमध्ये षेत १ लगापातसमेत बक्स्युं. तपसीलबमोजिम एक षेत १ को भोग्य गर. आसीर्वाद दिन्या गर ————

तपसील

रवी आलेले षायाको रातमाटचाटारी मुरी	।६०
बालकृस्न बोहोराले षायाको बोहोराबेसी मनसन्या मुरी	।४०

इति संवत् १८७१ साल मिती आसीनवदि ११ रोज २ शुभम् –

वि.सं. १८७१ आश्विनकृष्ण (पूर्णान्तमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	२५	आदित्य	एकादशी	३७।	५४

(पात्रोबाट)

आदित्यवार ३७ घडी ५४ पलामा एकादशीको समाप्ति भयो र पत्रमा भनिए जस्तो एकादशीको दिन सोमवार पर्न आएन । यसरी यस पत्रमा दिइएको मिति पूर्णान्तमानबाट दिइएको नभई अमान्तमानबाट दिइएको हो कि भन्ने शङ्का उठ्यो र पात्रो पल्टाई हेर्दा यस्तो देखियो –

वि. सं. १८७१ आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण)

	गते	वार	तिथि	घडी	पला
कार्तिक	२४	सोम .	दशमी	७।	४५

(पात्रोबाट)

दशमी ७ घडी ४५ पलाउप्रान्त एकादशीमा यो पत्र लेखिएको देखिन्छ । यस कारण यस पत्रमा दिइएको मिति अमान्तमानअनुसारको देखिन आएको छ ।

(१९ सङ्ख्या)

द्रव्य शाहदेखि नरभूपाल शाहसम्मको उल्लेख भएको वि. सं. १८७४ को पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको देवाधर्मा लेखिएको पोकामा छ ।

श्री.१

अघि गोर्षाका राजा र धर्माको राजा दुवैं दोस्तिको मिज्याज भयाको अर्थ लेष्याको गोर्षामहाराजाका वंसावलीः

अघि दर्व्य साहः इन्का छोरा पुरन् साहः इन्का छोरा छत्र साहः इन्का छोरा राम साहः ई राजाका पालामा राजाको सन्तान भयन र सुर्ता मानि चित्त विषाद गरिरहनुभयाको ताकमा महतारिको सपनामा धर्माको राजासंग बिंति गरि उनि जति जान्या अर्को लामा १ पठाई उपकार गऱ्या सन्तान पनि होलाः राज्य पनि मारि बढाउन सक्ला भनि सपनामा इस्वरले आज्ञा भयो र इनि राजा रानि दुवैंको मन षुस भै धर्माका राजासग मानिस पठाई बिंति गर्न पठायो. लामाले मंत्रजंत्र गरिदियो र राजाको तिन् छोरा भयो. गादिमा डम्बर साह बस्यो. इन्का छोरा कृष्ण साहः इन्का छोरा रुद्र साहः इन्का छोरा पृथिपति साहः इन्का छोरा वीरभद्र साहः इन्का छोरा नरभूपाल साहः ज्ाहादेषी गोर्षाको मुलुक बढ्यो.

धर्माको राजा लामा आयाकोः अघि ज्ाहादेषी राजा राम साह र धर्माको राजा छोप्ध्याल् मिग्युर तेंबाः इनी दुवैंको दोस्ति दुद पानि मिस्याको जस्तो मिलिकन जुगजुगसम्म हामिलाई तिमिबाहेक अरू लामा चाहिंदैंन भनि हुकुम भयो र ताहा आउन्या लामाहरू योपोन् लामाः योपछि पुंथार छोप्चे लामाः योपछि डोगोन् न्यवां दुंध्याल् लामाः यो आयाको ताकमा गोर्षाको लस्कर भोट केरुं झुगाको दोसाद झुगथानामा थियो. बाहिर भोटचाको लस्करले घेरिराष्याको थियो. मार्न तयार हुदा धर्माको लामा दुघ्याल लामाले भन्यो. गोर्षा र हामी यकैं हो. गोर्षाको सिपाहि छाडिदे. सिपाहीहरूलाई केहि गऱ्यो भन्या म धर्मा फर्कि धर्माका राजासंग बिंति गरि धर्मा र गोर्षा मिलि तिमि भोट मुलुक नास गरुंला भन्यो र भोटचाहरूले गोर्षाको सिपाहि छोडिदियो. तस्को रिझ नरभूपाल राजाले नाकाथलि र पुंझोगाउका षेत बक्सनुभयो ॥ ॥

नरभूपाल साहका छोरा श्रीपृथ्विनारायण साह र धर्माको लामा छोप्टा कोन्छो लामाः ज्ाहादेषि पालोसित लामा फेरि फेरि आऊछन्. फेरि राजा र शांकार लोंबो लामा दुईको दोस्तिमिलापले राजाको बढि जय भैकन १८ राज्य

मान्यो. हामि यतिको भयाको धर्माका लामाको मिहिनत्ले हो भनि राजाको मर्जि भयो. अब नेपाल तिन् सहर मार्न पाया गाऊगाऊका पर्जा हामिलाई गुंबाको सिक्ष र गुंबां लामालाई चह्लाउंछु भनि मर्जि भयो. लामाले मंत्रजंत्रले साधन् गरिकन गोर्षालि लडाञ्ञीले जिति नेपाल मान्यो. सबैं मुलुक् जित्यो. चिनवादसाहको जोडि भयो ॥

गोर्षा बहादूर राजा र धर्माराजाको लामाको चित्त विषाद नगर्न्या सबै मुलुक्मा जित्न्या थिया. पछि लामालाई दिउला भन्याको गुंवा सिछे पर्जा कहि नदि लामाका र राजाका अनुचित्त गराईदियो. इनी लामालाई मानमर्ज्याद भयन. तस् कारणले वैरिसत्रु धेरै भयो भनि लामाहरू भंन्छन्. फेरै धर्माको लामा थिल्हे कोपा लामाः धर्माराजा लामालाई कर तिरि वस्याको विजैपुरको राजा कर्मा तासिले १ वर्षको कर पुर्‍याउन नसक्ता राजा मारि मंत्रि पुतुकर्न राजा गरिराष्यामा पृथिनारान् राजाले हाम्रा लामा थीलेलाइ दर्वारमा डाकी ल्याई तिमि धर्मामा जाई हाम्रो मित् ढेसी सिंतार लामालाई यति भनिदेऊ. आजकाल विजैपुरमा भयाको राजा पुतुकर्ण इ चाकर जात हो. चाकरले राजाको गादिमा बस्न हुंदैन. पुतुकर्णले जो तिर्‍याको कर उति म दिउंला. विजैपुर हामिलाइ देऊ भनिदेउ भनि हाकोगाउ र सिंभुको षेत बिर्सि देउता पुजा गर्न्या षेत्स्मेत्को तावापत्र गरि लामालाई बक्सनुभयो.

फेरि पृथ्विनारायण महाराजाको छोरा सिंहप्रताप साहका पालामा चिवा ल्हुंदुप् लामा थियो. फेरि थिले दुघ्याल् लामाः योपछि तेन्झिन् दुघ्याल् लामाको पालामा सुषिम्का राजाले धर्माको राजा मान्याको थियो. पछि अंतरमा भोटको राजाको पिछा परि मांन गयो र धर्माको राजाले सुषिम्को राजासंग लडाञ्ञी गर्दा भोटको राजाले धर्माको राजालाइ ढेरै दवलत् चह्लाई सुषिमका राजाले धर्मा मांन लाउला. लडाञ्ञी नगर भनि पठायो. येसैं बिचमा ञाहा राजा बहादूर साहले लामा तिर्न्झि दुघ्याल्लाई हुकुम भयो. आजकाल सुकिम्का राजाले धर्माको राजा मान्याको रहेनछ. अब सुकिम्का राजालाई धर्माबाट गोहार नदिनु भनि कल्हारिगाऊ थौंमोन्गाउ २ बक्सनुभयो. थोंमोन्को साटो ल्हाम्घां टाटाघांमा तारि षेत्स्मेत् बक्सनुभयो र धर्माबाट गोहार गर्न भयन. गोर्षालिले वर्ष ३ सम्म लडाञ्ञि गरि सुकिम् लियो. फेरि लामा छ्वांवाको पालामा गोर्षालि राजाले लामालाइ हुकुम् भयो. हामिले भोटमा लडाञ्ञि गर्छु. धर्माराजाले भोटको गोहार नगर्नु भनि हुकुम हुदा लामाले धर्मामा यो बिस्तार लेषी पठायो र धर्माका राजाले मानिस् पठाइकन भोटराज्य भन्याको देवस्थान हेमालको देवस्थान हो.

ताहा लडाञि गर्नु हुंदैन. दुनियाको दुष हुंछ. आजकाल् हजुरले कसैलाई मांनुपऱ्याको छैन. चिन्को राजा उठयो भन्या अरूलाई मान्नुपर्ण पनि बेर छैन. त्यो काम नगर्नुहोला भनि बिंति गरि पठाञ्यूं र मान्नुभयन. भोटमा लडाञि गऱ्यो. वर्ष ३ पछि चिन्‌बाट टुंथांको लस्कर आईकन गोर्षालि सबै अरू मुलुक्‌मा भागनुपर्ऱ्या डबल् भयो. धर्माको राजा लामाले घा गरि छिन्यो र अरू मुलुक्‌मा जानुपरेन. चिनियालाई सिर्तो पुऱ्याउन लाञ्यां ॥

फेरि लामा थिल्हे दूघ्यालको पालामा सिंगप्रताप महाराजा सोर्गे भयो र रणबहादूर साह वर्ष २ जतिको भयो. महारानिबाट धर्माको लामा थिल्हेले रणबहादूर साहको अकालदोष सांति गरायो र सिंदु षेत् बक्सनुभयो. लामा छांवा धर्माबाट आउदा गोर्षालिको लस्करले भोटमा लडाञि गरि केरुंग्याले गोर्षालि मानिरह्याको थियो. पछि गोर्षालिको सिपाहि लस्कर केरुंग्या भोटचाले कुल गरि मार्दा फेरै गोर्षालीको लस्कर गै केरु ९०० षोलाको गाउगाउको थानदारः मुषियाः मिझार सबै पक्रकन नेल् हालि मार्नु तयार भयामा धर्माको लामाले बिंति गरि ज्यू बचाई ल्याउदा लामालाई केरु ९०० षोलाको भोटचाहरूले सालिना घरैपिछे बालि चह्राउंला भनि जुगजुगसम्मलाई कागज लेषि चह्रायो. आजसम्म बालि लिदैछुं.

रणबहादूर साह महाराजाको छोरा गिरिवाणयुद्धविक्रम साहको पालामा लामा दुघ्यालः लामा साकाः लामा डावां नुर्पु सिटुः तस्को बदला लामा साग्ये नुर्बुः इनी लामा सम्वत् १८७० सालका पंचम मैंन्हाको सुदि १ रोजमा इनी लामा किडो आईपुग्यो. एसुदी ४ को रोजका दिन पक्षिम्‌बाट ठुलो बतास आई सिंबुको लिंग ढल्यो. दुनिया सबैको दुष भयो. यक्‌चित्त हुनाले बिस्तार भयन.

सम्वत् १८७४ सालका पंच मैन्हाका सुदि १० रोजमा सिध्याइ सबै दुनिञांको सुष आनन्द शुभ्मं———

लामा साकाः महाराजा गिरवाणजुद्धविक्रमदेव साहः लामा न्यात्रां धोर्जेः लामा स्याग्ये नुर्बुः लामा सोनाम् घ्याम्छोः श्री ५ महाराजा राजिद्रविक्रम साहः लामा सेराप् छोनेंः लामा पाल्‌तें वांवोः लामा जिवा थार्चिन्———

वि. सं. १८७० श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	१५	बध	प्रतिपद्	३३।	३६
श्रावण	१८	शनैश्चर	चतुर्थी	३०।	३६

(पात्रोबाट)

वि. सं. १८७४ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
भाद्र	९	शुक्र	दशमी	११	४०

(२० सङ्ख्या)

नरभूपाल शाहको उल्लेख भएको पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको अदलावदली लेखिएको पोकोमा छ। यस सकल पत्रको लम्बाइ १९.७ अङ्गुल र चौडाइ ११.४ अङ्गुल छ।

श्री दुर्गा

श्रीपाटेश्वरी

५ श्रीविश्वेश्वर श्रीवज्रयोगिनी

६ ४ ९

श्री ५ माहाराजा नरभूपाल् साहः

१

श्री ५ माहाराजा पृथ्वीनारायण साह श्रीकाशी

६

श्री ५ माहाराजा रणबहादूर साह काशी

१०

श्री ५ सर्कार

१२

१४

१५

१६

(१) अर्जि

(२) उप्रान्त – – – बाट मेरा बुढाबाज्या गौरेश्वर पण्डित्‌सित तपाञ्‌ी
१
जस्ता हाम्रा गुरु भैकन

(३) हाम्रो प्रताप् बढ्न्या र तेजस्श्वि संतान हुन्या उद्योग गर्नुपर्छ भनी हुकुं हुदा गौरेश्वर पण्डि-

(४) त्‌ले हवस् भनी बिंती गरि आपना घर आइ छोरासग सल्ला गर्दा तपाञ्‌ीबाट आग्या पा-

(५) या काम म गरुला भनी गोकुलविलास् पण्डित्‌ले भन्नुभयो र – – – – –
इ दुइ पिठमा पुरश्चर- ४

(६) ण भयाको हो. तेश्रो पुरश्चरण – – – – मा गर्दा पुन्य प्रताप पनी
५
बढ्‌ला. तेजश्वि सन्तान पनी

(७) हुनन् भनी – – – – बाट वर्दान् भयाको हो. ताहाउप्रान्त – – –
६ ६
पाउलाग्दा मेरा बाज्या नारा-

(८) यण पण्डित् साथ गइ वाहा गर्न्या काम गरि नेपाल सर होला भन्या निश्चय पाइ नेपाल ली -

(९) नाको उद्योग् गरि नेपाल सर भयाको हो. ताहाप्रान्त डिगर्चा लुटि चिन्सित लडाइ हुदा मेरा

(१०) बाबा कुलप्रसाद पण्डित्ले – – – – मा पुरश्चरण गर्दा लडाञी
९
सर भइ जस् मिल्दा षिलत् पनी

(११) मिल्याको हो. मर्‌मिहनत्का अर्थलाइ बाबाबाज्याले गन्याको एस्तै हो. ताहाप्रान्त – – – – बाट
१०

(१२) पाउलाग्दा हाम्रा दुर्दसाले सर्वस्य पनी भयो. बाबाको देस पनी भयो. बाबा लष्नौका नवा-

(१३) फका मुलुक्मा बस्नुभयाको छ तपनी निमक्को सोझो चिताइ – – – –
१२
को केहि काम् परि-

(१४) आवला भंन्या निमित्यले धेरै राजा बाबुहेरूसग दोस्त राष्याको छ. तेस्पट्टिमा केहि काम्

(१५) परिआयो भन्या रसद् मद्दत्को काम गर्न सकनुहुन्याछ. मेरा अर्थलाइ र – – – भन्दा देस्-
१४

(१६) मा रह्याका बाबालाइ छोडिकन पनी १९।२० वर्ष भइगया. इ एस्ता हुं भनि – – – मेरो बिंति
१५

(१७) कसैबाट जाहर् नहुदा हाम्रो केहि हाल रह्चन. बहुत दुष पाइयो. अब र – – – बाट पुरा-
१६

(१८) ना गल्यापन्याका मानिस्को निगाहा रहदा मेरो पनी दुषहरन् होला भनी चित्मा ब-

(१९) हुत आनन्द भइरह्यछ. मेरा प्रभुदेषि अर्को कोहि छइन. जान् अजान् क्षमा गन्या जाला. जो हुकुम्.

(२०) शुभचिन्तक् विष्णुप्रसादको वेदोक्त शुभ आशिर्वाद सतम्———

(२१ सङ्ख्या)

वि. सं. १७३८ को क्षयमाससम्बन्धी टिपोट

यो टिपोट लक्ष्मीपतिसङ्ग्रहमा रहेको परिमाणकल्पको १ (क) पृष्ठमा लीलानाथ पाँडे (वि.सं. १८४३–१८८९) को हस्ताक्षरमा लेखिएको छ। त्यस पुस्तकको लम्बाइ १२.५ अङ्गुल र चौडाइ ५.५ अङ्गुल छ ।

यो टिपोट नयराज पन्तद्वारा विद्या-रक्षा १५ सङ्ख्याको ४३ पृष्ठमा अनुवादसहित छापिएको छ ।

विद्या-रक्षा १५ सङ्ख्यामा छापिएको अनुवादमा केही सच्याई यहाँ दिइएको छ ।

श्रीपृथ्वीपतिसाहदेवनृपतौ शैलावनिं शासति
शाके त्र्यभ्रनृपै १६०३[1]मितेऽधिक इषो मार्गक्षयोवीभवत् ।
स्वीयापस्त्यगतेथ सप्ततुरगे पित्र्यं कृतं कर्म तत्
स्वीयं नीचमुपाश्रिते दिनमणौ दुर्गोत्सवोभूत्तदा १

[राजा श्रीपृथ्वीपति शाहदेवले (गोरखा) पहाडमा शासन गरिरहेको वेलामा शाके १६०३ (वि. सं. १७३८) मा आश्विन महीनामा अधिकमास पर्‍यो; मार्गको क्षय भयो, सिंह राशिमा सूर्य बसेको वेलामा (भदौ महीनामा) पितृकर्म (सोह्रश्राद्ध) भयो, तुला राशिमा सूर्य बसेको वेलामा (कार्तिक महीनामा) दुर्गोत्सव (दशैं) भयो ।]

---

१. विद्या-रक्षा – त्र्यभ्रनृपैर्मित

(२२ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८८३ को पत्र

काठमाडौँ विजयेश्वरीका कृष्णराज पन्तको सङ्ग्रहमा रहेको अप्रकाशित यस पत्रको प्रतिलिपि उहाँको सौजन्यबाट प्राप्त भएको हो । यस सकल पत्रको लम्बाइ ६.३ अङ्गुल र चौडाइ ५.३ अङ्गुल छ ।

श्रीः१

श्रीराजलक्ष्मी लक्ष्मीनारायेण १ — श्री ५ राम साहा जिज्युबुबाज्यू २

श्रीदुर्गा
भवानि

(१) स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का – – – – –

(२) आगे सुबा तारानिधि पंतके. जग्गा खोलाले लग्यो. श्री – – – – – – को पुजामा बाधा पऱ्यो
१

(३) भन्या बिंतीपत्र आयो. अर्थ मालुं भयो. अघि श्री – – – – –
२
हरूदेषि नैं हामिबाट गर्न्या

(४) तिम्रा पुर्षालाई बक्स्याको रहेछ. हामीले पक्का ठहरायौं. अघि परम्पराका निय-

(५) मबमोजीम् अति गोप्यसंग गर्न्या गर. जो चाहिन्या हामिबाट गरिबक्सन्याछौं.

(६) ईति सम्वत् १८८३ साल मिति आश्वीनवदि ३० रोज १ शुभम् – – – – – – – –

(पछिल्तिर)

मार्फत भीमसेन थापा
मार्फत् दलभञ्जन पाडे
मार्फत भक्तवीर थापा
मार्फत उदय गिरि
मार्फत प्राण शाह

वि. सं. १८८३ आश्विनकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी	पला
आश्विन	१७	आदित्य	औँसी	३८।	६

(पात्रोबाट)

(२३ सङ्ख्या)

राम शाहको उल्लेख भएको पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको अदलाबदली लेखिएको पोकोमा छ। यस सकल पत्रको लम्बाइ ३२.३ अङ्गुल र चौडाइ २१.६ अङ्गुल छ।

श्री ३ दुर्गाज्यू

श्री ५ महाराजा राम साह
४

श्री ५ महाराजा पृथीनारायण साह
१

श्री ५ महाराजा सिंहप्रताप साह
२

श्री ५ महाराजा रणबहादूर साह
३

श्री ५ महाराजा सिद्धिनरसिंह मल्ल
५

(१) उप्रान्त हिजो भोटसंग चलन् बन्देज सप्याको छंदामा काला-मोहोर रुपैञाको १३ मासा चांदि १२ रुपैञा तोला बुकीमुन् ३ पाथि नुन्का दरमा नेपाल. दाषी-

(२) ल् कुति आधा किरं आधा नेपालैका अम्बल् थियो. भोटका चीज मधेस्मधेस्का चीज् भोट पूर्वपश्चीमका रस्ता बन्द. सबै नेपालैका रस्ता चल्याका थि-

(३) या र चलन् इलम्ले सब दुनिया प्रजाप्राणिका गुजस्तं चल्याका थिया. टक्सारमा पनी ३।४ सय बांडाले टकी नसक्नु चांदिका भारि चल्याका थिया र ब-

(४) हुतै गुल्जार भै आम्दनि सप्याको थियो. – – – – बाट
१
नेपाल मार्नुहुंदा २०।२५ वर्षसंम घेरा पर्दा नेपालका रस्ता बन्द भै पूर्व्व सुकीमका

(५) रस्ता षुल्न गयो र महाजनी चलन् बन्द भै धेरै आम्दनि गीर्न गयो. – – – का उदय भयापछि यो चलन् सपार्नाका निमित्त
२
पाटन्का प्र-

(६) तार्पासिं नेवारलाई टक्सार भन्सारस्मेत् बक्सनुभै वकीली काममा भोट पठाउनुभयो र साष्या र दिगर्चाको लामासंग तसल्ले गरि कुति र किरुं छाडि

(७) पूर्व्वतरफका रस्ता बन्द नेपालैको रस्ता गरि पुरानै बन्देजको चलन् सच्याई आया र दुनियाको चलन् ईलम् पनी बहुतै सप्र्यो. टक्सारमा पनी ३।४ सय बां-

(८) डाले टकि नसक्नु चांदिका भारि चल्या र बहुतै गुल्जार भैगयाको थियो. – – – का उदय भयापछि स्यामर्पा लामाको कुरामा
३
भोटसंग तक्राज भै क-

(९) चुबचीन जांदा यो चलन् सबै विग्रनु गयाको हो. सिषार्जुमा लडाञि हुंदा मुक्तियारि काजि श्रीकृष्ण साह रंजीत पांडे कपतान बम् साह सिव्या षत्रि नहा-

(१०) र्सि बस्न्यात हर्क्या पंथ सर्दार पारथ भंडारि भक्ति थापा थिया. एक लडाञि तांहा भयापछि भोटसंग गमनु नसकि भारादार लस्कर सबै मुहुडा फिरा-

(११) ई तिग्लीमा आईपुग्याका थिया. भोटघाका लश्कर पनी पछ्याउंदै तिग्लीमा आईपुग्याका थिया. यस्तै बषत्मा काजिहरुका सल्लाहसित भोटचा-

(१२) का लस्करमा वकीली भै जांदा हजूरका प्रतापले फौदका मालीकलाई जुवापले एक बातमा कयद गरि पुरानै बन्देजमा चलन् चलाई नेपाल हामि

(१३) मानुंला. बादसाह बुझाऊनुपर्‍या हामि बुझाऊंला. यो बेहोरा सबै लामाहरूसंग दिस्तार गरि बन्देज बाधुंला. यती बन्देज सिध्याई जाऊ भनी कबू-

(१४) लीत गराई फिऱ्यां थ्यां: यस्तै बषत्मा दिगर्चा पुग्नु नसकि षजाना र लस्कर षराप गरि मुहुडा फिरायो भंन्या बषान् हजूरमा जाहेर हुंदा ताहां षा-

(१५) नु यहां चुठनु भंन्या बोलाहाटको मोहोर बक्सी पठाऊनुभयो र यो बन्देज सिध्याऊनु नपाई भारादार लस्कर सबै फिऱ्यापछि यही बन्देज सिध्या-

(१६) उनाका निमित्त लामाहरूका सल्लाहसित लगत्तै कार्तिक मंन्हामा भोटचा वकीली आईपुग्या. यस् बषत्मा तिग्लीमा जो भयाका बिस्तार बिन्ती

(१७) हजूरसंम जाहेर गराईदिन्या बाटो मैले नपाञ्गिदा भोटचा वकीलीसंग कुराको बेहोरा नमिल्दा भोटचा वकीलीहरूले यहा भयाका बिस्तार सबै लेषि

(१८) भोट पठाया र गोर्षासंग कदाचित् हामिले टुटाऊनु हुदैन. बुझाऊनै बढिया भनी लामाहरूका सल्लाहसित प्रसस्त दौलत् सरसौगात्स्मेत् गरि धु-

(१९) रिन्लाई पठाईदियाको हो: भोटका चुक्ली बढाई तक्राज ऊठाउन्या स्यामर्पा लामा यहां छंदै थियो. यस् बषत्का बिस्तार बिन्ती काहांतक् लेषुं. जा-

(२०) हेरै भयाको होला. यस्तै बेहोरा हुनाले जस्तो कुलो बिग्री षेत बांझो. तस्तै राहा बिग्री यो नेपाल भैरहेछ. प्रभु प्रजाप्राणिका निमित्त हजूरलाई संता-

(२१) प कैल्यै छुटिन्या भयन. हजूरलाई संताप नछुट्टा प्रजाप्राणिका दुःख पनी छुटेन. ५०।६० वर्ष भयो. प्रभु यस्तै धमिलो हुंदा राजाप्रजाका सु-

(२२) ष संप्रदाय छुट्याका आज यहांसंमको हाला भैसकियो. दुनियामा हकिगत् कसैका कुसल छैन. जान्या बुझ्याको बेहोरा केहि बिन्ती गरुं भन्या हामि

(२३) गरीबका मुषबाट नजुरिन्या. बिन्ती नगरुं भन्या दुःखका दाहाले षपिसक्नु भयन. बाकि हुर्मत् पनी केहि रहेन. मूल रस्ता भोट हो. निकास रस्ता द-

(२४) क्षीण हो. यो २ रस्ताको तसल्ले बिग्रनु जांदा सबै चलन् बिग्रीरहेछ. यो दुवै रस्ता बनाऊनाको मन्सुवा राषिबक्सनुभया प्रताप हजूरको हो. जुक्ति-

(२५) ले नहुंन्या कुरा केही छैन. प्रजाप्राणिका हाल् हिक्मत् एक बार षवर राषी बुझीबक्सनुभया जान्या बुझ्याको बेहोरा बिन्ती पनी जाहेर हुंदो हो.

(२६) ------ बाट पनी श्रीत्त सिछ्याको बेहोरा केहि हुकुम भयाको थियो.

१

सो पनी हजूरमा जाहेरै भयाको होला. बुझीबक्सनुभया जाला.

(२७) गोर्षादेषिका पुरानिया सेवक हुं. हिजो – – का पालामा पाटन्का

४

– – – – बाट गोर्षासंग सलतन् गरि पाटन्का

५

(२८) २४ कोठि गोर्षामा बसाई गोर्षाबाट झिकायाको वंसीधर उनैका सन्तान हुं. प्रभु चौबिसो मार्दा पनी भरादारका साथमा गौडैपिछे पुग्दै थि-

(२९) न्यां. हजूरसंम जाहेर हुन नपाउंदा गति मेरा केहि भयन. जाहांसंमको दुःख कष्ट भैरहेछ. प्रभु षबर भया जाला ———————

(२४ सङ्ख्या)

पृथ्वीपति शाह आदिको उल्लेख भएको वि. सं. १८९४ को जाहेरी

अप्रकाशित यो सकल पत्र परराष्ट्रमन्त्रालयको १७ सङ्ख्याको पोकोमा छ।

श्रीदुर्गा सहा ७

श्रीगोरषनाथका	श्रीमाई	श्रीमाई	श्रीमाई श्रीगोरष
२३	४०	२५	२६

स्वस्ति श्री ५ नरभूपाल महाराजाका समयको विस्तारको पर्दः

बुढाबुढाका मुष सुन्याको कुरो.

श्री ५ विरभद्र साहका रानि आसा थिईन्. साहेबजिउका मन नपर्दा श्री ५ पृथिपति महाराजाको हुकुम भयो माईत जा र बस् भन्या. ५ मैन्हा गर्भमा हुदा पाउलाग्नुभयो. चंद्रसेषर् पाँडे सर्दारः चंद्रुप् साहि सर्दारः पाउरषवारि गया. ४।५ वर्षसम्म बस्या. तनहुँमा बस्या. साहेबजिउ श्री ५ विरभद्र साहाले म पजनि गर्छु भनि बिन्ति गर्दा मेरा सेषपछि गर्लास् भन्या हुकुम भयो. साहेबजिउका मनमा वैराग्य भयो र धार्दिंग गयेर बस्याछन्. ताँहाँपछि नेपाल पाउलाग्नुभयो. नेपालका राजाले सिर्पाउ दिन अट्कलेछ र आफुसँग गयाका २।४ थरघर थिया. तन्ले षिलत् पैन्हनुछैन. बाहुलिमा थाप्नुहोला भनि बिन्ति गऱ्या. षिलत् लि डेरामा आई तिमिहेरूले हात थाप्नु भन्याको केन हो भन्दा कुकुर् डाकेर पगरि कुकुर्का कपालमा राषिदिया. कुकुर् घुम्यो र मऱ्यो. मऱ्याको देषि अब जाउं नबसउँ भनि मर्जि भयो. पाउलाग्नुभयो. बर्राटार आई वेथा लाग्यो. वोर्लांघाट आइ पर्लोग हुनुभयो. श्री ५ बुढामहाराजा पनि २।४ वर्षपछि स्वर्ग्य हुनुभयो र भाईभइवादहेरू पनि हामि राजा हुन्या हुं भनि सर्षराउन लाग्या. गादिको मालिक् छदै केन सर्षराउँछौ भनि विष्णु साहाले भन्या र विष्णु साहालाई बाहेक् गऱ्या. छथरघरको मतो भयो. लिन गया. श्री ५ माहारानिबाट पठाउनु नहुदा गौरेस्वर पंडितलाई तिमिलाइ गुरू मानिदिउँला भनि उन्का बुझाउवा गोर्षा पाउलाग्नुभयो. श्री ५ नरभूपाल साहा गादिमा विराजभान् भयो. विवाहा व्रतबंध भयो. गौरेस्वर पिंडित गुरू भया. ताहाँपछि ७ मैन्हामा श्री ५ पृथिनारान् साहाको जन्म भयो. साहेबहेरूको जन्म पनि भईगया.

म पुनस्चरन् गर्छु भनि हुकुम हुदा चौबिस् संध्याको पुनस्चरन्को संकल्प भयोछ. ——का मंधिरमा कांसकुशको मढुलि बनाई पुनस्चरन् गर्न लाग्नु-
२३
भयेछ. तेसै जग्गामा ११ पुनस्चरन् भयापछि भित्र —— का मंधिरमा येस्तै त्रहसित
२५
वाहा पनि १२ पुनस्चरन् हुदा —— छ सात वर्षकि कंन्या र १०। ८ वर्षका
२६
फटिक्का दर्सन् लायाका जोगि यस्ताले उठ् उठ् नरभूपाल् भनि आग्य हुदा निंद्रा-झुकमा लठ लि उठचा. ई २ अलप् भया. रात बिहायापछि दर्बारभित्र पस्नुभयेछ. श्रीमहारानिले सब थरघरले बलिदान् होम जज्ञ भयापछि भित्रि हुन्या हो र अगावै पस्नुं भयो भनि बिन्ति गर्दा म भित्र ठहर्न सकिन भनि हुकुम भयेछ. २।४ मैन्हापछि विछिप्त पनि हुनुभयेछ.

तस्तै बखत्मा श्री ५ राजा बहुलाई गया भनि चौबिसि बाईसि उठि लिग्-लिग्मा लडाईं भयेछ गरे. भुसुं डिमा लुटपिट पनि भयेछ गरे. विसु पंथः हरिहर पंथः गंगाराम पाँडेः मनिराम पाँडे पनि बाँधेर लग्याछन्. तस्तै बिचमा बान्ह हज्जारका ब्राह्मन् लाठा लि अग्रसर् भै थरघर सिपाहिसमेत गई लाठाको जुध्ये भयेछ. कतिका कपाल फुटचा. कतिका हात भाग्या. गोडा भाग्या. लडाई जिति चेप्चा मर्स्याँदि तान्या. कति बग्य. लडाई जितियेछ.

श्री ५ पृथिनारान् साहा महाराजाकि मुमाजिउले सात दिनसम्म अंन पानि नखाई उहि जग्गामा गई तपस्या गर्नुभयेछ. सात दिनमा ——को दर्सन् पाउ-
४०
नुभयो. तीम्रा राजाले मलाई लठ्ठि उठाउँदा विछिप्त भया हो. सभ पुनस्चरन् हुन लाग्यो भनि तेईसै पुनसचरन्मा मैले दर्सन् दियाको हो. लट्ठि उठाउदा विछिप्त भयाको हो. बिसासय बलि पनि चन्हाउ. बिसासय रोट पनि चन्हाउ. संन्च होला भनि आग्य भयेछ गरे. वाहापछि संन्च भयेछ.

वुढाबुढाले गन्याका पुराना कुरा सुन्येका हुन्. अघि पछि पन्यो कि बया भयो. माफ् होला. श्री ५ राजा र श्री ५ देवताका संबंन्धिका कुरा हुन्. प्रकास नभया बढिया होला – – – – – –

श्रीशम्वत् १८९४ साल मीति माघशुदि २ रोज ७ शुभम् – –

वि. सं. १८९४ माघशुक्ल

	गते	वार	तिथि	घडी	पला
माघ	१६	शनैश्चर	द्वितीया	५२।	३२

(पात्रोबाट)

(२५ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८९६ को पत्र

अप्रकाशित यस पत्रको नकल परराष्ट्रमन्त्रालयको १७७ सङ्ख्याको खाममा छ । यस पत्रमा परेका भिन्नभिन्न शीर्षकअन्तर्गतका कुराहरू डिल्लीबजारको लगतफाँटको २० सङ्ख्याको पोकामा रहेको ७० सङ्ख्याको नकल्याबहीमा बेग्लबेग्लै पत्रका रूपमा छन् । उक्त १७७ सङ्ख्याको खाममा रहेको पत्रमा परेका दफदरषाना श्रीकुमारिचोकको शीर्षकअन्तर्गतका कुरा लगतफाँटको बहीका १३८ र २८५ सङ्ख्याका पत्रमा छन् । यसै गरी अदालतको शीर्षकअन्तर्गतका कुरा १४१ र २८५ सङ्ख्याका पत्रमा[1], सदर कम्पनी दफदरषानाको शीर्षकअन्तर्गतका कुरा २८५ सङ्ख्याको पत्रमा, कचहरीको शीर्षकअन्तर्गतका कुरा १९० र २८५ सङ्ख्याका पत्रमा, गहनाको शीर्षकअन्तर्गतका कुरा १८६ र २८५ सङ्ख्याका पत्रमा, बलिदानको शीर्षकअन्तर्गतका कुरा १८७ र २८५ सङ्ख्याका पत्रमा, जागीरको शीर्षकअन्तर्गतका कुरा १८८ र २८५ सङ्ख्याका पत्रमा तथा जागीरका थरको शीर्षकअन्तर्गतका कुरा ३६९ सङ्ख्याको पत्रमा छन् । यीमध्ये दफदरषाना श्रीकुमारिचोकको शीर्षकअन्तर्गतका कुरा परराष्ट्रमन्त्रालयको १०५ सङ्ख्याको खाममा रहेको पत्रमा तथा अदालतको र कचहरीको शीर्षकअन्तर्गतका कुरा क्रमशः परराष्ट्रमन्त्रालयको १२७ र १४५ सङ्ख्याका खाममा रहेका पत्रमा पनि छन् । लगतफाँटको १३८ सङ्ख्याको पत्रमा (परराष्ट्रमन्त्रालयको १०५ सङ्ख्याको खाममा रहेको पत्रमा पनि) **दुतिय ज्येष्ठवदि ८ रोज ४**, १४१ सङ्ख्याको पत्रमा **द्वितीय ज्येष्ठवदी ९ रोज ५**, १८६, १८७, र १९० सङ्ख्याका पत्रमा **द्वितीय ज्येष्ठवदी १३ रोज २**, १८८ सङ्ख्याको पत्रमा (परराष्ट्रमन्त्रालयको १४५ सङ्ख्याको खाममा रहेको पत्रमा पनि) **द्वितीय ज्येष्ठवदी १४ रोज ३**, २८५ सङ्ख्याको पत्रमा (परराष्ट्रमन्त्रालयको १७७ सङ्ख्याको खाममा रहेको पत्रमा पनि) **आषाढशुदि ११ रोज २** तथा ३६९ सङ्ख्याको पत्रमा **श्रावणशुदि १२ रोज ४** लेखिएकोछ ।

श्रीदुर्गाज्यू १

श्री ७ देवता **श्री ७ लक्ष्मीनारायण** **श्रीकुमारि**

५ ४ ३

श्री ५ जिज्यूबाज्याज्यू महाराज राम शाह

१

श्री ५ बाज्याज्यू महाराज रणबहादुर शाह

२

---

१. श्रीज्ञानमणि नेपालको सङ्ग्रहमा रहेको पत्रमा पनि अदालतको शीर्षकअन्तर्गतका कुरा छन्, तर त्यसमा यहाँ जस्तो ९ बन्देज नभई परराष्ट्रमन्त्रालयको १२७ सङ्ख्याको खाममा रहेको पत्रमा भए जस्तै ७ बन्देज मात्र छन् । त्यस पत्रमा सम्वत् १८९६ साल् मिति दुतिय जेष्टवदि ९ रोज् भनी मिति दिइएको छ ।

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहवहादूरसम्सेरजङ्गदेवानां सदा समरविजयिनाम् ———

आगे अघि — — — वाट तपसिलबमोजिमका कामकामको थिति-
१
बन्देज वांधिबक्सनुभयाको रहेछ. पछि बीचमा केही षडबड पर्न गयाको सच्याई सोहि थिति थामी गर्न्या कामको थितिबन्देज बांधिबक्स्यौं ———

तपसील

दफदरषाना — — — चोकको
३

प्रथम बन्देज. दस चिउंटीको एक मुठी. दस मुठीको एक माना. आठ मानाको एक पाथी. बिस पाथीको येक मुरि. एसै रीतले लिनदिनको व्यवहार गर्नु ——१

दोश्रो बन्देज. दस लालको एक मासा. दस मासाको येक तोला. चार तोलाको एक पल. सताइस पलको एक बोडि. एक सय आठ तोलाको एक बिसौलि. दुइ बिसौलिको एक धार्नि. यसै रीतले तुलाको व्यवहार गर्नु ———२

अदालतको

प्रथम बन्देज. रिण लिंदा दिंदा दश वर्षमा दामको दुनु अन्नको तिनु लिनु दिनु. ब्याज तिर्दै रह्याको भया साउ मात्रै लिनु दिनु गर्नु ———१

दोश्रो बन्देज. पध्यारा र कोलमा तेल पेल्न्या पानि भर्न्याहरूको पालामा अलिअलि झगडा भयाको कसैले नसुन्नु. जो अघि आयो. उसैले तेल पेल्नु. पानी भर्नु ———२

तेश्रो बन्देज. स्त्रीजातिलाई कसैले बोक्सीको बात् लायो भन्या तेसलाई ल्याई षारषेर गरि मुष्य पाषैमा छिन्नु. पाषामा छिनियेन भन्या न्याय दिनु. हारी भन्या बोक्सीलाई गाउनिकाला गरिदिनु. जिति भन्या पगरी दिनु. बोक्स्यारो लाउन्यालाई पांच रुपैया दंड गर्नु भंन्या थियो तपनि कलिकालको समय रीसले धेरैलाई भन्नन् भंन्या पाठले — — — वाट छबीस रुपैया दंड गर्नु भन्या बन्देज
२
गरिबक्सनुभयाको रहेछ. अबउप्रान्तलाई पनि सोहि बन्देज थामिबक्स्यौं ——३

चौथो बन्देज. गौचर र निकासपैसार राषनु. उसमा कसैले चलन नगर्नु. गौचर र निकासपैसारमा चलन गर्न्यालाई र पध्याराका वाटका रुष काटन्यालाई पांच रुपैया दंड गर्नु ———४

पांचौ बन्देज. गोतिया भाइले जीयसंबंधिको बिराउ गर्न्या भन्या

देशनिकाला गरिदिनु. ब्राह्मणले जीयसंबंधिको बिराउ गर्‍या भन्या मुडी देशनिकाला गरिदिनु. संन्यासि वैरागि जोगी भाटले पनि जीयसंबंधिको बिराउ गर्‍या भन्या मुडी देशनिकाला गरिदिनु —————————— ५

छैटौं बन्देज. षस मगर नेवारप्रभृति अछुति जातसम्म र मुसलमानले जियसंबंधिको बिराउ गर्‍या भन्या उनको जिउ मारिदिनु —————— ६

सातौं बन्देज. कसैले बिरायामा ढुंगो छुवाउनु. पान फुल ढुंगामा राषनु. ढुंगो भन्याको – – – को पाउ हो —————————— ७

४

आठौं बन्देज. गोर्षासहरवासीलाई सात हराम सात बिराम माफ रगतको पानी भयो भनी बक्स्याको रहेछ. सोहीबमोजिमको बन्देज थामिबक्स्यौं —— ८

नवउ बन्देज. चौबीस कोठी झिकाई इनलाई सात षत माफ गरिबक्स्यौं भंन्या थिति बांधिबक्सनुभयाको रहेछ. सोहिबमोजिम थामिबक्स्यौं ——— ९

सदर कम्पनी दफदरषानाको

प्रथम बन्देज. बिर्ता संकल्प हुंदा पहिले काजीले बिंति गर्नु. चौतरियाले पानी हालनु —————————————— १

दोश्रो बन्देज. एस्ता रितिले संकल्प भयापछि हुकुम बक्स्याका जगामा सदर दफदरषानामा रहि कामकाज गर्न्या भारादारले थरघरहरू र डंगोल षटाई सांधसिवाना गरिदिनु —————————————— २

तेश्रो बन्देज. सांधसिवाना गर्दा बिस पाथीको एक मुरि. सय मुरिको एक षेत. चार जवाको एक रोपनी. पचीस रोपनीको येक षेत. एहि हिसाबले जगा छुट्याइदिनु —————————————— ३

चौथो बन्देज. संकल्प भयाबमोजिमको जगा नाप गरि चार किल्ला-कोईला गाडि येति षेत येति मुरि भंन्या षसोषास छुट्याई पछिसम्म तक्रार नपर्न्या गरि सांधसिवाना गरी श्रेस्तामाफिक दानपत्र तांवापत्र गरिदिनु —— ४

पांचौं बन्देज. अन्याय अकृति गरी कसै भारादारहरूले गादि ढुंगाको बिगार्न लाग्या भन्या पांडे पंथ अर्ज्याल षनाल राना वोहरा इ छथरले बिगार्न नदिनु. घरको बसी पजनी नगर्नु. उठी पजनी गर्नु —————— ५

छैटौ बन्देज. षोरिया गर्न्या कालाबंजार पाषा जगामा अघि षुर्प्या-ठ्याक जश्ले गर्‍यो. उसैले चलन गर्नु. षेत बिन्हिन्या जगामा तिन साल

दुइ ओटि बाली बिन्हाउन्याले षाई चौथा सालदेषि तर्लिस बोटि बालि दाषिल गर्नु ——————————————— ६

सातौं बन्देज. ———को र धर्मसालाको गुठ संकल्प गरिबक्सदा पनि काजीले
५
पैले बिंति गर्नु. चौतरियाले पानी हालनु. छथरप्रभृति संधियारले येति षेत येति मुरि येति रोपनी येति षेतको येति पाषो घडचारि भनी निकासपैसार संधिसर्पन्को विचार राषी चारकिला गाडी सांधसिवाना गरि जगा छुटचाइदिनु ——————————————— ७

आठौ बन्देज. जस्को जागिर हो. उसलाई तर्लास भंनु. षेत रोपन्यालाई मोही भंनु ——————————————— ८

कचहरीको

प्रथम बन्देज. कचहरीमा हामीबाट फलाना भनी हुकुम हुंदा महाराजाधिराज भनी बिन्ति गर्नु. साहेब चौतरियाले फलाना भनी बोलाउंदा गरीपपरवर बंदेनिवाज भनी बिन्ति गर्नु. बाबु टाढाका भैवाद गोतियालाई साहेबसम्म भनी बिंति गर्नु ——————————————— १

दोश्रो बन्देज. काजी सर्दार भरभारादार भयाका ब्राह्मण षस मगरादिहरूलाई देवान काजी मुषिया जिउ जिकारी आज्ञा भनी बोलनु. हाम्रा नजीकका सनेहका मान्ना साहेब चौतरियाले सलाम गर्दा गादिमा राज भयाका वेलामा हामीबाट एक सलाम फिराइबक्सनु. अन्यत्रमा त दुइ सलाम फिराइबक्सनु. अरू टाढाका भाइ गोतियाहरूलाई अन्यत्रमा मात्रै एक सलाम फिराइबक्सनु. आपना भातभान्साका नगीचका चौतरिया काका बाज्या दाज्यू पर्न्याका चौतानिहरूलाई हामीबाट र हाम्रा पट्टरांनि रानीबाट पनि सलाम फिराइबक्सनु ——————————————— २

तेश्रो बन्देज. हाम्रा हजूरमा छदामा साहेब चौतरा आया भन्या हाम्रा हजूरमा बक्साई अरूले आशिर्वाद सलाम गर्नु. गुरुलाई हामीबाट दर्सन गर्न्या वेला छ भन्या सबैले गुरुलाई दर्शन गर्नु. अघिपछि त बिन्ति गरि बक्साई गुरुलाई दर्शन गर्नु ——————————————— ३

चौथो बन्देज. हामीबाट कसैलाई काम हुकुम हुदा काम जानुपर्दा पछिपछि हटी हाम्रा अदृष्टि भयापछि पिठ फिराई जानु. नजर परंज्याल पीठ नजरमा नपार्नु ——————————————— ४

पांचौ बन्देज. कचहरीमा बस्दा नगीचका भाइ चौतरियालाई दाहिनातरफ चारपाटचामा. गुरुलाई अगाडि चारपाटचामा. आफ्ना भाइ काजी भयाकालाई बांञातरफ चारपाटचामा बसाउनु. कचहरीमा मोचताउ नदिनु. उपरषुट्टी नलाउनु —————————————————— ५

छैटउ बन्देज. ब्राह्मण षस मगर काजि भयाका छन् भन्या पाकाबुढालाई हुकुम भयाकाले मात्र बस्नु. जवान आलाकांचाले षडै रहनु. अरू भला आदमीले पनि हुकुमले मात्र बस्नु —————————————————— ६

सातौं बन्देज. हामीबाट कचहरीमा एकलै विराजमान भयाका वेलामा द्वान्या नसाधि काजिले पनि नजानु. द्वान्यामान् षानज्यादैले मात्र षानु —— ७

गहनाको

प्रथम बन्देज. हाम्रा पटबंदी रानीले गोडामा सुवर्णका गहना लाउनु —— १

दोश्रो बन्देज. भाइ चौतरियाका रौतेला रौतेलीहरूले बालषकालमा मात्रै सुवर्णका गहना गोडामा लाउनु —————————————————— २

तेश्रो बन्देज. भैवाद चौतरियाहरूका चौतानिहरूले हामीबाट बक्स्या मात्र गोडामा सुवर्णका गहना लाउनु —————————————————— ३

चौथो बन्देज. ब्राह्मण रजपूत षस मगरप्रभृति अरू जातले भन्या हातमा पनि हामीबाट बक्स्यामा मात्र सुवर्णका गहना लाउनु —————————— ४

बलिदानको

गोर्षामा अघि – – – बाट तल्लाकोटमा – – – स्थापना नगरी

१ ५

बलिदान नगरी माथि दरबारमा बलिदान नगर्नु. तल्लाकोटमा – – – स्थापना

५

गरी बलिदान गरिकन माथि दर्बारमा बलिदानादि विधि गर्नु भंन्या थिति गरिबक्सनुभयाको रहेछ. सोबमोजिम हामीले पनि थामीबक्स्यौं —————— १

जागीरको

जागीरको बन्दोबस्त हुंदा – – – बाट थरघर बांधी अबल द्वयम् सिम
१
चाहार छुटचाइ षुंडाको भाग लगाइबक्सनुभयाको रहेछ. सोही थिति थामिबक्स्यौं ——————————————— १

जागीरका थरको

अघि पुरोहित चारमा – – – बाट बगाल्या अर्ज्याललाई होतु.
१
बिहाऱ्या अर्ज्याललाई आचार्य र अर्ज्याली. षनाललाई ब्रह्मा. भट्टराइलाई गणेश तुल्याउनु भंन्या थिति बांधिबक्स्याको रहेछ. सोहि थिति थामिबक्स्यौं – १

अघि – – – गोर्षामा प्रवेस हुंदा तल्लाकोटमा गादि पऱ्याको
१
हुनाले पांडे ब्राह्मणलाई तल्लाकोटको पुरोहित्याञी बक्सनुभयाको रहेछ. सोहि थिति थामिबक्स्यौं ——————————————— २

आङजा थापालाई ददाञी – – – बाट बक्स्याको रहेछ. सोहि थिति
१
थामिबक्स्यौं ——————————————— ३

अघि – – – बाट तुरुक्षाकी आले आंजा थापा आंजा राना इ तीन
१
थरलाई आलोपालो गरि कपर्दारि मान बक्सनुभयाको रहेछ. सोहि थिति थामिबक्स्यौं ——————————————— ४

अघि – – – बाट पांडे पंथ अर्ज्याललाई आलोपालो गरि षजानाको मान
१
बक्स्याको रहेछ. सोहि थिति थामिबक्स्यौं ——————————— ५

अघि – – – बाट फेरि अर्ज्याललाई धर्माधिकार षर्दारि भान्स्या येति मान
१
काम पनि बक्स्याको रहेछ. सोहि थिति थामिबक्स्यौं ——————— ६

येति थरमा पैल्हे सबै जान्न्या हुनाले – – – बाट यो थिति बांधिबक्सनु-
१
भयाको रहेछ. आज र येति थरमा कोहि जांन्या कोहि नजांन्या हुनाले यसमा अरू जात भया पनि तजबिज गरिबक्सौंला ——————————— ७

इति सम्वत् १८६६ साल मिति आषाढशुदि ११ रोज २ शुभम् ———

वि.सं. १८९६ अधिकज्येष्ठकृष्ण

	गते	वार	तिथि	घडी	पला
ज्येष्ठ	२४	बुध	अष्टमी	१७।	२७
ज्येष्ठ	२५	वृहस्पति	नवमी	१२।	४
ज्येष्ठ	२६	शुक्र	दशमी	६।	१३
ज्येष्ठ	२७	शनि	एकादशी	०।	४
ज्येष्ठ	२८	आदित्य	त्रयोदशी	४७।	४९
ज्येष्ठ	२९	सोम	चतुर्दशी	४२।	५

(पात्रोबाट)

यस पक्षमा द्वादशी टुटेको छ। यस कारण यी पत्र लेख्नेले पात्रो नहेरी सोझै गनी त्रयोदशी सोमवार, चतुर्दशी मङ्गलवार भनी लेखेको देखिन्छ। वास्तवमा त्रयोदशी आदित्यवार, चतुर्दशी सोमवार पर्छ।

वि. सं. १८९६ आषाढशुक्ल

	गते	वार	तिथि	घडी	पला
श्रावण	९	सोम	एकादशी	२३।	१३

(पात्रोबाट)

वि. सं. १८९६ श्रावणशुक्ल

	गते	वार	तिथि	घडी	पला
भाद्र	७	बुध	द्वादशी	५८।	३०

(पात्रोबाट)

(२६ सङ्ख्या)

राम शाह र नन्दा मिश्रको उल्लेख भएको वि. सं. १८९६ को पत्र

अप्रकाशित यस पत्रको नकल परराष्ट्रमन्त्रालयको १७६ सङ्ख्याको खाममा छ ।

श्रीदुर्गाज्यू

श्री ५ जिज्यूबाज्याज्यू महाराज राम साह
१
श्रीगुरु
२

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का————————
अघि ------बाट नन्दा मिश्रलाइ ---तुल्याइबक्सनुभै हाम्रा
१ २
सन्तानले तपाइका सन्तानलाइ --- तुल्याउनु. अरूलाइ नतुल्याउनु भनि धर्म
२
गरिबक्सनुभयाको रहेछ. सोहि थिति थामिबक्स्यौं.

इति सम्वत् १८९६ साल मिति

(पछिल्तिर पछि लेखिएको)

नन्दा मीश्रलाइ ज्यूज्यूबाज्याबाट गुरूजुलाई बक्सनुभयाको हामीबाट पनि थामीबक्स्यौ भंन्या बेहोराको लालमोहरको नक्कल्

(२७ सङ्ख्या)

द्रव्य शाह, पृथ्वीपति शाह र नरभूपाल शाहको उल्लेख भएको पत्र

अप्रकाशित यो पत्र परराष्ट्रमन्त्रालयको ८ सङ्ख्याको पोकोमा १८१ सङ्ख्या-मा छ। यस सकल पत्रको लम्बाइ २७.६ अङ्गुल र चौडाइ १२.६ अङ्गुल छ।

श्रीमन्मङ्गलमूर्त्तये नमः ८

श्री ५ माहाराजा द्रव्यै साह
१

श्री ५ माहाराजा पृथ्वीपति साह
२

श्री ७ काशि
४

श्री ५ माहाराजा नरभूपाल साह
३

श्री ५ स्वामिज्यू
५

श्री ६ गुरुज्यू गजराज मिश्र
६

श्री ५ माहाराजा गीर्वाणयुद्धविक्रम साह
७

(१) उप्रांत कुमाउबाट आयाका भगिरथ पंतले केहि दिन् लम्जुङ्ग बसि काजका उद्यो-

(२) गको प्रसंसा गरि गोर्षा आई गणेश पांडे भुसाल रानासंग कामकुरो बाँधि गणेश पांडे-

(३) का छोरा गजाधर पांडे भुसाल रानाहरू साथ लि फेरि लम्जुङ्ग गै धरोधर्म्म दि लि – – – – – –

(४) – – लाई चलाई ल्यायाको बिस्तार चरणमा जाहेरै होला. पछि
१
– – – का सम-
२

(५) यमा भगिरथ पंतका पनाति लक्ष्मिपति पंतले श्रीचौतरिया बंन्रूप साह र आपना

(६) बाज्यू महेश्वर पंतका सल्लाहले ५।७ राजाका र तनहुंका गुरु गौरेश्वर पण्डितलाई

(७) गुरुको वरणी लि तनहुं गै – – – – लाई चलाई ल्यायाको बिस्तार
३
पनि चर-

(८) णमा जाहरै होला. पछि लक्ष्मिपति पंतका नाति मेरा बाबा रामदास पंतले चिनिञाॅं-

(९) संग घा गर्न जांदा तुंथाङले घामा तह नदि डेराको बहना गरि लस्कर बेत्रावति तार्दा

(१०) अगुवा भै भीरको बाटो काजि दामोदर पांडेका मुहुंडामा लगि नून समझि आप-

(११) नु जीउ दि १० हजार चिनिञाॅं कटायाको बिस्तार पनि चरणमा जाहरै होला. मेरा

(१२) अर्थकन १० वर्षदेखि ४० वर्षसम्म गऱ्याका टहल् कांहातक बिंति गरु.
– – – –
४

(१३) बाट – – – – पालाग्नुभयापछि पाल्पालि राजाले बोलाहाट् पुग्या-
५
पछि पनि

(१४) मैञां ञाहा पठाई आफु पलपा आंडदा गुल्मिको बाहालि गराई पनि राजा लि

(१५) आवनु भनि हुकुम हुंदा सीर चऱ्हाई पृथ्वीधर पाध्या र म पाल्पा गै ८ दिनसम्म

(१६) दलेलि गर्दा राजाको चित्त बुझि सायत गरि माडि सऱ्याका दिन फेरि चंद्रवीर कुं-

(१७) वर पनि पुग्या. भोलिबेर कुच भयो. छैटा दिन ञांहा दाषिल गराञां १ मुठि बारुद

(१८) षर्च नभै पाल्पो सर भयो. पछि अंगरेजसंग मुर्चा जोरिंदा घा र कटक्मा भा-

(१९) रादारसंग बुझ नमिल्दा – – – तड्कि मधेस जानुभयाको थियो.
६
तस्तै बीच-

(२०) मा भारादारले मकवानपूरमा कटक गरि घा गर्न जांदा लोनिअषत्तरले– –

(२१) – – – – लाई षोजदा भारादारहरूले बुझाई सम्झाई ल्याउनुपऱ्यो
६
भनि कालि-

(२२) दास पंत र मलाई पठाया. नारायणीका तीर पुगि उन्को चित्त बुझाई रातबिरात

(२३) गरि ल्याई दाषिल गराऱ्युं. पछि – – – – का पर्लोग हुंदा आर्ज्याघाटमा जगजित्
७

(२४) पांडे लोकु पांडे कालिदास पंत म हामि ४ जनाले भरिरात गात कुन्हिऊं. भोलि-

(२५) बेर छुरा र नहर्नि दिया. माथका केस् पावका नष् बनाऱ्युं. स्नान गराई गोपिचंदन

(२६) धोति पोसाक पंन्हाऱ्युं. ब्राह्मणले रातभर कुन्हि हजाम र गुलामले गर्न्या टहल

(२७) गऱ्याको भारा षामिदलाई रहन्याछ. शुद्धसांतिमा संकल्प भयाको षेतमध्ये १।१

(२८) षेत दिनु भनि भीमसेन थापाले भन्याको पनि मेरा कर्म्मले नदिंदा जङ्गल पस्याका

(२९) २०।२२ वर्ष भया. – – – का व्रतबंधमा बक्स्याको वृत्ता घर पनि
५
बिक्यो. गहना हांडो-

(३०) भांडो पनि बिक्यो. एति भै पनि १५ सय रुपैया कर्जा लागिरहेछ. कोहि सहाय नभ-

(३१) याका दारिद्रचकूपमा डुब्याका मनुष्यका उद्धारनिमित्त र सत्रुको मर्द्दन् थिति नि-

(३२) तिको कीर्त्ति फैलावत्तानिमित्त निर्विवेकि बादल् फारि चतुर्बाहुका अंस दया-

(३३) सागर प्रकट हुनुभयो भनि सुन्दा हर्षले गद्‌गद भै दउडडो आयाको हुं. ढोकामा

(३४) छिर्न नपाउदा कुमारिचोकका मुढामा बसि जय मनाउंछु. अर्को सहाय मेरा को-

(३५) हि छैन. षामिदैका निगाहले मात्र मेरो उद्धार हुंन्याछ. जो हुकुम्– –

(३६) शुभचिंतक सेवक लक्ष्मिदास पंतको वेदोक्त शुभाशीर्वादसहश्रम् शुभम्–

(२८ सङ्ख्या)

द्रव्य शाह र नरभूपाल शाहको उल्लेख भएको पत्र

पनराष्ट्रमन्त्रालयको (हाल नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको) ३ सङ्ख्याको पोकोमा (६४ सङ्ख्याको बट्टामा) ५०५ सङ्ख्यामा अप्रकाशित यो पत्र रहेको छ। यस सकल पत्रको लम्बाइ ३१.५ अङ्गुल र चौडाइ १३.२ अङ्गुल छ।

श्रीदुर्गा सहायः

श्री ५ काशी
६

श्री ५ वाग्मती
७

श्री ५ द्रव्य साह
१

श्री ५ नरभूपाल साह
३

श्री ५ स्वामीज्यू
४

श्री ५ सर्कार
२

श्री ५ गुरु गजराज मिश्राज्यू
५

(१) अर्जी ——————————————————————————

(२) उप्रांत १६१६ सालमा ————— लाई धरोधर्म्म गरि चलाई ल्याई
१
गोर्षामा

(३) थापना गरि प्रतिष्ठा गर्न्या पण्डा गणेश पाँडे भगिरथ पंत गंगाराम राना भुसा-

(४) ल ई तिनै हुन्. ———— मा जाहेरै छ. पछि १७७३ सालमा केहि
२
कुराको षडबड

(५) पर्दा लक्ष्मिपति पंतले चौबिसको फादा छुटाई तनहुँको चित्त बुझाई ———
३

(६) —— लाई चलाई ल्याई घर सह्मालियाको बिस्तार पनि ———— मा
२

जाहेरै होला.

(७) पछि १८४६ सालमा मेरा बाबा रामदास पंतले आपना जियको संकल्प गरि का-

(८) जि दामोदर पाँडेका मुहुँडामा भीरको बाटो डोऱ्याई ल्याई छल गरि चिनिञ्याँको ल-

(९) स्कर फटाई ढुंगो थाम्याको विस्तार पनि — — —मा जाहेरै छ. पछि
२
६१ सालमा २।३

(१०) लालमोहोर जर्द्‌दमोहोर जाँदा पनि अंगरेजको बहना देषाई पल्पालि राजा घर अ-

(११) डिदा गुल्मिको बाहालि गराई पनि राजाको चित्त बुझाई चाँडो ल्यावनु भनि — —

(१२) — —बाट हुकूम हुँदा म र पृथ्वीधर पाध्या गै राजाको चित्त बुझाई
४
डाँकमा छ दिन-

(१३) मा ञ्याँहाँ दाषील गरायाथ्युँ. फेरि भेरिपश्चिम महाकालिपूर्वको जाँच गरि रैबंदि

(१४) गर्नु भनि — — — — बाट हुकूम हुँदा पुरण साहि कर्णसिं
४
म गै जाँचि रैबंदिबमोजि-

(१५) म् पुराना १२ कम्पनिको भर्ना गरि रैयत सिपाहि राजि राषि १८ हजारको जगा उ-

(१६) कासि फेरि २ कम्पनिको भर्ना गरि आञ्याँथ्युँ. फिञ्यादि कोहि आयेनन्. पछि

(१७) ७३ सालमा ढावयूासरहमा झरालि भै मकवानपूर गयाको थिञा. अघि ञ्याँहा-

(१८) का भारादारसंग धाकटक्मा बुझ नमिल्दा नूनका धर्म्मदेषि फरक भञ्याँ. जो

(१९) चाहन्छ. सो गर भनि सान्है तड्कि — — — — — —मधेस पालागनुभयाको
५
थियो.

(२०) पछि २।४ कुरा चुकि षेत बुस्काई घा गर्न गयामा अंगरेजले — — — — — —ला-
५
(२१) ई षोज्दा ल्याउँला भनि कबोल गरि आयापछि — — — — — — — लाई बुझाई
५
ल्या-

(२२) उँला भन्या जागिन्यामा कोहि नठहर्दा मलाई जा भन्या र म ल्याउँला भनि का-

(२३) लिदास पंतलाई भाई लि रातबिरात गरि गै — — — — — — — का चित्त
५
बुझाई

(२४) ल्यायाको र रस्तामा अंगरेजसँग जवापसाल हुँदा ढुंगाको उचो र भारादार-

(२५) को मरम राषि आयाको बिस्तार काजि दलभन्जन् पाँडे जान्दैछन्. फेरि २४

(२६) वर्ष जंगलको भोग गरि अब त विश्वरूप औतार प्रगट हुनुभयो. अभिलाष पूर्ण हो-

(२७) ला भनि — — — का सरणमा आञ्यांथ्यां. ९५ सालमा जागिर
२
पनि मेहेर र-

(२८) हृया गयोथ्यो. केहि साहुले टिप्या. केहि आजसम्म षर्च चल्यो. सो पनि एकै

(२९) बालिमा षारेज भयो. — — — — का मेहेरले अरिणि भै — — — को
२ ६
मरण हो-

(३०) ला भन्या आसा थियो. मेरा कर्म्मले — — — — को मरण पनि
७
दियेन. जंगलै-

(३१) को मरण लेष्याको रहेछ. बिदाको मेहेर रहृया फेरि जङ्गल पस्ता हुँ. जो हुकूम.

(३२) १४ पुस्ताको सेवक हुं. भरजिंदगिको बिदा हुँदामा चित्तले देष्याको पेटमा कु-

(३३) हावन्या होईन भनि धृष्ट भै घाकटक्को केहि बिहोरा अरज गन्याको

हो. -

(३४) – – – का तजबीजमा जो ठहर्छ. हाल प्रगास नहवस्.
२
उच्नीच् क्षमा मेहेर

(३५) रहृचा जाला. शुभम्———————————————

(३६) चक्रं वक्रतरं वभूव नितराम्बद्धानना सिद्धदा शंखोन्तः कुटिलो हृचहिश्च विष-

(३७) घः श्रीकौस्तुभः प्रस्तरः ।। लक्ष्मिर्द्दीनपराङमुखी मम हितं वक्तुं न कोपि क्षमो ना-

(३८) थ श्रीकरुणानिधान करुणां कुर्य्यात्स्वयं मद्विधौ ।।१।।

(३९) ईत शुभचिंतक लक्ष्मिदास पंतको वेदोक्त शुभाशीर्वादसहश्रम् शुभम्———————————————

(२९ सङ्ख्या)

पृथ्वीपति शाहको उल्लेख भएको पत्र

यो पत्र गोरखा जिल्लाको मनकामना कफ्याकका टेकबहादुर थापा मगरको सङ्ग्रहमा छ ।

यो पत्र योगी नरहरिनाथ र जनकलाल ढकालद्वारा इतिहास-प्रकाश १ अङ्कका ४६–४७ पृष्ठमा छापिएको छ ।

श्री :१

श्रीमनकामना
२

श्रीकाशी
४

श्रीदेवघाट
५

श्री ५ महाराजा पृथ्वीपति साह
१

श्री ५ महाराजा पृथ्वीनारायण साह
३

श्रीबडामहारानि
६

श्री ५ सर्कार
७

अर्जि – – –

उप्रान्त गरीप्रवर गोर्षाको त्यो कफ्याक् भन्याको डाडामा अघि बस्ति थियन.
– – – का पालामा धन्देउ गुरुंले बस्ति बसाई बाटो झिक्दा – – – प्रगट भयाको
१ २
हुन् . ति – – – का वरिपरि ढुंगाको चिठ वनाई – – – को नामोच्चारण गरि
२ २
पंचपर्वमा पूजा धूपधमार गर्थ्यो. अरु बिस्तार धेरै छ. कहातक बिन्ति लेषु.
– – – का स्वभावति नाम भयाकि भित्र्यानिलाई रोग लाग्दा – – –
३ ४
पुर्त्याउनु हुकुम भै पठाउदा तनहुकोटका राजाले – – – घाटमा रोक्याछन् र
५
वाहि प्राण गयेछ र स्वहि रीसले हाम्रा बाज्या ज्ञानकर बाडालाई पठाई छल गरि ज्यामिन्याघाटमा भेट गर्नु भन्या सल्लाह गरि आया र ज्यामिन्याघाट पाउलागनु उतैबाट भयो र पूजा गर्ण ति गुरुंहेरुलाई वोलाउदा हामि पूजा गर्ण जान्दैनौ भनि पछि सर्दा हाम्रा बाज्यालाई पूजाहरि गराई पाउलागनुभयो.

वाहाँउप्रान्त पूजा बाज्यै गर्थ्या. ताहाँ बसि बडाबडा मिहिनत् गर्‍याथ्या. चौबिस् राजा मिलि गोर्षा हान्न आउदा नरबलि गरि परसैन्यस्तंभन गर्‍याथ्या. तस् वेलामा दहचोकबाट मेरा बाज्याका नाउमा आयाका मोहोर पनि चढाई पठायाको छ. नवाकोट मर्‍यापछि देवल् बन्यो. नेपाल् मर्‍यापछि गजुर चढाया. स्व वेलामा – – – बाट मेरा बाज्यालाई आयाको चिठि पनि चह्राई पठायाको

६

छ. मकवानपूर्लाई घेरा दि राष्यामा वाहि नवाफ चढदा नवाकोटका ईन्द्र्रानि-घाटमा मेरा बाज्यालाई पुरश्चरन लाई हरिहरपुर पाउलागनुभयामा घाटबाट मेरा बाज्याको अर्जि गयाको उत्तरा आयाको मोहोर पनि चढाई पठायाको छ.

गरिप्रवर उस्ताक् बाज्याले मिहिनत गर्‍याको काहातक् बिन्ति लेषु. जान्न्या गोर्षाका बुढा २ थरथोक सबै जान्दछन्. पछि बाज्या षष्यापछि मेरा बाबा नवर्लासि बाडाका पालामा तैनाथ प्रोहितको हुदा प्रोहितसग गइ ईजारा गरि मगर्ले लैजादा फेरि उहि ईजारा तिरि पूजा बाबा गर्थ्या. ७७ सालमा बाबा पनि षस्या. मंप्रका साहा भिमसिन् थापा भया र वर्ष १४ ढाक्रचै रहदा हाल् मेरो केहि रहेन. ९० सालमा – – – मा अर्जिसग ई मोहर चढाउदा ९१ सालमा पूजाहार मेहेर्

७

भयोथ्यो. ९५ सालमा फेरि षोसिया र पोर् फेरि प्रोहित्बाट पुजाहरि भै गयाथ्या.

वन्देनिवाज् बालबचा पूजामा राषि आईरह्याछु. जगत्माता हुनुहुन्छ. हर्न्या पनि भर्न्या पनि ष्वामित् हुनुहुन्छ. षा भन्या गास् छैन. लाउ भन्या च्यादर् छैन. थमाउनि गरिबक्सनुभया उत्तरोत्तर जै मनाइ पुजाको टहलमा रहन जादा हुं. जो हुकुम् . स्व सहि.

इत गोर्षाली भवाकर बाडाको कोटि शाष्टांग मेदिनिमिलितः कुर्नेज ३ सेवा

(३० सङ्ख्या)

यशोब्रह्म शाहदेखि नरभूपाल शाहसम्मको राज्यकालको टिपोट

अप्रकाशित यो टिपोट परराष्ट्रमन्त्रालयको ११५ सङ्ख्याको पोकोमा छ। यसको पछिल्तिर कृष्णेश्वर ढकाल् मेजरले चऱ्हायाको हो भनी लेखिएको छ। यसमा यशोब्रह्म शाहबाट शुरू गरी राजेन्द्रविक्रम शाहसम्मको राज्यकाल ३२ पङ्क्तिमा लेखिएको छ। त्यसमध्ये यशोब्रह्म शाहदेखि नरभूपाल शाहसम्मको राज्यकाल अर्थात् १ देखि २२ पङ्क्तिसम्मको भाग यहाँ दिइएको छ।

स्वस्ति श्रीगोर्खा राजधानि————————————————

श्रीशाके १४८१ तदारभ्य ॥ श्रीयशब्रह्मशाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष १७

पुनः श्रीशाके १४९८ श्रीद्रव्यसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष १२

पुनः श्रीशाके १५१० श्रीपूरणसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष १२

पुन श्रीशाके १५२२ श्रीछत्रसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष १२

पुनः श्रीशाके १५३४ श्रीरामसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष २६

पुनः श्रीशाके १५६० श्रीडम्बरसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष ७

पुनः श्रीशाके १५६७ श्रीकृष्णसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष १८

पुनः श्रीशाके १५८५ श्रीरुद्रसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष ९

पुन श्रीशाके १५९४ श्रीपृथ्वीपतिसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष ४८

श्रीवीरभद्रसाहकस्य राज्यप्राप्ति राज्यभोगो न बभूवः

पुनः श्रीशाके १६४२ श्रीनरभूपालसाहकस्य राज्यप्राप्ति राज्यभोगवर्ष २२

(३१ सङ्ख्या)

राम शाहको उल्लेख भएको पत्र

परराष्ट्रमन्त्रालयको (हाल नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको) ६ सङ्ख्याको पोकोको (११४ सङ्ख्याको वट्टाको) ७३ सङ्ख्यामा अप्रकाशित यो पत्र रहेको छ।

श्रीदुर्गा १

श्री ५ जिज्युबाज्याज्यू श्रीराम साह
५

श्री ६ गुरु श्री ५ सर्कार
७ ७

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमहाराजराजेन्द्रविक्रमसाहबहादूरसंसेरजङ्गदेवानां सदा समरविजयिनाम्

आगे अघी -------बाट राजकाज गर्दा बांधिबक्स्याको थितिनिति आज
५
हाम्रां तद्‍बीजमा ठहर्‍योको थितिनीति - - ---मार--- प्रोहित
७ ७
भर्भारादार प्रजा चार वर्ण छत्तीसै जात गैन्हलाइ चाहिन्या कामकुराको बन्देज बांधि स्थिति गरिबक्स्यौं. यस् स्थितिबन्देजमा सबैले रहनु --------

पाषा जगामा खुर्पाठचाक् अघी जसले गर्‍यो. उस्ले चलन् गर्नु —— १

षोरियाको त्रिसाला खानु. चौथा सालदेखि बाली - - - दाखिल् गर्नु —— २

गोलबल हेरी अबल् द्वयम् सीम् चाहार्का रीतले षुंडाभाग् गरी थर् बाधी जागिर् बक्सनु——

(पछिल्तिर पछि लेखिएको)

श्री ५ राजेन्द्रविक्रं साहबाट थितीबंदेज गर्न्या मसौदा भयाको

(३२ सङ्ख्या)

राम शाहको उल्लेख भएको वि. सं. १८९७ को पत्र

अप्रकाशित यो पत्र गोरखाको मालकार्यालयमा छ । यो पत्र गोविन्द न्यौपानेले पेश गरेको नकलबाट सारिएको हो ।

श्रीदुर्गाज्यु

श्री ५ माहाराज राम साहा

स्वस्ति श्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरुद्धावलीविराजमानमानोन्तश्रीमन्माहाराजधिराजाश्रीश्रीश्रीमाहाराजराजेन्द्रविकसाहाबाहादुरसम्सेरजंङ्गदेवनां सदा शमरविजईनाम – – – – – – – – – – –

आगे श्रीकृष्ण नेउपान्याके आरुथुमको पुरोहित्याई सिवेश्वर पाध्या नेउपान्यालाई – – – – – – – –बाट बकसनुभयेको थियो. सिवेश्वर पाध्यालाई बात लागि जातदेखि बाहेक हुदा ईनका संन्तान कोहि नहुदा हाम्रा कान्छा बाज्ये लिलाधर पाध्या नेउपानेलाई सर्कारबाट ८७६ सालमा सिवेश्वर पाध्याले खायाबमोजिमका पुरोहित्याईको मोहोर गरिबक्स्याको हाम्रा पुर्खादेखि खाई चर्चि आयेकोमा चाउऱ्या बस्तकोटि चतुर पाध्या नेउपान्याले ९६ सालमा वेहोरा ढाटि आरुथुमका पुरोहित्याईको मोहोर गरि लगी जगामा खिचोला पारिदियो भन्ने तिमिले हाम्रा हजुरमा बिन्ती पार्दा जाहेर भयो. तसर्थ हिजोदेखि तिम्रा पुर्खाले खाई चर्चि आयेको आरुथुम्को प्रोहित्याईको कोट्को दसैं फेराको मानुचामल् कोईराल्या खेत् मुरि ।२० फेदि बारघरे बिरौटोसमेत् मुरि ।३० जम्मा खेत् ।५० गाउ वाराहाथान्को घडेरि बारि बाटापरिको शुवारो सिस्नेरि डिहीसमेत् ९७ सालका बाली खाने गरि हिजोको थिती थामि चाहुरे बस्ताकोटि चतुर पाध्या न्यौपानेका नाउको मोहोर हानि तिमिलाई प्रोहित्याईको मोहोर गरिबक्स्यो. आफ्ना खातिर्ज्मा-सग हाम्रा जये मनाई कोटको काजमा रुजु रहि प्रोहीत्याई जानी भोग गर.

ईति संम्वत् १८९७ साल् मिती आस्मीन्शुदि ६ रोज् ६ शुभ्म् – –

वि. सं. १८९७ आश्विनशुक्ल

	गते	वार	तिथि	घडी	पला
आश्विन	१८	वृहस्पति	षष्ठी	५९।	३

(पात्रोबाट)

यस पत्रको नकल गर्नेले रोज ५ लेख्नुपर्नेमा भूलले रोज ६ लेखेको देखिन्छ ।

(३३ सङ्ख्या)

पृथ्वीपति शाहको उल्लेख भएको वि. सं. १८९८ को पत्र

अप्रकाशित यो पत्र डिल्लीबजारको लगतफाँटमा रहेको पो. नं. २८, सि. नं. ३२४८, प. नं. ९६ लेखिएको नकलबहीमा छ।

श्रीविश्वेश्वर   **श्रीमत्पृथ्वीपति साह**

१   २

(श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे लालु गिरिके मिर्कोटमध्ये त्रिलोचन गिरिले ---- को स्थापित

१

गरि तस्को गुठ राषि गुठीका षेतमध्ये मुरि ४० को बालि देवालयको जगेरालाइ सालवसाल राषनु. अरु षेतले पूजा चलाउनु. यो गुठी जेठा हागाबाट चलाउनु. अरु भाइहेरुले लाग नगर्नु भंन्या बदेजको ---- बाट लालमोहर गरिबक्स्याको

२

हो. आज इश्वर गिरि अनु गिरि हिमानन्द गिरिले येस गुठमा हाम्रो अंस लाग्न्या हो भनि मलाइ दुष दिया भनि तिमिले हाम्रा हजुरमा विंति गर्न आउदा अघि त्रिलोचन गिरिले जेठा हागाबाट गुठ चलाउनु. अरु भाइले लाग नगर्नु भंन्या बदेज गरि ---- बाट लालमोहर गरिबक्स्याको ----पृथि गुठि रह्याका

२   १

जगामा आज भाइहेरुको अंस लाग्दैन. हामीले पनि तिमिलाइ थामि लालमोहर गरीबक्स्यौं. आफना षातिरजामासंग अघिका रितले नित्य नैमित्त्यक पूजा गरि गुठि चलाइ ४० मुरि षेतको बालि सालिन्ना जगेरा राषि देवालय बिग्न्या भत्क्याको बनाइ गुठि जानि चलं गर.

इति सम्वत् १८९८ साल मिति भाद्रवदि १२ रोज ७ शुभम्

वि. सं. १८९८ भाद्रकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी	पला
श्रावण	३२	शनि	द्वादशी	११।	५४

(पात्रोबाट)

(३४ सङ्ख्या)

पृथ्वीपति शाहको उल्लेख भएको वि. सं. १८९८ को पत्र

यो पत्र डिल्लीबजारको लगतफाँटमा रहेको पो. नं. १०, सि. नं. २०५६, प. नं. २३५ लेखिएको नकलबहीमा छ।

यो पत्र दिनेशराज पन्तद्वारा मनकामना १ वर्ष १ अङ्कको २६७ पृष्ठमा छापिएको छ।

श्री १

श्री ५ पृथ्वीपति साह

(श्री ५ राजेन्द्रको प्रशस्ति)

आगे रतनसिं रानाके गोर्षाका अम्बलमध्ये थरघरका जागिरमा दरियाको लुदि षोला येकल्या षेत १।५७ मध्ये षोलो ५ बाकि षेत १।५२ हिजो ---- का पालादेषि तेरा ज्यूज्यू कृष्णबल रानाले सर्कार बक्साइ जंगल फाडि बिन्हायाको रहेछ. चलन् पनि आजसम्म तेरैं रहेछ. अबप्रांत जागिरदारलाइ अघिदेषि आजसम्म तिन्याको कुत अधिञ्या दैदस्तुर बालिले षाम्यासम्म सापट दर्लिसलाइ तारि षेत कमाउनु भंन्या बन्दजको[1] लालमोहर गरिबक्स्यौं. आपना षातिरज्मासंग लाग्याको दैदस्तुर चारदाम ठेकि अधिञ्या कुत जो तान्याको तारि तलसि मानि षेतको चलन गर.

इति सम्वत् १८९८ साल मिति माघवदि ९ रोज ६ शुभम् ---

वि. सं. १८९८ माघकृष्ण (पूर्णान्तिमानले)

	गते	वार	तिथि	घडी	पला
माघ	२४	शुक्र	नवमी	५।	५४

(पात्रोबाट)

---

१. मनकामना — बन्देजको

(३५ सङ्ख्या)

नरभूपाल शाह आदिको उल्लेख भएको पत्र

